# गण्डकी प्रदेश सरकारको
# आठ वर्ष


**प्रकाशक**

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

२०८२ माघ २२

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

©प्रतिलिपि अधिकार
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

फोन: ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१
ईमेल:ocmcm@gandaki.gov.np,ocmcm.gandaki@gmail.com,
gr.ocmcm.gandaki@gmail.com
वेभसाईट:ocmcm.gandaki.gov.np

# मन्त्रिपरिषद्



**सुरेन्द्रराज पाण्डे**
माननीय मुख्यमन्त्री
गण्डकी प्रदेश सरकार



पदमा जि.सी. श्रेष्ठ
माननीय मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय



बिन्दु कुमार थापा
माननीय मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुदमन्त्रालय



डा. टकराज गुरुङ
माननीय मन्त्री
आर्थिक मामिला मन्त्रालय



कृष्ण प्रसाद पाठक
माननीय मन्त्री
स्वास्थ्य मन्त्रालय



मित्रलाल बस्याल
माननीय मन्त्री
उद्योग तथा पर्यटन मन्त्रालय



प्रकाश बहादुर के.सी.
माननीय मन्त्री
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय



भेष बहादुर पौडेल
माननीय मन्त्री
वन तथा वातावरण मन्त्रालय

## संरक्षक

सुरेन्द्रराज पाण्डे
माननीय मुख्यमन्त्री

## सल्लाहकार

श्री डण्डुराज घिमिरे
प्रमुख सचिव

## सम्पादन मण्डल

सचिव श्री कृष्णप्रसाद लम्साल, शासकीय सुधार, सञ्चार तथा समन्वय महाशाखा -संयोजक

सचिव श्री ऋषिराज आचार्य, बैठक, प्रशासन तथा आन्तरिक मामिला महाशाखा - सदस्य

उपसचिव श्री पार्वती लामिछाने, योजना, अनुगमन तथा शासकीय सुधार शाखा - सदस्य

उपसचिव श्री हिमा पोखेल, बैठक, प्रशासन तथा आन्तरिक मामिला महाशाखा -सदस्य

कम्प्युटर अधिकृत श्री सज्जन भूर्त्याल, योजना, अनुगमन तथा शासकीय सुधार शाखा -सदस्य

शाखा अधिकृत श्री जानकी देवी शर्मा, योजना, अनुगमन तथा शासकीय सुधार शाखा -सदस्य- सचिव



# शुभकामना

गण्डकी प्रदेश स्थापनाको आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको सुअवसरमा सम्पूर्ण गण्डकी प्रदेशवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रदेश सरकारको स्थापनाकालदेखि हालसम्म प्राप्त उपलब्धिहरू समेटेर स्मारिका प्रकाशन गर्न लागिएको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।

"गण्डकी प्रदेश सरकारको आठ वर्ष" नामक यस स्मारिका (पुस्तक) ले हालसम्म गण्डकी प्रदेश सरकारले हासिल गरेका उपलब्धिहरूलाई लिपिबद्ध गर्नुका साथै संस्थागत स्मरण कायम गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएकोछु।

नेपालको संविधानले तोकेको अधिकार र कार्यक्षेत्र बमोजिम संवैधानिक मूल्य, मान्यता एवं प्रचलित कानुनअनुसार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै प्रदेश सरकारले नागरिकसामु लोकतन्त्र र सुशासनको जगलाई सुदृढ बनाउँदै आफूलाई परिपक्व बनाउँदै लगेको छ । संघीयताको कार्यान्वयनलाई मजबुत बनाउने प्रयासस्वरूप राष्ट्रिय समन्वय परिषद्, अन्तरप्रदेश मुख्यमन्त्री बैठक, प्रदेश विकास समस्या समाधान समिति बैठक, प्रदेश समन्वय परिषद् बैठक तथा अन्तरप्रदेश समन्वय बैठकमार्फत गण्डकी प्रदेश सरकारले आफ्ना मुद्दाहरू निरन्तर संघ सरकारसमक्ष पुऱ्याउँदै आएको छ । साथै स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ।

गण्डकी प्रदेश सरकारले मितव्ययिताका लागि प्रशासनिक पुनर्संरचना गरी देशमै नयाँ उदाहरण प्रस्तुत गरेको छ । ३२ वटा कार्यालयलाई मर्ज गरी १९ वटा एकीकृत कार्यालय बनाइएका छन् भने २८५ भन्दा बढी कर्मचारी दरबन्दी कटौती गरी वार्षिक ५० करोड रुपैयाँभन्दा बढी प्रदेशको व्ययभार घटाइएको छ ।

गत भदौ २४ गतेको विध्वंशमा गण्डकी प्रदेशले पनि ठूलो क्षति बेहोर्नुपरेको थियो । भौतिक संरचना र सवारी साधनसहित करिब ८५ करोड रुपैयाँ बराबरको क्षति भएको थियो । जलेका संरचनाको खरानीबाट पुनः उठ्ने दृढ संकल्पका साथ प्रदेश सरकारले पुनर्निर्माणमा तत्काल सहयोग गर्ने निर्णय गर्दै १ अर्ब १५ करोड रुपैयाँभन्दा बढी चालू खर्च घटाउने महत्वपूर्ण निर्णय लिएको छ। यस कदमबाट चालू वर्षमै प्रशासनिक खर्चमा करिब २० प्रतिशत बचत भई वित्तीय अनुशासन, मितव्ययिता र जिम्मेवार शासनप्रतिको प्रदेश सरकारको प्रतिबद्धता स्पष्ट भएको छ ।

प्रदेश सभाबाट हालसम्म ८८ वटा कानुन पारित भइसकेका छन् । गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने प्रक्रिया कार्यान्वयनको चरणमा छ । घरेलु मदिराको ब्रान्डिङ तथा गाँजा खेतीलाई औषधीय र औद्योगिक प्रयोजनका लागि वैधानिक व्यवस्था गर्न कानुन निर्माण भईरहेको छ । अपाङ्गता भएका व्यक्ति र दलित समुदायको शसक्तिकरण तथा उत्थानका लागि छुट्टै ऐन बनाएर अधिकारको मूलधारमा ल्याउने प्रयास गरिएको छ ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत स्थानीय तहमा नवप्रवर्तन, उद्यमशीलता र सेवा प्रवाहमा सुधार लगायतका कार्यमा टेवा पुगेको छ । स्थानीय तहमा न्यायिक सहजकर्ताको व्यवस्थाबाट न्यायिक समितिको कार्यसम्पादन सुदृढ भई नागरिकलाई कानुनी सेवा प्राप्त गर्न सहज भएको छ ।

प्रदेशको स्वास्थ्य क्षेत्रमा समयानुकूल सुधार एवं विपन्न वर्गको पहुँच अभिवृद्धिका लागि जिल्लास्थित प्रदेश अस्पतालहरूलाई विशेषज्ञ सेवासहित स्तरोन्नति गरी ३ सय शैयाबाट बढाएर ८ सय शैया कायम गरिएको छ । डायलासिसका लागि पालो कुर्नुपर्ने अवस्थाको अन्त्य गरिएको छ । साथै १,१२० जना क्यान्सर पीडित तथा अन्य रोगबाट ग्रसित हजारौं विपन्न नागरिकलाई प्रदेश सरकारको तर्फबाट थप आर्थिक सहायता प्रदान गरिएको छ ।

युवा पलायन रोक्न र आयात प्रतिस्थापन गर्न प्रदेश सरकारले व्यावसायिक कृषि उत्पादनलाई केन्द्रमा राखेको छ । यातायात क्षेत्रलाई व्यवस्थित बनाउँदै नागरिकको सुविधा, सुरक्षा र राजस्वको दायरा विस्तार गर्न देशमै पहिलो पटक राइड सेयरिङ सम्बन्धी नियमावली जारी गरी कार्यान्वयन प्रक्रिया सुरु गरिएको छ ।

भारत र चीन जोड्ने नाका सञ्चालनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यस वर्ष तिब्बत स्वायत्त क्षेत्रका लागि चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव वाङ झोङजुङसँगको मैत्रीपूर्ण भेटका क्रममा कोरोला नाका सञ्चालन तथा दुई देशबीच पर्यटन र व्यापार प्रवद्र्धनसम्बन्धी सहकार्यका विषयमा महत्वपूर्ण छलफल भएको थियो । फलस्वरूप हाल गण्डकी प्रदेशलाई जोड्ने तिब्बतको कोरोला नाका सञ्चालनमा आएपछि देशको राजस्वमा गण्डकी प्रदेशको महत्वपूर्ण योगदान पुगेको छ । प्रदेश सरकारको निरन्तर प्रयासपछि उपल्लो मुस्ताङमा विदेशी पर्यटकका‌लागि लिईंदै आइएको पदयात्रा अनुमती दस्तुर पाँच सय डलरबाट घटाएर प्रतिदिन ५० डलर कायम भएको छ।

प्रदेश सरकारको पहलमा पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएसँगै विश्वस्तरमा गण्डकी प्रदेश र पोखराको छुट्टै पहिचान स्थापित भएको छ । यसले पर्यटन प्रवर्द्धन, उद्योग तथा व्यापार–व्यवसायमा उल्लेखनीय योगदान पुर्‍याएको छ ।

सीमित स्रोत र साधनका बाबजुद गण्डकी प्रदेश सरकारले कार्यक्रम तथा बजेट विनियोजनमा दक्षतालाई संस्थागत गर्दै समन्यायिक विकासको अवधारणालाई आत्मसात् गरी बजेट विनियोजन गर्दै आएको छ । नागरिकको माग र आवश्यकतालाई प्राथमिकतामा राखी पूर्वाधार विकासका कार्यक्रमहरूलाई सिलिङ निर्धारण गरी हरेक वर्ष थप व्यवस्थित बनाइएको छ ।

नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने तथा ती समस्या र गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रणालीको विकास गरिएको छ । मातहतका मन्त्रालय तथा कार्यालयहरूको गण्डकी प्रदेश अनुगमन प्रणाली विकास गरी सुशासन र नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिइएको छ।

नवौं वर्षमा प्रवेश गर्दै हामी विगतका अनुभवबाट सिक्दै, कमजोरी सुधार्दै र उपलब्धिहरूलाई अझ प्रभावकारी बनाउँदै अघि बढ्ने संकल्प गर्दछौं । “आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी” को लक्ष्य प्राप्तिको यात्रामा गण्डकी प्रदेश सरकार अझ दृढताका साथ अघि बढ्ने विश्वास दिलाउन चाहन्छु। यस यात्रामा निरन्तर साथ, सहयोग र विश्वास प्रदान गर्नुहुने सम्पूर्ण गण्डकी प्रदेशवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, गण्डकी प्रदेश स्थापनाको नवौं वर्षमा प्रवेशको यस अवसरमा प्रदेश सरकारले आठ वर्षसम्म सञ्चालन गरेका कार्यक्रम तथा यसबाट प्राप्त समस्त उपलब्धिहरू समेटी स्मारिका प्रकाशनको तयारीमा संलग्न हुनुहुने प्रमुख सचिव, सम्पादक मण्डल, कर्मचारीहरू तथा प्रत्यक्ष—परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ! जय नेपाल !**

मितिः- २०८२ माघ २२ गते बिहिबार

(सुरेन्द्रराज पाण्डे)
मुख्यमन्त्री

# शुभकामना



नेपालमा संघीयता कार्यान्वयनसँगै स्थापना भएको **गण्डकी प्रदेशले**आठ बर्ष अवधिसम्म आईपुग्दा महत्वपूर्ण उपलब्धिहरू हासिल गर्न सफल भएको छ। प्रदेश स्थापना दिवसको यस सुखद, ऐतिहासिक तथा गौरवपूर्ण अवसरमा सम्पूर्ण प्रदेशवासीहरूलाई हार्दिक शुभेच्छा व्यक्त गर्दछु। प्रदेश स्थापनाको आठ वर्षपुग्न लागेको अवसरमा प्रकाशन हुन लागेको यो स्मारिका केवल एउटा पुस्तक मात्र होईन,यो संविधानतः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा बलियो प्रदेश सरकारको उपस्थिति, उपलब्धी र भावी कार्यदिशा निर्धारण गर्ने मार्गचित्र पनि हो। संघीयताको मूल मूल्य (core value) प्रदेश सरकारको प्रबन्ध र सोको प्रभावकारी कार्यसम्पादन हो। नेपालको संविधानले धारा ५७ बमोजिम राज्यशक्तिको बाँडफाट गरी सो अनुरुप अनुसूची-६ मा प्रदेशका अधिकार सूचीको प्रबन्ध गरी प्रदेशलाई तीन तहको सरकारको मुख्य अंगको रुपमा स्वीकार गरेको छ।

नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन र प्रदेश सरकारको स्वीकृत कार्यक्षेत्रको अधीनमा रही यस अवधिमा ८८ वटा ऐन,  र २९ वटा नियमावली तर्जुमा गरी प्रदेश सरकारका गतिविधिहरु सम्पादन हुँदै आएका छन्। सार्वजनिक प्रशासन संचालनको मूल अभिभारा कर्मचारी प्रशासनको हो जसलाई स्थायी सरकार भनेर पनि बुझिन्छ। अतः संघियता कार्यान्वयनको मूल मर्म अनुरुप विकास र सेवाप्रवाहलाई जनताको वरिपरी पुर्‍याउने हेतुले प्रदेश सरकारले नवप्रवर्तन (innovation)का क्षेत्रमा समेत अग्रणी भूमिका निभाएको छ। **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम** र **नवप्रवर्तन साझेदारी कार्यक्रम** मार्फत १० जिल्लाका ५३ स्थानीय तह लाभान्वित भएका छन् भने स्थानीय तहको न्याय सम्पादनमा सहजता प्रदान गर्न ६५ स्थानीय तहमा **न्यायिक सहजकर्ता** परिचालन गरिएको छ।स्थानीय तहको प्रशासनिक क्षेत्रमा कार्यसम्पादन गर्दा उब्जिएका समस्या सम्बोधन गर्ने गरी प्रमुख सचिवको अध्यक्षतामा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा पहिलो पटक **प्रशासनिक समन्वय परिषद**को बैठक सञ्चालन भएको छ।

यस पृष्ठभूमिमा गण्डकी प्रदेश सरकारले 'People Centric Governance System'लाई अझ बढी मजबुत बनाउँदै लगेको कुरा उल्लिखित उपलब्धिले इंगित गरेको छ। हाम्रा उपलब्धिहरु प्रदेश सरकारलाई संस्थागत सवलीकरण, संरचनागत सुदृढीकरण, नीतिगत सुधार एवं प्रक्रियागत सरलीकरण गर्दै सार्वजनिक क्षेत्रमा सुशासन कायम गराउन केन्द्रित भएको स्पष्ट हुन्छ। यो सफलता सरकारको दूरदर्शी नेतृत्व, कर्मचारीहरूको सकारात्मक प्रयास तथा प्रदेशवासीहरूको सक्रिय सहभागिताबाट सम्भव भएको हो।हामी सार्वजनिक प्रशासनलाई समयानुकूल, प्रतिस्पर्धी, मितव्ययी, जवाफदेही, प्रविधिमैत्री र समग्रतामा जनमैत्री बनाउने बिषयमा समेत केन्द्रित छौं। हामीले विगतका कमजोरीबाट पाठ सिक्दै प्रदेश सरकारलाई मजबुत बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाई जीवन्त राख्दै **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"**को लक्ष्य पूरा गर्न प्रतिबद्ध छौं। यस स्मारिका प्रकाशनको लागि संरक्षकको भूमिकासहित मार्गदर्शन गर्नुहुने माननीय **मुख्मन्त्री**

**सुरेन्द्रराज पाण्डेज्यूलाई** विशेष धन्यवाद र आभार व्यक्त गर्दछु। स्मारिका प्रकाशनमा खटिने सम्पादन मण्डलका संयोजक सहित सम्पूर्ण सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, महत्वपुर्ण सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सबै मन्त्रालय/आयोग/प्रतिष्ठान/निकाय लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु।



**(डण्डुराज घिमिरे)**
प्रमुख सचिव

# प्राक्कथन

नेपालको संविधानले परिकल्पना गरेको**सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था**को माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मार्गमा गण्डकी प्रदेश सरकार विगत आठ वर्षदेखि निरन्तर क्रियाशील रहेको छ। संविधानले निर्दिष्ट गरेको स्वशासन र साझा शासनको अवधारणालाई आत्मसात् गर्दै प्रदेशवासीमा विकासको प्रतिफल पुऱ्याउन सरकारले उल्लेखनीय सफलता हासिल गरेको छ। प्रदेश स्थापनाको यो आठ वर्षे अवधिमा भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक सशक्तीकरण र नीतिगत क्षेत्रमा भएका प्रगतिहरूलाई समेटेर यो पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई अत्यन्त गौरव लागेको छ।

विगत आठ वर्षमा गण्डकी प्रदेश सरकार"**आत्मनिर्भर तथा समुन्नत प्रदेश : सम्मानित प्रदेशवासी**"कोदीर्घकालीन सोचलाई साकार पार्न प्रतिवद्ध रहेको छ। भौतिक पूर्वाधारतर्फ, प्रदेशभित्र हालसम्म**१,१६८ कि.मि. पक्की सडक र ७७६ कि.मि. ग्राभेल सडक**निर्माण सम्पन्न भएको छ। साथै, प्रदेश स्थापना भएदेखि हालसम्म ११८ वटा सडक पुल र ८८ वटा झोलुङ्गे पुल निर्माण भएका छन्।उर्जाको क्षेत्रमा ९९.८० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुग्नु अर्को महत्वपूर्ण उपलब्धि रहेको छ।

सामाजिक विकासतर्फ, गण्डकी प्रदेशलाई"**साक्षर** गण्डकी प्रदेश"घोषणा गरिएको छ। आफ्नैगण्डकी विश्वविद्यालयस्थापना गरी प्रविधि र व्यावसायिक शिक्षामा जोड दिइएको छ । स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गर्दै प्रदेश अन्तर्गतका अस्पतालहरूको स्वीकृत शैय्या संख्या ३०० बाट ८०० र दरबन्दी ३९८ बाट १,०२४ पुऱ्याइएको छ । प्रदेशलाई पूर्ण खोपयुक्त घोषणा गरिनुका साथै जटिल अवस्थामा रहेका गर्भवती र सुत्केरी महिलाहरूको ७१ पटक सफल हवाई उद्धार गरिएको छ ।

आर्थिक व्यवस्थापनमा हालसम्म ९४ अर्ब ३८ करोड रुपैयाँभन्दा बढी संघीय अनुदान प्राप्त भएको छ भने २१ अर्ब ९० करोड रुपैयाँभन्दा बढी आन्तरिक राजस्व संकलन गर्न सफल भएको छ। कृषि क्षेत्रमा ५,४०० रोपनी जग्गा चक्लाबन्दी गरी आधुनिक खेती प्रणालीको सुरुवात गरिएको छ। पर्यटनका क्षेत्रमा ३३४ वटा होमस्टे प्रवर्द्धन गरी ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाइएको छ । यस्तै८८ भन्दा बढी ऐन र २९ वटा नियमावली निर्माण गरी प्रदेश सरकारले आफ्नो कानुनी आधार सुदृढ बनाएको छ । प्रशासनिक संरचनालाई चुस्त र नतिजामूलक बनाउन हालै संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मार्फत दरबन्दी पुनरावलोकन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ ।

यस पुस्तकले प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनाका सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै आगामी**दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२—२०८५/८६**)का लागि तय गरिएको"**आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी**"को नयाँ सोचलाई मार्गनिर्देश गर्नेछ । कोभिड—१९ जस्ता विश्वव्यापी महामारी र आर्थिक शिथिलताका बाबजुद प्राप्त भएका यी उपलब्धिहरू राजनीतिक दल, कर्मचारीतन्त्र, निजी क्षेत्र, नागरिक समाज र आम प्रदेशवासीको साझा प्रयासको परिणाम रहेका छन्।

अन्त्यमा, प्रदेशको विकास यात्राका यी आठ वर्षको दर्पणका रूपमा रहेको यस पुस्तकले प्रदेश सरकारको पारदर्शिता र जवाफदेहितालाई थप मजबुत बनाउने विश्वास लिएका छौं। यस अवधिमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकाय, विकास साझेदार र जनसमुदायप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

# विषय सूची


प्राक्कथन ........ 10

विषय सूची ........ 12

खण्ड क ........ 14

प्रमुख आलेख ........ 14

सशक्त सङ्घीयताको बाटोमा गण्डकी प्रदेश ........ 14

संघीयताको अभ्यास र समृद्धिको मार्गचित्र ........ 18

सम्वृद्धिको अभियानमा गण्डकी प्रदेशः अवसर, चुनौति र संभावनाहरु ........ 22

नागरिक सेवा प्रबाह उन्मुख गण्डकी प्रदेश ........ 30

कर्मचारीमा आध्यात्मिकताका तत्वहरु ........ 39

विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीयकरण र मुल प्रवाहीकरण ........ 47

"नेपालमा कृषि विकासको ऐतिहासिक यात्रा र संघीयता पश्चात गण्डकी प्रदेशको कृषि क्षेत्रको रूपान्तरण" ........ 54

गण्डकी प्रदेश: सम्भावना र चुनौती ........ 58

युवा र विद्यार्थीलाई मार्गदर्शन गराउन चाहेको देश ........ 84

TREND AND DYNAMICS OF PUBLIC AGRICULTURE EXTENSION SERVICE (PAES DELIVERY IN NEPAL ........ 88

खण्ड ख ........ 95

गण्डकी प्रदेशको संक्षिप्त परिचय ........ 95

खण्ड ग ........ 102

समष्टिगत गतिविधि ........ 102

गण्डकी प्रदेश सभा सचिवालय ........ 104

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ 117

आर्थिक मामिला मन्त्रालय ........ 126

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय ........ 131

स्वास्थ्य मन्त्रालय ........ 134

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय ........ 144

उद्योग तथा पर्यटन मन्त्रालय ........ 149

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय ........ 151

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय....154
वन तथा वातावरण मन्त्रालय....160
प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश....163
प्रदेश नीति तथा योजना आयोग....167
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान....170
प्रेस रजिष्ट्रारको कार्यालय....173
मुख्य न्यायाधिवक्ताको कार्यालय....176
खण्ड घ....183
अनुसूची - १....183
अनुसूची-२....188
गण्डकी प्रदेश सरकार अन्तर्गत कायम रहेका मन्त्रालयको विवरण....188
अनुसूची-३....189
अनुसूची — ४....191
अनुसूची - ५....199
अनुसूची-६....200
अनुसूची —७....202
अनुसूची-८....207
अनुसूची-९....210
खण्ड ङ....211
केही झलकहरु....211

# खण्ड क

# प्रमुख आलेख



पृथ्वीसुब्बा गुरुङ
**पूर्व मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार**

## सशक्त सङ्घीयताको बाटोमा गण्डकी प्रदेश

गण्डकी प्रदेशको संस्थापक मुख्यमन्त्रीका रूपमा काम थाल्दा कागजमा लेखिएको सङ्घीय लोकतन्त्रलाई व्यवहारमा कसरी कार्यान्वयन गर्ने भन्ने चिन्तन हाबी भएको थियो। नेपालमा सङ्घीयताको दीर्घकालीन पक्षधरको रूपमा आफ्नो राजनीतिक जीवनको ठुलो हिस्सा केन्द्रीकृत एकात्मक शासन प्रणालीबाट समावेशी सङ्घीय गणतन्त्रमा रूपान्तरण गर्न समर्पित गरेको कार्यकर्ताको हिसाबले, "सङ्घीयता राजनीतिक संरचना मात्र होइन, यो समानता, विविधता र समृद्धिको अनिवार्यता" हो भन्ने विश्वास थियो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा नेपालको रूपान्तरण शासन संरचना फेरबदलसँगै लामो समयदेखि केन्द्रित शासनका कारण बनेका भौगोलिक, जातीय, सांस्कृतिक र आर्थिक असमानता अन्त्य गर्ने प्रयास थियो। सङ्घीयताको मूल भावना भनेको शक्ति जनतासम्म पुऱ्याउनु, विविधतालाई सम्मान गर्नु र देशका सबै क्षेत्रलाई विकासको अवसर दिनु हो। गण्डकी प्रदेशको नेतृत्व गर्दा सङ्घीयताको यही भावना व्यवहारमा उतार्ने प्रयास गरेका थियौं।

प्रदेश नम्बर ४ का रूपमा अहिलेको गण्डकी प्रदेशको मुख्यमन्त्रीका रूपमा आउँदा हामीसँग संवैधानिक अधिकार त थियो तर कुनै प्रणाली थिएन। प्रदेश नाम, स्थायी राजधानी, स्पष्ट कानुन, वित्तीय संरचना र संस्थागत अनुभव सबै अभावमा थिए। हामीले शून्यबाटै प्रदेश निर्माण गर्नुपर्ने अवस्था थियो। यही कारण गण्डकी प्रदेश सङ्घीयताको सम्भावना र सङ्घर्ष दुवैको सानो प्रतिबिम्ब हो। सङ्घीयताको सबैभन्दा ठुलो उपलब्धि भनेको सरकार र जनताबिचको दूरी घट्नु हो। सडक, कृषि, शिक्षा, पर्यटन जस्ता विषयका निर्णय काठमाडौं होइन, पोखराबाट हुन थाले। गण्डकीको भूगोल र संस्कृतिअनुसार कार्यक्रम बनाउन सकिने अवस्था सिर्जना भयो। हिमाली कृषि, अन्नपूर्ण क्षेत्रको पर्यटन र स्थानीय रोजगारीमा केन्द्रित योजना अघि बढाइयो। यसले जनतामा आफ्नै सरकार भन्ने अनुभूति जगायो। तर यो सम्भावना सधैं संरचनागत सीमाले थिचिरह्यो। संविधानले तीन तहको सरकार बनायो तर धेरै महत्त्वपूर्ण अधिकार केन्द्रमै सीमित रहे। आन्तरिक सुरक्षा, ठुला उद्योग र समग्र आर्थिक नीति सङ्घीय सरकारको नियन्त्रणमा रहँदा प्रदेशको भूमिका कमजोर बन्यो। आर्थिक रूपमा प्रदेश सङ्घीय अनुदानमा निर्भर रहन बाध्य भयो। हामीले अधिकारको प्रयोगभन्दा पनि अनुदानको प्रतीक्षा गर्नुपऱ्यो।

प्रदेशको प्रशासनिक संरचना पनि चुनौतीपूर्ण रह्यो। सुरुमा सङ्घबाट खटाइएका कर्मचारी केन्द्रमुखी सोच बोकेर आए। प्रदेशप्रति जबाफदेही र प्रतिबद्ध निजामती सेवा नहुँदा काम प्रभावकारी हुन सकेन। प्रदेशस्तरीय निजामती सेवा सङ्घीयताको सफलताका लागि अनिवार्य आवश्यकता हो भन्ने हाम्रो दृढ विश्वास हो। सङ्घीयताबारे हाम्रो सोच दुई आधारमा टिकेको छ। पहिलो, सङ्घीयता समावेशी राष्ट्र निर्माणको औजार हो। नेपालको विविधता सङ्घीयताको आधार हो र यसले सीमान्तकृत समुदाय, भाषा र पहिचानलाई सम्मान गर्नुपर्छ। दोस्रो, सङ्घीयता सहकार्यमा आधारित हुनुपर्छ, प्रतिस्पर्धामा होइन।

सङ्घ, प्रदेश र स्थानीय तहबिच टकराब होइन, सहकार्य आवश्यक छ। सङ्घीयतालाई बलियो बनाउन पाँच आधार स्तम्भ अपरिहार्य छन्। पहिलो, संवैधानिक र कानुनी स्पष्टता आवश्यक छ। संविधानका अधिकार सूची अस्पष्ट हुँदा बारम्बार द्वन्द्व उत्पन्न हुन्छ। सङ्घीयता कार्यान्वयन ऐनजस्तो व्यापक कानुन आवश्यक छ। दोस्रो, वित्तीय सङ्घीयता सुदृढ हुनुपर्छ। आर्थिक स्वतन्त्रताबिना राजनीतिक स्वतन्त्रता सम्भव हुँदैन। प्रदेशलाई कर उठाउने अधिकार र प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको हिस्सा सुनिश्चित हुनुपर्छ। अनुदान प्रणाली पारदर्शी र अधिकारमा आधारित हुनुपर्छ। प्रदेशलाई विकास परियोजनाका लागि सीमित ऋण लिन सक्ने अधिकार दिनुपर्छ। तेस्रो, प्रशासनिक क्षमता निर्माण अपरिहार्य छ। प्रदेशलाई खटाइएको कर्मचारीले होइन, आफ्नै निजामती सेवाले चल्नुपर्छ। कर्मचारी, जनप्रतिनिधि र प्राविधिकको तालिममा लगानी गर्नुपर्छ। डिजिटल शासन प्रणालीमार्फत सेवा प्रवाह सरल र पारदर्शी बनाउनुपर्छ। चौथो, राजनीतिक संस्कृति परिवर्तन आवश्यक छ। काठमाडौं केन्द्रित सोच सङ्घीयताको सबैभन्दा ठुलो बाधा हो। सङ्घीय सरकार पनि तीन तहको एक सरकार हो भन्ने स्वीकार गर्नुपर्छ। राजनीतिक दलहरूले प्रदेश इकाइलाई वास्तविक अधिकार दिनुपर्छ। नागरिकलाई पनि कुन तह केको जिम्मेवार हो भन्ने जानकारी दिनुपर्छ। पाँचौं, अन्तर सरकारी समन्वय संस्थागत हुनुपर्छ। अन्तर प्रदेश परिषद् र अन्य संयन्त्र नियमित र प्रभावकारी हुनुपर्छ। प्रधानमन्त्री र मुख्यमन्त्रीबिच नियमित संवाद हुनुपर्छ। स्वतन्त्र सचिवालयमार्फत निर्णय कार्यान्वयनको अनुगमन हुनुपर्छ।

गण्डकी प्रदेशको अनुभवले केही महत्त्वपूर्ण पाठ दिएको छ। पहिलो, अधिकारसँगै जबाफदेहिता आवश्यक छ। दोस्रो, प्रदेशले आफ्नै प्रशासनिक शक्ति निर्माण गर्नुपर्छ। तेस्रो, केन्द्रले संविधानको सिमाना सम्मान गर्नुपर्छ। चौथो, जनता स्वयं सङ्घीयताको रक्षक बन्नुपर्छ। सङ्घीयता प्रशासनिक सुधार मात्र होइन, सामाजिक रूपान्तरणको प्रक्रिया हो। यसको सफलता जनताको जीवनमा आएको परिवर्तनले मापन हुन्छ। गण्डकी प्रदेश जस्तै सबै प्रदेश सक्षम, उत्तरदायी र आत्मनिर्भर बन्नुपर्छ। सङ्घीयताको यात्रा धैर्य, संवाद र प्रतिबद्धताले मात्र सफल हुन्छ। हाम्रो

अनुभवले के देखाएको छ भने सबै चुनौतीका हुँदाहुँदै पनि सङ्घीयता नै नेपालको समृद्ध र न्यायपूर्ण भविष्यको आधार हो। सङ्घीय सरकारले सहजकर्ता बन्नुपर्छ, अवरोधक होइन। प्रदेश सरकारले इमानदारी, नवप्रवर्तन र सुशासन देखाउनुपर्छ। नागरिकले सचेत र सक्रिय भूमिका खेल्नुपर्छ। अन्ततः सङ्घीयताको शक्ति संविधानका शब्दमा होइन, जनताको अनुभूतिमा हुन्छ। जब हरेक नागरिकले आफ्नो आवाज सुनिन्छ र सरकार आफ्नै लागि काम गर्छ भन्ने महसुस गर्छ, त्यही सङ्घीयताको वास्तविक सफलता हो।

गण्डकी प्रदेश— अन्नपूर्ण हिमशृङ्खलादेखि पोखराका शान्त तालसम्मका मनमोहक दृश्यहरूले भरिएको यो प्रदेश नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदाको प्रतिनिधित्व गर्छ। संस्थापक मुख्यमन्त्रीको रूपमा हामीले यो प्रदेशलाई नेपालको सङ्घीय प्रयोगको लघु रूप ठानेका थियौं— जहाँ हस्तान्तरित अधिकारहरूले स्थानीय विकासलाई गति दिन र ऐतिहासिक असमानतालाई सम्बोधन गर्न सक्छन्। पद बहाली गर्दा प्रदेश शून्यबाट सुरु हुँदै थियो— न त स्थापित प्रशासन थियो, न पर्याप्त स्रोत। तैपनि हामीले पर्यटन, कृषि र पूर्वाधारलाई प्राथमिकतामा राखेर आफ्ना बलिया पक्षहरूको उपयोग गरेका छौं। उदाहरणका लागि पोखरालाई विश्व स्तरीय पर्यटकीय गन्तव्य बनाउने, साहसिक खेलकुद, इको-टुरिजम र सांस्कृतिक संरक्षणमा लगानी गर्ने नीतिले आर्थिक वृद्धि र स्थानीय समुदायमा रोजगारी सिर्जना गर्‍यो। हाम्रो नेतृत्वमा महत्त्वपूर्ण पूर्वाधार आयोजनाहरू तोकिएको समयभन्दा अगाडि नै सम्पन्न भयो, जसले अधिकार सम्पन्न प्रदेश सरकारले कुशलतापूर्वक काम गर्न सक्छ भन्ने प्रमाणित गर्‍यो।

गण्डकीलाई विकास र वृद्धिमा "नम्बर एक" प्रदेश बनाउने हाम्रो मुख्य दृष्टिकोण थियो। हामीले आवधिक योजना प्रक्रियालाई जोड दिएका छौं, जहाँ स्थानीय तहले प्रदेश र सङ्घसँग समन्वय गरेर योजना बनाउँथे। उदाहरणका लागि स्थानीय खाद्य व्यवस्थालाई प्रोत्साहन गरेर प्रदेशको कृषि सम्भावनाको उपयोग गर्दै खाद्य सुरक्षामा आत्मनिर्भर बन्ने र आयात घटाउने नीति ल्याएका छौं। तर चुनौतीहरू कायमै थिए। सङ्घीय सरकारको बजेट विनियोजन प्रायः अपर्याप्त हुन्थ्यो— प्रदेशहरूमा जम्मा १५ प्रतिशत जति मात्र बजेट आउँथ्यो, जुन केन्द्रले सङ्घीय इकाईहरूलाई संरक्षकको भूमिका निर्वाह गर्ने पर्ने कुरासँग बाझिन्थ्यो। यस्ता केन्द्रवादी प्रवृत्तिबाट हामी न खुसी थियौं, न सन्तुष्ट नै, किनभने यसले सूचना प्रविधि पूर्वाधार विस्तार वा दिगो ऊर्जा परियोजनाजस्ता महत्त्वाकाङ्क्षी योजनाहरूलाई कमजोर बनायो।

नेपालमा सङ्घीयता दशकौंसम्मको सङ्घर्षबाट प्राप्त उपलब्धि हो, केन्द्रीकृत दमनविरुद्धको लडाइँको फल हो। नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सदस्य र संविधान निर्माण प्रक्रियाका सहभागीको रूपमा मैले सधैं सङ्घीयतालाई हाम्रो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र

बहुधार्मिक समाजको असमानताको औषधिको रूपमा अघि सारेका थिएँ। नेपालको विविधताले सबैको प्रतिनिधित्व र स्रोत वितरण सुनिश्चित गर्ने प्रणाली माग गर्छ। एकात्मक प्रणालीमा "विविधतामा एकता" नारा मात्र थियो; सङ्घीयताले अधिकारलाई प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरेर यसलाई वास्तविकता बनाएको छ। कुनै पनि समूह अलग्गिएको महसुस नगर्ने समतामूलक समाज निर्माणका लागि यो अपरिहार्य छ। सङ्घीयता, समानुपातिक समावेशीकरण वा समावेशीताविरोधी कुराले अन्याय निम्त्याउँछ। शान्ति र स्थिरताका लागि समान अधिकार वितरण र अर्थपूर्ण प्रतिनिधित्व सहितको समावेशी राज्य चाहिन्छ।

सङ्घीयतालाई बलियो बनाउन हामीले कयौं चुनौतीलाई सम्बोधन गर्नुपर्छ। पहिलो— प्रदेश र स्थानीय सरकारलाई पर्याप्त स्रोत र स्वायत्तता दिनुपर्छ। सङ्घीय सरकारले आफ्ना मन्त्रालयहरूको सङ्ख्या कम गर्दै प्रादेशिक सरकारलाई तिन अधिकार प्रत्यायोजन गर्न पर्छ। बजेट विनियोजनमा केन्द्रको हस्तक्षेपले सङ्घीयतालाई कुण्ठित गर्छ। दोस्रो— तीनै तहमा सुशासन प्रवर्द्धन गर्नुपर्छ। सुशासनबिना विकास ठप्प हुन्छ। तेस्रो— समानुपातिक र समावेशी प्रतिनिधित्वलाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ। राजनीतिक दलहरूमा यो मानसिकता अभाव छ, तर सीमान्तकृत समुदायलाई राज्य संयन्त्रमा समावेश गर्न यो अपरिहार्य छ। चौथो— अन्तर प्रदेश परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगजस्ता निकायमार्फत अधिकार क्षेत्रको द्वन्द्व समाधान गर्नुपर्छ। कृत्रिम बुद्धिमत्ता (एआई)नीति र डिजिटल पूर्वाधारसहितको कानुनी सुधारले शासनलाई आधुनिक बनाउन सक्छ। गण्डकीमा हामीले जस्तै— जबाफदेही र प्रविधिमैत्री बनाउने निजामती सेवा सुधारले सङ्घीयतालाई गति दिन सक्छ।

मेरो नेतृत्वमा गण्डकी प्रदेशको यात्राले सङ्घीयताको सम्भावना देखाएको छ— पर्यटनमुखी वृद्धिदेखि समावेशी विकाससम्म। तर नेपालको सङ्घीयतालाई अधिकार हस्तान्तरण, समावेशीकरण र सुशासन सुधारमार्फत बलियो बनाउनुपर्छ। समृद्धितर्फ अघि बढ्दै गर्दा हामीले स्मरण गरौं— सङ्घीयता जनताका लागि हो, हाम्रो विविधतापूर्ण राष्ट्रमा कोही पनि पछाडि नपरोस् भन्नका लागि। सामूहिक इच्छाशक्तिले "समृद्ध नेपाल, सुखी नेपाली" लाई साकार पार्न सक्छौं।

(सीमित स्रोत, जनशक्तिको अभाव र संघीय सरकारको ढिलासुस्तीका बीच पनि हामीले जे—जति उपलब्धि हासिल गर्यौं, त्यसले गण्डकी प्रदेशको समुन्नत भविष्यको जग हालेको छ ।)



# संघीयताको अभ्यास र समृद्धिको मार्गचित्र

**कृष्णचन्द्र नेपाली पोखरेल**
**पूर्व मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार**

नेपालको लामो लोकतान्त्रिक आन्दोलन, त्याग र बलिदानको प्रतिफलस्वरूप हामीले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्त गरेका छौं । सात दशक लामो राजनीतिक संघर्षको एउटा सिपाही हुनुको नाताले मेरो जीवनको मूल ध्येय नै नागरिकको स्वतन्त्रता र समृद्धिको सुनिश्चितता हो । गण्डकी प्रदेश सरकारको दोस्रो मुख्यमन्त्रीको रूपमा २०७८ जेठ २९ गते कार्यभार सम्हाल्दै गर्दा मेरो सामु एकातिर राजनीतिक स्थिरता कायम गर्ने चुनौती थियो भने अर्कोतिर महामारी र प्राकृतिक विपत्तिबाट नागरिकको रक्षा गर्ने ठूलो जिम्मेवारी थियो ।

गण्डकी प्रदेश सरकारको नेतृत्वमा रहेका ती १८ महिना (२०७८ जेठ २९ — २०७९ पुस २५) मेरा लागि केवल पदको जिम्मेवारी मात्र थिएनन्, बरु संघीयताको जगलाई संस्थागत गर्ने र नागरिकका विकासका आकांक्षाहरूलाई धरातलमा उतार्ने एउटा परीक्षा पनि थियो । आज प्रदेश स्थापनाको ९ औं वर्ष प्रवेश गर्दै गर्दा, म ती दिनहरूलाई स्मरण गर्दै हाम्रा प्रयास, संघर्ष र प्राप्त उपलब्धिहरूको संक्षिप्त समीक्षा गर्न चाहन्छु ।

## विपत्ति र महामारीको सामना: पहिलो प्राथमिकता जीवन रक्षा

मैले सरकारको बागडोर सम्हाल्दा **कोभिड—१९** को दोस्रो लहरले जनजीवन आक्रान्त थियो । हाम्रो पहिलो संकल्प नै 'नागरिकको जीवन रक्षा थियो । हामीले युद्धस्तरमा खोप अभियान सञ्चालन गर्यौं र गण्डकीलाई **'पूर्ण खोपयुक्त प्रदेश'** घोषणा गर्न सफल भयौं । कोभिडका कारण अभिभावक गुमाएका बालबालिकाहरूका लागि मासिक ५ हजार शैक्षिक वृत्ति र स्वास्थ्यकर्मीहरूको प्रोत्साहनका लागि हामीले कुनै कसर बाँकी राखेनौं। त्यसै समयमा मनाङ, कास्की र तनहुँमा आएको बाढी—पहिरोको वितण्डामा हामी आफैं घटनास्थलमा पुगेर राहत र पुनर्स्थापनाको काममा जुट्यौं । **'राज्य छ'** भन्ने अनुभूति नागरिकलाई गराउनु नै हाम्रो सफलताको पहिलो खुड्किलो थियो ।

## आर्थिक पुनरुत्थान र समृद्धिको सूचक

कोभिडले थला पारेको अर्थतन्त्रलाई गति दिनु हाम्रा लागि अनिवार्य थियो । म आउँदा प्रदेशको आर्थिक वृद्धिदर निकै न्यून (०.७१ प्रतिशत) रहेकोमा, विभिन्न नीतिगत हस्तक्षेप र प्रोत्साहनका कारण मेरो कार्यकालको अन्त्यतिर यो वृद्धिदर ६.१७ प्रतिशत पुग्नु हाम्रा लागि सुखद पक्ष रह्यो । हामीले बहुआयामिक गरिबीलाई १४.२ प्रतिशतबाट घटाएर ९.६ प्रतिशतमा झार्ने लक्ष्यका साथ काम गऱ्यौं। 'व्यवसाय जीवन रक्षा कोष÷ मार्फत १ हजार ४ सयभन्दा बढी उद्यमीलाई सहुलियतपूर्ण कर्जा प्रवाह गरेर हामीले साना तथा मझौला व्यवसायीको मनोबल बढायौं ।

## पूर्वाधार विकासः प्रदेशको 'लाइफलाइन' र भौतिक प्रगति

गण्डकी प्रदेशको आर्थिक मेरुदण्ड मानिएको 'कोरोला—त्रिवेणी सडक' मेरो प्राथमिकताको शिरानमा थियो । विशेषगरी नवलपुर खण्डको अन्योललाई चिर्दै डेढगाउँ—झ्यालवास खण्डलाई जोड्ने निर्णय हामीले गयौं र काम अगाडि बढायौं । १८ महिने कार्यकालमा १०८ किलोमिटर सडक कालोपत्रे, १२६ किलोमिटर ग्राभेल र ३१ वटा पक्की पुल सम्पन्न हुनुले भौतिक पूर्वाधारको क्षेत्रमा हामीले मारेको फड्कोलाई पुष्टि गर्छ । 'एक घर, एक धारा अभियान अन्तर्गत १ लाख ७ हजारभन्दा बढी घरधुरीमा निजी धारा जडान हुनु र ९९.५ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुग्नु नागरिकको जीवनस्तरमा आएको प्रत्यक्ष सुधार हो ।

## सामाजिक न्याय र स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी कदम

स्वास्थ्य क्षेत्रमा हामीले केही यस्ता कार्यक्रम सुरु गयौं जुन आज देशैभरि चर्चाको विषय बनेका छन् ।

- निःशुल्क रगत सेवाः रगत र रगतजन्य पदार्थको शोधभर्ना बापतको खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेर हामीले रगतको अभावमा कोही पनि नागरिक मर्नु नपर्ने वातावरण बनायौं ।
- महिला स्वास्थ्यः दुर्गमका सुत्केरी महिलाहरूको ज्यान जोगाउन 'एयर लिफ्टिङ' सेवा र क्यान्सर उपचारका लागि ५० हजार आर्थिक सहायताले नागरिकलाई राज्यको नजिक ल्यायो ।
- डायलाइसिस सेवाः मिर्गौला रोगीहरूका लागि पोखरा धाउनुपर्ने बाध्यता अन्त्य गर्दै गोरखा, लमजुङ र मध्यविन्दु अस्पतालमा सेवा विस्तार गयौं ।
- शिक्षा र खेलकुदः गण्डकी विश्वविद्यालयमार्फत आइटी, फार्मेसी र कानुनका कक्षाहरू सुरु गरिनु तथा राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा अनुसन्धानलाई जोड दिनु गौरवको कुरा हो । नवौं राष्ट्रिय खेलकुदमा गण्डकीले प्राप्त गरेको ऐतिहासिक सफलताले हाम्रा खेलाडीहरूको सामर्थ्य झल्काएको छ ।

## संघीयता कार्यान्वयनका चुनौती

संघीयताको अभ्यास गर्दै गर्दा हामीले निकै ठूला संरचनागत र नीतिगत पर्खालहरूको सामना गर्नुपर्यो। केन्द्रको 'अधिकार मुठ्ठीमा राख्ने' प्रवृत्ति विरुद्ध मैले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक र मुख्यमन्त्रीहरूको भेलामा सधैं दह्रो आवाज उठाएँ ।

कर्मचारी र प्रहरी समायोजनः संघीय निजामती सेवा ऐन नआउँदा कर्मचारी व्यवस्थापनमा देखिएको सकस र प्रदेश प्रहरीको अधिकार केन्द्रले नै रोकेर राख्नु संघीयताको मर्म विपरीत थियो । अहिले पनि ती समस्या उस्तै छन् । हामीले आफ्नै प्रदेश निजामती सेवा र स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश ल्याएर बाटो खोल्ने प्रयास गर्‍यौं । पछि त्यसैका आधारमा नियमावली बनेर अहिले प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवस्थापनमा महत्वपूर्ण काम भइरहेको छ ।

**वित्तीय न्यायः** कुल बजेटको ठूलो हिस्सा केन्द्रमै राखेर प्रदेश र स्थानीय तहलाई १५/१५ प्रतिशत मात्र बाँडफाँड गर्नु न्यायोचित थिएन । स्रोतको सुनिश्चितता विनाका योजना हस्तान्तरणले हामीलाई वित्तीय व्यवस्थापनमा कठिन बनायो । प्रदेशले आफ्नो आम्दानी बढाउन नसक्ने, संघले विनियोजन गरेको बजेट रकम समेत विभिन्न वाहानमा कटौती गर्दा प्रदेशले वित्तीय चुनौती खेप्दै आउनु परेको छ ।

**कानुनी अड्चनः** वन ऐन र जग्गा प्राप्तिमा देखिएका झन्झटले धेरै ठूला आयोजनाहरू प्रभावित भएका छन् । सडक हाम्रा, अधिकार केन्द्रका हुँदा नागरिकका गुनासा सुन्न हामीलाई कठिन भयो । यद्यपि, यी चुनौतीका बाबजुद हामीले १३ वटा ऐन र ५ वटा नियमावली जारी गरेर प्रदेशको कानुनी आधार बलियो बनायौं ।

## स्थानीय तहसँगको सहकार्य

स्थानीय तह नै नागरिकको सबैभन्दा नजिकको सरकार हो । हामीले प्रदेश र स्थानीय तहबीचको समन्वयका लागि 'समन्वय तथा विवाद समाधान ऐन' ल्यायौं । स्थानीय तहका जनप्रतिनिधिहरूको क्षमता विकास, योजना तर्जुमामा सहयोग र नवप्रवर्तका माध्यमबाट हामीले स्थानीय र प्रदेश सरकारको सम्बन्धलाई सुदृढ बनाउने प्रयत्न गर्यौं ।

## पर्यटनः गण्डकीको पहिचान

पोखरालाई 'पर्यटनको राजधानी' घोषणा गर्ने हाम्रो संकल्प थियो । कोभिडपछि थला परेको पर्यटनलाई उकास्न हामीले विभिन्न देशका राजदूतहरूलाई पोखरा बोलाएर 'गण्डकी सुरक्षित छ' भन्ने सन्देश विश्वभर दियौं । **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको** सफल सञ्चालन र आन्तरिक पर्यटन

प्रवर्द्धनका हाम्रा प्रयासले आज पर्यटन क्षेत्रमा उत्साह थपेको छ । तर जुन उद्देश्यले यो विमानस्थल निर्माण भएको हो, त्यस अनुसारको प्रयोग हुन नसक्दा जनगुनासो बढ्नु स्वभाविक नै हो ।

मेरा ती **१८ महिना** केवल सत्ताको समय थिएनन्, ती त संघीयतालाई सही दिशामा डोऱ्याउन गरिएको संघर्षका शृंखला थिए । हामीले २०७४ सालमा शून्यबाट सुरु गरेको यो यात्राले आज एउटा आकार लिएको छ । सीमित स्रोत, जनशक्तिको अभाव र संघीय सरकारको ढिलासुस्तीका बीच पनि हामीले जे—जति उपलब्धि हासिल गऱ्यौं, त्यसले गण्डकी प्रदेशको समुन्नत भविष्यको जग हालेको छ । नागरिकको उच्च अपेक्षालाई सीमित बजेट र संघको निम्छरो व्यवहारका कारण पुरा गर्न सकिएको छैन । संघीयताको सबैभन्दा उत्तम प्राप्ति नै प्रदेश संरचना हो । तर यो संरचनाले बारम्बार अपजस खेप्नु परेको छ । प्रदेश खारेजीसम्मका आवाज उठेका छन्। यसलाई चिर्ने भनेकै हाम्रो कार्यशैलीले हो ।

२०८२ भदौ २३ मा नवयुवाले व्यक्त गरेको आवाजलाई हामीले पटक्कै नजरअन्दाज गर्न मिल्दैन । सरकारी कार्यालयहरुमा हुने कार्यशैलीमा परिमार्जनका साथमा सुशासन उनीहरुको सबैभन्दा सशक्त र जायज माग थियो । २३ गतेको प्रदर्शनमा ज्यान गुमाउनेहरुप्रति श्रद्धासुमन व्यक्त गर्दछु । तर २४ गते जुन घटना भयो, त्यसलाई भने २३ गतेको आन्दोलनसँग जोडि हेर्न हुँदैन भन्ने मलाई लाग्छ ।

आज प्रदेश स्थापना दिवस मनाउँदै गर्दा मलाई गर्व छ कि हामीले नागरिकको घरदैलोमा सरकार पुऱ्याउने प्रयास गऱ्यौं । विगतमा कमजोरीको समीक्षा गर्दै सच्चिएर अगाडि बढ्नुको विकल्प छैन । प्रदेश सरकारको वर्तमान र आगामी नेतृत्वले यी जगहरूमा उभिएर अझै उचाई हासिल गर्नेछ भन्ने मेरो विश्वास छ । संघीयताको विकल्प सुदृढ संघीयता नै हो ।जसले लोकतन्त्र र निकासको प्रतिफललाई सन्तुलित रुपले सातै प्रदेशमा विस्ता गर्दछ ।

जय गण्डकी प्रदेश, जय संघीयता !

# सम्वृद्धिको अभियानमा गण्डकी प्रदेशः अवसर, चुनौति र संभावनाहरु



**मा.खगराज अधिकारी**
**पूर्वमूख्यमन्त्री, गण्डकी प्रदेश सरकार**

१. पृष्ठभूमिः

आधुनिक राज्यको शुरुवात भएसँगै समग्र नेपालको आर्थिक सामाजिक परिवेशलाई संवृद्ध बनाउने परिवर्तनका विषयहरु शासकीय अभिव्यक्ति मार्फत प्रकट हुँदै आएको पाइन्छ। यद्यपि इतिहासको लामो कालखण्डसम्म राज्यसत्तालाई व्यक्ति, वंश र वर्ग विशेषको मोजमस्ति र विलाशी जीवन शैलीका लागि उपयोग गरिदै आएको देखिन्छ। आम नेपाली जनताको जीवनस्तरमा सुधार गर्ने गरी आर्थिक, सामाजिक कार्यक्रम संचालन गर्न राज्य संयन्त्रले अपेक्षाकृत पहलकदमि लिएको देखिदैन। यसर्थमा नेपाली जनताको निरन्तर संघर्ष र वलिदानी पूर्ण आन्दोलनको उपलब्धि स्वरुप नेपालको इतिहासमा राजनीतिक व्यवस्था परिवर्तनका साथै आर्थिक सामाजिक रुपान्तरणका धेरै महत्वपूर्ण परिघटनाहरु भएकाछन् । विगतमा २००७ सालको जहानिया राणा शासनको अन्त्यका लागि भएको क्रान्तिको सफलताले देशमा राजनीतिक परिवर्तनको साथै आर्थिक सामजिक रुपान्तरणका लागि योजनावद्ध विकास (२०१३) र सरकारको वार्षिक नीति तथा कार्यक्रमका साथ बजेट बनाउने गतिविधिको शुरुवात भएको पाइन्छ। आम जनअपेक्षा अनुरुप नभए पनि सीमितराजनीतिक अधिकारका साथ शुरुभएको आर्थिक तथा सामाजिक सुधारका कार्यक्रमलाई समेत २०१७ सालमा निर्दलीय व्यवस्थाको शूरुवात गर्ने गरी जननिर्वाचित प्रजातान्त्रिक सरकारलाई अपदस्त गरेर देश विकासको मार्गचित्रलाई पछाडि धकेल्ने काम भयो। तत्पश्चात सीमित मात्रमा एवं नियन्त्रित रुपमा आर्थिक सुधारका केही कामहरु भएपनि जनतामा राजनीतिक अधिकार र सामाजिक सुधारका क्षेत्रमा निरकुश राज्यव्यवस्था हावि रहन पुग्यो । राजनीतिक परिवर्तन तर्फ जनताको उत्कट अभिलाषाको मनोविज्ञानलाई आत्मसाथ गरी संयुक्त वाममोर्चा, नेपाली कांग्रेस र अन्य राजनीतिक पार्टीहरुको समेत संयुक्त संघर्ष वा जनआन्दोलनबाट २०४६ सालमा देशमा पुन:प्रजातान्त्रिक शासन व्यवस्थाको पुनर्वाहली भयो। तत्पश्चात भने निजी क्षेत्रललाई मुखरित

गर्दै सार्वजनिक र सहकारी क्षेत्र मार्फत आर्थिक विकासका गतिविधिहरु चलायमान हुन थालेको पाइन्छ।
नेपाली जनमानसमा देखिएको विकास प्रतिको तीव्र महत्वकांक्षको सम्बोधनका लागि तत्कालिन जननिर्वाचित सरकारबाट कर प्रशासनमा सुधार गरी राष्टिय अर्थतन्त्रलाई बलियो बनाउने प्रयत्न गरेको देखिन्छ । यद्यपि वेलगाम खुला तथा उदार अर्थनीतिको अवलम्वनका कारण भर्खर वामेसर्न लागेको राष्ट्रिय पुँजिबादले विदेशी दलाल पुँजिवादसंग प्रतिस्पर्धा गर्न नसक्दा विकासको अपेक्षित प्रतिफल जनस्तरसम्म मुखरित हुन सकेन। परिणामस्वरुप देशमा दलाली अर्थतन्त्र मार्फत अन्तराष्ट्रिय एकाधिकार पुँजिवादको वित्तीय क्षेत्रदेखि सामान्य खाद्य उत्पादनका वस्तुहरुमा समेत हालिमुहाली बढन गई क्षणिक लाभको प्रभावमा समग्र अर्थतन्त्र सुस्ताउंदै राष्ट्रिय उत्पादनका शक्तिहरुलाई निराश बनायो । परिणाम स्वरुप देशको राजनीतिक परिवर्तन पश्चात आर्थिक तथा सामाजिक विकासको सपना बोकेका युवाहरु सामन्तबाद र साम्राज्यवादका अवशेषलाई फाल्ने गरी राजनीतिक विद्रोहको मार्गमा होमिन पुग्दा देश झण्डै दश वाह्र वर्षसम्म माओवादी विद्रोह र राज्यपक्षको द्वन्द्वमा रुमालिन पुग्यो।

नेकपा एमाले, नेपाली कांग्रेस र अन्य संसदीय मार्गमा हिडेका राजनीतिक दलहरुले तत्कालिन माओवादीसंग संविधान सभाको चुनाव मार्फत संविधान निर्माण गरी शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहने बाह्रबुंदे सम्झौता गरी २०६२।०६३ मा ब्यापकरुपमा संयुक्त जनआन्दोलन भयो। त्यसको बलमा पुनरस्थापित संसदबाट नेपालको राजनीतिमा संलग्न सक्रिय राजतन्त्रको शासकीय अधिकारलाई समाप्त गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन ब्यवस्थाको शुरुवात भयो । जुन परिघटनाले नेपालको राजनीतिक इतिहासको मार्ग चित्र नै वदलिदियो । नेपालबाट राजाशाहीको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । लोकतान्त्रिक शासन व्यवस्थाको लागि चालिने राजनीतिक परिवर्तनको आन्दोलनले पूर्णता पायो । तत्पश्चात भएको संविधान सभाको निर्वाचनले चुनेका प्रतिनिधिहरु मार्फत राज्य संचालनका विधायिकी कार्यका साथै राज्यको पुनसंरचना सहितको नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा घोषणा गर्यो । यसरी नेपालमा २०७२ सालमा जारी संविधान मार्फत सात प्रादेशिक राज्यहरु रहने गरी संघीय राज्यको विधिवत शुरुवात भएको थियो । सङ्घीय गणतन्त्रको घोषणा पश्चात विकसित राजनीतिक घटनाक्रम र जनताको चेतनाको स्तरले नेपाली समाजको अपेक्षा र आकांक्षामा तिव्रता विकास भएर आएको अवस्था छ । समग्र नेपाली

जनताको जस्तै यस प्रदेशका वासिन्दामा पनि स्थानीय जनमानसको पहुँचमा रहेको अशल शासन सहितको सरकार, आय तथा रोजगारीमा नयाँ अवसरहरुको सृजना, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता सामाजिक सेवा सुविधामा विस्तार एवं जनताको सहज पहुँच मार्फत आर्थिक सामाजिक रुपान्तरण सहित समुन्नत गण्डकी प्रदेशको पकिल्पनालाई सार्थक बनाउनु आवश्यक छ ।

२. प्रादेशिक संरचनाका अवसर र उपलब्धीहरु

नयाँ संविधान २०७२ सालमा जारी भए पश्चात वि.सं. २०७३ र २०७४ मा भएका स्थानीय र आम निर्वाचन मार्फत देशमा संघीय सरकारका साथै सात प्रादेशिक र ७५३ स्थानीय सरकारहरु संचालनमा रहेका छन्। संघियताको कार्यान्वयन पश्चात सुरु भएको प्रादेशिक संरचनाले नयाँ आशा, अपेक्षा र संक्रमणको यात्रालाई आत्मसात् गर्दै आठौं वर्ष पार गरिसकेको अवस्था छ । गण्डकी प्रदेश सरकारका विगत आठ वर्ष साँच्चै अविस्मरणीय र विकास तर्फ परिलक्षित कामले ओतप्रोत भएको अवस्था देखिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रको मूल भावना सडकदेखि सत्ता र सेवासम्म नागरिकको पहुँच बढाउने, स्थानीय विकासलाई सुदृढ गर्ने तथा क्षेत्रीय असमानतालाई कम गर्ने कुरामा गण्डकी प्रदेशले महत्वपूर्ण प्रगति हाँसिल गर्न सफल भएको छ । आठ वर्षको यो यात्रामा अनेकौं चुनौतीहरु सतहमा देखिए पनि उपलब्धीहरु उल्लेखनीय छन् र भविष्य अत्याधिक सम्भावनाले भरिएको छ। सबै सम्भावनाहरुलाई हामीले संस्थागत गर्ने कुरा चुनौतीपूर्ण भएता पनि हामी त्यसमा अवश्य सफल हुनेछौं र समृद्ध गण्डकी प्रदेश, सुखी प्रदेशवासी बनाउनेछौं, भन्ने अठोटका साथ अगाडि बढ्नु आवश्यक छ। गण्डकी प्रदेश सरकार गठन भएर प्रादेशिक रुपमा कार्य सम्पादन गर्न थालेदेखि भएका केहि महत्वपूर्ण उपलब्धीहरु निम्नानुसार उल्लेख गरिएको छ ।

**क) संस्थागत प्रादेशिक संरचनाको विकासः** गण्डकी प्रदेश सरकारले संघीयता लागु भए पश्चात प्रदेशमा सरकार संचालन भएको छ भन्ने अनुभुति प्रदेशवासीलाई दिन सफल भएको छ । यस अवधिमा प्रदेश सरकार सञ्चालनका लागि आवश्यक सचिवालय, मन्त्रालयहरु, प्रदेश सभा, प्रदेश महान्यायधिवक्ता, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग लगायतका प्रशासनिक कार्यालय तथा समन्वय संयन्त्र स्थापना गरी संस्थागत संरचनाको विकास मार्फत प्रादेशिक सम्वृद्धिको आधार तय गरेको छ । यसले प्रदेशलाई विकास, निर्माण र व्यवस्थापनसँग सम्बन्धित नीति निर्माण गर्न, प्रादेशिक भूगोलका आधारमा स्थानीय उत्पादनमा

वृद्धि गर्न, सार्वजनिक सेवा प्रवाह र विकास योजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सक्षम जस्ता महत्वपूर्ण उपलब्धिहरु भएका छन्।

**ख) भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगतिः** गण्डकी प्रदेश सरकारले संघीयता पछि सडक, पुल, यातायात, खानेपानी, विद्युतीकरण लगायतका क्षेत्रमा र आवश्यक भवन तथा अन्य भौतिक संरचना विकासमा उल्लेखनीय उपलब्धि हाँसिल गरेको छ। सडक संजालको विस्तार र पुलहरुको निर्माणबाट प्रादेशिक भूगोलमा **कनेक्टिभिटि** मार्फत प्रादेशिक सम्वृद्धिको आधार तय भएको छ।भौतिक विकास लक्षित परियोजना कार्यान्वयन तथा पूँजीगत लगानीमा अपेक्षाकृत सुधारोन्मुख हुनुबाट प्रदेश सरकारको पूर्वाधार विकासमा देखिएको उल्लेखनीय प्रगतिलाई बलियो प्रमाणका रुपमा लिन सकिन्छ।

**ग) आर्थिक सम्वृद्धिको आधार पर्यटन प्रवर्धन र विकासः** गण्डकी प्रदेश नेपालकै प्रमुख पर्यटकीय गन्तव्यहरु रहेको प्रदेश हो। प्रादेशिक राजधानी समेत रहेको **पोखरा** क्षेत्रलाई नेपालमा पर्यटनको राजधानी घोषणा गरिएको अवस्था छ। धौलागिरी, अन्नपूर्ण र मनास्लु हिमशिखरका सुन्दर चुलीहरु र तिनको आधार क्षेत्रमा रहेका म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, गोर्खा आदि क्षेत्रहरुमा प्राकृतिक, सांस्कृतिक र साहसिक पर्यटनको ठुलो सम्भावना रहेको छ। यसर्थमा प्रदेश सरकारले पर्यटन विकास र प्रवर्द्धनका लागि आवधिक तथा वार्षिक कार्य योजनामा आवश्यक रणनीति सहितको बजेट तर्जुमा र कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रादेशिक सम्वृद्धिको आधारशिला कै रुपमा विशेष गरी ग्रामिण पर्यटन पूर्वाधार, घरवास पर्यटन, पर्यटकीय उपजको प्रचार प्रसार र निजी लगानी प्रवर्द्धनका लागि पूर्वाधार विकासमा समेत प्रदेश सरकारले उल्लेखनीय कार्य गरेको छ । यसबाट प्रदेशमा पर्यटन प्रवर्द्धनका साथै पर्यटक संख्यामा वृद्धि, पर्यटन सेवामा विस्तार र विविधीकरण मार्फत आय तथा रोजगारी सिर्जनाबाट जीवनस्तर सुधार हुनुका साथै बैदेशिक मुद्राको आर्जनबाट समग्र प्रदेश र नेपाल राष्ट्रको आर्थिक उन्नतिमा उल्लेखनीय योगदान पुगेको छ ।

**घ) स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रको सुदृढिकरणः** संविधानको मर्म अनुरुप संघीयतालाई कार्यान्वयन गर्ने सन्दर्भमा आम जनसरोकारका सार्वजनिक सेवा प्रदान गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रमा आवश्यक सेवा सञ्चालन गर्ने संस्थागत संरचनाहरु प्रादेशिक तहमा स्थापना भएका छन् । यसले गर्दा मानव विकास र जनसेवाका क्षेत्रमा छिटो छरितो, चुस्त दुरुस्त कार्य सम्पादन भएर प्रादेशिक सम्वृद्धिकालागि आधारशिला बन्ने क्रममा रहेका छन् । गण्डकी प्रदेश सरकारले

आफ्नै मन्त्रालय, निर्देशनालय र शाखा कार्यालयहरु मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरेको छ । शिक्षा क्षेत्रमा विशेष प्राथमिकताका साथ प्राविधिक धारको **गण्डकी विश्वविद्यालयको** स्थापना गरी नेपालमा नै पहिलो प्रादेशिक विश्वविद्यालयको रुपमा स्थापित भएको छ । उल्लिखित संरचनाहरु मार्फत प्रदेशले स्वास्थ्य सेवाका क्षेत्रमा विस्तार, बजारमुखी शिक्षामा जोडदिदै गुणस्तरमा सुधार गरी सामाजिक सुरक्षाका कार्यक्रमहरु समेतको सञ्चालनबाट मानव विकासका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ ।

**ङ) सघन बस्ती तथा आर्थिक करिडोर विकास कार्यक्रमः** गण्डकी प्रदेश सरकारले प्रदेश भित्र रहेका राजमार्ग आसपासका क्षेत्रमा सुरक्षित सघन बस्ति विकास कार्यक्रमलाई प्राथमिकतामा राखी शिक्षा, स्वास्थ्य, खानेपानी, सडल, ढल, बजार व्यवस्थापन लगायतका पूर्वाधार विकासका गतिविधिमा जोड दिदै आएको छ । विशेष गरी बुढी गण्डकी, मरस्याङ्दी र काली गण्डकी नदी करिडोरमा स्तरीय सडक निर्माण लगायतका भौतिक पूर्वाधारको निर्माण गरी कृषि उत्पादन, उद्योग तथा व्यापार व्यवसायको प्रवर्द्धन, पर्यटन, शिक्षा, स्वास्थ्य, सुरक्षा लगायतका पूर्वाधारहरुको विकास गरी आर्थिक करिडोरका रुपमा विकास गर्ने गरी प्रदेशको आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रमहरुमा प्राथमिकताका साथ राखेर प्रदेश सम्वृद्धिका लागि बलियो आधार तय गरेको छ ।

**३. प्रादेशिक संरचना संचालनमा देखिएका चुनौतीहरुः**

संघीय राज्य संचालन नेपालको सन्दर्भमा एक नयाँ अभ्यास समेत भएका कारण अनुभवजन्य अभाव, कार्य सम्पादनका लागि आवश्यक कानूनको अभाव तथा प्रशासनिक झन्झट, तहगत समन्वयको अभाव लगायतका विषयहरु प्रदेश सरकार संचालनमा चुनौतिका रुपमा देखिएका छन्।

**क) बजेटको सीमितता र अत्याधिक अपेक्षाः** गण्डकी प्रदेश सरकारको आफ्नो सीमित वित्तिय स्रोतका कारण विकास निर्माण र सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक पुँजी परिचालन गर्न सकिएको अवस्था छैन। जनअपेक्षा अनुरुपका सबै विकास आयोजना र सार्वजनिक सेवा प्रवाह गर्न कठिन रहेको अवस्थामा छ। संघीयता लागु भए पश्चात जनताको अपेक्षा अत्याधिक मात्रामा बढेको छ। सीमित बजेट र उच्च अपेक्षाबीचको अन्तरले विकास योजनाको कार्यान्वयन र सेवा प्रवाहमा जनसन्तुष्टि प्रदान गर्ने चुनौती सिर्जना गरेको छ।

**ख) संरचनागत कार्य सम्पादनमा जटिलताः** गण्डकी प्रदेश सरकार संघीय शासन प्रणालीको नयाँ संरचनामा काम गर्दैछ। संविधानको अनुसुचिमा विभिन्न तहका सरकारहरुकाबिच अधिकारको उल्लेख गरेको भए पनि संघ, प्रदेश र स्थानीय तहबिचका अधिकारमा अष्पष्टता, समन्वयमा समस्या, प्रशासनिक प्रक्रियामा जटिलता र संस्थागत क्षमता कमजोरीका कारण संरचनागत जटिलता उत्पन्न भएको छ। यसले आवश्यक नीतिहरुको तर्जुमादेखि कार्यान्वयनमा जटिलता देखिनुका साथै विकास योजनाको प्रभावकारी कार्यान्वयनमा देखिएको समस्याहरु प्रदेश सरकारलाई चुनौतीको विषय बनेको छ।

**ग) कानुनी अभाव र नीतिगत अष्पष्टताः** नयाँ संविधान २०७२ को जारी भए पश्चात देशमा संघीय शासन संचालन गर्न आवश्यक कानूनको संशोधन वा नयाँ बनाउनु पर्ने गरी करिब ३०० भन्दा बढी कानूनहरु तत्काल बन्न नसक्दा एक किसिमको अन्यौलता नै सिर्जना गरेको अवस्था छ । कतिपय अवस्थामा त संघ, प्रदेश र स्थानीय कानुनको कार्यान्वयन गर्ने सन्दर्भमा सरकारहरुका बीच आपसि द्वन्द्व समेत सृजना भएको अवस्था छ। राज्य संचालनका लागि अति आवश्यक केही महत्वपूर्ण कानुनहरु अझै निर्माण भएका छैनन्। यसले गर्दा प्रादेशिक स्तरमा सरकार संचालन गर्न, प्रशासनिक कार्य र विकास निर्माणको व्यवस्थापनमा समेत अन्योल सिर्जना भइ चुनौति थपएिको छ।

**घ) संघीयताको कार्यान्वयनमा अन्यौलता:** नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ। यसले संघीयताको पूर्ण कार्यान्वयन मार्फत मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा नीतिको दायरालाई फराकिलो बनाउँदै आर्थिक सम्वृद्धि सहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्त अवलम्वन गरेको अवस्था छ। व्यवहारिक रुपमा भने हामी संघीयतालाई राजनीतिक रुपमा मात्र अभ्यास गरेका छौं र वित्तीय संघीयता लगायत प्रशासनिक, न्यायिक, आन्तरिक सुरक्षा जस्ता विषयहरु विना संघीयतालाई पूर्ण कार्यान्वयन गर्नका लागि चुनौतिपूर्ण अवस्था रहेको छ।

**ङ) जलवायु परिवर्तनको अशर प्राकृतिक प्रकोपको जोखिमः** उच्च हिमश्रृंखलाहरुदेखि बेसी, उपत्यका, फाँट र मधेशसम्म फैलिएको गण्डकी प्रदेशको भूगोल जलवायु परिवर्तनका सन्दर्भमा बढी नै संवेदनशील छ। जलवायु परिवर्तनको असरले गर्दा हुने अति वृष्टिले माटोको क्षयीकरण, बाढी पहिरोको मात्रा र सुक्खापन बढ्नूका कारण कृषियोग्य जमिन बाँझिन गई उत्पादन घट्न

पुग्दछ । त्यस्तै गरी यसको असरले वायुको गुणस्तरमा ह्रास, प्राकृतिक सम्पदाको विनास र दोहन, हिमरेखा माथी सर्ने, जैविक विविधतामा ह्रास हुंदै गएको अवस्थामा यसको व्यवस्थापन र अनुकुलनका कार्यक्रमलाई संचालन गर्न चुनौतीपूर्ण अवस्था रहेको छ।

**४. प्रादेशिक सरकारका लागि सृजित अवसरहरुः**

क) समुन्नत प्रदेशको आधार कृषि, पर्यटन, उर्जा र पूर्वाधारः प्रदेश सरकारलाई आर्थिक रुपमा सबल र सक्षम बनाई यहाँका जनताको जीवनस्तरमा भरपुर सुधार ल्याउने सकिने थुप्रै आर्थिक रुपान्तरणमुखी आधारहरु छन्, जस्तैः कृषि उत्पादन र प्रशोधनमा यान्त्रिकीकरण वा आधुनिकीकरण, पर्यटन सेवामा विस्तार तथा विविधिकरण नविनतम गन्तब्यको विकास मार्फत आर्थिक गतिविधिमा वृद्धि, जलविधुत उत्पादनको प्रचुर संभावनालाई नीजि तथा वैदेशिक लगानी मार्फत उत्पादनमा जोड दिने, उच्च पहाडी भुभागमा पाइने जडिबुटीहरुको उत्पादन, प्रशोधन एवं खानीजन्य उद्योगको प्रवर्धन, स्थानीय रैथाने पशुपंक्षी, खेतिवालीको संरक्षण, उत्पादन एवं प्रवर्द्धन आदि मार्फत अवसरहरुको सृजना गर्न सकिने अवस्था छ।

**ख) रुपान्तरणका लागि समन्वयात्मक शासनको अभ्यासः** आर्थिक तथा सामाजिक रुपान्तरणका विषयमा संघ र स्थानीय तहसँग आवश्यक नीति तथा कार्यक्रम, बजेट र जिम्मेवारीको विषयमा साझा मोडलको तयार गरी तीव्र विकास गर्न सकिने बलियो संभावना रहेको छ। तीनवटै तहका सरकारहरुको आ आफ्ना कार्य क्षेत्र र सीमितता तोकेर कार्यक्रमको कार्यान्वयन गर्दा प्रदेशले संघीय र स्थानीय सरकारकाबिचमा आवश्यक तालमेल र संयोजन गरी पुलको भूमिका निर्वाह गरी परिणाममुखी नतिजा एवं उपलब्धि हासिल गर्न सक्ने राम्रो सम्भावना रहेको छ।

**ग) व्यवसायीकरणका लागि डिजिटलाईजेशनः** गण्डकी प्रदेशको भविष्य निर्माण गर्ने एक प्रमुख मार्गचित्र डिजिटलाईजेशन हो। उज्याले गण्डकी कार्यक्रम मार्फत लगभग सतप्रतिशत विद्युतिकरण भएको यस प्रदेशमा उर्जाको यथोचित प्रयोगबाट जीवनस्तरमा यथेष्टा सुधार आएको छ। त्यसमा पनि डिजिटलाइजेशन मार्फत सेवा प्रवाहमा छिटो, पारदर्शी र प्रभावकारी बनाउँदै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन सेवाहरु र समग्र व्यापार तथा व्यवसायिक कारोवारमा सहजता बनाइ अर्थतन्त्रलाई आधुनिकरण तर्फ लैजान्छ। उपयुक्त नीति र लगानी सहित गण्डकी प्रदेशलाई समृद्ध डिजिटल प्रदेशका रुपमा विकास गर्न सकिन्छ। यसलाई युद्धस्तरमा संचालन गरी प्रतिफल लिने राम्रो अवसर हाम्रो प्रदेशलाई रहेको छ।

**घ) मानव विकासका कार्यक्रममा प्राथमिकताः** हामी आजसम्म सडक विकासलाई प्राथमिकतामा राखेर काम गर्दै आईरहेका छौं, तर खास विकास गर्नुपर्ने मानव विकासका कार्यक्रमलाई

प्राथमिकतामा राखेर काम गर्नुपर्नेछ। स्वास्थ्य तथा पोषणका कार्यक्रम, शिक्षा र सीप विकासका कार्यक्रम, आर्थिक सशक्तिकरणका कार्यक्रम, सामाजिक सुरक्षा तथा समावेशीकरणका कार्यक्रम, सुशाासन तथा सेवा पहुँचमा सुधारका कार्यक्रम, वातावरण र दिगो विकासका कार्यक्रमलाई अब गण्डकी प्रदेश सरकारले विशेष ध्यान दिनुपर्छ । मानव स्रोत विकासका लागि प्रदेश सरकारले गण्डकी तालिम प्रतिष्ठान एवं गण्डकी व्यवसायिक तालिम केन्द्र संचालनमा ल्याएको छ। यस प्रकारका मानव विकासका कार्यक्रमले समग्र प्रदेशवासीलाई स्वस्थ, शिक्षित, सक्षम, सुरक्षित र अवसरयुक्त बनाउन सहयोग गर्दछ।

**ङ) प्रादेशिक आयका लागि व्यापार प्रवर्द्धन पूर्वाधारः** देशको मध्य भागमा अवस्थित गण्डकी प्रदेश दुवै छिमेकी मित्रराष्ट्रहरुसंग जोडिएको हुनाले मुस्ताङको **कोरला देखि भैसालोटन त्रिवेणीसम्म** उत्तर दक्षिण कोरिडोरको सडक स्तरोन्नति गरी अन्तरदेशीय व्यापार नाकाको रुपमा विकास गर्न सकिन्छ भन्ने ध्येयका साथ निर्माण कार्यलाई प्रदेश सरकारले अगाडि बढाएको छ। त्यसबाट छिमेकी प्रदेशहरु र मित्र राष्ट्रहरुसंग समेत अन्तर प्रादेशिक र अन्तरदेशीय व्यापारिक कारोवार मार्फत आन्तरिक राजश्वमा वृद्धि गरी संवृद्ध प्रदेशको अवधारणालाई सार्थक बनाउन प्रादेशिक अर्थतन्त्तलाई आत्मनिर्भर उन्मुख बनाउन सकिने अवसर रहेको छ।

**५. निष्कर्षः** गण्डकी प्रदेशका जनताको अभिमतका आधारमा विगतमा गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको जिम्मेवारी समाल्ने अवसर प्राप्तहुँदा यस प्रदेशको विकास निर्माण र समग्र आर्थिक तथा सामाजिक रुपान्तरणका विषयहरुमा गम्भीर विचार विमर्श र छलफल गर्ने अवसरहरु प्राप्त भए।यस जिम्मेवारीपूर्ण अनुभवका आधारमा मलाई गण्डकी प्रदेश सरकारका यी आठवर्षहरु रुपान्तरण प्रक्रियाका निरन्तरताको चरण हुन् भन्ने लाग्दछ।यसर्थ हामी प्रदेशको सकारात्मक रुपान्तरण कै प्रक्रियामा छौं, आजको अवस्था पूर्ण सफलता प्राप्त गरिसकेको अवस्था भने होइन। जनआकांक्षाको सम्वोधन हुने गरी गर्नुपर्ने अझै धेरै विषयहरु बाँकी छन्। हाम्रो प्रदेशका अपेक्षित कार्ययोजना र मार्ग चित्रलाई गण्डकी प्रदेशको पहिलो र दोश्रो आवाधिक पन्चवर्षीय योजना मार्फत जनमानसमा सार्वजनिक गरिएको छ। विगत आठ वर्षहरुका अनुभवले हामीलाई प्रदेशको संरचना, सामर्थ्य, उद्यम, पहिचान र भविष्यको मार्गचित्र स्पष्ट बनाएका छन्। अब दुरदृष्टिका साथ समन्वय, नवविचार, सामाजिक न्याय र जन—केन्द्रित शासनको अभ्यासमा ध्यान केन्द्रित गर्नुपर्नेछ। यिनकै आधारमा गण्डकी प्रदेशलाई समृद्ध, समावेशी र अग्रगामी प्रदेशको रुपमा स्थापित गर्न सकिन्छ भन्ने कुरामा म विश्वस्त छु।

# नागरिक सेवा प्रबाह उन्मुख गण्डकी प्रदेश



**डा. खगेन्द्र प्रसाद सुबेदी,**
**पूर्व प्रमुख सचिब,गण्डकी प्रदेश**

**<u>सारांसः</u>**

"गण्डकी प्रदेशले सेवा प्रबाहलाई केवल प्रशासनिक प्रक्रिया नभई नागरिक अनुभव (Citizen Experience) को रूपमा बुझ्ने प्रयास गरेको छ। गण्डकी प्रदेशले सेवा प्रबाहलाई अधिकार, गरिमा र विश्वाससँग जोडेर अगाडि बढाउने अभ्यास थालेको छ। गण्डकीको शासन सुधारको सार फाइल होइन नागरिक, व्यक्ति होइन प्रणाली, र अनुग्रह होइन अधिकार हो। कहिँ कार्य बोझ ज्यादा भएका कार्यालयमा यथाशिघ्र कम कार्यभार भएका कार्यालयबाट कर्मचारी लिएर पूर्ति गर्ने गर्नु पर्दछ ,त्यसको पनि मापदण्ड बनाउनु पर्दछ ताकी पद्धतिमा लगियो भने बिचौलियाकोमा कोहि जाने छैन| नागरिकले सेवा पाउँदा नियम सबैका लागि उस्तै लागू हुन्छ भन्ने अनुभूति गर्नुपर्छ। आफु प्रत्यक्ष संलग्न रहँदा देखिएको मूल यथार्थ भनेको शासन सुधारको अन्तिम परीक्षण स्थल सधैंसर्वसाधारण नागरिकको सेवा प्रबाहनै हो भन्ने तथ्य हो। संरचना, कानुन र नीतिहरू प्रभावकारी तब मात्र हुन्छन् जब ती नागरिकको दैनिक जीवनमा सजिलै अनुभूत हुन्छन्। एक स्पष्ट सन्देश दिएको छ शासन सुधार भनेको कानुन परिवर्तन मात्र होइन, संस्कार र व्यवहार परिवर्तन हो।"

बि.स. २०७२ मा संबिधानसभा मार्फत बनेको नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रघोषणा गर्दै देशलाई७ वटा प्रदेशमा विभाजन गर्‍यो।यस संघीय संरचनाको उद्देश्य निम्नानुसार रहेको पाइन्छ :

- सत्ता विकेन्द्रीकरण,
- स्थानीय स्वशासन सुदृढीकरण,
- क्षेत्रीय असमानता घटाउने,
- समावेशी विकास सुनिश्चित गर्ने।

नेपालको संविधान अनुसार प्रदेश नं. ४को रूपमा स्थापना भएको प्रदेशलाई पछि२०७५ सालमा "गण्डकी प्रदेश" नामकरण गरियो। गण्डकी प्रदेश ऐतिहासिक रूपमा गण्डकी नदी प्रणाली, पहाडी, हिमाली भौगोलिक पहिचान, र सांस्कृतिक विविधता बोकेको पर्यटकीय एबम धार्मिक क्षेत्रको अलौकिक पहिचान भएकाले संघीय संरचनामा यसलाई छुट्टै प्रदेशका रूपमा व्यवस्थित गरियो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अभ्यासको सन्दर्भमा गण्डकी प्रदेशले शासन र सेवा प्रबाह सुधारमा एक विशिष्ट पहिचान निर्माण गर्ने प्रयास गरेको छ। संघीयताको मर्म केवल संरचनात्मक पुनर्संरचना मात्र नभई राज्य र नागरिकबीचको सम्बन्ध पुनर्परिभाषित गर्नु हो। यही दृष्टिले गण्डकी प्रदेशले सेवा प्रबाहलाई अधिकार, गरिमा र विश्वाससँग जोडेर अगाडि बढाउने अभ्यास थालेको छ। गण्डकी प्रदेशमा गरिएका संरचनात्मक सुधार, कर्मचारी व्यवस्थापनमा वैज्ञानिक मापदण्ड, तथा निर्णय प्रक्रियामा स्पष्टता ल्याउने प्रयासहरूले शासनलाई व्यक्ति- केन्द्रितबाट प्रणाली-केन्द्रित बनाउने आधार तयार पारेका छन्। यी प्रयासहरूलाई समेटेर प्रस्तुत गरिएको अवधारणा नै "Gandaki Governance Reform Model" हो। गण्डकी प्रदेशको स्थापना नेपालको संघीयता कार्यान्वयन गर्ने क्रममा,स्थानीय पहिचान, अधिकार र विकासलाई केन्द्रमा राखेरगरिएको संरचनात्मक पुनर्संरचना हो। **"राज्य तब मात्र सफल हुन्छ, जब नागरिकले सेवा लिन डर होइन, विश्वास अनुभव गर्छ।"**

**"संघीयता संरचनामा होइन, नागरिकको दैनिकीमा देखिनुपर्छ।"**

## सेवा प्रबाह र शासन सुधारको अवधारणा

सेवा प्रबाह भनेको नागरिकले राज्यको उपस्थिति कसरी अनुभव गर्छ भन्ने कुरा हो। राम्रो सेवा प्रबाहले नागरिकमा राज्यप्रतिको विश्वास बढाउँछ भने कमजोर सेवा प्रबाहले असन्तोष र दूरी सिर्जना गर्छ। गण्डकी प्रदेशले सेवा प्रबाहलाई केवल प्रशासनिक प्रक्रिया नभई नागरिक अनुभव (Citizen Experience) को रूपमा बुझ्ने प्रयास गरेको छ।

मुख्य आधारहरू:

- समयमै सेवा
- स्पष्ट प्रक्रिया
- पूर्वानुमेय निर्णय
- मानवीय व्यवहार

## गण्डकी प्रदेशका प्रमुख सुधार अभ्यासहरू

**(क) संरचनात्मक सुधार**

- O&M Survey मार्फत अनावश्यक कार्यालय र पद कटौती
- कार्यालय एकीकरणद्वारा निर्णय तह छोट्याउने

**(ख) कर्मचारी व्यवस्थापन सुधार**

- वैज्ञानिक र मापदण्डमा आधारित सरुवा प्रणाली
- व्यक्तिगत दबाबभन्दा नियमको प्रधानता

**(ग) शासन संस्कारमा परिवर्तन**

- Rule-based governance को अभ्यास
- उत्तरदायित्व र पारदर्शितामा जोड

यी अभ्यासहरूले गण्डकी प्रदेशलाई सेवा प्रबाह सुधारतर्फ उन्मुख गराएको छ।

➢ **सेवा प्रबाह भनेको के हो ?**

- सेवा प्रबाहभनेको राज्यले नागरिकलाई समयमै, सजिलै,न्यायपूर्ण र पूर्वानुमेय तरिकाले आवश्यक सेवा उपलब्ध गराउने प्रक्रिया + व्यवहार + प्रणालीको समष्टि हो।
- यो केवल फाइल पास गर्ने काम होइन, नागरिक अनुभव (citizen experience) हो।

**सेवा प्रबाहका नयाँ तरिका (Modern Approaches in Service Delivery)**

**(क) प्रशासनिक/शासन सुधारको दृष्टिले:**

❖ परम्परागत → आधुनिक परिवर्तनः

❖ **फाइल—केन्द्रित**बाट →**नागरिक—केन्द्रितः** पहिले प्रशासन फाइल, प्रक्रिया र कार्यालय वरिपरि घुम्थ्यो। अब सुधारको केन्द्रमा नागरिकको आवश्यकता, समय र अनुभव रहन्छ।

सेवा फाइलका लागि होइन, नागरिकका लागि हो ।

❖ **व्यक्ति निर्भरताबाट→प्रणाली निर्भरताः** पहिले सेवा व्यक्तिको चाहना, पहुँच वा मनोवृत्तिमा निर्भर हुन्थ्यो। अब स्पष्ट नियम, SOP(Standard operating procedure), समयसीमा र प्रणालीमा आधारित सेवा वा Person-driven governance बाट Rule-driven governance हुन्छ ।

❖ **अनुग्रह (favor)बाट→अधिकार (entitlement):** पहिले सेवा पाउनु कृपाजस्तो अनुभूति हुन्थ्यो।अब सेवा पाउनु नागरिकको संवैधानिक अधिकारहो।राज्य दाता होइन,

कर्तव्यबोध भएको सेवा प्रदायक हो| “गण्डकीको शासन सुधारको सार फाइल होइन नागरिक, व्यक्ति होइन प्रणाली, र अनुग्रह होइन अधिकार हो।”

- **One-door / One-stop Service**: नागरिकले एउटै सेवाका लागि धेरै कार्यालय धाउनुपर्ने अवस्था अन्त्य गर्दै एकै स्थानबाट समन्वित सेवा उपलब्ध गराउने व्यवस्था आबस्यक छ, यसले समय, लागत र अन्योल तीनै घटाउँछ। गण्डकीको पछिल्लो सुधारमा यो पनि नमुनाको रुपमा जिल्लामा दुईवटा कार्यालयको काम एकै स्थानमा दिने कार्य प्रारम्भ भएको छ।
- **Digital Registry & Online Tracking**: सेवा आवेदन दर्तादेखि निर्णयसम्मको अवस्थालाइ डिजिटल रूपमा ट्र्याक गर्न सकिने प्रणालीको बिकाश गर्नु हो| जस्तै; हुलाक सेवामा पत्र काहा पुग्यो भन्ने निरन्तर थाहा पाउन सकिन्छ
- यसले पारदर्शिता बढाउँछ र अनावश्यक पहुँच—निर्भरता घटाउँछ।
- **SOP, Service Standard & Timeline**:हरेक सेवाका लागि स्पष्ट प्रक्रिया (SOP), गुणस्तर मापदण्ड र समय सीमा निर्धारण अनिबार्य गर्नु पर्दछ | जसकालागि नागरिक बडापत्र राखिने गरिएको छ र आफ्नो वेबसाइडमा पनि राखिनु पर्दछ | यसले नागरिकलाईके, कसरी, कहिलेसेवा पाउँछु भन्ने पूर्वानुमेयता दिन्छ एबम नागरिकमा बिस्वसनियता बढ्दछ।
- **O&M Based Restructuring**:कार्यभार र आवश्यकता अनुसार संगठन संरचना, कार्यालय र जनशक्ति पुनर्संरचनाका बिषयमा समय समयमा लेखाजोखा गर्नु पर्दछ यसको लागि ठुलो प्रोजेक्टको जरुरि छैन मुख्यमन्त्री कार्यालयले मन्त्रालयलाई अधिकतम कार्यभार र जिम्मेबारी दिनु पर्दछ र नियमित मन्त्रालयहरुको कामको गुणस्तर र मात्राको परिक्षण गरिरहनु पर्दछ।कहिँ कार्य बोझ ज्यादा भएका कार्यालयमा यथाशिघ्र कम कार्यभार भएका कार्यालयबाट कर्मचारी लिएर पूर्ति गर्ने गर्नु पर्दछ ,त्यसको पनि मापदण्ड बनाउनु पर्दछ ताकी पद्धतिमा लगियो भने बिचौलियाकोमा कोहि जाने छैन| बिचौलियाहरु बिभिन्न पद, तह र स्टाटसमा भित्र र बाहिर बसेका हुन्छन|यसलाई हटाउन पद्धति निर्माण गरेर क्रमस सुधार गर्दै जानु पर्दछ।यसले दोहोरो काम हटाई प्रशासनिक दक्षता बढाउँछ।

- **Result-based Performance:** कर्मचारी मूल्यांकनलाई उपस्थितिमा होइन,सेवा परिणाम र प्रभावसँग जोड्ने अभ्यास गर्नु पर्दछ |कार्यालयगत, शाखागत रुपमा र कर्मचारिगत रुपमा कार्य जिम्मेबारी के छ र त्यसको सम्पादनको सूचकहरु तयार गरि कार्यालय प्रमुख वा शाखा प्रमुखले दैनिक रुपमा फाइल बनाएर राख्ने पद्धतिको बिकास गर्नु पर्दछ |यसले जिम्मेवारी, उत्तरदायित्व र सेवा गुणस्तर सुधार गर्छ।

**"नयाँ सेवा प्रबाहको मूल उद्देश्य प्रक्रिया सजाउनु होइन, नागरिकको अनुभव सुधार गर्नु हो।"**

**(ख) राजनीतिक मनोविज्ञानको दृष्टिले:**

नागरिकको मनमा राज्यप्रति प्रश्न हुन्छः "राज्य मेरो हो कि म राज्यको अधीनमा ?"नागरिक र राज्यबीचको सम्बन्ध कानुनले मात्र होइन, दैनिक सेवा अनुभवले निर्माण गर्छ। यदि नागरिकले सेवा लिनः

- कार्यालयमा डर महसुस गर्छ,
- बारम्बार धाउनुपर्छ,
- प्रक्रिया बुझ्न सक्दैन,
- वा व्यक्तिको कृपामा निर्भर हुनुपर्छ भने उसको अव चेतनमनमा राज्यअधिकार दिने संस्था होइन, शक्ति प्रयोग गर्ने संरचनाको रूपमा हो भन्ने सेवाग्राहीको मनमा बस्दछ |

तर जबः

- सेवा सहज र समयमै पाइन्छ,
- प्रक्रिया स्पष्ट र पूर्वानुमेय हुन्छ,
- व्यवहार सम्मानजनक हुन्छ,
- र निर्णय नियममा आधारित हुन्छ, तब सेवाग्राहीले राज्यलाई आफ्नो साझेदारका रूपमा अनुभव गर्छ। यही मनोवैज्ञानिक रूपान्तरण नै **Citizen-centric governance**को सार हो।

**"नागरिकले राज्यलाई कागजमा होइन, सेवा प्रबाहको व्यवहारमा आफ्नो ठान्छ।"**

**नयाँ सेवा प्रबाहको मनोविज्ञानः**

- **Trust building (विश्वास निर्माण)-** राज्यप्रति विश्वास भाषणबाट होइन, निरन्तर र समान व्यवहारबाट निर्माण हुन्छ। नागरिकले सेवा पाउँदा नियम सबैका लागि उस्तै लागू हुन्छ

भन्ने अनुभूति गर्नुपर्छ। सेवा ढिलाइ, अस्पष्टता र पहुँच–निर्भरता घट्दै जाँदा राज्यप्रति distrust क्रमशः trust मा रूपान्तरण हुन्छ।

- **Fear reduction (डरको न्यूनिकरण)**-परम्परागत प्रशासनमा नागरिकले कार्यालयलाईडर, असुरक्षा र अपमानसँग जोडेर हेर्ने प्रवृत्ति रह्यो। नयाँ सेवा प्रबाहमा कार्यालय नागरिकलाई प्रश्न सोध्न सकिने, समस्या राख्न सकिनेसुरक्षित सार्वजनिक स्थानहुनुपर्छ। बोलीचालीको भाषा सेवाग्राही र सेवा प्रदायक दुबैको सरल बोधगम्य र शिष्ट चाहि बनाउनु पर्दछ त्यो दुबैको अपेक्षा हुन्छ |सहजता हुन थालेपछि सहभागिता बढ्छ, र नागरिक राज्यसँग संवाद गर्न सक्षम हुन्छ।
- **Power distance घटाउने**-राज्य र नागरिकबीचको अत्यधिक दूरीअसमान शक्ति सम्बन्धको उपज हो। स्पष्ट SOP, समयसीमा, डिजिटल ट्र्याकिङ र one-stop सेवा यस दूरीलाई संरचनात्मक रूपमा घटाउने उपाय हुन्। नागरिकले निर्णय किन र कसरी भयो भन्ने बुझ्न थालेपछि राज्य “माथि” होइन, “साथमा” भएको अनुभूति दिन्छ।
- **कर्मचारीलाई authority होइन facilitator बनाउने**-नयाँ शासन दृष्टिमा कर्मचारी सेवा रोक्ने शक्ति होइन, सेवा सहज बनाउने माध्यम हो। यसका लागि कर्मचारीको भूमिका आदेश दिने भन्दासमस्या समाधान गर्ने, नियन्त्रण गर्ने भन्दामार्गदर्शन गर्नेहुनुपर्छ। जब कर्मचारी facilitator बन्छ, सेवा प्रबाह मानवीय हुन्छ र राज्यप्रति नागरिकको सम्मान स्वतः बढ्छ। कर्मचारीको पनि सेवा, सुबिधा, सरुवा बढुवामा पध्दतीमुलक बनाउनु जरुरि छ ताकी उनीहरुपनि अबचेतन मनमा भय र अन्योलताको मनोग्रन्थीबाट ग्रसित नहुन पनि जरुरि छ किनकि त्यसको झल्को सेवामा देखिन सक्छ |त्यसैले राज्यका पदाधिकारी अभिभाबकत्वको जिम्मेवारीमा आफुलाई राख्ने क्रियाकलाप र व्यबहारबाट देखाउनु पर्दछ |

**“नयाँ शासन सुधारको सार शक्ति प्रयोग होइन,विश्वास निर्माण र सेवा सहजीकरण हो।”**

सेवा प्रबाह राम्रो हुँदाः

- आक्रोश घट्छ
- प्रणालीप्रति स्वीकृति बढ्छ
- लोकतन्त्र “अनुभव” मा बदलिन्छ

**गण्डकी प्रदेशले के–के सुधार गऱ्यो ?**

**(क) संरचनात्मक सुधार**

- O&M Survey मार्फतअनावश्यक कार्यालय र पद कटौती/पुनर्संरचना (Right Size)
- १३ भन्दा बढी कार्यालय एकीकरण
- केहि कर्मचारीको दरबन्दी भएतापनि उनीहरुको संलग्नता नभएपनि सेवामा फरक नपर्ने दरबन्दी कटौतीको उत्कृस्ट प्रदर्शन

**(ख) सेवा व्यवस्थापन सुधार**

- वैज्ञानिक कर्मचारी सरुवा मापदण्ड
- राजनीतिक/व्यक्तिगत दबाब घटाउने प्रयास
- प्रक्रिया—आधारित प्रशासनतर्फ कदम
- अनुमान्योग्य सरुवा प्रणाली र बिचौलियामा कमि

**(ग) शासन संस्कारमा परिवर्तन**

- "यो मेरो अधिकार हो" भन्ने नागरिक सोचको बीउ
- कर्मचारीमा**Rule > Person**भन्ने संकेत

यी सुधारहरू सेवा प्रबाह सुधारको आधारशिला हुन्। यो त एउटा चरण हो बाकि सुधार निरन्तर चलिरहने प्रक्रिया हो |मुख्यमन्त्री कार्यालयले मन्त्रालयलाई र मन्त्रालयले अधिकारर जिम्मेवारी अन्य कार्यालयहरुलाई हस्तान्तरण गरेर आफुले सूचकको आधारमा निरीक्षण र सहयोग गरिरहनु पर्दछ

**(घ) Behavioral Governance**

- **Digital + Human Balance:** सेवा प्रबाहमा डिजिटल प्रविधिको प्रयोग अपरिहार्य भए पनिडिजिटल मात्र समाधान होइन। गण्डकी जस्तो भौगोलिक, सामाजिक र शैक्षिक विविधता भएको प्रदेशमासेवा प्रबाहDigital + Human Balanceमा आधारित हुनुपर्छ।

  **कर्मचारीका लागि**
- **Empathy Training आबस्यक छ:** डिजिटल प्रणालीले प्रक्रिया सरल बनाउँछ, तरमानवीय संवेदनाले मात्र नागरिकको अनुभव सकारात्मक बनाउँछ। Empathy training मार्फत कर्मचारीलाई नागरिकको समस्या, समय—दबाब र मनोवैज्ञानिक अवस्था बुझ्ने क्षमता विकास गरिन्छ। यसले "कानुन लागू गर्ने" मानसिकताबाट"सेवा सहजीकरण गर्ने" संस्कारतर्फ रूपान्तरण गर्छ।

- **Decision Psychology:** सेवा सम्बन्धी निर्णयहरू केवल नियमको व्याख्या होइन, मानसिक पूर्वाग्रह, डर र जिम्मेवारी–बोधसँग पनि जोडिएका हुन्छन्। Decision psychology को ज्ञानले कर्मचारीलाई न्यायोचित, सन्तुलित र नागरिक–मैत्री निर्णय लिन सहयोग गर्छ।

**नागरिकका लागि**

- **Service Literacy:** डिजिटल सेवा उपलब्ध भए पनि नागरिकलाईकुन सेवा कसरी र कहिलेलिने भन्ने ज्ञान नहुँदा सेवा प्रभावकारी हुँदैन। Service literacy ले नागरिकलाई आफ्नो अधिकार, प्रक्रिया र डिजिटल माध्यम प्रयोग गर्न सक्षम बनाउँछ। त्यसैले सेवाको बारेमा साक्षर गराउनु पर्दछ ।
- **Expectation Management:** सेवा ढिलाइको असन्तोष धेरैजसो अवास्तविक वा अस्पष्ट अपेक्षाबाट जन्मिन्छस्पष्ट सूचना, समयसीमा र सेवा मापदण्ड सार्वजनिक गर्दा नागरिकको अपेक्षा यथार्थपरक बन्छ र राज्य–नागरिक सम्बन्ध स्वस्थ रहन्छ। कुनै पनि काम हुने र नहुने कारणको प्रस्ट पारिदिदा अनाबस्यक अपेक्षा रहदैन र त्यसको ब्यबस्थापन सहज हुनजान्छ|

**सार सन्देश :**

- सेवा प्रबाह सुधार भनेको कानुन परिवर्तन होइन, राज्य र नागरिकबीचको सम्बन्ध परिवर्तन हो।
- गण्डकीले संरचना सुधार गर्‍यो,अबसंस्कार, व्यवहार र अनुभव सुधारगर्नुपर्ने चरणमा छ।

**लेखकको अनुभवबाट सिकाइ (Policy-level Reflection):** गण्डकी प्रदेशको शासन सुधार प्रक्रियामा म आँफु प्रत्यक्ष संलग्न रहँदा देखिएको मूल यथार्थ भनेको शासन सुधारको अन्तिम परीक्षण स्थल सधैंसर्वसाधारण नागरिकको सेवा प्रबाहनै हो भन्ने तथ्य हो। संरचना, कानुन र नीतिहरू प्रभावकारी तब मात्र हुन्छन् जब ती नागरिकको दैनिक जीवनमा सजिलै अनुभूत हुन्छन्। कार्यालय एकीकरण, O&M सर्वेक्षण, र वैज्ञानिक कर्मचारी व्यवस्थापन जस्ता सुधार प्रयासहरू नागरिकलाई छिटो, स्पष्ट र गरिमापूर्ण सेवा दिन सकिने वातावरण निर्माणका लागि गरिएको थियो। यस प्रक्रियामा शासन सुधारलाई ’प्रशासनको सुविधा होइन, नागरिकको अधिकारका रूपमा पुनःपरिभाषित गर्ने प्रयास गरियो। यही अनुभवले देखाउँछसेवा प्रबाहमा

सुधार आउँदा मात्र राज्यप्रति नागरिकको विश्वास बलियो हुन्छ र संघीयताको मर्म व्यवहारमा स्थापित हुन्छ।

**निष्कर्ष:**

गण्डकी प्रदेशले सुरु गरेको शासन सुधार यात्रा पूर्ण भइसकेको छैन। तर यसले एक स्पष्ट सन्देश दिएको छ शासन सुधार भनेको कानुन परिवर्तन मात्र होइन, संस्कार र व्यवहार परिवर्तन हो। “Gandaki Governance Reform Model” यसै यात्राको अवधारणात्मक प्रतिबिम्ब हो, जसले संघीय नेपालको शासन अभ्यासमा एउटा उपयोगी सन्दर्भ प्रदान गर्न सक्छ र सुन्दर कार्यारम्भ गरेको छ जो अन्य प्रदेशका लागि नमुना,सन्दर्भ निर्माण गरेको छ ।

# कर्मचारीमा आध्यात्मिकताका तत्वहरु



**कृष्णप्रसाद लम्साल**
**प्रदेश सचिव**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

योग्यता प्रणालीबाट छनौट भई आएको, गुणस्तरीय जीवनका लागि चाहिने भन्दा न्यून बेतनमा सामान्य दैनिक गुजारा चलाई आएको, जोखिममा काम गरिरहनु परेको, समयमा वृत्ति विकास नभएको तथा जीवन र कामका बिच सन्तुलन गर्न नसकेको यावत समस्याहरू भोगिरहेका कर्मचारीहरूका कथावेथा पनि कम छैनन्। तथापि सधैं आफ्नै बारेमा वा आफ्नै सेवा सुविधाका बारेमा मात्र चर्चा गरेर मात्र हामीलाई कहाँ सुख मिल्छ र ? कहिलेकाहीँ सार्वभौमसत्ता नागरिकको कुरा पनि हामीले सुन्नुपर्छ र उस्तै परे ईमान्दार कर्मचारीले शिवजीले **कालकुट विष** पिए पछिको पिडा झैं सहन गर्ने सहनशीलता र धैर्यता पनि राख्नु पर्दछ ।

राष्ट्र, सरकार तथा जनताको ईमान्दारपूर्वक सेवा गर्छु भनेर शपथ खाएका हामी कर्मचारीलाई सेवाग्राही भइ आएका सार्वभौम नागरिकले कसरी हेर्ने र बुझ्ने गरेका छन् त ? भन्ने विषयमा हामीले स्वसमीक्षा गर्ने आँट पनि गर्नुपर्दछ । सरकारी सेवा प्राप्त गर्ने क्रममा अनावश्यक दुःख र हैरानी पाएका जनताले गर्ने गरेको गुनासो झुट्टा मात्रै छ कि केही कुरामा सत्यता पनि छ ? सहानुभूतिको मानकमा आन्तरिक लेखाजोखा गर्नु पनि आवश्यक छ । उनै करदाता नागरिकहरूबाट सामाजिक सञ्जालहरूमा नेपालका कर्मचारीसँग मानवीयता र दया छैन भनी गर्ने गरिएको गुनासो र आक्रोश देख्दा कति कर्मचारीको मन कटक्क खान्छ । लाज र दुःख लाग्छ ।

कुनै विषयमा सेवाप्रवाह तथा कार्यसम्पादनका लागि नीति र कानुनमा स्पष्ट व्यवस्था नहुँदा, प्रक्रियागत कुराहरू पुरा गर्न नसक्दा, सेवाग्राहीलाई सेवाप्राप्त गर्ने तरिका बारे आवश्यक ज्ञान नहुँदा उनीहरूले दुःख पाउँछन् । कहिलेकाहीँ कार्यालयमा सेवा प्राप्तिको मागको दायरा, निर्णयका लागि लाग्ने समय, वित्तीय श्रोत र कर्मचारी सङ्ख्याको सन्तुलन नहुँदा तथा प्रविधिको कारण सेवा ढिलो भएको कुरा राम्रोसँग बुझाउन नसक्दा त्यस अवस्थालाई नागरिकहरूले सहजै स्वीकार गर्न नसकेको पाइन्छ । तर सेवा प्राप्तिका लागि सबै विधि र प्रक्रिया पुरा हुँदा तथा कार्यालयमा सेवा प्रदानका लागि उल्लिखित सबै पक्षहरू अनुकूल हुँदाहुँदै पनि सेवाग्राहीले विना कारण अनावश्यक हैरानी र दुःख पाउँदा सेवाग्राही र कार्यालय दुवैलाई तनाव हुन्छ । यस प्रकारको अवस्था रहनुको अनुमान गर्दा त्यसको सोझो प्रश्न

क्रमशः उत्तरदायित्वको हिसाबले कार्यालय प्रमुख तथा जिम्मेवारीका हिसाबले सम्बन्धित जिम्मेवार कर्मचारीतर्फ सोझिन्छ ।

आखिर यस्तो दुःखद, अप्रिय र नमिठो अवस्था आउँछ किन ? धेरै कारणहरू हुन सक्छन् । नीति, कानुन, प्रणाली, समन्वय, कार्य वातावरण, तथा श्रोतको अभाव आदि हुन भनेर संरचनागत “मेकानिष्टिक” कारणहरूको फेहरिस्त प्रस्तुत गर्न सकिन्छ। तीत रुप पक्षका कारण हुन्। त्यसका अलावा केही मनोव्यवहारगत तथा संस्कारगत“ अर्ग्यानिक” कारणहरू पनि रहन्छन्। सेवा प्रदान गर्ने कर्मचारीको मनमा धर्म वाहरिवाईश्वर छैन भन्ने जनताको जनबोलीमा आंशिक सत्यता देखिन्छ। त्यसैले जानेर वा नजानेर कार्यालय तथा कर्मचारीले विकास गरेको गैर जिम्मेवारी पूर्ण दूषित व्यवहार, कार्यशैली, संस्कार र संस्कृतिले सेवाग्राहीको समस्या प्रतिको संवेदनशीलतामा ह्रास ल्याएको छ।

नागरिकले कर्मचारीहरूलाई गर्ने गरेको सम्मानमा आएको यो क्षयीयकरणको कारण राष्ट्रसेवकमा न्यूनतमरुपमा हुनुपर्ने आध्यात्मिकताको ज्ञान र अभ्यासको कमी त होइन ? भन्ने विषयमा आत्मसमिक्षा र व्यवहारिक चर्चा गर्नु यस लेखको उद्देश्य रहेको छ ।

तथापि सार्वजनिक प्रशासनमा आध्यात्मिकताले कर्मचारीको संगठनको स्वयम् भित्रको आपसी सम्बन्ध तथा नागरिकसँगको सम्बन्ध दुवै पक्षहरूका बारेमा विश्लेषण गरेको हुन्छ। वस्तुतः सेवाभित्र कर्मचारीका बीच हुने मानवीय सम्बन्धका तत्त्वहरू क्रमशः सद्भावना, प्रेम, करुणा, सहानुभूति, उत्प्रेरणा तथा संगठानात्मक नतिजाका लागि चाहिने एकता आदिका बारेमा विश्लेषण गरिएको पाइन्छ । अर्कोतर्फ सेवाग्राहीहरूको विषयमा गरिने सोच र संस्कारलाई लिन सकिन्छ।

**आध्यात्मकिताः**

पूर्वीय दर्शन लगायत सबै दर्शनहरूमा उल्लिखित आध्यात्मिकताका बारेमा जान्नुपर्ने विषय विशाल समुन्द्र समान छन् । तर हामीले जतिसुकै अध्ययन गरे पनि केवल केही थोपा बराबर वा बढीमा एक अम्खोरा बराबर हुनेछ। यस पृष्ठभूमिमा प्राप्त सामान्य ज्ञानका आधारमा यस विषयलाई परिभाषित र व्याख्या गर्ने जमर्को गरिएको छ ।

आध्यात्मिकता भनेको स्वयमले आफ्नो आत्मालाई चिन्नु वा अनुभूति गर्नु हो । विषयवस्तुलाई वा समस्यालाई **‘देह दृष्टिबाट होइन देवदृष्टिबाट’** हेर्नु हो । सबै मानव र प्राणीको आत्ममा परमात्माको बास छ भन्ने कुरालाई आत्मज्ञानद्धारा बुझ्नु, अनुभूति गर्नु, विश्वास गर्नु तथा व्यवहार गर्नु हो ।

आध्यात्मिकता केवल ईश्वरको सेवा र पूजा गर्न मठ मन्दिर तर्फ जानु मात्र होइन उनै ईश्वरका सन्तानको हित र कल्याणका लागि सोच निर्माण, मधुर वाणीको प्रवाह र सद् व्यवहारको प्रदर्शन पनि हो । त्यो भन्दा पनि ठुलो त सबैको सुख र खुसीको सद्भाव राख्नु तथा **“परोपकार पुण्या य पापा य पर पिडनमको”** दिव्य मर्मलाई आत्मसात गर्नु हो ।

**दिव्य चेतना :आफूलाई चिन्नु**

सरकारी कर्मचारीले सर्वप्रथम आफू र आफ्नो पदको व्यक्तित्वलाई चिन्ने तथा बुझ्ने कोसिस गर्नु पर्दछ । म को हुँ, म यस कार्यालय र यो पदमा किन नियुक्ति भएको हुँ ? मेरो जिम्मेवारी र उत्तरदायित्व के हो ? मैले यो काम गरेबापत कति पारिश्रमिक र सुविधा लिन्छु ? वास्तवमा मलाई कसले र कसरी तलब भत्ता उपलब्ध गराएको छ ? यो कार्यालयको काममा म साधक बनौं कि बाधक ? सरकार, मन्त्रालय वा कार्यालय र कार्यालय प्रमुखको इज्जतसँग मेरो इज्जत जोडिएको छ वा छैन ? सबै सेवाग्राहीले मलाई कुन रुपमा हेर्ने र मूल्याङ्कन गरुन् भन्ने चाहाना ममा छ ? मेरो निर्णयले राष्ट्र, सरकार, संस्था एवम् नागरिकलाई के कति फाइदा पुग्छ वा पुग्दैन ? मुलुकको उन्नति र जनताको खुसीमा मेरो उन्नति र खुसीको परिपूरकता र परिपोषित सम्बन्ध छ वा छैन ? भनी पूर्व आत्म विश्लेषण र समीक्षा गर्नु आवश्यक छ ।

**स्वधर्मको चरित्र नै आध्यात्मिकताः**

पूर्वीय दर्शनका मूल ग्रन्थहरूमा स्वधर्मलाई ठूलो महत्त्व दिइएको छ । गीताको अध्याय ३ को ३५ औं श्लोकमा श्रीकृष्णले उल्लेख गर्नु भएको "श्रेयानस्वधर्मोविगुणःपरधर्मातस्वनुस्ठितात्, स्वधर्मे निधन श्रेयः परधर्मो भयावहः"कुरालाई सरकारी कर्मचारीले आत्मसात गरी सेवाका स्वधर्ममा अच्चूयत रही सो अनुसार कार्यशैली र स्वभाव प्रकट गर्नुपर्ने हुन्छ। तर हामीबाट सरकारी कर्मचारीले पालना गर्नुपर्ने राजनैतिक तटस्थता, निर्णय निर्माण र सेवा प्रवाहमा निष्पक्षता, व्यावसायिक आचरण, प्रशासकीय व्यावसायिकता, कार्यदक्षता र मितव्ययिता जस्ता आधारभूत गुण र मूल्य एवम् मान्यतामा ध्यान नदिंदा स्वधर्म पालनामा गिरावट आएको देखिन्छ । स्वतन्त्र र साझा व्यक्तित्व "न्युट्रल कम्पिटेन्ट पर्सानलिटि" तथा अभिभावक बन्नुपर्ने कर्मचारीले सङ्कीर्ण स्वार्थ राखी कुनै एक पार्टी तथा भूगोल/समूह कोहितलाई प्राथमिकता र प्रश्रय दिनु स्वधर्म होइन।

**कर्म नै पूजाः**

स्वधर्म पालनाको अर्को प्रमुख सूचक 'कर्म' हो । गीतामा श्रीकृष्ण भगावानले कर्म योगका बारेमा अर्जुनलाई बताउँदा केही नगरी बस्नु 'अकर्म', तथा स्वधर्म अनुसार असल काम नगर्नु 'विकर्म' भएकाले यी दुवै उचित होइनन् भनी बताउनु भएको छ । बरु प्रतिफलको आशा नगरी आफूलाई तोकिएको कर्म गर्नु नै उचित हुन्छ भन्ने भनाइ रहेको छ । गैह्र कानुनी निजी लाभ नहुने काममा हातै नहाल्ने, काम पन्छाउने, दोष आउनु भन्दा नगरेकै बेस जस्ता मनोविज्ञानले काम गर्ने संस्कार विकास भएसम्म जनसेवा सम्भव छैन । आफूलाई दिएको कर्म अनुसार जुन ठाउँमा काम गरिन्छ सो ठाउँ वा कार्यालयको र स्वयमको इज्जत बढ्ने गरी काम गर्नुपर्दछ । 'जहाँ रोपिन्छौ त्यहाँ फूल' भन्ने भनाइलाई आत्मसात् गर्नुपर्दछ।

**धर्मका चार पाउको अनुसरणः**

धर्मका चार आधारलाई ॐकार, परिवार, हिन्दु, बौद्ध नेपालका जनजातिहरूले मान्ने विविध धर्म सम्प्रदाय, मुस्लिम, इसाई आदिका धर्मग्रन्थहरूको अध्ययन गर्दा वा तिनका बारेमा लेखिएका सामाग्रीहरूको अध्ययन गर्दा मानव धर्मका व्यवहारिक आदर्श वा मानकहरूको व्याख्या गरिएको छ । सबै धर्म सम्प्रदायहरूमा मूलतः **सत्य, तप, पवित्रता, दया** जस्ता धर्मका चार पाउहरू भनिने अवधारणाका वरिपरि नै तत् तत् धर्म सम्प्रदायका आचरण र मूल्यहरूको व्याख्या गरिएको छ।

सरकारी कर्मचारीले सत्य सोच्ने, बोल्ने र कर्म गर्ने कुरामा कसको विमति रहला र ? मुलुकको कठिन अवस्थामा धैर्यतापूर्वक स्वयमले पनि तपस्वी झैं दुःख व्यहोरेर जनताको सेवामा तल्लीन कर्मचारीको सम्मान किन नहोला र ? शारीरिक र मानसिक पवित्रता/ शुद्धता कायम गर्दै अनुशासनमा रहने कर्मचारी भइ दिँदा सबैलाई राम्रै त होला । कमजोर वर्ग समुदाय अपागं लगायतलाई करुणा भावले हेरी दया र सहानुभूति जनाई जनसेवामा लाग्ने कुराको समर्थन नगर्ने को होला र ? उल्लिखित कुरा भई दिए त कर्मचारीले सेवाग्राहीलाई हेर्ने, बुझ्ने र व्यवहार गर्ने कुरामा सकारात्मकताको ग्राफले उकालो लगाइ हाल्नेछ।

**कार्यालय नै मन्दिर र सेवाग्राही नै भगवानः**

पूर्वीय दर्शन लगायत सबै धर्म र तिनीहरूभित्र रहेका सम्प्रदायहरूको अधिकांशको मत र व्याख्या के रहेको छ भने प्रत्येक व्यक्तिमा अंश रुपी परमात्माको अंश छ र तिनीहरूसँग व्यवहार गर्दा उचनिच गर्नु, अनावश्यक दुःख दिनु र अवहेलना गर्नु, स्वधर्मको संस्कार बाहेक अधिक नाफा वा लाभ लिनु परमात्माप्रतिको अपमान हो ।

सरकारी कर्मचारीले पनि कार्यालयमा वा अनलाइनमा आएका सेवाग्राही भगवानका अंश हुन भन्ने सोच राखी कार्य व्यवहार र संस्कारको प्रकट गर्नु रुढीवादी सोच हो र ? प्रत्येक सेवाग्राहीको छातीमा परमात्माले 'सिसिटिभी' जोडेर पठाएका छन् भन्ने परिकल्पना र अनुभूति रहनु अन्धविश्वास हो र ?

**हृषीकेश र गुडाकेशको स्वभावः**

मानिसहरू आवश्यकताभन्दा बढी इन्द्रिय सुखका लागि सोच्ने र व्यवहार गर्दा अमानवीय हुन पनि सक्छन् भन्ने हिसाबले सबै धर्मशास्त्रहरूका अध्ययन सामाग्रीहरूमा इन्द्रिय नियन्त्रणका कुराहरूलाई पटक पटक दोहोऱ्याएको पाइन्छ । गीतामा इन्द्रिय व्यवस्थापक हृषीकेश भगवान् कृष्णले अर्जुनलाई मोह आदि नगर्ने विषयमा जोड दिएको पाइन्छ। धेरै निदाउने र काममा आलस्य जनाउने मान्छेले समयमा केही कर्म गर्न सक्दैन भन्ने पनि गुडाकेश अर्जुनको स्वभावको परिचय दिइएको छ । हृषिकेश र गुडाकेशको चरित्र र संस्कार आँफुमा विद्यमान रहनु कर्मचारीको लागि झन् राम्रो छ, जसले गर्दा सेवाग्राहीले सहज र समयमा सेवा पाउने वातावरणमा योगदान पुग्दछ ।

**दोष आफैमा खोजः**

पूर्वीय दर्शनमा कुनै पनि समस्याको दोष बाहिर वा अरूमा नखोज बरु आफे भित्र खोज भन्ने शास्त्रीय मत रहेको छ । नेपालको राजनीति, सार्वजनिक प्रशासन लगायत सार्वजनिक जीवन मै आफ्नो दोष र गल्ती अरूलाई पन्छाउने 'वकपासिङको रोगको संक्रमणः' पहिल्यैदेखिको हो जुन संस्कार सरकारी कर्मचारीमा दोब्बर छ । तथापि सरकारी सेवाका दैनिक कार्यहरू र नीति निर्माण लगायतका ठुला ठुला विकास आयोजनाहरूको कार्यसम्पादनमा आएका परिमाणात्मक तथा गुणात्मक कमजोरीहरूको जिम्मेवारी लिने र उत्तरदायित्व ग्रहण गर्ने अभ्यास कम छ । उदाहरणका लागि मेलम्चीको कार्यसम्पादनको गुणस्तरमा मेरो दोष छ भनी आत्मालोचना गर्ने कोही देखिएको छ र ? त्यसैले समस्या आफूभित्रै खोजौं र अरूमा होइन । 'शत्रु करार स्वयमलाई गरौं अरूलाई होइन' ।

**पापको पिताको नाउँ लोभः**

हाम्रो पूर्वीय शास्त्रहरूमा भनिएको छ कि मानिसका आवश्यकताहरू पुरा गर्न प्रकृति वा ईश्वर योग्य छन् तर उनीहरूको लोभ पुरा गर्न प्रकृति वा ईश्वर पनि सक्षम छैनन् । वास्तवमा करदाता जनता र सरकारको अवस्था पनि त्यही हो कि उनीहरू कर्मचारीका आवश्यकता पुरा गर्न समेत धौ धौ भएको बेलामा थप लोभ कसरी पुरा गर्न सकुन् त ? नेपालमा उपलब्ध श्रोत र साधनलाई माथि देखि तलसम्मका जिम्मेवार पदाधिकारीले मितव्ययिता पूर्वक खर्च गर्ने र सदुपयोग गर्ने हो भने हालको अवस्था पनि त्यति निराशाजनक छैन । बरु दुरुपयोग हुनसक्ने श्रोतलाई रोक्ने हो भने कर्मचारीका थप आवश्यकता पुरा गर्न अनुकूल वातावरण बन्न सक्छ । नागरिकले सेवा प्राप्त गरे बापत राज्यलाई बुझाउनु पर्ने राजस्व र शुल्क बाहेक उनीहरूबाट थप अतिरिक्त पैसा/ घुसको आस गर्नु तथा सरकारी काममा कमिसन आदिको लोभले राज्य वा जनतालाई नोक्सान पूर्याउनु पाप हो । भागवतमा भनिएको छ कि देव/देश/जनताको सेवा गर्नुपर्ने भूमिकामा रहेकाले आफ्नो मात्रै सेवा गरेमा पाप लाग्छ ।

**अष्टाङ्गिक मार्ग र पञ्चशीलः**

महात्मा गौतम वुद्धले विभिन्न देशानामा व्यक्त गर्नु भएका स्वधर्मका कुराहरू मध्ये अष्ट मार्ग र पञ्चशील महत्त्वपूर्ण रहेका छन् । सम्यक् ज्ञान देखि लिएर सम्यक् विचार हुँदै वाणी, कर्म, जीवनयापन, प्रयास, चेतना र सम्यक् एकाग्रतालाई जोड दिनु भएको छ । सरकारी कर्मचारी कुनै पनि कुरामा अतिवादी नभै वास्तविकतामा आधारित भएर मध्यम मार्गको अवधारणालाई आत्मसाथ गरी काम र जीवनको सन्तुलन गरी सेवा प्रवाह र विकास व्यवस्थापनमा लाग्नु पर्दछ । पञ्चशीलका विषयहरू क्रमशः अहिंसा, अचौर्य, इन्द्रिय भोग नियन्त्रण, सत्य वचन, मादक पदार्थको सेवनबाट पर रहने जस्ता चरित्रहरूले सुशोभित हुँदा कर्मचारीतन्त्र कस्तो हुने थियो होला ? माथिका गुणहरूको माध्यमबाट **“अप्पोदिपोभव”** को मान्यतामा रही आफ्नो व्यक्तित्वलाई स्वयमले पनि विकास गर्नुपर्दछ भन्ने कुरा मार्मिक रहेकोछ ।

**समानुभूतिः**

सरकारी कर्मचारी भनेका कुनै विषयका सेवाग्राही समेत हुन् । उनीहरू समेत विभिन्न सेवा सुविधा प्राप्तिका लागि अन्य कार्यालय वा निकायहरूमा जानुपर्ने हुन्छ । यसरी सेवा लिन अन्य निकायमा जाँदा आफूलाई सो कार्यालय वा कर्मचारीबाट के कस्तो सकारात्मक रेसपोन्स वा कार्यशैलीबाट समयमा नै सेवा प्रदान गरे हुने थियो भनी अपेक्षा गरिन्छ ? दुःख र हैरानी पाउँदा कस्तो महसुस हुन्छ ? सो बारे स्वयमबाट परिकल्पित अवस्थालाई स्मरण गरी आफूले पनि कार्यालयमा आएका सेवाग्राहीहरुको समस्या र मनोविज्ञानप्रति समानुभूति दर्साइ सेवा दिने काममा हृदयदेखि लाग्नु पर्दछ । निजामती सेवाका पूर्व प्रशासकहरू र हालका निवृत्त उन्मुख प्रशासकहरूले सेवामा छँदै स्वचालितरुपले कार्यसम्पादन हुने वातावरण र संस्कारको विकास नगरेको र गर्न नचाहेको कारणले पछि सेवाग्राहीकोरुपमा पाउन सक्ने सास्तीलाई बेलैमा बुझी काम गर्नु पनि आवश्यक छ ।

**शासककि सेवक ?**

कर्मचारी भनेका शासक हुन कि सेवक ? यो विषयमा लामो बहस गर्न सकिन्छ । तर यहाँ प्रस्तुत गर्न खोजिएको अभिमत के हो भने कर्मचारीहरू राज्यको कानुन “क्वयरसिभपावर” प्रयोग गरेर शासन गर्ने संयन्त्रका अधिकारी मात्र होइनन्। समाजमा अमनचयन कायम गर्ने कार्यमा कानुनी कारवाही अगाडि बढाउनु तथा गलत कामकारवाही का काममा गरिएको नियमनले अन्ततो गत्वा आम जनसाधारणको लागि सेवा पुर्‍याइ रहेको हुन्छ। तर सेवा प्रदान गर्दा वा आफ्नो अधिकारको प्रयोग गर्दा भने निर्दोषले सजाय पाउने तथा समन्यायन हुने गरी कार्य गर्नुहुँदैन। सेवाग्राहीसँग शासकीय तथा पदीय अहमता, दम्भका भाषा, हाउभाउ तथा शैलीबाट काम गर्नु हुँदैन । भागवत गितामा भनिएको छ कि “दम्भ/घमण्ड गर्नु ठुलो पाप हो, यो नगर्नु । बरु अरू पापहरूको प्रायश्चित हुन्छ तर दम्भ र घमण्डको पापको प्रायश्चित हुँदैन”। त्यसैले सेवाग्राहीको कार्यालयमा हुनेआगमनलाई सम्मान, बसाइलाई सुव्यवस्थित गर्दै काममा सहजीकरण गरी जनताको नजरमा ’प्यारो डार्लिङ’ बनेर सेवा पुर्‍याउनु पर्दछ । नेपाल सरकार अर्थ मन्त्रालयको तत्कालीन

नेतृत्वले कर कार्यालयको नाम परिवर्तन गरी करदाता सेवा कार्यालय राखेर सेवाग्राही मैत्री संस्थागत प्रबन्ध गरेकोमा धेरैले प्रशंसा गरेका थिए । आजकल सेवाग्राही मैत्री प्रतीक्षालय बनाउने काम पनि भएको देखिन्छ जसलाई विस्तार गर्नु आवश्यक छ ।

**सरकारी सेवा दया कि अधिकार ?**

भनिन्छ आधारभूत सरकारी सेवा भनेको सूर्यको प्रकाश, खुला स्वच्छ हावा, स्वच्छ पानी जस्तै विना लागतमा जनतालाई सरकारले सहजै र समानरुपमा उपलब्ध गराउनुपर्दछ । हाल मुलुकमा प्राप्त भएको सङ्घीयताको बोनस तल्लो वर्गका नागरिकले प्राप्त गर्नु पर्नेमा कहीं बिचैमा त हराएन ? भन्ने टिप्पणी हुन थालेको छ। नागरिकहरूले अनिवार्यरुपले पाउनु पर्ने सरकारी सेवाहरू अमुकले ल्याइदिएको हुँ भन्ने प्रचारबाजीमा कर्मचारीहरू लाग्नु हुँदैन । उनीहरूको धर्म त जनताले माग गरेको तथा सरकारले विनियोजन गरिदिएको बजेटको ईमान्दार पूर्वक कार्यान्वयन गर्नु हो । अन्य नियमित सेवाहरू पनि जनताकै लागि हुन् । हामीले वा मैले दिएको भनी गरिने प्रचारले जनतालाई अधिकारको पात्र होइन दयाको पात्रकोरुपमा हेर्दछ । त्यसैले सरकारी स्रोत र साधनलाई समानतापूर्ण र समतायुक्तरुपमा वितरण गर्ने कार्यमा राजनैतिक कार्यकारीहरूलाई सुझाव दिने र कार्यान्वयनका क्रममा समेत कर्मचारीले समानता र समतालाई ध्यान दिनुपर्दछ ।

अर्कोतर्फ सेवाग्राही मध्ये पनि शारीरिक र मानसिक तथा संवेगात्मक दृष्टले कमजोर व्यक्ति, वर्ग र समुदायलाई सरकारी सेवामा अग्राधिकार हुनुपर्छ भन्ने साबिकको मानवतावादी अवधारणा हाल अधिकारवादी अवधाराणाकोरुपमा विकास हुन थालेको छ । मत्स्य न्याय गर्ने परिपाटीलाई अन्त्य गर्नु पनि आध्यात्मिकता हो । आवाज विहीनहरुको अभिभावक बन्नु र उनीहरूप्रति न्यूनतम करुणा राख्नु धर्म हो ।

**नैतिकताको आन्तरिकीकरणः**

माथि उल्लिखित विभिन्न विषयमा गरिएका चर्चाहरूले अध्यात्मका केही व्यवहारिक सूचकहरूका विषयहरूमा पूनर्ताजगी गर्ने काम गर्ने नै छन् । तथापि ती विषयहरूलाई जबसम्म अन्तस्करणबाटै स्वीकार गरी सोच र व्यवहारमा परिवर्तन गरिँदैन, तबसम्म एकछिन तातेको पानी पुनः सेलाए जस्तै हुन्छ । मोबाइल जस्ता विद्युतीय उपकरणहरूलाई समय समयमा चार्ज/ रिचार्ज गरे जस्तै यस प्रकारका विषयहरूमा सेवाग्राही र सरोकारवालासँग प्रत्यक्षता निरन्तर छलफल र आवधिकरुपमा अनुशिक्षण गरे मात्र आध्यात्मिक दर्शनका यी र अन्य विषयहरू सरकारी कर्मचारीहरूमा आन्तरिकीकरण हुन जान्छ ।

**सांस्कृतिक बहुलताप्रतिको सम्मानः**

सरकारी कर्मचारीले आ-आफ्नो सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायतको धार्मिक र सांस्कृतिक स्वतन्त्रताको उपभोग गर्ने संवैधानिक अधिकार त रहेको छ नै नेपाल धर्म निरपेक्ष

राष्ट्रकोरुपमा रहेको संवैधानिक पृष्ठभूमिमा वहुधर्म र संस्कृतिप्रति समान सम्मान प्रकट गर्नु पर्दछ । विभिन्न धर्म सम्प्रदायबाट सरकारी सेवामा प्रवेश गर्नु भएका सबै राष्ट्रसेवकहरुले मानिसलाई आध्यात्मिक तथा नैतिक बनाउने शिक्षा हरेक धर्म सम्प्रदायको परम्परा र शिक्षाबाट हासिल गरेकै हुन्छन् । **"क्रसकल्चरलकम्पिटेन्सी"** देखाएर सेवा प्रवाहमा आध्यात्मिकताका विषयलाई आत्मसात् गर्नु आजको आवश्यकता हो ।

**निष्कर्ष** :

अतः सरकारी कर्मचारीका लागि आध्यात्मिकता त्यस्तो सदाचार र नैतिकताको विषय हो जसले उनीहरूको कार्यसम्पादनको शैली र स्वभावलाई स्वमूल्याङ्कन गरी जनताको सेवामा अन्तस्करणदेखि नै लाग्ने आत्मिक प्रेरणा प्रदान गर्दछ । अर्कोतर्फ कर्मचारीमा थप सकारात्मक सोच, सम्यकपूर्ण दैनिक जीवन शैली, कार्य व्यवहार र बानीको विकास गर्ने काममा योगदान गर्न सक्ने शिक्षा र सचेतनाका कार्यक्रमहरूलाई निरन्तर र दिगोरुपमा लागु गर्न सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्दछ। यस प्रकारको नियमित अभिमुखीकरणबाट सेवा प्रवाहका क्रममा देखिएका केही नकारात्मक प्रवृत्ति र संस्कारमा सकारात्मक परिवर्तन हुन गई जनता र कर्मचारीबिच यदाकदा देखिने पारस्परिक अविश्वास र असम्वेदनशीलताको न्यूनता हुने तथा थप हार्दिकता बढ्ने देखिन्छ ।

नियमित प्रकारको सकारात्मक व्यवहार र संस्कारबाट उन्नत कार्य संस्कृतिको विकास हुने तथा कर्मचारी, सरकार र राज्यप्रति जनताको विश्वासलाई अझ दरिलो र दिगो बनाउन योगदान पुग्ने देखिन्छ। यी कुराहरूले निजामती सेवाको यो वर्षको मुल नारा **'स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन'** पुरा गर्न योगदान पुऱ्याउने देखिन्छ ।

# विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीयकरण र मुल प्रवाहीकरण



**ऋषि राज आचार्य**
**प्रदेश सचिव,**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**१) विषय प्रवेश**

नेपालमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण ठूलो जन, धन र वातावरणको बिनास हुने गरेको छ। विपद् सम्बन्धी तथ्यांकहरु हेर्दा सडक दुर्घटना बाहेकका प्राकृतिक तथा गैर प्राकृतिक विपदबाटवि. सं. २०२८ देखि २०७२ सम्मको अवधीमा वार्षिक औसत ९०० को मृत्यु हुने, १८०० भन्दा बढि घाइते हुने र ३०,००० भन्दा बढि घरपरिवारप्रभावित हुने गरेको तथ्यांक छ । नेपालमा वर्षेनी १०,००० सडक दुर्घटना हुने, औषतमा बार्षिक २००० जनाको मृत्यु र करिब १३,००० व्यक्ति घाइते हुने गरेका छन् । यस्ता विपद्जन्य घटनाहरुबाट वर्षेनी ठुलो मात्रामा जन,धनको क्षति र आर्थिक, सामाजिक पूर्वाधारहरुको नोक्सानी हुने र जनताको आधारभूत सेवा र जीविकोपार्जनमा समेत नकारात्मक असर पर्ने गरेको छ ।

बढ्दो जलवायु परिवर्तनको असर, भौगर्भिक अवस्था, सामाजिक र आर्थिक गतिविधि र मानवीय क्रियाकलापले विपद्का घटना बढ्दै गएका छन् । विपद्जन्य घटनाबाट हुने यस्ता क्षतिलाई न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारले बिभिन्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरेको छ । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कामहरुमा नेपाल सरकारको एकल प्रयास मात्र पर्याप्त हुदैन । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह, गैर सरकारी क्षेत्र र निजी क्षेत्रको समन्वय र साझेदारीको एकीकृत प्रयासबाट मात्र विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको कार्य प्रभावकारी हुनसक्छ ।

**२) नीतिगतव्यवस्थाः**

नेपालको संविधानको धारा५१(छ) को खण्ड ९ मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पुर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कार्यलाई राज्यको नीतिको रुपमा अंगीकार गरेको छ । संविधानको अनुसूची (७) मा प्राकृतिक वा गैर प्राकृतिक विपद्पुर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभलाई संघ र प्रदेशको साझा अधिकार, अनुसूची(८) माविपद् व्यवस्थापन स्थानीय तहको अधिकार र अनुसूची (९) माविपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ ।

यसका अलाबा विपद् जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनमा भएका मुख्य नीतिगत तथा कानुनी व्यवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छः

क) विपद जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७४

ख) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

ग) स्थानीय सरकार संचालन ऐन, २०७४

घ) वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड, २०७२

ङ) विपद जोखिम व्यवस्थापन राष्ट्रिय नीति, २०७४

च) विपद जोखिम राष्ट्रिय रणनीति (२०१८-२०३०)

छ) दिगो विकासको लक्ष्य (२०१५-२०३०)

ज) आवधिक योजना (सोह्रौं)

झ) वातावारण संरक्षण ऐन, २०७६

ञ) वातावारण संरक्षण नियमावली, २०७७

ट) राष्ट्रिय जलवायु नीति

ठ) राष्ट्रिय वन नीति

स्थानीय सरकार संचालन ऐन, २०७४ लेदेहायका विपद व्यवस्थापन सम्बन्धी काम, कर्तव्य र अधिकार गाउँपालिका तथा नगरपालिकालाई तोकेको छ ।

क) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

ख) स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत समाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

ग) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

घ) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण,

ङ) विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था तथा निजी क्षेत्रसंग सहयोग, समन्वय र सहकार्य,

च) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

छ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

ज) विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुननिर्माण,

झ) स्थनीयस्तरको विपद् सम्बन्धी तथ्यांङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

ञ) स्थानीय आपत्कालीन कार्य सञ्चालन प्रणाली,

ट) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

ठ) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

उपरोक्त ऐनले वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनको अनुकूलनका तल उल्लेखित काम कर्तब्य र अधिकार गाउँपालिका तथा नगरपालिकालाई तोकेको छ ।

क) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

ख) स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

ग) पानी मुहानको संरक्षण

घ) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन

ङ) स्थानीय स्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

च) मिचाहा प्रजातिको नियन्त्रण,

छ) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्र,

ज) स्थानीय स्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्ब,

झ) स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

ञ) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्र,

**३) स्थानीयकरणका लागी भएका प्रयासहरुः**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथाव्यवस्थापनऐन,२०७४ लगायतका संबैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई स्थानीयकरण गर्न गाउँपालिका तथा नगरपालिकालाईनेपाल सरकारले नमूना कानून र नमूना कार्यविधि उपलब्ध गराउनुकासाथै प्रशिक्षण सामग्रीमा एकरुपता ल्याउने, विपद् जोखिम न्युनिकरण र जलवायु परिवर्तन अनुकुलान्को मूल प्रवाहीकरण गर्ने र स्थानीय तहको शासकीय र योजना पद्धतिमा यसको आन्तारिकिकरणलाई जोड दिएको छ । स्थानीयकरणका लागि भएका प्रयासहरु तल उल्लेखित गरिएको छ :

क) नमुना कानुनहरु (स्थानीय तहको लागी)

- स्थानीय तहको विपद जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन
- स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि
- गाउपालिका / नगरपालिका आपतकालीन कार्यसंचालन कार्यविधि
- स्थानीय विपद र जलवायुजन्य जोखिम व्यवस्थापन योजना (LDCRP) तर्जुमा

- स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन
- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी नमूना कार्यविधि
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीय रणनीति (सन् २०२१-२०३०)
- स्थानीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना
- Urban DRR Toolkitको विकास
- Municipal Disaster Risk Governance Assessment Tool
- विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्रको संचालन सम्बन्धी कार्यविधि

ख) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनको आन्तरिकिकरण र मुलप्रवाहीकरण

ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको १० बर्षे रणनीतिक कार्ययोजना

घ) विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनको मूल प्रवाहीकरण विषयक तालिम सामग्री

ङ) वातावरणमैत्री स्थानीय शासनको प्रारूप

च) स्थानीयसरकार संस्थागत क्षमता स्वमुल्यांकन कार्यढाँचा(LISA)

**४) समुदायको उत्थानशीलताका लागी न्युनतम ९(नौ) विशेषताहरुः**

विपद्जोखिमन्यूनीकरण र व्यवस्थापनमा समुदायको भूमिका महत्वपूर्ण हुन्छ । समुदायको पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभ क्षमता तथा पुर्व सूचना प्रणाली जस्ता विषयले समुदायका उत्थानशीलता बढाउछ । बितेका एक दशक देखि नै नेपाल सरकार, स्थानीय सरकार, दातृ निकायहरु, गैरसरकारी र निजी क्षेत्रको साझा प्रयास समुदायको उत्थानशीलता बढाउन रही आएको छ । यस सम्बन्धमा नौ वटा न्युनतम आधारहरु स्वीकार गरी ती विशेषता समुदायमा पुर्याई समुदायलाईउत्थानशील बनाउन क्रियाशीलरहेको छ । उत्थानशील समुदायका ९ वटा विशेषटहरू निम्न अनुसार स्वीकार गरिएका छन् ।

- स्थानीय तह र समुदायमा विपद व्यवस्थापन समितिको गठन र क्रियाशिलता
- समुदायको विपद जोखिम न्यूनीकरणको सूचनामा पहुँच
- समुदायको बहुप्रकोप जोखिम र क्षमताको विश्लेषण गरिएको
- समुदायको पुर्व तयारी तथा प्रतिकार्य कार्यदल रहेको
- समुदायको विपद जोखिम न्यूनीकरण र व्यवस्थापन योजना रहेको
- विपद व्यवस्थापन कोष रहेको

- समुदायमाविपद जोखिम न्यूनीकरण र व्यवस्थापन सामग्रीको प्रवन्ध र त्यसमा पहुँच
- समुदाय स्तरमा जोखिमलाई घटाउने उपायहरुको अबलम्वन
- समुदायमा आधारीत पुर्व सूचना प्रणाली

समुदायमा आधारीत विपद जोखिम न्युनिकरण र व्यवस्थापनमा क्रियाशील सरकारी,गैर सरकारी निकाय र निजी क्षेत्र एकतावद्ध भइ यसको कार्यान्वयनमा क्रियाशील छन् । लामो अभ्यासको सिकाईबाट माथि उल्लेखित विशेषतामा समावेशीकारण र जीविकोपार्जनका विषयहरु समेत समाविष्ट गरी यि विशेषताहरुमा समसामयिक परिमार्जन गर्न आवश्यक रहेको छ ।

**५) आन्तरिकीकरण र मूल प्रवाहीकरणः**

विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनका विषयहरु स्थानीय तहको योजना तर्जुमा पद्धतिमा आन्तरिकीकरण र मूलप्रवाहीकरण भइ कार्यान्वयन गर्न सकेमा जोखिमलाई घटाउन मद्धत पुग्नुको साथैसंवैधानिक, कानूनी र संस्थागत व्यवस्थाको स्थानीयकरण हुन मद्धत पुग्दछ । स्थानीय तहको विषयगत योजनाहरु, आवधिक योजना, वार्षिक योजना, मध्यमकालीन खर्च संरचना र योजना तर्जुमा प्रक्रियामा विपदजोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनका विषयहरुलाई समाहित गरेर लग्नु पर्दछ । स्थानीयतहको विषयगत योजना तर्जुमा अन्तर्गतको वन, वातावरण तथा विपद व्यवस्थापन समितिले उक्त विषयगत योजना तर्जुमा गर्नुको अतिरिक्त अन्य अन्तरसम्बन्धित बिषयक्षेत्र आर्थिक विकास, सामाजिक विकास,पूर्वाधार विकास र सुशासन तथा संस्थागत विकासको योजना तर्जुमा हुँदा समेत विपद जोखिम न्युनिकरण र जलवायु परिवर्तन अनुकुलनको विषयलाई आन्तरिकीकारण गरी मुलप्रवाहमा ल्याउने कार्य गर्नु पर्दछ । योजना तर्जुमा प्रक्रियाका सात वटै चरणहरु मध्य पहिलो चरण वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शनको प्राप्तिमा नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउदा विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनलाई उच्च प्राथमिकता दिने गरेको छ । दोश्रो देखि सातौं चरण सम्म योजना तर्जुमाको स्थानीयतहको आन्तरिक प्रकिया र पद्धति हो । हरेक चरणमा विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका बिषयहरुले प्राथमिकता पाउनु पर्दछ । स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियाका चरणहरु देहाय बमिजोम छन्ः

क) वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती

ख) श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

ग) बस्तीरटोल स्तरबाट योजना छनौट


घ) वडा स्तरीय योजना प्राथमिकिकरण

ङ) एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

च) कार्यपालिकाबाट स्वीकृती

छ) सभाबाट स्वीकृति

स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन, २०७८ले योजना तर्जुमा प्रक्रियामा आन्तारिकीकरण र मुलप्रवाहीकरणलाई आत्मसाथ गरेकोले आगामी दिनमा मुलप्रवाहीकरण प्रकियामा थप मद्धत पुग्ने अपेक्षा गरिएको छ । स्थानीय तहको वार्षिक योजना, मध्यमकालीन खर्च संरचना,आवधिक योजना र दीर्घकालीन सोच तर्जुमा गर्दा स्थानीय उत्थानशीलता अभिवृद्धि गर्न मूलप्रवाहीकरणको लागि देहायको खाका प्रस्तुत गरिएको छ :




स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७मा १०० वटा सूचकहरु मध्ये १३ वटा सूचकहरु विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनसंग सम्बन्धित छन् । यो विषय स्थानीय तहको संस्थागत क्षमताको प्राथमिकता प्राप्त अंग भएकोलेसमेत आन्तरिकीकरण र मूलप्रवाहीकरणले उच्च प्राथमिकता पाएको छ ।

**६) स्थानीय तहको क्षमता विकासका अवसरहरुः**

नेपालको संविधान, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ले विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन

अनुकुलनमा गाउँपालिका तथा नगरपालिकाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । उपरोक्त जिम्मेवारी निर्वाह गर्न स्थानीय तहको श्रोत, सधनर क्षमता बढाउन जरुरी छ । नेपालसरकार, प्रदेश सरकार, गैर सरकारी निकाय र निजी क्षेत्रले स्थानीय तहसँग साझेदारी गर्नसक्ने केहि अवसर तल उल्लेख गरिएको छ ।

क) नीति, संरचना तथा योजना र बजेटमा सहयोग र सहकार्य

ख) विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन कोषको स्थापना र परिचालन

ग) सुरक्षित निर्माणको प्रवर्द्धन

घ) विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन मूलप्रवाहीकरण

ङ) भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन

च) स्थानीय विपद् र जलवाय सुशासन र जवाफदेहिता अभिवृद्धि

छ) वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयनमा सहयोग

ज) वातावरणीय अध्ययनको संस्थागत व्यवस्था र कार्यान्वयन

झ) स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना र संस्थागत साझेदारी

ञ) क्षमता विकास

**७) निष्कर्षः**

विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनमा स्थानीय तह र समुदायको भूमिका महत्वपूर्ण हुन्छ । समुदायको उत्थानशीलता अभिवृद्धिमा सरकारी, गैर सरकारी निकाय र निजी क्षेत्रको सहकार्य, समन्वय र साझेदारीलाई प्रोत्साहन गर्नु पर्दछ । स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र विकासमा यसलाई मुलप्रवाहीकरण र आन्तरिकीकरण गरेर जोखिमको मात्रा घटाउदै विकासलाई दिगो र वातावरणमैत्री बनाउन सरोकारवाला सबैको सहयोग, साझेदारी रप्रतिवद्धता जरुरी छ ।

# “नेपालमा कृषि विकासको ऐतिहासिक यात्रा र संघीयता पश्चात गण्डकी प्रदेशको कृषि क्षेत्रको रूपान्तरण”




बासुदेव रेग्मी
प्रदेश सचिव

गोबिन्द पाण्डे
वरिष्ठ कृषि प्रसारअधिकृत

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

नेपालको कृषि विकासको ऐतिहासिक प्रारम्भ राणा शासन कालदेखि देखिन्छ, जब जंगबहादुर राणाले वि.सं.१९०७ मा वेलायत र फ्रान्सबाट फलफुल, आलङ्कारिक बोट विरुवाहरु, घाँसको बीउ र उन्नत जातका पशुहरु नेपालमा भित्र्याए।उ नकै पालामा नेपालमा चिया खेतीको शुरुवात वि.सं. १९२० मा चीन भ्रमणमा गई फर्कदा चिनिया सम्राटबाट चियाका बीउ ल्याएर इलाममा पहिलोपटक चिया बगान स्थापना भएको थियो जसलाई हाल इलाम चिया बगानको नामले चिनिन्छ। नेपालमा कृषि विकासको संस्थागत सुरूवात चन्द्र शमशेर द्धारा वि.सं.१९७८ मा चार खालमा कृषि अड्डाको स्थापना र वि.सं.१९८४ मा सप्तरीमा चन्द्रहरको निर्माण गरेको आधुनिक नहरसँग सुदृण हुँदै गयो।यसैगरी जुद्द शमशेरको पालामा वि.सं.१९९३ मा विराट नगर जुट मिलको स्थापना भएको थियो। उक्त जुट मिलले नेपालमा औद्योगीकरणको प्रारम्भिक आधार तयार गर्नुका साथै पूर्वी नेपालका कृषकहरूको जीवनस्तर उकास्नमा उल्लेखनीय योगदान पुर्‍यायो।

वि.सं.२००७ सालको परिवर्तन पछि वि.सं. १९७९ मा स्थापित कृषि परिषद्लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी वि.सं.२००८ सालमा कृषि विभागको स्थापना भयो।यसपछि कृषि विभागले बाली, बागवानी तथा पशुपन्छी जस्ता कृषिका सम्पुर्ण क्षेत्रको विकास गर्ने जिम्मेवारी पायो। त्यसपश्चात नेपालमा ग्रामीण विकास कार्यक्रमहरुलाई तिव्रता प्रदान गर्न विभिन्न व्यक्तिहरुलाई तालिम दिनका लागि विभिन्न ठाउँमा ग्रामीण विकास प्रशिक्षण केन्द्रहरु स्थापना गरी कृषि, स्वास्थ्य, शिक्षा र उद्योगसम्बन्धी गतिविधिहरु सञ्चालनगरी त्रिभुवन ग्रामीण विकासका कार्यक्रम शुरु गरियो। वि.सं.२०१३ सालमा उत्पादन वृद्धि गर्ने र रोजगारीका अवसरहरू जुटाउने लगायतका उद्देश्य हासिल गर्ने हेतुले प्रधानमन्त्री टंक प्रसाद आचार्यको पालमा पहिलो पञ्चवर्षीय योजनाको शुरूवात गरियो। यस पश्चात वि.सं. २०७२ सम्म कृषि विकासको क्षेत्रमा विभिन्न उतारचढाव आउनुका साथै विभिन्न कालखण्डहरूमा कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा

औद्योगिकीकरणका साथैआयात निरूत्साहन तथा निर्यातलाई प्रोत्साहनका लागि विभिन्न संरचनात्मक, नीतिगत र कार्यक्रमगत सुधारहरू अवलम्बन गरिदै आएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र कायम भएपछि संविधान २०७२ को प्रावधान बमोजिम स्थापित गण्डकी प्रदेश सरकार अन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशमा कृषि विकास, नीति निर्माण, कार्यक्रम व्यवस्थापन तथा सेवा प्रवाहका सम्पूर्ण जिम्मेवारी ग्रहण गरेको छ। वि.सं. २०७५ असार ५ गते स्वीकृत संगठन संरचनाका आधारमा मन्त्रालयले प्रदेशका कृषि, पशुपन्छी तथा सहकारी सम्बन्धी सेवाहरू पुनर्संरचना गर्दै विस्तृत अधिकारसहित कार्यान्वयनको दिशामा अघि बढेको हो। प्रदेशको एकल अधिकार, साझा अधिकार तथा कार्य विस्तृतीकरण प्रतिवेदन र प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ का आधारमा मन्त्रालयले कृषि क्षेत्रमा योजनाबद्ध सेवा प्रवाह गर्दै आएको छ।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) ले कृषि क्षेत्रलाई प्रदेश समृद्धिको प्रमुख तेस्रो सम्बाहकका रूपमा पहिचान गरी मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ कार्यक्रम, गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना, र स्याउमा आत्मनिर्भरता कार्यक्रमलाई प्रदेश गौरवका आयोजनाका रूपमा सञ्चालन गर्यो। दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२—२०८५/८६) ले व्यावसायिक कृषि, आत्मनिर्भरता र औद्योगिक प्रवर्द्धनलाई अग्रभूमिमा राख्दै मध्यपहाडी लोकमार्ग केन्द्रित कृषि तथा पशुपन्छीजन्य औद्योगिक विकास, विशिष्टीकृत कृषि तथा पशु सेवा कार्यक्रम, स्याउ/सुन्तला/उदीयमान बाली विशेष कार्यक्रम, कृषि उपज गुणस्तर परीक्षण प्रयोगशाला विकासतथा कृषि,वन, जडीबुटीजन्य प्रशोधन उद्योग विकास कार्यक्रमलाई प्रमुख योजनाका रूपमा समावेश गरेको छ।

मन्त्रालयले नीतिगत तहमा पनि उल्लेखनीय प्रगति गर्दै गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७७; बीउबिजन ऐन,२०८०; जीवनाशक विषादी व्यवस्थापन ऐन,२०८१ लगायतका कानुनी संरचनाहरू तयार गरी कार्यान्वयन गरेको छ। खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धी विधेयक संसदमा विचाराधीन छ भने विषादी व्यवस्थापन, भूमि व्यवस्था, व्यवसाय प्रवर्द्धन तथा बीउबिजनसम्बन्धी नियमावलीहरूको मस्यौदा तयार भई प्रक्रिया अघि बढिरहेको छ। यसैगरी प्रदेश भू-उपयोग परिषद्, खाद्य परिषद् तथा विभिन्न समितिहरू गठन भई भूमि, खाद्य सुरक्षा तथा विषादी व्यवस्थापन सम्बन्धी कार्यहरू संस्थागत रूपमा सुदृढ बनाइएका छन्।

संस्थागत सुदृणीकरण तथा सेवा विस्तारका क्रममा गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०५/१५ को निर्णय अनुसार मौजुदा निकायको सङ्गठन संरचना तथा जनशक्ति र कार्यविवरण पुनरावलोकन गरिएको। स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन, प्रशिक्षण तथा स्रोत केन्द्र, प्रदेश कृषि

प्रयोगशाला, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, कृषि विकास श्रोत केन्द्र, व्यवसायिक किट विकास केन्द्र,मत्स्य विकास केन्द्र, सहकारी रजिष्ट्रारको कार्यालय,९ जिल्लामा कृषि विकास कार्यालय तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, मनाङ र मुस्ताङ जिल्लामा कृषि तथा पशु सेवा कार्यालय, गरी कुल २७ वटा कार्यालयहरूको स्थापना गरी सेवा प्रवाह सुरू गरिएको छ। कृषि प्राविधिक एवम् कृषि उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम, कृषि सूचना प्रणाली सवलीकरण तथा व्यवस्थापन, प्रयोगशाला, तालिम केन्द्र, स्रोत केन्द्र तथा नियमन एकाईको संस्थागत सबलीकरण, कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन कार्यक्रम नीतिगत तथा संस्थागत सुधार कार्यक्रम अन्तरगत कार्यान्वयन गरिएको छ। नयाँ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) बमोजिम कृषि प्राविधिकहरूको दरबन्दी समायोजन गरी प्राविधिक सेवा प्रवाह थप सुदृढ बनाइएको छ। साथै, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले प्रदेशलाई प्रदान गरेको अधिकारअनुसार खाद्य अनुसन्धान तथा परीक्षणसम्बन्धी कार्य सञ्चालन गर्नका लागि प्राविधिक जनशक्तिको मौजुदा दरबन्दी विस्तार गर्नु आवश्यक देखिन्छ। गण्डकी प्रदेशमा कृषि तथा पशुजन्य वस्तुको आयात—निर्यात व्यवस्थापनलाई सुदृढ बनाउन स्याङ्जा र तनहुँ जिल्ला मातहत क्रमशः स्याङ्जाको मालुङ्गा र तनहुँको आबुखैरेनीमा कृषि तथा पशुपन्छी नियमन इकाई स्थापना गरिएको छ। हाल सो इकाईहरूमार्फत प्रदेशमा आयात—निर्यात हुने कृषि तथा पशुजन्य वस्तुको तथ्याङ्क सङ्कलन कार्य सञ्चालनमा रहेको छ। आगामी दिनमा ती निकायहरूमाप्रयोगशाला स्थापना तथा प्राविधिक दरबन्दी थप गरी आयात—निर्यात भएका कृषिजन्य उपजहरूको गुणस्तर तथा स्वस्थ्यता परीक्षण गर्ने व्यवस्था गर्नु अपरिहार्य रहेको छ।

कार्यक्रमगत उपलब्धिहरूको विश्लेषण गर्दा गण्डकी प्रदेश खाद्यान्न बालीमा आत्मनिर्भरताको लागि प्रथम पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ४०० के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा सो अवधिको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ३८१ के.जी. पुगेको र प्रति व्यक्ति प्रति वर्ष उपभोग्य खाद्यान्नको न्यूनतम आवश्यकता २०१ के.जी. रहेकोमा १९०.८ के.जी. पुगी आत्मनिर्भरउन्मुख रहेको छ। त्यसैगरी तरकारी तथा आलुको प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम आवश्यकता क्रमशः ९१ के.जी. र २९ के.जी. रहेकोमा उपलब्धता क्रमशः १०८.६५ के.जी. र १०७.८६ के.जी. पुगी आत्मनिर्भर भई निर्यात उन्मुख अवस्थामा रहेको छ। यसका साथै फलफूलको प्रति व्यक्ति प्रति वर्ष न्यूनतम आवश्यकता ३६.५ के.जी. रहेकोमा उपलब्धता ३३.४४ के.जी. रहेकोले आत्मनिर्भर उन्मुख रहेको छ। हाल प्रदेशमा फलफूलबाली उत्पादन प्रवर्द्धनसम्बन्धी विशेष कार्यक्रम सञ्चालनमा रहेकाले निकट वर्षमा गण्डकी प्रदेश फलफूलमा आत्मनिर्भर हुने अवस्था देखिन्छ। साथै, विगतमा रासायनिक मलको आपूर्ति तथा उपलब्धतामा भएको समस्या हल हुँदै गएकोले कृषि उत्पादनमा थप वृद्धि हुने अपेक्षा गरिएको छ।

पशुजन्य उत्पादनमा दूध, मासु र अण्डा उत्पादन निरन्तर वृद्धि हुँदै आत्मनिर्भर अवस्थासम्म पुगेको छ। आ.व. २०७९/८० मा प्रदेशमा २.६४ लाख मेट्रिक टन दूध, ५६ हजार मेट्रिक टन मासु, करिब २५ करोड अण्डा र १,६३८ मेट्रिक टन माछा उत्पादन भएको छ। प्रति व्यक्ति उपलब्धता दूध १०७ लिटर, मासु २३ के.जी., अण्डा ९९ गोटा र माछा ०.६६ के.जी. पुगेको छ, जसले प्रदेशको आत्मनिर्भरता लक्ष्य सफलतापूर्वक पूरा भएको देखाउँछ। नश्ल सुधार, पूर्ण खोप कार्यक्रम, पशु आहार प्रवर्द्धन जस्ता कार्यक्रम विस्तार भइरहेकाले आगामी वर्षहरूमा पशुजन्य उत्पादनमा अझ वृद्धि हुने अपेक्षा छ।

खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै यान्त्रिकीकरण र व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धिका लागि हालसम्म ३२ स्थानमा कुल ५०४० रोपनी कृषियोग्य जमिनको चक्लाबन्दी गरिएको छ। साथै चक्लाबन्दी भएका जग्गामा यान्त्रिकीकरण सहयोग समेत उपलव्ध गराइएको छ जसले कृषि प्रणालीलाई दीगो रूपान्तरणतर्फ उन्मुख गराएको छ।

यसभन्दा बाहेक खाद्यान्न, तरकारी, फलफूल, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको आत्मनिर्भरता वृद्धि गर्ने लक्ष्यअनुसार विभिन्न कार्यक्रम‘जस्तै खाद्यान्न प्रवर्द्धन, आलु प्रवर्द्धन, उच्च घनत्व स्याउ, सुन्तला तथा फलफूल कार्यक्रम, निर्यातजन्य बाली प्रवर्द्धन, स्थानीय बाली संरक्षण, व्यवसायिक तरकारी विस्तार, बीउ उत्पादन प्रोत्साहन, लोकमार्ग केन्द्रित उत्पादन विकास, भेटेरिनरी सेवा सुदृढीकरण, पाडाबाच्छी प्रोत्साहन, घाँस खेती, मत्स्य विकास, जलवायु उत्थानशील कृषि, ग्रामीण उद्यम विकास, सार्वजनिक निजी साझेदारी कार्यक्रम, स्थानीय सरकारसँगको साझेदारी,बजार प्रवर्द्धन, प्राङ्गारिक मल प्रवर्द्धन तथा चक्लाबन्दी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन्।

अन्ततः संघीयता कार्यान्वयन पश्चात् गण्डकी प्रदेशको कृषि प्रशासनले स्पष्ट अधिकार क्षेत्र, सबल नीतिगत संरचना, प्रभावकारी संस्थागत व्यवस्था तथा स्थानीय तहमै सेवा प्रवाह विस्तार मार्फत उल्लेखनीय रूपान्तरण हासिल गरेको छ। खाद्यान्न, तरकारी, आलु, फलफूल तथा पशुपन्छीजन्य उत्पादनमा महत्वपूर्ण वृद्धि भई धेरै बाली तथा उत्पादनमा प्रदेश आत्मनिर्भर वा आत्मनिर्भर उन्मुख बन्दै गएको छ। जग्गा चक्लाबन्दी, कृषि तथा पशुपन्छी प्रवर्द्धन, यान्त्रिकीकरण, जलवायु उत्थानशील कृषि, सार्वजनिक—निजी साझेदारी मोडेल र मूल्य—श्रृंखला अभिमुख कार्यक्रमहरूले दिगो कृषि अर्थतन्त्रको आधार निर्माण गरेका छन्। यसैमार्फत गण्डकी प्रदेशको कृषि क्षेत्र पारम्परिक ढाँचाबाट आधुनिक, व्यावसायिक, मूल्य—श्रृंखला आधारित तथा निर्यात सम्भावित दिशातर्फ रूपान्तरण भइरहेको छ। स्थानीय सरकार तथा निजी क्षेत्रसँगको सहकार्यद्वारा कृषिलाई उद्योग र कृषकलाई उद्यमी बनाउने दिशामा प्रदेश उन्मुख छ।

# गण्डकी प्रदेशः सम्भावना र चुनौती



**डा. टोकराज पाण्डे**
**प्रदेश सचिव**
**आर्थिक मामिला मन्त्रालय**

नेपालको संविधान जारी भएसँगै २०७२ असोज ३ गते प्रदेशको स्थापना भएको हो। २०७५ असार २२ गते प्रदेश सभाको दुई-तिहाइ बहुमतले यसको नाम**'गण्डकी प्रदेश'**र स्थायी राजधानी**'पोखरा'**राख्ने निर्णय गरेको थियो। यसको नाम यस क्षेत्र भएरबहने प्रसिद्ध 'गण्डकी' नदीको नामबाट राखिएको हो। गण्डकी प्रदेश मुख्यतया साबिककोपश्चिमाञ्चल विकास क्षेत्रका दुईवटा अञ्चलहरू मिलेर बनेको छ:गण्डकी अञ्चलका६ जिल्ला - गोरखा, कास्की, लमजुङ, मनाङ, स्याङ्जा र तनहुँधौलागिरी अञ्चलका ४ जिल्ला - बागलुङ, मुस्ताङ, म्याग्दी र पर्वतलुम्बिनी अञ्चलकानवलपरासी जिल्लाको सुस्ता पूर्वको भाग - हालको नवलपुरसाबिकको पश्चिमाञ्चल विकास क्षेत्रमा १६ जिल्लाहरू थिए, जसमध्ये ११ जिल्ला अहिले गण्डकी प्रदेशमा छन् भने बाँकी ५ जिल्ला पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही र कपिलवस्तु लुम्बिनी प्रदेशमा पर्दछन्।

## क्षेत्रफल र जनसंख्या

गण्डकी प्रदेशको कुल क्षेत्रफल २१,७७३ वर्गकिलोमिटर रहेको छ, जुन नेपालको कुल भूभागको करिब १४.६६% हो। राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार यस प्रदेशको कुल जनसंख्या २४,६६,४२७ रहेकोछ। लैङ्गिक आधारमा हेर्दा पुरुषको संख्या ११,७०,८३३ (४७.४७%) छ भने महिलाको संख्या १२,९५,५९४ (५२.५३%) रहेकोछ। यस प्रदेशमा पुरुषको तुलनामा महिलाको संख्या उल्लेखनी यरूपमा बढी देखिन्छ। भौगोलिक बनावटका कारण यहाँको जनघनत्व ११५ जना प्रति वर्ग किलोमिटर रहेकोछ, जसमा कास्कीमा सबै भन्दा बढी (२९५जना) र मनाङमा सबै भन्दा कम (३जना) जनघनत्व रहेकोछ।

कृषि क्षेत्रको गण्डकी प्रदेशको अर्थतन्त्रमा यसको ठुलो योगदान छ। प्रदेशको कुल गार्हस्थ्यउ त्पादन (GDP) मा कृषि क्षेत्रको हिस्सा करिब २६% देखि २८% को हाराहारीमा रहेको अनुमान छ। यहाँ काकरिब ७०% भन्दा बढी मानिसहरू कृषिमा आश्रित छन्। मुख्य बालीका रूपमा धान, मकै, कोदो र गहुँको खेती गरिन्छ भने नगदे बाली तर्फ उच्च हिमाली भेगमा स्याउ र तल्लो तटीय क्षेत्रमा सुन्तला जस्ता फलफूल उत्पादनका लागि यो प्रदेश प्रख्यातछ। पछिल्लो तथ्याङ्क अनुसार यहाँ करिब ४ लाख ७५ हजार हेक्टर जमिनमा विभिन्न कृषि बालीहरू लगाइने गरेको छ।

**सामाजिक अवस्था**

गण्डकी प्रदेश सामाजिक र सांस्कृतिक रूपमा अत्यन्तै समृद्ध छ। यहाँको साक्षरता दर नेपालकै उच्च मध्येको एक करिब ८१.७% रहेकोछ। यस प्रदेशमा विभिन्न जाति र समुदायको बसोबास छ, जसमा गुरुङ, मगर, ब्राह्मण, क्षेत्री र दलित समुदायको बाहुल्यता रहेको छ। यहाँको मानव विकास सूचकाङ्क (HDI) अन्य धेरै प्रदेशको तुलनामा उत्कृष्टछ। स्वास्थ्य र शिक्षाको पहुँच तुलनात्मक रूपमा राम्रो भएता पनि हिमाली जिल्लाहरू (मनाङ र मुस्ताङ) मा भौगोलिक विकटताका कारण केही सामाजिक चुनौतीहरू अझै बाँकी छन्। यहाँको औसत आयु र पोषणको स्तर पनि राष्ट्रिय औसत भन्दा माथि रहेको छ।

**आर्थिक अवस्था**

गण्डकी प्रदेशको अर्थतन्त्रको मुख्य आधार पर्यटन, कृषि र जलविद्युत हो। नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखरा यसै प्रदेशमा पर्ने भएकाले पर्यटनले ठुलो संख्यामा रोजगारी र आयआर्जन गराएकोछ। आर्थिक दृष्टिकोणले यहाँको प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औसत भन्दा बढीछ। कृषि क्षेत्रमा यहाँ व्यावसायिक पशुपालन र फलफूल खेती (विशेष गरी सुन्तला र स्याउ) को विकास भइरहेको छ। साथै, वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषण (Remittance) यस प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने अर्को महत्वपूर्ण कडी हो।

**पूर्वाधारको अवस्था**

पूर्वाधार विकासमा गण्डकी प्रदेशले पछिल्लो समय गति लिइरहेको छ। यहाँ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु र मध्य पहाडी लोक मार्गको विस्तारले यातायातमा ठुलो मद्दत पुर्याएको छ। जलविद्युतका क्षेत्रमा काली गण्डकी, मर्स्याङ्दी र मोदी खोला जस्ता नदीहरूबाट ठुलो मात्रामा बिजुली उत्पादन भइरहेको छ, जसले गर्दा यो प्रदेश ऊर्जामा आत्मनिर्भर छ। सडक सञ्जालले धेरैजसो गाउँहरूलाई जोडेको भएता पनि वर्षायाममा ग्रामीण सडकहरूको अवस्था चुनौतीपूर्ण हुनेगर्छ। सञ्चार र इन्टरनेटको पहुँचमा पनि यो प्रदेश अग्रणी स्थानमा रहेको छ।

**गण्डकी प्रदेशका सम्भावनाहरू**

गण्डकी प्रदेश नेपालको आर्थिक विकासको प्रचुर सम्भावना बोकेको एक रणनीतिक क्षेत्र हो, जहाँको भौगोलिक विविधता नै यसको सबैभन्दा ठूलो पुँजी हो। यस प्रदेशको तुलनात्मक लाभको मुख्य क्षेत्रपर्यटनहो, जसमा पोखराको प्राकृतिक सौन्दर्य, अन्नपूर्ण र धौलागिरी जस्ता हिमशृङ्खला, र मुक्तिनाथ जस्ता धार्मिक स्थलहरूले विश्वव्यापी पहिचान दिलाएका छन्। पर्यटनसँगैजलविद्युतयस प्रदेशको अर्को मेरुदण्ड हो; कालीगण्डकी र मर्स्याङ्दी जस्ता नदी बेसिनहरूमा रहेका आयोजनाहरूले देशको ऊर्जा संकट समाधान मात्र नगरी प्रदेशको राजस्वमा ठूलो योगदान पुऱ्याएका छन्।

कृषि र वनक्षेत्रको सन्दर्भमा गण्डकी प्रदेश विशिष्ट छ। यहाँ मुस्ताङको स्याउ र पहाडी भेगको सुन्तलादेखि लिएर उच्च हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडिबुटीहरूको संकलन र निर्यात गर्ने ठूलो

अवसर छ। यसबाहेक, चीनसँगकोकोरला नाकासञ्चालनमा आउँदा व्यापारिक पारवहन र अन्तरदेशीय व्यापारबाट प्रदेशले ठूलो आर्थिक फड्को मार्न सक्छ। पशुपालन, विशेषगरी हिमाली क्षेत्रमा च्याङ्ग्रा र भेडापालन, तथा मध्यपहाडमा व्यावसायिक दुग्ध उत्पादनले स्थानीय रोजगारी सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको छ। समग्रमा, यदि पर्यटन पूर्वाधार, जलविद्युतको पूर्ण उपयोग र कृषि आधुनिकीकरणलाई एकीकृत रूपमा अगाडि बढाउने हो भने गण्डकी प्रदेश नेपालको आर्थिक समुन्नतिको इन्जिन बन्ने सामर्थ्य राख्छ।

**गण्डकी प्रदेशका समस्या र चुनौतीहरु**

**प्राकृतिक प्रकोप र वातावरणीय जोखिम**:भिरालो जमिनका कारण मनसुनको समयमा बाढी, पहिरो र भू-क्षयको उच्च जोखिम रहन्छ। जलवायु परिवर्तनका कारण हिमालहरू पग्लिने र हिमताल फुट्ने खतरा पनि यस प्रदेशको दिगो विकासका लागि ठूलो चुनौती हो।

**आर्थिक परनिर्भरता र वैदेशिक रोजगारी**: प्रदेशको अर्थतन्त्रमा रेमिट्यान्सको ठूलो हिस्सा छ। युवा जनशक्ति वैदेशिक रोजगारीमा पलायन हुँदा ग्रामीण क्षेत्रमा "बाँझो जमिन" र "वृद्ध समाज" को समस्या बढ्दै गएको छ। कृषिमा व्यवसायीकरण हुन नसक्नु र आयातित खाद्यान्नमा भर पर्नु अर्को गम्भीर समस्या हो।

**पर्यटन र पूर्वाधारको असन्तुलन**: पोखरा जस्ता सहरमा पर्यटन केन्द्रित भए पनि दुर्गम र पहाडी क्षेत्रका पर्यटकीय स्थलहरू ओझेलमा छन्। अन्तराष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन र कनेक्टिभिटीको अभावले पर्यटनबाट अपेक्षित लाभ लिन सकिएको छैन।

**पुँजीगत खर्च र प्रशासनिक क्षमता**: बजेट विनियोजन भए तापनि पुँजीगत खर्च समयमै गर्न नसक्नु र आयोजनाहरू ढिलासुस्ती हुनुले विकासको गतिलाई रोकेको छ।

**सीमित आन्तारिक स्रोत र बढ्दो चालु खर्च र बजेट छर्ने प्रवृत्ति**: उत्पादनशील क्षेत्रभन्दा वितरणमुखी र साना योजनामा बजेट केन्द्रित हुनु।

**कमजोर खर्च प्रणाली**: पुँजीगत खर्चसमयमै गर्न नसक्ने प्राविधिक र प्रशासनिक अक्षमता।राजस्वको न्यून दायरा:आन्तरिक आय बढाउन नसक्दा संघीय अनुदानमा ७५% भन्दा बढी निर्भरता।

**नीतिगत अस्थिरता**: सरकार परिवर्तन भइरहँदा अघिल्ला योजनाहरू काटिने वा अलपत्र पर्ने समस्या।

**गुणस्तरहीन खर्च**: आर्थिक वर्षको अन्त्यमा हतारमा गरिने खर्चले गर्दा भ्रष्टाचार र अनियमितता बढ्नु।

**सन्दर्भ सामग्रीहरू**


१ नेपालको सविधान

२ नेपालकोसोह्रौं योजना (२०८१/८२ - २०८५/८६)वर्तमान पञ्चवर्षीय योजना

३ गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ बजेट

४ गण्डकी प्रदेशकोदोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ - २०८५/८६)

५ गण्डकी प्रदेश सरकारका ७ वर्षः अनुभव र उपलब्धि

# प्रदेश विकासको पुन प्रर्थमिकीकरण : आवश्यकता र प्रयास



- ई. हरिदत्त पौडेल
सहसचिव (प्राविधिक)
उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरवार

## १. पृष्ठभूमिः संघीयताको अभ्यास र रूपान्तरणको घडी

- नेपालको संविधान २०७२ को सफल कार्यान्वयनसँगै गण्डकी प्रदेशले आफ्नो प्रशासनिक र विकासको जग बसालेको आठ वर्ष पुरा भएको छ। गत आ.व. २०८१/८२ बाट दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा आउँदा प्रदेश सरकार **'स्थापनाको गौरव' बाट 'परिणामको खोजी'**तर्फ मोडिएको छ। सुरुका तीन वर्षमा पर्याप्त संरचना र जनशक्ति अभावमा विनियोजित वजेट खर्च गर्नका लागि निक्कै चुनौती व्यहोरेको सरकारले पछिल्ला पाँच वर्षमा संरचना र जनशक्ति व्यवस्थापनमा उल्लेखनीय उपलब्धी हासिल गरेपनि जनआकाङ्क्षा अनुसार पर्याप्त र दिगो वित्तीय स्रोतको अभावमा सीमित वित्तीय स्रोत र असीमित जनअपेक्षाबीच सन्तुलन मिलाउनुपर्ने चुनौतीपूर्ण मोडमा उभिएको छ।
- यसैले हामीले गर्दै गरेका विकास निर्माण क्षेत्रमा पनि सोच विचारकासाथ पुनर्संरचना गर्नुपरेको छ।**योजना माग्नेले धैर्यता र दिनेले संयमता** अपनाउनु पर्ने अवस्था आएको छ।यसबाट हाम्रो सीमित स्रोत साधानको उच्चतम उपयोग हुन सकोस, प्रभावकारिता अझै बढ्न सकोस, निर्मित योजना गुणस्तरीय र दिगो बन्न सकून तथा भौतिक पूर्वाधारको विकास र आर्थिक उन्नतिमा **सामाजिक न्याय र भौगोलिक संतुलन** समेत कायम हुन सकोस।यसको उपादयता भनेको यसले जनतालाई सेवा सुबिधाको अलावा **रोजगारी प्रवर्धन, जीवनस्तर सुधार र आर्थिक सम्बृद्धि**मा टेवा पुर्याउन सकोस भन्ने नै हो।
- सीमित स्रोतको उच्चतम प्रतिफलका लागि **विकासको सोच र शैलीमा पुनर्संरचना** अनिवार्य छ। योजना माग्नेमा **धैर्यता र दिनेमा संयमता** कायम गरेर विकास प्रक्रियालाई गुणस्तरीय, दिगो र न्यायोचित बनाउन सकिन्छ। भौतिक संरचनाको विस्तारमात्र होइन, नागरिकको जीवनस्तरमा आउने गुणात्मक सुधार र रोजगारीको अवसर नै हाम्रो समृद्धिको वास्तविक मापन हो।

## २. वित्तीय पदचापः खुम्चिँदो अनुदान र आत्मनिर्भरताको आवश्यकता

- **अनुदानको स्थितिः** आ.व. २०७५/७६ मा संघीय सरकारको कुल बजेटको **८.६२%** वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकारहरूले आर्थिक अनुदान पाउने गरेकोमा गत आ.व. सम्म आइपुग्दा यो खुम्चिएर **५.१८%** को हाराहारीमा सीमित भएको छ।
- **बजेटको आकारः** विगत केही वर्ष देखि यस प्रदेशको **वास्तविक वार्षिक आम्दानी२३-२४ अर्व**को हाराहारीमा रोकिएको छ भने वार्षिक बजेट३२ देखि ३३ अर्बको बीचमा स्थिर (Stagnant) छ।संघबाट ७ वटा प्रदेश सरकारहरूलाई प्रदान गरिने वित्तीय हस्तान्तरण संघीय

वजेटको तुलनामा वार्षिक ०.५०%ले घटेको देखिएको छ र प्रदेशको आफ्नै राजस्व औसत३ अर्ब(कुल बजेटको १०—१२%) मात्र हुनुले खुद आन्तरिक आयको प्राप्तिमा वृद्धि गरी आत्मनिर्भर बन्नुपर्ने चुनौती देखा परेको छ।

**३. प्रादेशिक सडक गुरू योजना निर्माण**

- गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकासमा सडक र पुलको हिस्सा सधैं उच्च रहँदै आएको छ। प्रदेश सरकारले आफ्नो कुल पूँजीगत बजेटको **चालु आ.व. मा ५५ %** र **८ वर्षमा औसत ५१.५ %** हिस्सा **सडक र पुल सम्बन्धी आयोजना**मा रहेको छ। सुरुको आ.व. मा **करिव ३५०** जति सडक र पुलका आयोजना रहेकोमा चालु आ.व. मा सो संख्या बढेर **करिव १७००** पुगेको छ भने योजनागत वजेट विनियोजन **रू १.८६ करोडबाट झरेर रू ६० लाखमा** आईपुगेको छ।वजेट विनियोजनको घट्दो क्रम र बढ्दो आयोजना संख्याले गर्दा रणनैतिक प्रकृतिका आयोजना समयमा समपन्न गर्नमा ठुलो चुनौती देखिएको छ।
- उपलब्ध स्रोत, जनसंख्या, बस्ती,ट्राफिक चाप र भौगोलिक पहुँच आदि जस्ता प्राविधिक मापदण्डका आधारमा रणनीतिक सडकहरूको वस्तुगत वर्गीकरण गरी १० देखि २० वर्षे **'प्रादेशिक सडक गुरुयोजना'** निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो। यसले प्रशासनिक केन्द्र, आर्थिक-सामाजिक हब र पर्यटकीय क्षेत्र जोड्ने सडकहरूको छनोटलाई सुरक्षित, सन्तुलित र न्यायोचित बनाउँदै निर्माण तथा मर्मत कार्यलाई व्यवस्थित र दिगो तुल्याउनेछ।
- सडक सम्बन्धी प्रादेशिक गुरू योजनाले उपलब्ध स्रोत साधान, जनशक्ति, विधमान सडक पहुँच स्थिति, दैनिक ट्राफिक चाप, विद्यमान जिल्ला सडक घनत्व, जनसंख्या, नजिकको सडकको पहुँचमा लाग्ने पैदल समय जस्ता प्राबिधिक आधारमा अंकभार वर्गीकरण गरी रास्ट्रिय लोकमार्ग वा सहायक लोकमार्गबाट प्रदेशका प्रमुख प्रशासनिक केन्द्र, पालिका केन्द्र, जिल्ला सदरमुकाम जोड्ने सडक,लोकमार्ग वा जिल्ला सदरमुकाम वा प्रदेश राजधानीबाट पालिकाका केन्द्र, दुई वा दुई भन्दा धेरै पालिकाको केन्द्र जोड्ने सडक, आर्थिक सामाजिक केन्द्र (घना बस्ती, बजार, औधोगिक क्षेत्र, कृषि पकेट क्षेत्र, जलविद्युत उत्पादन क्षेत्र, खानी क्षेत्र, पर्यटन क्षेत्र, रास्टिय निकुन्ज, संरक्षित क्षेत्र, धार्मिक-सांस्कृतिक स्थल) जोड्ने सडकलाई आवश्यकता र प्राथमिकताको आधारमा मापदण्ड बनाई वर्गीकरण सहित प्रादेशिक सडक संजालको छनौट र स्वीकृत गरी सुरक्षित, वातावरण मैत्री, सन्तुलित र न्यायोचित आधारमा सडक निर्माण, स्तर उन्नति र मर्मत - सम्भार कार्यलाई व्यवस्थित, दिगो र उपलब्धिपूर्ण बनाउन आवधिक रूपमा अध्यावधिक गर्दै **१० देखि २० वर्षको लागि प्रादेशिक सडक संजाल गुरुयोजना** निर्माण गर्न अत्यन्त जरूरी भईसकेको अवस्था प्रदेशसरकार, जनप्रतिनिधिहरु, अधिकारी तथा सरोकारवालालाई महशुस भईसकेको छ।
- 'गण्डकी प्रदेश सडक ऐन, २०८१' ले यस गुरुयोजनाको कानुनी आधार तय गरिसकेको छ। यद्यपि, गुरुयोजना जारी भएपछि तोकिएको सूचीबाहिर बजेट विनियोजन गर्न नमिल्ने र योजना छनोटमा राजनीतिक भूमिका सीमित हुने द्विविधाका आधारमाऐनको भावनाको कार्यान्वयनमा ढिलाइ गरिनुहुन्न।

## ४. जग्गा एकीकरणमा आधारित शहरी विकास योजना

- झन्डै ४५-५० वर्ष अगाडि अधिग्रहण गरिएको जग्गामा ३ वर्ष अगाडिमात्र पोखरा अन्तर्राष्ट्रिय हवाई मैदान बन्न नसकेको तथा सोको निर्माण हुँदै गर्दा कसैले पनि त्यस क्षेत्र वरपरको जग्गा विकासको आवश्यकताको बोध स्थानीय सरकार र राज्य समेतले गर्न सकेनन् जसले गर्दा दश-पन्ध्र वर्ष अगाडिसम्म खेतिपाती भईरहेको त्यस वरपरको जग्गा अहिले अव्यवस्थित प्लटिंग र बसोबासले भरिदैं गएको दुखद अवस्था रहेको छ। समयमै उक्त स्थानमा व्यवस्थित एवम् वैज्ञानिक रुपले योजनाबद्ध City Planning गरेको भए अहिले त्यो क्षेत्र पोखराको मुख्य व्यापारिक क्षेत्र र होटेल व्यवसायको क्षेत्रको रूपमा विकसित हुनसक्थ्यो। 'चाउथे' क्षेत्र वरपरका स्थानीय जनता र हाम्रो पुस्ता दुवैले त्यो अवसर गुमाएका छौं।
- मुलुकमा बहुदलिय प्रजातन्त्र/लोकतन्त्र आएपछि योजनाबद्ध शहरी विकासको सम्भावनालाई हामीले अपेक्षाकृत रुपमा खोजि र विकास गर्न सकेनौं । हिजो गाउँबाट शहर र आज शहरबाट विदेश पलायन हुने तीव्र लहरबिच हाम्रा सहरका **घरहरू मौरीका बन्द घार**जस्ता अँध्यारा र **सडकहरू 'साँघुरा'** र **शहरहरू खुल्ला क्षेत्रविहीन** बन्दैछन्। अव्यवस्थित कित्ताकाट र लथालिङ्ग सहरीकरणले एकातिर कृषि योग्य भूमि नासिने गर्छ भने अर्कोतिर विपद्को बेला घर घरमा एम्बुलेन्स वा दमकलसमेत नछिर्ने गम्भीर स्थिति निम्तिन सक्छ।
- यस्तो समस्याको सर्वोत्तम समाधान **जग्गा एकीकरण (Land Pooling)** हो। यो सार्वजनिक-निजी-साझेदारी (PPP) को यस्तो उत्कृष्ट नमूना हो, जहाँ जग्गाधनीहरूकै सक्रिय सहभागितामा जग्गालाई एकीकृत गरी फराकिलो सडक, ढल, पार्क र सामुदायिक स्थलसहितको आधुनिक घडेरीमा पुनर्विभाजन गरिन्छ। यसमा सरकारी ढुकुटीमा मात्र भर नपरी केहि बिकसित घडेरी बिक्री गरी जग्गाधनीकै योगदानबाट पूर्वाधार विकास हुने र कोही पनि विस्थापित हुनुपर्दैन।
- बनिसकेका ठुल्ठुला शहर पुनर्निर्माण गर्न त सकिदैन तर तिनको विस्तार कार्य निरन्तर भईरहने हुनाले अब विस्तार हुने क्षेत्रमा जग्गा विकास कार्य संचालन गर्न सकिएमा घरहरू व्यवस्थित रूपमा निर्माण गर्न सकिने, ग्रिडमा सडक निर्माण हुने हुँदा एक ठाउँबाट अर्को ठाउँमा पुग्ने धेरै बाटोहरुको विकल्प हुने हुँदा अहिलेको जस्तो ट्राफिक जामको समस्या नरहने, सहज आवागमनले गर्दा व्यवसायिक क्षेत्रको रूपमा विकसित हुन सक्ने हुनाले अझै पनि **पोखरा उपत्यका, नवलपरासी (व.सु.पू.), मध्ये नेपाल नगरपालिकाको क्षेत्र,मुख्य लोकमार्ग र पालिका केन्द्रहरू वरपर**को जग्गा विकास गरी प्रदेश र स्थानीय सरकारले **'हेरुँ हेरुँ र बसुँ बसुँ'**लाग्ने सुन्दर सहर निर्माणका लागि नीतिगत व्यवस्था सहित जग्गा विकास कार्यलाई अभियानकै रूपमा अगाडि बढाउनु अपरिहार्य देखिएको छ।

## ५. जलविद्युत, सिँचाइ र नदी व्यवस्थापन

- गण्डकी प्रदेशको स्थिति पत्र, २०७५ अनुसार यस प्रदेशमा पहिचान भएका प्राविधिक र आर्थिक रुपमा **सम्भाव्य जलविद्युत उत्पादन क्षमता ५,२७० मे.वा.** रहेकोमा हालसम्म करिब **१,००० मेगावाट मात्र उत्पादन** (जडित) क्षमता रहेको हुनालेअझै ठुलो परिमाणमा जलविद्युत उत्पादनको सम्भावना रहेको छ।
- निजी क्षेत्र समेतको परिचालनबाट गण्डकी प्रदेशमा उपलब्ध जलस्रोत, नविकरणीय उर्जा लगायतका प्राकृतिक स्रोतहरुको उपयोग गरी प्रदेशवासीलाई वातावरण मैत्री, स्वच्छ, भरपर्दो, गुणस्तरीय एवम सुरक्षित विद्युत् सेवा उपलब्ध गरी प्रदेशको आर्थिक सम्बृद्धिमा योगदान पुर्याउने उद्देश्यले प्रतिष्पर्धाको माध्ययमबाट प्रदेश सरकारलाई सवै भन्दा धेरै आर्थिक लाभ दिने प्रवर्द्धक संस्था छनौट गरी जलविद्युतमा निजी लगानी प्रवर्धन गर्ने व्यवस्था सहितको गण्डकी प्रदेश बिद्युत विकास ऐन, २०८२ जारी भईसकेको छ।विद्युत उत्पादन सम्बन्धी आयोजना निर्माणका कारमा स्थानीय बासिन्दालाई रोजगारीमा अवसर प्राप्त हुन सक्ने र प्रभावित स्थानीय बासिन्दालाई **शेयर लगानी गर्ने अवसर** प्राप्त हुनेछ | त्यसैगरी, स्थानीय कच्चा पदार्थ र प्राकृतिक स्रोतको उपयोग हुने, भौतिक पूर्वाधारको विकास र थप आर्थिक क्रियाकलाप बढाई सम्बृद प्रदेश निर्माणमा सहयोग पुग्न जाने छ।
- अहिलेसम्मको प्रयत्नबाट सतहको पानीबाट सिंचाइ हुने खालको सम्भावना भएको स्थानमा प्रायजसो सिंचाइ आयोजना निर्माण भईसकेका छन् भने कालीगण्डकी, मर्स्याङ्गदी, त्रिशुली, मादीलगायतका ठुला नदी निर्मित टारहरू तथा तराईमा अझै आधुनिक किसिमका सिंचाइ पूर्वाधार विकास गर्न सकिएको छैन।प्रदेश सरकारको सिंचाइमा विनियोजन भएको अधिकाँश वजेट परम्परागत सिंचाइ प्रणालीको स्तरउन्नति तथा सुधार र साविकमा निर्मित जीर्ण आयोजनाको नवीकरणमा खर्च हुने गरेको छ।
- **स-साना जलाशय,लिफ्ट र भूमिगत सिँचाइः**पानीको स्रोतको कमी भएका स्थानमा **स-साना जलाशयनिर्माण**गरी तथा त्यसको पनि सम्भावना नरहेका स्थानमा जमिन मुनि रहेको **भूमिगतपानी** लिफ्ट गरी र टारका हकमा तल खोलामा निरन्तर बग्ने गरेको पानीलाई जमिनको सतहमा उकाल्ने**लिफ्ट सिँचाइ**प्रणालीको विकासमा प्राथमिकता दिनुपरेको छ जसबाट प्रदेशको सिंचित क्षेत्रफल थप विस्तार गर्न सकियोस।
- **जग्गा एकीकरणमा आधारित नदी व्यवस्थापनः** ३ वर्ष पहिले हामीले काम गर्ने क्रममा स्याङ्जाको राँगखोला आसपासको आँधिखोला तटबन्ध निर्माणका क्रममा देखिएको स्थानीय विवादले नदी व्यवस्थापनमा रहेको नीतिगत र व्यावहारिक खाडललाई उजागर गरेको छ। स्थानीय जग्गाधनीहरूको आफ्नो जग्गा छाड्न नचाहने प्रवृति र प्राविधिकहरूको बाढी थेग्न बनाईने संरचनाको नाममा खोलाको प्राकृतिक चौडाइ घटाउन नमिल्ने तर्कले आपसी द्वन्द्व सिर्जना हुनपुग्यो । यस्ता किसिमका माग सम्बोधन गर्ने नाममा हाम्रा तटबन्धहरू भविश्यमा जलवायु परिवर्तनबाट सिर्जित ठूला बाढीको जोखिमयुक्त अवश्थामा पर्याप्त र कामयावी हुन नसकी साँघुरा र कमजोर सावित हुन जाने त हैनन् भन्ने भय उत्पन्न हुनेगरेको छ।जग्गा नापी

प्रणालीले बाढीको बहाव क्षेत्रलाई नसमेट्दा व्यवस्थित तटबन्ध निर्माणको क्रममा खोला किनारका जग्गाधनीहरूमात्र विस्थापित हुने तथा त्यस भन्दा भित्रतिर जग्गा हुनेको सबै जग्गा बच्न जाने विभेदकारी अवस्था छ।

- यस्तो समस्याको एक मात्र वैज्ञानिक समाधान'**जग्गा एकीकरणमा आधारित नदी व्यवस्थापन**'हो। यस विधिमा बाढीको जोखिममा रहेका सम्पूर्ण जग्गाको सिमाना एकीकृत गरी खोलाका लागि सुरक्षित र सोझो मार्ग सुनिश्चित गरिन्छ। खोलालाई चाहिने थप जमिन सबै बाढीको जोखिमयुक्त क्षेत्रमा जग्गा पर्ने जग्गाधनीबाट समानुपातिक रूपमा कट्टा गरी बाँकी जग्गालाई सुरक्षित, विकसित र आकर्षक कित्ताका रूपमा पुनः वितरण गरिन्छ। गण्डकी प्रदेशका महाभारत र चुरे क्षेत्रबाट बहने अनियन्त्रित नदीहरू र बाक्लो बस्ती भएका फाँटहरूमा यो विधिलाई नीतिगत रूपमै अगाडि बढाउनु अपरिहार्य भइसकेको छ।

## ७.राष्ट्रिय खानेपानी, सरसफाइ र स्वच्छता कार्य योजना (NWASH-MIS)

- रास्ट्रिय जनगणना, २०७८ को तथ्यांक अनुसार करिव ९७% प्रतिशत जनता आधारभूत स्तरको खानेपानीको पहुँचमा पुगेका छन् भने आ.व. २०७५/७६ देखि प्रदेश सरकारले **एक घर एक धारा**को कार्यक्रम आक्रमक रूपमा अघि सारेको छ भने अहिले प्रदेशका करिव ६५% घरधुरीमा निजी धारा जडान भैसकेका छन्।
- आ.व. २०८१/८२ र २०८२/८३ मा प्रदेश सरकारले अपबाद बाहेक नयाँ खानेपानी योजनाको सुरुआत गरेन।क्रमागत खानेपानी योजना संख्या झन्डै १२ सयको हाराहारीमा रहेका तर योजनागत औसत वजेट जम्मा १५-१६ लाखमात्र भएकोले योजना सम्पन्न हुने अवधिका बारेमा अहिले ठुलो अन्यौल्यता छाएको अवस्थामा रू ५० लाखसम्म रकम थप गर्दा सम्पन्न हुने खालका आयोजनालाई स्रोत सुनिस्चितता सहमति दिएर आगामी आ.व. मा सम्पन्न हुनेगरि कार्यान्वयन गर्नेगरिएको छ।
- जनप्रतिनिधिहरु खानेपानी वितरणको तथ्यांकसँग सहमत छैनन् किनकि खानेपानीको आयोजना पुगे पनि खानेपानी सुबिधा पर्याप्त र नियमित हुन नसकेको उनीहरुको गुनासो छ ।त्यसैले संघ र प्रदेश सरकारले यो समस्यालाई ठुलो चुनौतीका रुपममा लिएका छन्।यसका लागि स्थालगत रूपमा घर-घरमा पुगेर हरेक आयोजनाको वस्तुगत तथ्यांक सङ्कलन गरेर स्थानीय आवश्यकता अनुसारको योजना छनौट र कार्यान्वयनमा तीनै तहको सरकारको समन्वय र सहकार्यमा एकद्वारा प्रणाली लागू गर्न प्रयास गरिएको छ।
- खानेपानी आयोजनाहरूको योजनागत तथ्याङ्क स्थलगत रूपमा संकलन गरी त्यसको जिओरिफरेन्सिङ सहित बेसलाइन तथ्याङ्क सङ्कलन गरी त्यो तथ्यांक रास्ट्रिय सूचना प्रणालीमा आवद्ध गरिन लागेको छ।हालसम्म प्रदेशमा रहेका करिव **४०% घरधुरी र ५२% जनसंख्या**लेउपयोग गर्ने खानेपानी आयोजनाहरूको मुहान, पाइप लाइन, पानी ट्यांकी, पानी वितरण प्रणाली र व्यतिगत धारासम्मको तथ्यांक र तिनीहरूको विद्यमान भौतिक अवस्थातथा पानी आपूर्ति स्थितिका बारेमासमेत राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीमा विवरण आबद्धगर्ने काम भईसकेको छ।

- यसबाट खानेपानीको पहुँचमा पुगेको प्रादेशिक जनसङ्ख्यार खानेपानी सेवाको स्तर कस्तो छ भन्ने कुराको रियलटाइम डाटा थाहा हुन्छ। मर्मत-सम्भार र नयाँ निर्माण गर्नुपर्ने आयोजनाहरूको पहिचानर प्रारम्भिक लागत अनुमानसम्मको विवरण संकलन हुन्छ, जसलाई स्थानीय कार्यपालिकाको बैठकबाट प्राथमिकताक्रम सहित पारित गरिन्छ। आयोजनाको प्रकार,वर्गीकरणर अधिकार क्षेत्र अनुसार कुन तहको सरकारले कति रकम खर्च गर्ने भन्ने लगानीको मोडालिटी तयारगर्न NWASH-MIS लाई Decision Support System (DSS) को रूपमा लिन खोजिएको छ। चालु आ.व. भित्रमा गण्डकी प्रदेशका अधिकांश पालिकाको बेस लाईन तथ्यांक संकलन गरिसक्ने लक्ष्यकासाथ संघ, प्रदेश र स्थानीय तहका बीचमा समन्वयात्मक हिसावले काम भईरहेको छ।
- यो प्रणाली पूर्ण रूपमा कार्यन्वयनमा आएपछि अहिलेको जस्तो कतै आयोजना दोहोरो-तेहोरो पर्ने तर कतै आयोजना कहिल्यै नपर्ने जस्ता कमिकमजोरी हटाई आयोजना छनौटमा निक्कै प्रभावकारिता र स्रोत साधानको उपयोगमा मितव्ययिता कायम गर्नमा सघाउ पुग्ने विश्वास लिइएको छ।

## ८. वनलाई सौन्दर्यको साधन मात्र हैन : सम्वृद्धिको आधार पनि

- आर्थिक सर्वेक्षण, २०८० को तथ्यांक अनुसार- यस प्रदेशमा करिव ४५.६८ प्रतिशत जमिन वन क्षेत्रमा पर्दछ ।त्यसमा झाडी र बुट्यान क्षेत्र घटाउदा करिव ३७.८ % भुमिमा सघन वन-जंगलले ढाकेको छ। हामीले त्यति ठुलो भूभागबाट उत्पादित काठ, दाउराबाट ठुलो आर्थिक लाभ प्राप्त गर्ने अवसर हुँदा हुदै पनि अन्तरगतका सामुदायिक बन उपभोक्ताहरूको घरायसी काठ, दाउराको माग सम्बोधन गर्ने बाहेक सम्वृद्धिको साधन बनाउन सकेका छैनौ ।वन क्षेत्रको कुल आयको योगदान प्रादेशिक ग्राहस्थ उत्पादनमा करिब २ % मात्र छ। काठ या त जंगलमा कुहेर जान्छ या डडेलोले खरानी पार्छ तर हामीले यसको सदुपयोग गर्न सकेका छैनौ।
- कुनै खास प्रजातिको रुख निश्चित अवधिमा परिपक्व हुन्छ तर हामीले त्यसको सदुपयोग नगरी वातावरण संरक्षणका नाममा पालेर राखेका छौ। सरोकारवालाको चासो भनेको कुनै पनि वनको प्राकृतिकपन नखलबल्याईकन र पर्यावरणलाई असार नपारीकन उपयोग गर्नमा हामी निक्कै पछि परिसक्यौ भन्ने नै हो। गण्डकी प्रदेशले वन ऐन, २०८० जारी गरेर यस दिशामा अगाडी बढ्न खोजेको छ ।तर प्रदेशमा काठ उत्पादन वार्षिक ११.५० लाख क्युफिटबाट बढाई वार्षिक १५ लाख क्युफिट पुर्याउने दोस्रो पंचवर्षीय लक्ष्य कार्यान्वियन गर्नमा प्रशस्त मानसिक,नीतिगत र प्रक्रियागत चुनौती रहेका छन्। यदि यो ११ लाख क्यु फिट काठ जात हेरी औसत रू १,५००/- मा बजारमा ल्याउन सकिएमा पनि यसले वार्षिक रू २ अर्व २५ करोडको आम्दानी हुनसक्ने रहेछ । त्यसैले,प्रदेशसरकार मातहतको यो प्राकृतिक स्रोतलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गरी आर्थिक सम्वृद्धिको आधार बनाउन अत्यन्त जरूरी छ।
- इलाम, तेह्रथुम जिल्लामा एउटा अलैंची किसानले लगाएको उत्तिसको बोटलाई हेरौं। यो रूख १२-१३ वर्षमा काट्न योग्य हुन्छ। काट्नलाई, मुढा बनाउन र बाटोसम्म ढुवानी गर्दा यसले

अरु कामदारहरुलाई समेत रोजगारी दिन्छ। त्यसपछि कच्ची बाटोमा ट्याक्टरले ढुवानी गर्ने काम पाउँछ। पक्कीबाटो पुगेको ठाउँबाट ट्रकले मुढा संकलन गरि बजारसम्म ढुवानी गर्दछ। ट्रक व्यावसायीहरुले पनि लाभ लिन्छन्। बजारमा मुडा चिर्ने र प्लाइउड बनाउने स:मिलहरुले यसवाट प्लाइउड बनाउछन्। जसलाई स्थानीय शिकर्मीहरुले फर्निचर बनाउने र बजारमा ब्यापारीहरुले फर्निचर बेच्ने व्यवसाय गर्दछन्। त्यसैगरि प्लाइउड सीधै भारत निकासी हुँदावार्षिक अरवौ रूपैया वरावरको विदेशी मुद्रा भित्रिन्छ।काठ र अन्य वन पैदावारमा धनी यस प्रदेशमा पनि मूल्य अभिवृद्धिको यस्तो श्रृंखला कायम गर्न सकिन्छ।

**९सरसफाइ र समृद्धिको सेतु :पर्यटकीय राजधानी पोखरा .**

पोखरालाई 'पर्यटकीय राजधानी' घोषणा गरिनु प्रदेशकै गौरव हो। तर, यसलाई सार्थक बनाउन पोखरा महानगर र प्रदेशको समन्वयमा निम्न कार्य अनिवार्य छन्:

- **सरसफाइ र फोहर व्यवस्थापन:** 'फोहरबाट ऊर्जा' (Waste-to-Energy) प्रविधिमा निजी क्षेत्रलाई संलग्न गराई पोखरालाई 'शून्य-फोहर (Zero-Waste) सहर बनाउनुपर्छ। फेवा र बेगनास तालमा ढल मिसाउने कार्यलाई पूर्ण रूपमा निषेध गरी 'व्यवस्थित ढल प्रणाली' लागू गरिनुपर्छ।
- **शहरी सौन्दर्यकरण:**पर्यटकीय राजधानीमा एकजना पर्यटक बाटोमा हिड्दा कहिँ कतै आँखा नबिझाउनेगरि स्थानीय तथा मौलिक आर्किटेक्चरिंग झल्किने शहर, लाइन मिलेका घर, सफा र फराकिला सडक, चिटिक्कका फुटपाथ,साइकिल लेन, व्यवस्थित नाली, मूल सडक वरपर जोडिएका तर खाली जगामा रहेको झाडीको नियमित सरसफाइ, व्यवस्थित पार्क तथा सुगम, सहज र विश्वासिलो यातायात प्रणाली, वातावरण मैत्री शहर लगायतका पूर्वाधार आवश्यक हुन्छन्।
- जल क्रिडास्थलको विकास, नयाँ नयाँ गन्तव्यको विकास, खेल पर्यटन र सांस्कृतिक होमस्टेको प्रवर्धन गरी अन्तरास्ट्रिय रूपमा प्रचार प्रसार गर्न पनि उत्तिकै आवश्यक छ।
- **आर्थिक लक्ष्य:**पर्यटकको बसाइ अवधि**लम्ब्याउने** र दैनिक खर्च**बढाउने** रणनीति लिनुपर्छ। यसका लागि २४सै घण्टा व्यापारिक गतिविधि खुला रहने गरी सुरक्षा र पूर्वाधार तयार गरिनुपर्छ।

**१०समृद्धिका लागि मार्गचित्र :निष्कर्ष .**

- गण्डकी प्रदेशको विकासको अबको दिशा'**वितरणमुखी**'होइन, '**उत्पादनमुखी**'हुनुपर्छ। संघीय अनुदान घट्दै गएको र आफ्नो एकल आर्थिक स्रोत पर्याप्त नरहेको अवस्थामा चीनमा मासु निर्यात, औद्योगिक आलु लगायतका तरकारी,फलफूल, मसला लगायतका नगदे वालीको विस्तार, कृषिमा यान्त्रीकरण, सिंचित क्षेत्रफल विस्तार, निजी क्षेत्रको लगानी आकर्षित गरी जलविद्युत उत्पादन, वनको व्यावसायिक उपयोग, पर्यटन प्रवर्धन,प्रादेशिक सडक सञ्जाल गुरू योजनाको कार्यान्वयनर जग्गा एकीकरणमा आधारित शहरी विकासप्रमुख प्राथमिकतामा पर्नुपर्दछ।

- गण्डकी प्रदेश सरकारले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा व्यक्त गरिएको प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य समेतको आन्तरिकीकरण गर्दै, हालसम्मका सवल पक्षहरुको वढोत्तरी गर्दै, कमजोरिहरुको न्यूनिकरण गर्दैमाथि दिइएका सुझावहरुलाई योजनाबद्ध एवम् प्राथमिकताका साथ कार्यान्वयन गर्न सकेमा यस सरकारको चालू दोस्रो पञ्चवर्षीय योजनाले राखेको **'आत्मनिर्भर र समुन्नत प्रदेश'**को लक्ष्य प्राप्त गर्नमा महत्वपूर्णयोगदान पुग्न जाने देखिन्छ।



# खरानीबाट बौरिएको संरचना र संघीयताको सञ्चार अभ्यासः एक सिंहावलोकन

©बिमला भण्डारी
प्रेस रजिष्ट्रार, गण्डकी प्रदेश

## विषय प्रवेश

नेपालको संविधान, २०७२ जारी भई मुलुक विधिवत् रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेसँगै हाम्रो शासन व्यवस्थामा एक युगान्तकारी परिवर्तनको थालनी भयो। त्यही संवैधानिक मर्म र परिवर्तनको जगमा उभिएर गण्डकी प्रदेश सरकार स्थापना भएको आज आठ वर्ष पूरा भई नवौं वर्षमा प्रवेश गरेको छ। प्रदेश सरकारको आठौं स्थापना दिवस मनाइरहँदा हामी केवल वार्षिकोत्सव मात्र मनाइरहेका छैनौं, संघीयताको कार्यान्वयन, सुशासनको प्रत्याभूति र नागरिकलाई घरदैलोमै सेवा दिने महाअभियानको एक महत्वपूर्ण र निर्णायक मोडमा उभिएका छौं।

संघीयता नेपालका लागि केवल राजनीतिक संरचना वा भूगोलको पुनःसिमाङ्कन मात्र थिएन, यो त वर्षौंदेखिको केन्द्रीकृत मानसिकताको विकेन्द्रीकरण र नागरिक अधिकारको वास्तविक स्थानीयकरण पनि थियो। काठमाडौंको सिंहदरबार गाउँगाउँमाभन्ने नारालाई सार्थकता प्रदान गर्दै गण्डकी प्रदेश सरकारले सञ्चार क्षेत्रको नियमन, व्यवस्थापन र प्रवर्द्धनका लागि प्रेस रजिष्ट्रारको कार्यालयस्थापना गर्यो। आजको यो पुनीत अवसरमा म कार्यालयको नेतृत्वको हैसियतले हाम्रा भोगाई, उपलब्धि, चुनौती र भावी कार्यदिशालाई यस आलेखमार्फत साझा गर्न चाहन्छु।

## कार्यालयको पृष्ठभूमि र कानुनी धरातल

विगतमा नेपालको सञ्चार क्षेत्र पूर्णतः केन्द्रिकृत थियो। मोफसलमा बसेर पत्रकारिता गर्नेहरूले सञ्चार माध्यमको दर्ता, नवीकरण, प्रेस प्रतिनिधि प्रमाणपत्र लिन वा सामान्य नियमनका कामका लागि पनि काठमाडौंको सूचना तथा प्रसारण विभाग वा सीमित अधिकार पाएको जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता थियो। यो झन्झटिलो प्रक्रियाले साना लगानीका स्वरोजगारमूलक मिडियाहरूलाई निरुत्साहित गरिरहेको थियो। यही बाध्यात्मक परिस्थितिको अन्त्य गर्न र

संविधानले प्रदेशलाई दिएको एकल अधिकारको प्रयोग गर्न गण्डकी प्रदेश सभाले गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० निर्माण गर्यो। सोही ऐनको दफा ६ बमोजिम प्रदेश सरकारले प्रेस रजिष्ट्रारको नियुक्ति गरी २०८१ सालमा विधिवत् रूपमा कार्यालयको स्थापना गरेको हो।

यो कार्यालय प्रदेशभित्रका सञ्चार माध्यमहरूको अभिभावक र नियामक निकाय दुवै हो। ऐनको दफा ९ ले प्रेस रजिष्ट्रारलाई व्यापक अधिकार र जिम्मेवारी सुम्पेको छ। प्रदेशभित्र सञ्चालित एफ.एम. रेडियो, टेलिभिजन, अनलाइन र पत्रपत्रिकाको दर्ता, नवीकरण, अभिलेखीकरण, वर्गीकरणको सिफारिस, लोककल्याणकारी विज्ञापन व्यवस्थापन, श्रमजीवी पत्रकारको हकहित संरक्षण र सञ्चार क्षेत्रको अनुगमन गर्ने सम्पूर्ण जिम्मेवारी अब प्रदेश मातहत आएको छ। यसलाई अझ व्यवस्थित र कार्यमूलक बनाउन जारी भएकोगण्डकी प्रदेश आम सञ्चार नियमावली, २०८२ले थप स्पष्टता प्रदान गरेको छ। हामी अहिले ऐन र नियमावलीलाई पूर्ण कार्यान्वयन गर्दै स्वच्छ, मर्यादित, व्यावसायिक र जवाफदेही पत्रकारिताको परिकल्पनालाई साकार पार्न अहोरात्र क्रियाशील छौं।

## खरानीबाट बौरिएको संकल्पः त्यो विर्सन नसकिने दिन र हाम्रो पुनरागमन

इतिहास सधैं सरल रेखामा हिंड्दैन र सफलताको बाटो सधैं फूलले मात्र बिछ्याइएको हुँदैन। हामीले कार्यालय स्थापना गरेर सेवा प्रवाहलाई गति दिंदै थियौं, नयाँ उत्साह र उमंगका साथ काम गरिरहेका थियौं। तर, २०८२ साल भदौ २३ र २४ गतेको दिन हाम्रो कार्यालय र गण्डकीको सञ्चार इतिहासका लागि बिर्सन नसिकिने भयो । जेनजी आन्दोलनका क्रममा हाम्रा भौतिक संरचना, वर्षौंका अभिलेख, कागजात, कम्प्युटर, फर्निचर र प्रविधि आगोको लप्कामा जलेर खरानी भए। त्यो खरानीको थुप्रो र धुवाँको मुस्लो देख्दा लाग्थ्यो, केही समयका लागि हाम्रो प्रशासनिक मुटुको धड्कन बन्द भयो।

तर, भौतिक संरचना जल्न सक्छ, भवनका भित्ताहरू ढल्न सक्छन्, तर जनताको सेवा गर्ने राष्ट्रसेवकको संकल्प र इच्छाशक्ति आगोले कहिल्यै जलाउन सक्दैन। हामी त्यो खरानीको थुप्रोबाट पौराणिक कथाको फिनिक्स् चरा झैं बौरिएर उठ्यौं। आन्दोलनको राप सेलाउन नपाउँदै, जलेको कार्यालयको धुवाँको गन्ध नहराउँदै हामीले वैकल्पिक व्यवस्था गरेर सेवा प्रवाह सुचारु गयौं। जलेको कार्यालयको पीडालाई शक्तिमा बदल्दै हामीले सामूहिक अठोट गर्यौं , हाम्रो भवन जल्यो, तर हाम्रो कलम र किबोर्ड रोकिने छैन । आज त्यही अदम्य साहस र

टिमवर्कको जगमा उभिएर हामी अत्याधुनिक प्रविधिसहितको सेवा दिन सक्षम भएका छौं। त्यो दुखद घटनाले हामीलाई अझ बलियो, संयमित, धैर्यवान र जिम्मेवार बन्न सिकायो। हामीले व्यवहारबाटै प्रमाणित गर्यौं कि राज्यका निकायहरू नागरिकको सेवाका लागि जस्तोसुकै विषम र प्रतिकूल परिस्थितिमा पनि अविचलित रहन्छन्।

**बजेट, नीति र कार्यक्रमः सञ्चार क्षेत्रको सबलीकरण**

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रेस रजिष्ट्रारको कार्यालयले ३ करोड ९ लाख रुपैयाँ बराबरको वार्षिक विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। हाम्रो बजेट र नीति केवल परम्परागत प्रशासनिक खर्च र तलब भत्तामा मात्र सीमित छैन, यो गण्डकी प्रदेशको सञ्चार क्षेत्रको सर्वांगीण विकास, आधुनिकीकरण र सबलीकरणमा केन्द्रित छ।

**१. पत्रकार कल्याणकारी कोष र सम्मानः**

श्रमजीवी पत्रकारहरू समाजका पहरेदार हुन्, तर उनीहरू आफैं संकटमा पर्दा सहाराविहीन हुने अवस्था छ। पत्रकारहरू दुर्घटनामा पर्दा, गम्भीर बिरामी हुँदा वा संकटमा पर्दा राज्य अभिभावक बन्नुपर्छ भन्ने मान्यताका साथ हामीले १५ लाख रुपैयाँको पत्रकार कल्याण कोष स्थापना लागि बजेट विनियोजन गरेका छौं। साथै, जीवनको उर्वर समय पत्रकारितामा बिताएका अग्रजहरूको अनुभव र योगदानको कदर गर्दै ५ लाख रुपैयाँ विनियोजन गरी अग्रज पत्रकार सम्मान तथा अनुभव अभिलेखीकरण कार्यक्रम सञ्चालनमा ल्याएका छौं, जसले नयाँ पुस्तालाई मार्गदर्शन गर्नेछ।

**२. फेलोसिप र लेखनवृत्तिः**

सतही पत्रकारिताले समाजको गहिराई नाप्न सक्दैन। खोजी पत्रकारिता महँगो, समय लाग्ने र जोखिमपूर्ण हुन्छ। यसलाई प्रोत्साहन गर्न हामीले १५ लाख रुपैयाँको पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम सुरु गरेका छौं। यसले हतारको पत्रकारिता भन्दा माथि उठेर विषयको गहिराईमा पुगी समाचार लेख्ने पत्रकारहरूलाई आर्थिक आड भरोसा दिनेछ र गुणस्तरीय सामग्री उत्पादनमा टेवा पुर्याउनेछ।

**३. डिजिटल साक्षरता र एआईः**

प्रविधिको तीव्र विकाससँगै पत्रकारिताको स्वरूप र शैली आमूल परिवर्तन भएको छ। अबको पत्रकारिता टाइपराइटर र कागजमा सीमित छैन। हामीले १५ लाख रुपैयाँ विनियोजन गरी मिडिया साक्षरता, न्यु मिडिया र एआई सम्बन्धी तालिम सञ्चालन गरिरहेका छौं। हिजोको परम्परागत पत्रकारिताले मात्र अबको डिजिटल र एल्गोरिदमले निर्देशित गरेको युगको सामना गर्न सक्दैन भन्ने हाम्रो स्पष्ट बुझाई छ।

**४. मिडिया समिट र नीतिगत बहसः**

गण्डकीको सञ्चार क्षेत्रको वर्तमान अवस्था, चुनौती र भविष्यको मार्गचित्र कोर्न १० लाख बजेटमा गण्डकी मिडिया समिटआयोजना गर्दैछौं। यसले प्रदेशको मिडिया नीति निर्माणमा सरोकारवालाहरूको आवाज समेट्न कोशेढुङ्गा सावित हुनेछ।

**५. लोककल्याणकारी सामग्रीः**

जनतालाई सरकारी सेवा, सुविधाहरू र अधिकारबारे सुसूचित गर्न ४० लाख रुपैयाँ विनियोजन गरी लोककल्याणकारी तथा जनचेतनामूलक सामग्री निर्माण र वितरणको काम भइरहेको छ। यसले सरकार र नागरिकबिचको सूचनाको खाडल पुर्न मद्दत गर्नेछ।

**डिजिटल गण्डकी र स्मार्ट कार्यसम्पादन**

हामीले वर्षौंदेखि जरा गाडेर बसेकोसिंहदरबारको ढङ्गावादी मानसिकताभत्काउन चाहेका छौं। पुरानो धुलो जमेको ढङ्गा पल्टाउने र सेवाग्राहीलाई दिनभरि लाइनमा राख्ने परिपाटीको अन्त्य गर्न हामी स्मार्ट अफिसको अवधारणामा गएका छौं। यस वर्षको बजेटमा मिडिया रजिस्ट्रेसन डाटाबेस सफ्टवेयर,कार्ड जेनेरेटर सफ्टवेयर र प्रो वेबसाइटनिर्माणका लागि बजेट विनियोजन गरी काम अन्तिम चरणमा पुगेको छ।

अब गण्डकी प्रदेशको कुनै पनि कुनाबाट मिडिया दर्ता, नवीकरण वा प्रेस प्रतिनिधि प्रमाणपत्र लिनका लागि पोखरा नै धाउनुपर्ने बाध्यताको अन्त्य हुँदैछ। अनलाइन प्रणालीमार्फत घरमै बसेर आवेदन दिने, डिजिटल भुक्तानी गर्ने र डिजिटल कपी प्राप्त गर्ने व्यवस्था हामी मिलाउँदैछौं। सञ्चार माध्यमको अभिलेखलाई डिजिटाइज्डगरेर हामीले तथ्यांकमा आधारित नीति निर्माणको आधार तयार गरेका छौं। यो नै संघीयताले नागरिकलाई दिएको वास्तविक र अनुभूत गर्न सकिने सेवा हो।

**चुनौतीको चाङ र भ्रमपूर्ण सूचनाको लडाइँ**

हाम्रो अगाडि अवसरका ढोकाहरू मात्र होइनन्, पहाडजत्रा चुनौतीहरू पनि उभिएका छन्। आजको मुख्य चुनौती भनेको मिसइन्फर्मेसनर डिसइन्फर्मेसनहो। पोखराको लेकसाइडमा चितुवा पस्यो भनेर अर्को देशको भिडियो भाइरल गराउनेदेखि लिएर, विमान दुर्घटनाको संवेदनशील

समयमा भिडियो गेमको दृश्यलाई लाइभ भनेर प्रसारण गर्नेसम्मका गैरजिम्मेवार प्रवृत्तिले समाजलाई दिग्भ्रमित र त्रसित बनाएको छ।

सूचनाको बाढीको यो युगमा सही र गलत छुट्याउनु फलामको चिउरा चपाउनु सरह भएको छ। भाइरलहुने होडबाजी र क्लिकबेटपत्रकारिताले मूलधारको मिडियाको विश्वसनीयतामाथि समेत गम्भीर प्रश्न उठाएको छ। यसलाई चिर्न हामीले व्यापक रुपमामिडिया साक्षरताअभियान र सरोकारवालासँगको अन्तरक्रियालाई तीव्रता दिएका छौं। हामी नियमन मात्र गर्दैनौं, सचेतना पनि फैलाउँछौं। सरकार एक्लैले यो लडाइँ जित्न सक्दैन, त्यसैले नागरिक समाज, मिडिया हाउस, विद्यालय/कलेज र राजनीतिक नेतृत्वसँग हातेमालो आवश्यक छ।

अर्को चुनौती भनेको साना लगानीका र स्वरोजगारमूलक मिडियाहरूको आर्थिक दिगोपन हो। आर्थिक मन्दीका कारण विज्ञापन बजार खुम्चिएको छ। यसका लागि हामीले समानुपातिक विज्ञापन प्रणाली र लोककल्याणकारी विज्ञापनको न्यायोचित, पारदर्शी र वैज्ञानिक वितरणमा जोड दिएका छौं, ताकि साना मिडियाहरू पनि बाँच्न सकून्।

## प्रेस स्वतन्त्रता र मेरो दृष्टिकोण

एक प्रेस रजिष्ट्रारका रूपमा सरकारी ओहोदामा रहँदा मात्र नभई लामो समय पत्रकारिताको कर्ममा खारिएको, फिल्डमा दौडिएको र कलम चलाएको एक सञ्चारकर्मीका नाताले म स्पष्ट पार्न चाहन्छु लोकतन्त्रको प्राणवायु नै प्रेस स्वतन्त्रता हो। मेरो कार्यकालमा कुनै पनि बहानामा वा कुनै पनि आवरणमा प्रेसको घाँटी निमोठ्ने, अङ्कुश लगाउने काम हुनेछैन। तर, हामीले यो पनि भुल्नु हुँदैन कि स्वतन्त्रता भनेको स्वच्छन्दता होइन। स्वतन्त्रता र जिम्मेवारीसँगसँगै हिंड्नुपर्छ, यी एक रथका दुई पांग्रा हुन्।

हामीले बनाएको ऐन र नियमावलीले प्रेसलाई नियन्त्रण गर्ने होइन, व्यवस्थित र मर्यादित बनाउने उद्देश्य राखेको छ। दर्ता नभई चलेका मिडियालाई मूलधारमा ल्याउनु, श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सुनिश्चित गर्नु र पत्रकार आचारसंहिताको पूर्ण पालना गराउनु मेरो पहिलो प्राथमिकता हो। म चाहन्छु, गण्डकी प्रदेशको पत्रकारिताले कसैको दबाब, प्रभाव वा प्रलोभनमा नपरी नागरिकको आवाज बोलोस्। सत्ताको भजन गाउने होइन, सत्तालाई खबरदारी गर्ने, प्रश्न सोध्ने र समाजका बेथिति औंल्याउने पत्रकारिता यहाँ फस्टाओस्।

## संघीयताको सञ्चार उपलब्धिः केन्द्रीकृत मानसिकताको भञ्जीकरण

आजकल कतिपय कोणबाट संघीयता महँगो भयो, बोझिलो भयो भन्ने भाष्य निर्माण भइरहेको बेला प्रेस रजिष्ट्रारको कार्यालयले आफ्ना काम र सेवावाट पुष्टि गरेको छ कि संघीयता भनेको

नजिकको सरकारहो। हिजो एफ.एम. रेडियोको फ्रिक्वेन्सी लिन, नवीकरण गर्न वा पत्रिका दर्ता गर्न काठमाडौंको सिंहदरबार जानुपर्ने, महिनौं फाइल रोकिने र सास्ती खेप्नुपर्ने अवस्था थियो। आज गण्डकी प्रदेश सरकारले आफ्नै कानुन बनाएर, आफ्नै संरचना खडा गरेर यी सबै काम प्रदेशको राजधानी पोखराबाटै छिटो, छरितो र सहज ढंगले सम्पादन गरिरहेको छ।

नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरूलाई ११ वटै जिल्लामा संस्थागत विकासमा सहयोग पुर्याउने, मिडिया सेन्टर स्थापना गर्ने र पत्रकारको क्षमता विकासमा लगानी गर्ने काम प्रदेश सरकारले गरिरहेको छ। हामीले कानुनी र संरचनागत रुपमा सञ्चार क्षेत्रलाई यति बलियो बनाएका छौं कि अब पछाडि फर्कनुपर्दैन। यो संघीयताको सुन्दर पक्ष हो, जसले अधिकारलाई जनताको दैलोमा पुर्याएको छ।

**भावी कार्यदिशा र प्रतिबद्धता**

आगामी दिनमा हामीडिजिटल गण्डकीको अभियानलाई पूर्णता दिनेछौं। हाम्रो अर्जुनदृष्टि भनेको गण्डकी प्रदेशलाई मिडिया हबरडिजिटल साक्षर प्रदेशबनाउनु हो। यसका लागि हाम्रा प्राथमिकताहरू यसप्रकार छन्:

**१.पूर्ण डिजिटलाइजेसनः** आगामी आर्थिक वर्षभित्र कार्यालयका सम्पूर्ण सेवाहरू पेपरलेस कागज रहित बनाउने र सेवाग्राही कार्यालयमै नआई सेवा लिन सक्ने प्रणालीको विकास गर्ने लक्ष्य छ।

**२.व्यावसायिक सुरक्षाः** श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन नभएका र पत्रकारलाई न्यूनतम पारिश्रमिक नदिने मिडिया हाउसलाई सहजीकरण गरिने छ ।पत्रकारको पसिनाको मूल्य सुनिश्चित गर्न हामी लचकदार हुनेछौं।

**३. अनुसन्धानमूलक पत्रकारिताः** फेलोसिप कार्यक्रमलाई विस्तार गर्दै प्रदेशको समृद्धि, सुशासन र जनजीविकाका सवालमा टेवा पुर्याउने खोजमूलक सामाग्री उत्पादनमा जोड दिइनेछ।

**४. समावेशी सञ्चारः** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक समुदायको मुद्दालाई मूलधारको मिडियामा ल्याउन र उनीहरूको सहभागिता बढाउन विशेष प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।

**निष्कर्ष**

निष्कर्ष गण्डकी प्रदेशको आठौं स्थापना दिवस मनाइरहँदा हामी गर्वका साथ भन्न सक्छौं, हामीले सञ्चार क्षेत्रमा संघीयताको सफल र नमुना अभ्यास गरेका छौं। खरानीबाट उठेर पनि सेवा प्रवाहमा कुनै सम्झौता नगर्ने हाम्रो टिमको मनोबल उच्च छ। प्रेस रजिष्ट्रारको कार्यालय केवल एउटा सरकारी अड्डा वा प्रशासनिक एकाई मात्र होइन यो गण्डकीका तमाम सञ्चारकर्मी, मिडिया उद्यमी र आम नागरिकको भरोसा र विश्वासको केन्द्र हो। प्रेस रजिस्ट्रार कार्यालयले सञ्चालन गर्ने कार्यक्रमहरूमा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा र गण्डकी प्रदेश, संचार क्षेत्रका बिभिन्न संघ संस्था सहित सरोकारवाला निकायसँगको छलफल पृष्ठपोषण लिएर अगाडि बढिरहेको छ । यस कार्यालयको उद्देश्य अनुरुप गरिने सम्पूर्ण कार्यमा सबैको सहयोगको अपेक्षा गरेका छौ । परिवर्तनको यो यात्रामा निरन्तर साथ दिने गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चारकर्मी मित्रहरू, नागरिक समाज र आम सेवाग्राहीप्रति हार्दिक आभार व्यक्त गर्दछु। आउनुहोस्, मिथ्या सूचनाको डढेलोलाई सत्य सूचनाको पानीले निभाउँदै, प्रविधिमैत्री, अनुशासित र जिम्मेवार पत्रकारिताको माध्यमबाट हातेमालो गरौं। जय गण्डकी

# वातावरणीय अध्ययन प्रतिवेदनः विकास र वातावरण वीचको सन्तुलन
## (प्रकृयागत एवं समिक्षात्मक टिप्पणी)



पूर्णेश्वर सुवेदीः बरिष्ठ वन अधिकृत (दशौं),
वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश

१. पृष्ठभूमी

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा रहन पाउने मौलिक हकको सुनिश्चित गरेकोछ। विकास र वातावरण वीच सन्तुलन कायम राख्ने, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्ने,प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने, देशका प्रकृतिक स्रोतहरुको उपयोग गर्दा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्ने,जन साधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाउने नीतिको मार्गदर्शन संविधानले गरेको छ।[1]

संवैधानिक व्यवस्थालाई कार्यरुप दिईस्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न;वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति दिलाउन; वातावरण र विकास वीच समुचित सन्तुलन कायम गर्न;प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतिलाई सामाना गर्ने मूलभूत उद्देश्य राखी संघीय तथा प्रादेशिक वातावरण संरक्षण ऐन[2] र नियमावलीहरु[3]निर्माण भै कार्यान्वयनमा रहेको छन्।ऐन नियमावलीमा भएका व्यवस्थालाई एकरुपता र सरल रुपमा कार्यान्वयन गर्न/गराउन वातावरणीय अध्ययन प्रतिवेदन र वातावरणीय व्यवस्थापन योजना तयारीका साथै वातारणीय लेखा परीक्षण सम्वन्धी विषयगत क्षेत्रका निर्देशिका,मार्गदर्शन तयार भएका छन्।

राज्यद्धारा निर्माण गरिएका कानूनहरुको पालना गर्नु/गराउनु तीनै तहका सरकारका निकाय/कार्यालयमा कार्यरत हामी जनप्रतिनिधि, कर्मचारीएवं नागरिकसबैको अनिवार्य कर्तब्य,जिम्मेवारीर दायित्व हो। राज्यको विकास र समुन्नतिका लागि प्रस्ताव गरिएका सामाजिक एवं भौतिक पूर्वाधार योजनाहरु कार्यान्वयनको लागि वातावरणीय अध्ययन सम्वन्धित निकायको जिम्मेवारी र कर्तब्य हो। यसै सन्दर्भमा वातावरणीय अध्ययन के हो? किन वातावरणीय अध्ययन गर्ने? यो अध्ययन कसले गराउने हो? यसको स्वीकृत प्रकृया र पालना नगर्दाको

---

[1]नेपालको संविधान २०७२

[2]वातावरण संरक्षण ऐन, २०७६ र गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६

[3]वातावरण संरक्षण नियमावली, २०७७ र गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७

असर/परिणाम समेतका विषयवस्तुको वारेमा चासो राख्ने सरोकारवाला र सर्वसाधारण सबैमा जानकारी होस् भन्ने उद्देश्यले यो लेख तयार गरिएको छ।

## २. वातावरण

पृथ्वी हाम्रो साझा घर हो। हामी यसैमा बसिरहेका छौं। पृथ्वीबाट हामीले खानको लागि खाद्यान्न, स्वासप्रश्वासको लागि हावा,पिउनको लागि पानी,वासस्थान लागि जमिन पाईरहेका छौं। पृथ्वीको स्वच्छ वातावरणले गर्दा नैयो सबै प्राणीहरुको लागि बस्न योग्य भई आधारभूत जीवन चलिरहेको छ। पृथ्वीमा रहेका जैविक (जीवित) तथा अजैविक (निर्जिव) तत्वहरुको सामुहिक स्वरुप र तिनीहरु बीचको सन्तुलित अन्तरक्रियात्मक सम्बन्धबाट उत्पन्नपरिवेश वा अवस्था वातावरण हो।प्रचलित वातावरण कानूनले पनिप्राकृतिक,साँस्कृतिक र सामाजिक प्रणाली,आर्थिक तथा मानवीय क्रियाकलाप,यिनका तत्वहरु तथा तीतत्वहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्धलाई वातावरण सम्झनु पर्दछ भनीपरिभाषित गरेको छ। वातावरण,पारिस्थितिक प्रणालीर जैविक विविधताको संरक्षण वीच स्वचालित रुपमा अन्योन्याश्रित सम्बन्धचलिरहेको छ। जैविक विविधताको संरक्षण र पारिस्थितिकीय प्रणालीहरुले वातावरण सन्तुलनमा महत्वपूर्णभूमिका खेलिरहेका छन्।त्यसैले पृथ्वीको वातावरण र पारिस्थिकीय प्रणाली निरन्तर चलिरहन यसको दिगोरुपमा संरक्षण र व्यवस्थापनमा आ-आफ्नो ठाउँबाट हामीसबै लागि रहनु पर्दछ।

## ३. वातावरणीय अध्ययन के हो?

कुनै स्थानको विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास निर्माण कार्य,भौतिक निर्माण क्रियाकलापवा भू-उपयोग परिवर्तन गर्ने कुनै आयोजना वा योजना वा कार्यक्रम (यसपछि योजना भनिएको) ले वर्तमान अवस्थामा रहेको भौतिक,जैविक,रासायनिक,सामाजिक,आर्थिक र साँस्कृतिक वातावरणमा कुनै न कुनै किसिमले असर तथाप्रभाव पार्दछन्। यस्ता असर तथा प्रभावहरु सकारात्मक वा नकारात्मक दुबैसक्छन्। कुनै योजना कार्यान्वयनगर्दा त्यसले विद्यमान वातावरणीय अवस्थामा पार्ने सकारात्मक प्रभावलाई बढावा दिने,नकारात्मक प्रभावलाई न्यूनीकरणगर्नुका साथै आवश्यक बैकल्पिक उपायको खोजी गरी सिफारिस वा सुझाउन गरिने अध्ययनलाई वातावरणीय अध्ययनभनिन्छ। यस्ता वातावरणीय अध्ययनलाई प्रतिवेदनको रुपमा तयार गरिने हुनाले यसलाई वातावरण अध्ययन प्रतिवेदन भन्ने गरिन्छ। मौजुदा वातावरण संरक्षण ऐन/नियमावलीले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावित योजनाको आकार र प्रकृति हेरी संक्षिप्त वातावरणीय अध्ययन,प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन एवै पुरक वातावरणीय प्रभाव मूल्याङ्कनलाई समावेश गरेको छ।

## ४. वातावरणीय अध्ययन किन गर्ने?

पृथ्वीमा रहेका लाखौं जीवजन्तुहरु मध्येमानिस एक प्राणी हो। राज्यले नागरिकको सेवा सुविधा,अमोद प्रमोद, पहुँचको लागिभौतिक पूर्वाधारहरु जस्तैःबाटो घाटो,पुल पुलेसा, नहर, कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, पोखरी, जलाशय, विद्युत उत्पादन गृह, औद्योगिक क्षेत्र, बसपार्क, हवाइ मैदान, हस्पिटल, कलकारखाना लगायत अन्य सामाग्री उत्पादन गर्ने उद्योग आदि निर्माण गरी सञ्चालन गरी रहेको छ। यस्ता विकासका योजना कार्यान्वयन गर्दा एकातर्फ विद्यमान प्राकृतिक भू-उपयोगमा परिवर्तन हुन्छ अर्को तर्फ नियमित रुपमा चलिरहेको विद्यमान प्राकृतिक वातावरण,

प्रकृतिक अवस्था र जीवजन्तुमा प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेकै हुन्छ। प्रस्ताव (योजना) को कार्यान्वयनले निर्माणाधिन अवस्था र सम्पन्न पश्चात सञ्चालन चरणमा मौजुदा वातावरणका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक र रासायनिक पक्षमा असर तथा प्रभावपार्दछ। प्रस्तावहरु कार्यान्वयन गर्दाभौतिक वातावरणका सूचकहरु (जस्तैःवायु,जल र ध्वनीको अवस्था,भौगभिक संरचना,भू-क्षय,पहिरो जस्ताजोखिम); जैविक वातावरणका सूचकहरु (वन, वनस्पति,वन्यजन्तु र तिनको वासस्थानः पानी, आहारा र छँहरी एवं बासस्थान आदि); स्थानीयसमुदायर त्यसको वरिपरिको सामाजिक,आर्थिक तथा साँस्कृतिक वातावरणका सूचकहरु (शिक्षा,स्वास्थ्यर सरसफाई, कृषि, रोजगारी, बसाइसराई, वातावरणीय सौन्दर्यता, लैंगिक सवाल, धार्मिक तथा सांस्कृतिक स्थिति, साँस्कृतिक रितिरिवाज, सामाजिक स्थिति आदि); औद्योगिक क्षेत्रबाट निस्काशन हुनेठोस, तरल, ग्याँस, ध्वनी, धुलो तथा रसायनिक पदार्थका कारण विद्यमान जैविक र भौतिक वातावरणमा पर्न सक्नेअसर तथा प्रभाव के कस्ता देखिन सक्छन्? भविश्यमा के कस्तो परिवर्तन हुन सक्छ? भन्ने बारेमा जानकारी हुन पर्दछ। प्रस्तावको कार्यान्वयन गर्दा उल्लेखित क्षेत्रको विद्यमान वातावरणमा पर्ने असर तथा प्रभावको शुक्ष्म रुपमा पहिचान, आँकलन, तह निर्धारण, उल्लेखनियताको प्रक्षेपण गरीसम्बोधन गर्ने उपाय सहित सिफारिस गर्ने कार्य वातावरणीय अध्ययनले गर्दछ।

माथि उल्लेखित विभिन्न क्षेत्रका प्रस्तावको कार्यान्वयनबाट पर्न जाने असर तथा प्रभाव सकारात्मक हो भने त्यसलाई प्रभावलाई अझ बढावा दिनेउपायहरु के के हुन सक्छन्?असर तथा प्रभाव नकारात्मक पर्ने हो भने त्यस्ता प्रस्तावलाई कस्ता उपायहरु अवलम्बन गरीन्यूनीकरण गर्ने साथै विद्यामान अवस्थामा कार्यान्वयन गर्न नहुने प्रस्ताव रहेछ भने सो स्थान,डिजाईन र क्षमतापरिवर्तन गरी बैकल्पिक उपायहरुजस्तै निरोधात्मक हो भने पास्ताव कार्यान्वयन गर्दै नगर्ने, सुधारात्मक हो भने विकल्पका कार्यक्रम सहित र क्षतिपूर्ति दिनु पर्ने हो भने सोकोव्यवस्था समेत उल्लेख गरी वा अपनाई सम्बोधन गर्न सकिन्छ?प्रस्ताव कार्यान्वयनको बिकल्प खोजी गरी सुझाउने कार्य वातावरणीय अध्ययनले गर्दछ।

५. वातावरणीय अध्ययनका प्रकार

प्रदेशिक तथा सङ्घीय वातावरण संरक्षण ऐनमासंक्षिप्त वातावरणीय अध्ययन,प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन र पूरक वातावरणीय प्रभाव मूल्यांकन गरी चार प्रकारका वातावरणीय अध्ययन बारेमा उल्लेख गरिएको छ। कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्ताव (योजना) ले विद्यमान वातावरणमा उल्लेखनीय प्रति कूलप्रभाव पार्ने वा नपार्ने सम्वन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारानिराकरण वा न्यूनीकरण गर्नसङ्घीय तथा प्रदेशिक वातावरण संरक्षण नियमावलीको अनुसूची (१) का प्रस्तावका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन संक्षिप्त वातावरणीय अध्ययन हो भने विश्लेषणात्मक रुपमा अनुसूची (२) का प्रस्तावकालागि गरिने अध्ययन तथा मूल्यांकन प्रारम्भिक वातावरणीय परीक्षण हो। त्यस्तै उल्लेखित विषयकै सम्बन्धमाविस्तृत रुपमा अनुसूची (३) का प्रस्तावका लागि गरिने अध्ययन तथा मूल्यांकन वातावरणीय प्रभाव मूल्यांकन हो।एक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार,डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा,वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाकोक्षमता बृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पुनः गरिने वातावरणीय अध्ययनक नै पूरक वातावरणीय प्रभावमूल्यांकन हो।

६. वातावरणीय अध्ययनमा प्रस्ताव के हो? प्रस्तावकको हुन्छ ?

प्राकृतिक रुपमा रहेको विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने सम्वन्धमा तयार भएको तोकिएको स्थानमा कार्यान्वयन गर्न

अख्तियारवाला व्यक्ति वा निकाय वा कार्यालयबाट तयार गरिएको कुनैयोजनाको दस्तावेजलाई प्रस्तावभनेर बुझिन्छ। यही प्रस्तावलाई कार्यान्वयन गर्न स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न अख्तियार प्राप्त व्यक्ति वा निकाय वा कार्यालयलाई प्रस्तावक भनिन्छ। जुन निकायले योजना प्रस्तावगर्दछ,त्यसको कार्यान्वयन गर्ने योजना बनाउँछ,सोको संभाव्यता अध्ययन गरी विस्तृत प्रस्तावदस्तावेज तयार गर्दछ,सोको विस्तृत तथा लागत अनुमान तयार तथा स्वीकृत गरी योजनाको कार्यान्वयनको लागिठेक्काआह्वान गर्दछ, कार्य सम्पन्न गर्न ठेकेदार वा उपभोक्ता समितिसंग सम्झौता गरी वा अमानतबाट गर्ने भए कर्मचारीलाई योजना कार्यान्वयन गर्न कार्यादिश दिन्छ, त्यही व्यक्ति वा निकाय वा संस्था वा कार्यालयलाई नै प्रस्तावक हो। जसले स्वीकृत योजना कार्यान्वयन गर्ने बजेट सहितको अख्तियारी पाएको हुन्छ सोही निकाय प्रस्तावक हुन्छ। अझ सरल रुपमा भन्नु पर्दास्थानीयतहले कार्यान्वयन गर्ने सबै योजनाको प्रस्तावक स्थानीयतह हुन्छ भने संघवा प्रदेश सरकार मातहत रहेका सरकारी तथा ग्रैह्रसरकारी निकाय/कार्यालय जसमा अख्तियारी गएको हुन्छ त्योनिकाय/कार्यालयनै प्रस्तावक हो।

७. वातावरणीय अध्ययन कसले वा कुन निकायले गराउनु पर्दछ ?

प्रचलित वातावरण संरक्षण कानूनले वातावरणीयअध्ययन गरेर मात्र कार्यान्वयन गर्नुपर्ने प्रस्तावहरु (योजनाहरु) जुन लगानीकर्ता वा निकाय वा कार्यालयबाट कार्यान्वयन हुन गइरहेको छ,सोही लगानीकर्ता वा निकाय वा कार्यालयले अनिवार्यरुपमा वातावरणीयअध्ययन गराउनु पर्दछ। वातावरणीय अध्ययन गराउनु पर्ने भनी प्रचलित कानूनले तोकेका योजनाको अध्ययन नगराई अख्तियारवाला निकायले योजना कार्यान्वयन गराउनु हुँदैन। गरेमा प्रचलित कानूनको बर्खिलाप हुन्छ र सो कार्य दण्डनीय हुन्छ। उदाहरणको लागि “क” भन्ने नगर/गाउँपालिकाबाट प्रस्ताव गरिएको वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने हस्पिटल निर्माणको योजना (प्रस्ताव) सोही “क” भन्ने नगर/गाउँपालिकाले वातावरणीय अध्ययन गराउनु पर्दछ। सो योजनाको वातावरणीय अध्ययन गराउने कर्तव्य र जिम्मेवारी सोही “क”भन्ने नगर/गाउँपालिका कै हो। प्रदेश मातहतमा रहेको पूर्वाधार विकास कार्यालयबाट प्रचलित वातावरण कानून बमोजिम वातावरणीयअध्ययन गराएर मात्र कार्यान्वयन गर्नुपर्ने प्रदेश सडकको योजना (प्रस्ताव) को लागिबजेट स्वीकृत भएको छभने सोही पूर्वाधार विकास कार्यालयले नै वातावरणीयअध्ययन गरे/गराएर मात्र योजनाको कार्यान्वयन गर्नुपर्दछ। त्यस्तै,नेपाल विद्युत प्राधिकरणको २२० के.भि. विद्युत प्रशारण लाईन निर्माण आयोजना छभने सोही प्राधिकरणबाट सो आयोजनाको वातावरणीयअध्ययन गराई सो स्वीकृत गरेर मात्र आयोजना कार्यान्वयन गर्नुपर्दछ।

संक्षेपमा, जुन लगानीकर्ता वा निकाय वा कार्यालयले योजना कार्यान्वयन गर्नेहो,त्यही लगानीकर्ता वा निकाय वा कार्यालयले वातावरणीय अध्ययन गराएर मात्रयोजनाको कार्यान्वयन गर्ने कर्तव्यर जिम्मेवारी हुन्छ। तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सोको स्वीकृत गर्ने निकायबाट स्वीकृत भएपछिप्रचलित प्रकृया अवलम्बन गरेर मात्र सामाजिक विकास तथा पूर्वाधार निर्माणका योजना कार्यान्वयन गर्नुगराउनु संघीय, प्रादेशिक र स्थानीय तहका सरकारी निकायहरु,अन्यसबै संघसंस्थातथा लगानी कर्ताको कर्तब्य र जिम्मेवारीहो।

८. कस्तो प्रस्तावमा कुन वातावरणीय अध्ययन गर्ने

वातावरण संरक्षण ऐन,२०७६ र गण्डकी प्रदेश वातावरण संरक्षण ऐन,२०७६को दफा (३) मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने छ भनी उल्लेख गरेको छ। वातावरण संरक्षण नियमावली,२०७७र गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची १,२ र ३ मा १२ वटा क्षेत्रमा सूचीकृत गरिएका प्रस्ताव (कार्यहरु) हरु कार्यान्वयन गर्दा वातावरणीयअध्ययन गर्नु पर्ने भनी उल्लेख गरेको छ। यी क्षेत्रमा वन क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, पर्यटन क्षेत्र,

यातायात क्षेत्र, उर्जा, जलश्रोत तथा सिंचाइ क्षेत्र,खानेपानी क्षेत्र, आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र, फोहरमैला व्यवस्थापन क्षेत्र,उ द्योग क्षेत्र,खानी क्षेत्र र कृषि क्षेत्र रहेका रहेका छन्। प्रस्तावकले अनुसूची १ मा उल्लिखित प्रस्तावकोहकमा संक्षिप्त वातावरणीय अध्ययन,अनुसूची २ मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षणर अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्दछ (तालिका १)। ऐनको दफा ७ मा कसैलेपनि ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउनु हुँदैनभनी उल्लेख गरेको छ। तसर्थ वातावरणीय अध्ययन गर्नु पर्ने वा नपर्ने कस्तो प्रकारको प्रस्ताव हो,प्रादेशिक तथा संघीय वातावरण कानूनमा उल्लेखित अनुसूची हेरीवातावरणीय अध्ययन गर्नु पर्ने भएमा अनिवार्य अध्ययन गराई प्रस्तावको कार्यान्वयन गर्नु पर्दछ।

**तालिका १ : वातावरणीय अध्ययन गर्नुपर्ने क्षेत्रहरु**

| वातावरणीय अध्ययनका प्रकार | क्षेत्र र संख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वन | उद्योग | खानी | सडक पूर्वाधार | आवासभवन र शहरी विकास | उर्जा जलश्रोत र सिचाई | पर्यटन | खानेपानी | फोहरमैला व्यवस्थापन | कृषि | स्वास्थ | शिक्षा | |
| १. संक्षिप्त वातावरणीय अध्ययन | १६ | ४ | २ | २ | ६ | ६ | २ | १ | ३ | ० | १ | १ | ४४ |
| २. प्रारम्भिक वातावरणीय परीक्षण | २० | ७९ | ७ | ८ | ८ | १६ | ५ | ११ | ७ | १९ | १ | १ | १८२ |
| ३. वातावरणीय प्रभाव मूल्यांकन | १६ | ३१ | ९ | ६ | ७ | १२ | २ | ११ | १६ | ३ | १ | १ | ११५ |
| **जम्मा** | **५२** | **११४** | **१८** | **१६** | **२१** | **३४** | **९** | **२३** | **२६** | **२२** | **३** | **३** | **३४१** |

## ९. वातावरणीय अध्ययन स्वीकृतीको लागि पेश गर्ने निकाय

प्रादेशिक र संङ्घीय वातावरण संरक्षण ऐनमा वातावरणीय अध्ययन गरी तयार भएको वातावरण अध्ययनको प्रस्तावलाई प्रस्तावको गाम्भियर्तहिरी पेश गर्नुपर्ने निकाय तोकिएको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा (३) को उपदफा (२) र गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागितोकिए बमोजिमको प्रकृया पूरा गरी देहायको निकायसमक्ष पेश गर्ने व्यवस्थाछ।

(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना,लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानुन बमोजिम संघको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्वन्धित विकास निर्माण सम्वन्धीकार्यवा आयोजना,एक भन्दाबढी प्रदेशमा निर्माण कार्यगर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक परीक्षण भए नेपाल सरकारको सम्बन्धित मन्त्रालयसमक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत वन तथा वातावरण मन्त्रालयम पेश गर्ने व्यवस्थारहेको छ।[4]

(ख) प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्वन्धीकार्यवा आयोजना (प्रस्ताव) को संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए जुन मन्त्रालय

[4]वातावरण संरक्षण ऐन, २०७६ को दफा को उपदफा २ को खण्ड (क) बमोजिम

मातहत प्रस्ताव कार्यान्वयन हुने हो सोही मन्त्रालय र वातावरणीयप्रभाव मूल्याङ्कनको प्रतिवेदन भइ वातावरण हेर्ने प्रदेशको मन्त्रालल समक्ष पेश गर्ने व्यवस्थारहेको छ।[5]

(ग) स्थानीयतहको अधिकार क्षेत्रभित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्बन्धीकार्यवा आयोजना (प्रस्ताव) को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धित स्थानीयतहको कानूनले तोकेको निकायसमक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सम्बन्धित प्रदेशको वातावरण क्षेत्र हेर्ने मन्त्रालयसमक्ष पेश गर्नुपर्ने व्यवस्थारहेको छ। यसरी सम्बन्धित निकायसमक्ष पेश भएका प्रतिवेदन स्वीकृत भए पश्चात कार्यान्वयन गर्नुपर्दछ।[6]

## १०. वातावरणीय अध्ययन नगरी कार्य गर्दाको असर र परिणाम

सन्तुलित वातावरण कायम राख्नर वातावरणको प्राकृतिक स्वरुप क्षयगर्ने मानिसको ठूलो भूमिका छ। मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष,जानी वा नजानीकन दिनानुदिन विकास र आविष्कारको नाममा गरिएका क्रियाकलापहरुको कारण एकातर्फ प्राकृतिक वातावरणको स्वरुप विगारी रहेको छभने अर्को तर्फप्रत्येक बर्षठूलो धनजनको क्षतिसमेत हुने गरेको छ। आर्थिक विकास र आधुनिकीकरणको नाउँमा सिमित मात्रामा रहेका प्राकृतिक श्रोतहरुको अत्यधिक दोहनले पृथ्वीको वातावरणीय संन्तुलन नराम्रोसँग प्रभावित भएको छ। वातावरणीय अध्ययन विना बनाएका सामाजिक तथा पूर्वाधार निर्माण र डोजरे सडकहरुका कारण बर्षेनी बस्ती जोखिममा परेको,मानिसको घरबास उठीबास भएको,पुल पुलासाहरु भत्किएको,बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, वन्यजन्तु वासस्थानमा असर परेको,पानीका मुहानहरु सुकेको,सिमसार क्षेत्र थेग्रान थुप्रिई संकटमा परेको,जमिन मुनीको पानीको सतह घटेको,मानवतथा बन्यजन्तुको वासस्थान क्षयरविनास भई जीवन नै संकटमा परेको छ। यसले गर्दासमुदाय स्तर देखि राष्ट्रियर अन्तराष्ट्रिय स्तर सम्म वातावरणीय समस्याहरु देखा परेका छन्। नेपाल सरकार,प्रदेश सरकार र स्थानीयतहबाट सामाजिक तथा पूर्वाधार निर्माणको योजना कार्यान्वयन गर्दा वातावरणीय पक्षलाई कम ध्यान दिने गरेको अवस्था छ। हालमा आएर प्रदेशिक निकायबाट वातावरण अध्ययन कार्यको थालनी भै आएको छ। वर्तमानमा वातावरण र विकास एक अर्काका परिपुरक हुनु पर्नेमा सो नभईपरस्पर विरोधीको रुपमा देखा परेको, विकासका नाममा विनाश गर्ने गरेको जस्ता अभिव्यक्तिहरु मिडियाहरुबाट सार्वजनिक हुने गरेको पाईन्छ। नेपालमा प्रत्येक बर्ष वातावरणीय अध्ययन नगरी जथाभावी निर्माण गरिएका ग्रामीण सडक र अन्य पूर्वाधारका कारण जन,धन र सम्पतिमा क्षति भइरहेको छ। सरकारको लगानी बगाएर लगेको र क्षति भएको सुनसने गरेको छ। तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदनबाट निस्केको तथ्यर सोमा उल्लेख गरिएका वातावरणीय पक्षलाई सम्बोधन गरी सामाजिक तथा पूर्वाधार विकास गर्नुपर्ने देखिएको छ।

## ११. वातावरणीय अध्ययन स्वीकृत किन ढिलो हुन्छ?

संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धित स्थानीय तहको आफ्नो क्षेत्राधिकार भित्र कार्यान्वयन हुने योजनाको हकमा स्थानीय कानूनले तोकेको निकायबाट स्वीकृत हुने गरेको छ। त्यस्तै प्रदेशिक मन्त्रालयहरुको आफ्नो क्षेत्राधिकार भित्र कार्यान्वयन हुने योजनाको हकमा संक्षिप्त वातावरणीय

---

[5]गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को खण्ड (क) बमोजिम।

[6]वातावरण संरक्षण ऐन, २०७६ को दफा को उपदफा २ को को खण्ड (ग) बमोजिम र गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को खण्ड (ख) बमोजिम।

अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पनि सम्वन्धित प्रदेशिक मन्त्रालय आँफैले स्वीकृत गर्ने व्यवस्था रहेको छ।

स्थानीय तह र प्रदेशिक मन्त्रालयको क्षेत्राधिकार भित्र कार्यान्वयन हुने योजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन प्रचलित कानूनमा रहेको व्यवस्था बमोजिम सम्वन्धित निकायको निर्णय र सिफारिस दिनु पर्ने अवस्थामा सिफारिस सहित पठाउनु पर्दछ। वन तथा वातावरण मन्त्रालयले पेश हुन आएको प्रतिवेदन प्रारम्भिक अध्ययन गरी प्रचलित व्यवस्था बमोजिम विज्ञ सहितको सिफारिस समितिमा पेश गरी सुझाव लिने र समितबाट आएका सुझावहरु प्रस्तावकलाई सुधार गरी पेश गर्न पठाउने गरिन्छ। प्रस्तावकबाट सुधार भएर पेश भएको अध्ययन प्रतिवेदन मन्त्रालयको वेबपेजमा (वेवसाईटमा) राखी सुझाव लिई सुधार गर्न लगाई स्वीकृतिको लागि पेश गर्ने गरिन्छ। मन्त्रालयबाट स्वीकृत भएकोवातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्वन्धित प्रस्तावक कहाँ पठाउने गरिएको छ। वन तथा वातावरण मन्त्रालयले प्रतिवेदन उपर कुनै पनि बहानामा ढिलाई गर्न मिल्दैन। के र कुन कारणले प्रतिवेदनको कुन ठाउँमा सुधार गर्नु पर्ने हो? स्पष्ठ लेखि समय भित्र पठाउने गरिन्छ। वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने प्रस्तावकसँग समन्वय र सहजीकरण गर्दागर्दै देहायको कारणले प्रतिवेदन स्वीकृत प्रकृयामा ढिलाई हुने गरेको छ।

(क) प्रचलित कानूनले तोकेको ढाँचामा प्रतिवेदन पेश नहुनु,

(ख) अध्ययन प्रतिवेदनमा तयार गर्ने योग्यता पुगेका विज्ञ संलगन भएको नहुनु,

(ग) प्रस्तावक, परामर्शदाता र सोमा संलग्न विज्ञले स्वघोषणा नगरी र चेकलिष्ट नभरी प्रतिवेदन पेश गर्नु,

(घ) प्रस्तावक सरकारी निकायका प्रमुखबाट निर्णय नगरी प्रतिवेदन पठाउनु,

(ङ) प्रारम्भिक र विज्ञ सहितको वातावरणीय अध्ययन प्रतिवेदन सिफारिस समितिले दिएका सुझाप पठाएकोमा समयमा प्रतिक्रिया/जवाफ नपठाउनु,

(च) स्थानीय तह र प्रदेशको क्षेत्राधिकारमा सञ्चालय हुने योजनाको अध्ययन प्रतिवेदन सम्वन्तित स्थानीय तह र मन्त्रालयबाट सिफारिस नभई पेश हुने र

(छ) संघीय सरकारको क्षेत्राधिकाबाट स्वीकृत हुने अध्ययन प्रतिवेदन समेत प्रदेशमा पेश हुनु।

माथि उल्लेखित विवरणहरु समयमा र तोकिए बमोजिम पेश हुन सकेमा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन समयमै स्वीकृत भई योजनाको कार्यान्वयन समयमै हुन सक्ने देखिन्छ।

## १२. वातावरणीय अध्ययन नगर्दा हुने जरिवाना र क्षतिपूर्तिको कानूनी व्यवस्था के छ?

वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्तावको वातावरणीय अध्ययन नगरीकन कुनै कार्यगरे वा गराएमा सम्बन्धित निकायले निम्नअनुसार जरिबाना गर्ने व्यवस्था वातावरण संरक्षण ऐन,२०७६ को दफा (३५) ले गरेको छ।

(क) संक्षिप्त वातावरणीय अध्ययन गराउनुपर्ने प्रस्तावस्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्तावकार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्तावकार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्मर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गराउनुपर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्तावकार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्मजरिवाना हुने व्यवस्थारहेको छ।

(ख) प्रस्तावकले माथि (क) मा उल्लेख गरे बमोजिमको कार्यगरेमा सम्बन्धित निकायले त्यस्तोकार्यतुरुन्तरोकी वातावरणीयअध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा वातावरण ऐन बमोजिम त्यस्तोप्रतिवेदन स्वीकृत गराउन र त्यस्तोप्रतिवेदन विपरीतको कार्यभएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिने व्यवस्थाऐनले गरेको छ। साथै उक्त योजना कार्यान्वयन गर्न रोक लगाउन सक्ने व्यवस्था समेत दफा ३ग ले गरेको छ। सम्बन्धित निकायले दिएको आदेश बमोजिम कार्यनभएमा सम्बन्धित निकायले माथिउल्लेख बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना सम्बन्धित व्यक्ति वा संस्थालाई गर्ने व्यवस्थाऐनले गरेको छ।

(ग) कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कार्यगरेमा वा वातावरण ऐन,नियम,निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटना जन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति, संस्थावा स्थानीय समुदायलाई कुनै हानी नोक्सानी पुग्नगएमा त्यस्तोकार्यबाट पिडित व्यक्ति,संस्थावा स्थानीय समुदायले सम्बन्धित निकायमा क्षति पूर्तिभराई पाउन निवेदन दिएमा छानबिन गरी उचित क्षतिपूर्ति भराई दिने व्यवस्था समेत ऐनमा रहेको छ।

## १३. निष्कर्ष

वर्तमानमा वातावरण संरक्षण र व्यवस्थापनको विषय राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारको विषय बनेको छ। वातावरणीय अध्ययन विना हामीले हाम्रो सुविधाका लागि राम्रो कार्यभनी निर्माण गरेका सामाजिक तथा विकास पूर्वाधारहरुको कारण विद्यमान वातावरणीय सन्तुलनमा विग्रन पुगेको छ। यीनै क्रियाकलापका कारण वातावरणका भौतिक र जैविकहरु वीचको सन्तुलित अवस्थामा खलल् पारी प्राकृतिक सम्पदा र जनजीविकाको क्षेत्रमा बहुआयामिक असर तथा प्रभावदेखिन थालेका छन्। वातावरणीय अध्ययनले जुनसुकै योजना कार्यान्वयन गर्दा एकातर्फ विद्यमान वातावरणमा पर्ने सक्नेसम्भाव्य असर तथा प्रभावको पहिचान, आंकलन, मुल्यांकन र प्रभाव प्रक्षेपण गर्दछ भने अर्को तर्फ त्यसबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभाव घटाउने, सकारात्मक प्रभावलाई बढाउने र बैकल्पिक उपायहरुको खोज गरी सुझाउने प्रयास गरेको हुन्छ। तसर्थ वातावरणीय अध्ययन गर्नुपर्ने योजनाहरु तयार गर्दा वातावरणीय पक्षलाई एक अभिन्न अंगको रुपमा लिएर योजना कार्यान्वयन गर्नु पर्दछ। वातावरण संरक्षण जस्तो बहुआयामिक विषय कुनै एक निकायको प्रयासबाट संवोधन गर्न कठिन छ। त्यसैले समयमै वातावरण संरक्षण र व्यवस्थापन क्षेत्रमा सचेतना अभियानमा प्रत्येक व्यक्ति, समुदाय, सरकारी तथा गैंह्रसरकारी निकाय, संघ, संस्थाहरु लाग्नु पर्ने देखिएको छझ विकास योजनाको कार्यान्वयन गर्दावातावरण र विकासको वीचको तादाम्यता मिलाई विकासका पूर्वाधारको निर्माण गरौं। नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्नपाउने मौलिक हकको सम्मान गरौं। दिगो विकास गन्तव्यको यात्रामा सहभागी होऔं।

# युवा र विद्यार्थीलाई मार्गदर्शन गराउन चाहेको देश



**हिमा पोखेल**
**उपसचिव**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सुन्दर, शान्त र विशाल मेरो प्यारो देश नेपाल मलाई साच्चै स्वर्ग जस्तो लाग्छ। जीवनका कथा र व्यथाबाट अलि पर सेतो चाँदी झैं टलक्क टल्केको हिमाल, अस्थिर मनलाई शान्त पार्ने जादुमय अग्ला पहाड, लाखौं जीव जीवात्माको संसारलाई ढपक्कै ढाकी दिएको घनाजंगल, स्वच्छ र पवित्रताको प्रतिकको रुपमा कलकल र निश्चल रुपमा बगेको नदी ,खोला र झरना, साच्चै के छैन हामी सँग ?

अभिमानले झुकेको आलिशान जीवन भन्दा स्वाभिमानले निर्धक्क उठेको ठाडो शिर अमूल्य हुन्छ भन्ने पुर्खाको सन्देश पुस्तान्तरण हुन नसकेरै होला आज कृषिप्रधान मुलुकमा रमाउने पौरखी हातहरुलाई परदेशको रङ्गिन , कृत्रिम र क्षणभंगुर दुनियामा चुम्बकले ताने जसरी तानिदिएको छ।

गुरुले चौतारीमा बसेर शिष्यलाई असल आचारणको बारेमा, नैतिकताको बारेमा र स्वच्छ जीवनशैलीका बारेमा ज्ञान दिने प्रचलन थियो(प्राचिन समय) उ बेला। अहिले ठूला ठूला पुस्तकका ठेली सहित आफ्नो तौल बराबरको झोला र स-साना नानी बाबुको पिठ्युसम्झदा लाग्छ अब शिक्षालाई नैतिकता, सदाचारीता, गुणस्तरीयता, इमान्दारिता, कर्तव्यपरायणता भन्दा पनि मूल्य,आकार, परिमाणले मात्र सफलताको मापन गरिदैंछ।

आज मुलुक युवा खोजेर भेट्टाउनै नसकिने अवस्थामा पुग्यो। हिजो उनिहरुलाई राष्ट्रप्रेम, परिवार, समाज र सभ्यता सिकाउन सकेका हुन्थ्यौ भने, स्वाभिमान, मेहनेत र लगाव सिकाएका हुन्थ्यौ भने, आत्मनिर्भरता , सिप र दक्षता पढाएका हुन्थ्यौ भने यसरी देश उर्जा विहिन, विशेषज्ञ विहिन संख्याको थुप्रो मात्र बन्दैनथ्यो। बिछोडको पिडाले मातापिताको नयनबाट झरेका आशूँका थोपा भन्दा विदेशी भुमिको डलर मूल्यवान् हुँदैनथ्यो। निराशा भित्रका आशाहरुलाई पुन: जागृत बनाउनु छ हामीले। बालबालिकालाई अब कलम मात्र समाउन होइन बाझो भूमि उर्वरा कसरी हुन्छ भनेर हलो, जुवा र कोदालो पनि पढाउनुपर्छ। हामीले हाम्रो जमिनलाई उर्वरा भूमिमा रुपान्तरण गराउन व्यवहारिक, सिपमूलक, रोजगारमूलक पाठ्यक्रम निर्धारण गर्नुपर्दछ।हामी हाम्रो मौलिकतालाई पहिचान, उपयोग र विकास गर्दै पूर्ण प्रतिस्पर्धी बनाउन सक्छौ भन्ने विश्वास युवा जगतमा दिलाउन आवश्यक छ।

त्यसका लागि सबै भन्दा ठूलो नीतिमा सुधार गर्नुपर्छ। त्यो हो राजनीति। राजनीति सर्वोच्च नीति हो तर नेपालीको मन मष्तिस्कमा राजनीति भन्ने बित्तिकै नेताको व्यक्तित्व, जीवनशैली,आचरण र स्वार्थ, महत्वकांक्षा र अदुरदर्षिता सम्झने प्रचलन बढेको छ। सायद अब राजनीतिको सैद्वान्तिक मर्म समेत नाश हुने गरी हाम्रो नेतृत्वले राजनीतिको अभ्यास गरेको हुनाले हुनसक्छ यति धेरै राजनीति प्रतिको वितृष्णा फैलिएको। हामीले सर्वप्रथम राजनीतिक सोच, संस्कार, संस्कृति र प्रवृत्ति सुधार गर्नुपर्छ। त्यसका लागि जनतामैत्री नेतृत्व,विरामीमैत्री डाक्टर, विद्यार्थीमैत्री शिक्षक, स्वास्थ्यमैत्री उत्पादन, उपभोक्तामैत्री बजार, सेवामैत्री प्रशासक उत्पादन गर्नुपर्दछ भने यसका लागि युवा वर्ग र विद्यार्थीमा लगानी ,विश्वास र धैर्यता आवश्यक छ।

युवा पलायन रोक्नका लागि हामीले युवा उद्यमी उत्पादनको रणनीति तय गर्दै incubation center खोल्नुपर्छ। हामीले बनाएका कानूनले युवा उद्यमीलाई पलायन होइन आकर्षितगराउनुपर्दछ। झन्झटिला , प्रक्रियामुखी कानुनका नियमनकारी दफा दफा देखाएर उर्जाशिल युवालाई हतोत्साहित गर्ने गरी अल्झाउने र बल्झाउने काम अब रोक्नुपर्छ । एकीकृत र सरलिकृत कानुन मार्फत युवामा रोजगारमूलक, आयमूलक र आत्मनिर्भर उद्यमशीलताको प्रवर्द्वन गर्नुपर्दछ। अनुदान र सहुलियत वितरणमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर विधिसम्मत र वैज्ञानिक आधारमा वास्तविक कृषक, उद्यमीलाई प्रोत्साहन गर्ने अठोट लिनुपर्दछ। शिक्षा,स्वास्थ्य, यातायात, उत्पादन र उपभोग जस्ता विविध क्षेत्रमा भएका सिन्डिकेट, कार्टेलिङ्ग र कालो बजारीलाई कडाईका साथ रोक्नुपर्दछ। कार्वन उत्सर्जनबाट विकशित मुलुकबाट क्षतिपूर्ति लिई सो रकम वातावरणमैत्री पूर्वाधार निर्माण कार्यमा खर्च गर्नुपर्दछ। देशलाइ आत्मनिर्भर बनाउन आयात प्रतिस्थापन गरि निर्यात प्रबर्दन गर्न सक्नुपर्दछ । बाह्य मुलुकबाट सामान मात्र आएको छैन रोग,विषादी र असुरक्षा पनि भित्रिएको छ । अखाद्य सामाग्री रोक्ने सरकारको प्रथम कार्य हो । त्यसका लागि आयात हुने सीमाक्षेत्रमा तरकारी,फलफुल र खाद्यान्न लगायतको विषादि जाँच गरेर मात्र भित्र्याउने प्रावधानलाइ अनिवार्य गर्न सक्नुपर्दछ । सुधारका सबै पहल तबमात्र सफल हुन्छन जब सरकार,निजी क्षेत्र र आम नागरिक सगँसँगै उभिनु अपरिहार्य हुन्छ ।

अर्को तर्फ विकासको सबैभन्दा ठुलो बाधक तत्व अनि सबैभन्दा ठूलो रोगहो **भ्रष्टाचार** । यसले सबै सीमा नाघिसकेको छ। नयाँ नयाँ भेरियन्टको रुपमा नेपाल सिध्याउने हेतु अग्रसर छ। पछिल्लो समय राजनीति र प्रशासनका अकल्पनिय घटनाक्रम बाहिरिँदै गर्दा मुलुक नबनेको कारण प्राय जगजाहेरै छ। त्यसैले भ्रष्टाचार गर्ने व्यक्ति मुलुकको प्रथम अपराधी हो भनेर त्यसै अनुरुप दण्डको कठोर व्यवस्था लागु गर्नुपर्छ। हामीले नीतिगत भ्रष्टाचार देखि सबै क्षेत्र स्वास्थ्य, शिक्षा , व्यापार, वाणिज्य, आपूर्ति, उत्पादन, वितरण र उपभोग सम्म मात्र नभै मन, मस्तिष्क र चिन्तन समेतबाट भ्रष्टाचारको समूल नष्ट गर्नु प्रथम आवश्यकता बन्नुपर्दछ। साच्चै देश बन्छ यदि युवा वर्गमा धैर्यता, विश्वास र कर्मशीलता छ

भने र विधार्थीहरुमावर्तमान परिवेशमा देखिएको संकट, अभाव, विभेद, अनियमितता र अस्थिरताकै आधारमा हतोत्साही नभै धैर्यवान मस्तिष्कबाट नवप्रवर्तनलाई जन्माउने साहस छ भने सकुञ्जेल देशले हामीलाई धेरै चिज दियो अव देश थलिएको बेला हामीले देशलाई केही दिनुपर्दछ।

हे, प्रिय विद्यार्थी भाइबहिनि हो,खुशी हुने चाहाना सबैसँग हुन्छ तर खुशी रहने योजना केहिसँग मात्र हुन्छ । हामीले अव यही देशमा बसेर समुन्नत देश निर्माणको लागी कार्यान्वयनयोग्य योजना बनाउनु पर्दछ । महत्वकांक्षी सोच त्यागी बाँझो जमिनमा टेक्नुपर्दछ। तराइलाई शितलता अनि हिमाललाई न्यानोपनले सेक्नुपर्छ।

हे प्रिय युवा हो, जो पल पलमा गुनासो मात्र गर्छ त्यो मानिस साच्चै जिम्मेवारीबाट विमुख छ भनि आकलन गर्न सकिन्छ । युवा जमात आवाजविहीनहरुको आवाज हो । आवाजले सत्ता, शक्ति देखि सडकसम्म छुनसक्छ । जिन्दगी बदल्ने तागत छ आवाजमा । त्यसैले जागौं सकारात्मक परिवर्तनका लागी । जागौं सुशासन कायमका लागी ।

अब हामी आफू बनौ, आफूलाई सुधारौ, आफूलाई परिपक्व बनाऔ र आफ्नो राष्ट्रप्रतिको दायित्व र कर्तव्य सम्झी सुधारका लागी जागौं र जगाऔं यसका लागि सर्वप्रथम राजनीतिक नेतृत्वको सोच, शैली र कार्यदक्षतामा समेत रुपान्तरण हुन आवश्यक छ। नेतृत्वमा अव युवा जगत पुग्नु र पुर्याउनु आवश्यक छ। व्यक्तिगत लाभ र स्वार्थ माथि उठेर अव युवा जगत सु-संस्कृत समाज र राष्ट्र निर्माणको अभियानमा होमिनुको विकल्प छैन। हामीले प्रत्येक पाठशालामा बुझाउन आवश्यक छ कि खानु सबैले एक पेट हो, अन्त्य सबैको निश्चित छ। मृत्यु पश्चात एक भारि दाउरा र सलाई बाहेक अरु संचित धन दौलत सब बेकाम छ। सबै नागरिक यो राज्यका समान भोगकर्ता हुन् भने किन कोही अघाएर डकार्छ भने कोही किन भोकाएर तडपिन्छ। सबैलाई समान राप र ताप दिने सूर्य, समान शितलता पैदा गर्ने रुख जस्तै हामी किन समन्यायिक बन्न सक्दैनौ। हो, यस्तै समस्याको समाधानकर्ता अरु कोही नभएर अव विद्यार्थी र युवा हुनुपर्छ।

आशाको दियो बनेर, न्यायको तराजु बनेर पिछडिएका बस्ति र बिछोडिएका मनमनमा मलम लगाउने अभिभारा अव युवाले लिनुपर्छ। हाम्रो पहिचान हाम्रो मौलिकता भित्र खोज्दै हाम्रा सम्भावानालाई आधार बनाइ पुर्ण प्रतिस्पर्धी बनाउन सकेमात्र देश आत्मनिर्भर भै आयात प्रतिस्थापन हुनेमा विश्वस्त हुन सकिन्छ । त्यसपछि वि.सं. २०८७ सालसम्ममा हामीले निशुल्क, सीपमूलक, रोजगारमूलक र गुणस्तरीय शिक्षा, उर्वरा र उत्पादनमुखी कृषि प्रणाली, निष्ठावान्, इमान्दारी र नैतिकवान राजनीति, सेवामैत्री , पारदर्शी र मिहनेती प्रशासन ,विभेदरहित रसमतामूलक सामाजिक परिवेश, प्रदुषणरहित र वातावरणमैत्री विकास,

स्वच्छ र स्थानीय कच्चापदार्थमैत्री उत्पादन , गुणस्तरीय र निर्यातमूलक उद्योग, वाणीज्य र व्यापार सहितको लोभलाग्दो नेपाल देख्न सक्नेछौं।

अन्तयमा,मेरा प्रिय युवा तथा विद्यार्थी भाइबहिनीहरु,यदी जान्यौ भने हाम्रो कमजोरी हाम्रो समाज र राष्ट्र रुपान्तरणको कारण बन्न सक्छ । त्यसैले सो समिक्षा गरी आ-आफ्ना कमजोरीलाइ स्वीकार गर्नु महानता हो भने कमजोरीबाट पाठ सिकेर (Lesson Learn) सोलाई शक्तिमा बदल्नु उत्तम विकल्प हो ।

धन्यवाद

# Trend and Dynamics of Public Agriculture Extension Service (PAES Delivery in Nepal



**Arjun Dev Jnawali**
Email: arjun.jnawali@nepal.gov.np
Senior Agriculture Extension Officer (9th)
Ministry of Agriculture, Land Management and Cooperatives, Pokhara

**Abstract**

The economy of Nepal is largely dependent on agriculture while agriculture development depends on effective extension service delivery system. This paper analyzes the public agriculture extension service (PAES) delivery in Nepal since its historic base to current issues and challenges. The study highlights the transition of traditional system of extension toward demand-driven, pluralistic, and participatory models with respect to socio-political change. The study also proposes strategic reform pathways in response to changing context to achieve self-reliant, sustainable, competitive and inclusive agriculture which drives economic growth and contributes to improved livelihoods and food and nutritional security leading to food sovereignty as envisioned by Agriculture Development Strategy (ADS).

**Keywords**: agriculture extension service, agricultural transformation, federalism, pluralism

**1. Background**

Agriculture extension is a service and/or system which enhance farmers' capacity to make informed decisions regarding production, technology adoption, and market engagement. It encompasses transmission of improved technologies from research station to farmers. It is connective bridge linking research outputs, technology innovations, market information, and policy directives to farming households and rural communities. Extension worker (also called as extension agents) serve as facilitators of knowledge transfer, catalysts for behavioral change, and advocates for farmer interests within broader agricultural development processes. That’s why extension is valued from bringing desirable change in knowledge, skill and attitude of farmer and farming communities.

Nepalese extension system exhibits pluralistic characteristics, involving multiple service providers with varied mandates. The government managed extension system is regarded here as Public Agriculture Extension Service (PAES) delivery system, a dominant one since past and responsible for equitable service provision to all farmers regardless of economic status or geographic location. On the other side, private extension service is emerged through agricultural supply companies, agro-vet dealers, and other input suppliers. Beyond these two broad categories there are some extension services provided by non-governmental organizations (NGOs), development partners as

complementary service along with other activities and farmer-to-farmer extension system at community level to facilitate horizontal knowledge exchange and peer learning mechanisms.

## 2. Historical Evolution of Agriculture Extension in Nepal

The formal beginning of public extension service started on 1921 with the establishment of the *Krishi Adda* (Agriculture Office). Structured framework is started only with the First Five-Year Plan in 1956. Since then, various models have been tested, with mixed results.

The early period (1950s-1960s) of PAES delivery system equipped through district-level agricultural officers and community development workers, operating within severely constrained budgetary frameworks and limited geographic coverage. Later in 1970-80s a gradual expansion of extension bureaucracy with structured institutionalsystem (District Agriculture Development Offices (DADO) and District Livestock Services Officers (DLSO)). Extension system was managed through special extension agents (subject matter specialist (SMS)) to focus on specific commodities and farming practices according to their expertism.

Farmer-centered extension system is adopted in 1990-2000s to improve the limitations of former supply-driven approaches. The Tuki Approach, Farming Systems Research and Extension (FSRE) and Block Production Programs are some of them which turned towards demand-responsive service delivery. However, implementation remained inconsistent due to limited resource allocation and persistence of top-down administrative culture. The “Tuki System” and “Farmer Group Approach” developed in 1970s are regarded as significant and successful approach. They utilized locally rooted volunteer farmers and helps to build strong social capital. However, some approach like the "Training and Visit" (T&V) is criticized due to cost and coverage issue for marginalized groups after donor funding ended.

The entire agricultural governance architecture was changed dramatically with the adoption of new constitution on 2015. Local levels have constitutional mandates and exclusive right of operating and managing agriculture extension service. All three tiers of government are equipped with exclusive and concurrent power with title “agriculture”. The entire transition shows a gradual shift from hierarchical centralized system toward pluralistic, multi-tiered and inclusive governance arrangements emphasizing subsidiarity and local autonomy.

**Table 1: Comparative Glimpse of Unitary vs. Federal Extension Structures**

| Feature | Unitary System (Pre-2015) | Federal System (Post-2015) |
|---|---|---|
| Governance | Centralized / Top-down | Decentralized / Bottom-up |
| Institutional Hubs | 75 DADOs | 753 Local Level (Agriculture Sections) |
| Jurisdiction | Managed by Central Dept. of | Sole jurisdiction of Local |

| | Agriculture | Governments |
|---|---|---|
| Approach | Rigid, technician-led packages | Participatory,locally-tailored planning |

**3. Architecture of Public Extension Service Delivery in the Federal Context**

The Constitution of Nepal (2015) has defined the all forms of public service delivery system among three tiers of government. Meanwhile, the PAES delivery is explicitly defined for local level based on the subsidiarity principle. The exclusive rights of local level (schedule -8), the Cabinet Unbundling Report and Section 3, Article 11 (*Da*, 1-10) of Local Government Operation Act, 2017 mentioned regarding operation, management and control of agriculture extension as a sole right of local levels. The existing legal ground focus on policy & plan formulation, human resource management, capacity building & empowerment, supply & regulation of seed, breed, fertilizer & pesticides, coordination, management & regulation of farmers group and agriculture cooperatives, conservation & technology transfer of local knowledge, development & management of local resource center, promotion of organic farming & organic fertilizers regarding PAES delivery.

Meanwhile, federal level is responsible for national policy, standards, international trade, and strategic research through Nepal Agriculture Research Council (NARC), the provincial government focuses on technical backstopping, provincial planning, connecting tissue between federal and local level, and providing laboratory services like soil and seed testing with the goal of agriculture and livestock development. With no doubt the local levels are holding the sole mandate for the frontline extension delivery in Nepal. Along with this, National Agriculture Policy (NAP), 2004 and Agriculture Development Strategy (ADS), 2015-2035 provides strategic vision to guide extension service delivery and explicitly embraces pluralistic, decentralized, and demand-driven extension approaches with recognizing that no single provider can adequately serve all farmer and geographic contexts. Despite the provision, a "strategic paralysis" exists in ADS implementation because it was designed under unitary system and not been fully updated to align with the federal reality.

**4. Emerging Trends and Dynamics**

Various interconnected factors are driving the transformation process of ancient form of public extension system to a modern one. Privatization, liberalization, federalization and technological advancement are principal factors responsible for new trends and dynamics. Along with these, rural-urban migration and increasing feminization in agriculture, impact of climate change and food security concern, rising food related trade deficit and import dependency, international trade relation and comparative advantages of Nepalese agriculture are some other underlying factors.

**4.1 Demand-Driven and Participatory Approach**

Traditional extension service model was merely a top-down and supply-driven or also called a pre-determined approach where farmers were treated as passive recipients. Todays' extension service

is shifting towards demand-driven and jointly determined approach where famers are deciding the shape of extension service they receive and are treating as active agents of change. Farmers are participated in every step of extension service cycle (planning to benefit sharing).

### 4.2 Federalization and Decentralization of Service Delivery

Nepal has extremely diverse agro-climatic condition with varied farmers capabilities, no single central model fits to all corner. Federalization and Decentralization respect the autonomy in political, administrative and financial form to plan, implement and manage extension service as per the need of farmers and agro-climatic conditions based on principle of subsidiarity.

### 4.3 Pluralistic Service Delivery and Public-Private Partnership (PPP)

The democratic restoration movement of 1990 adopted economic liberalization and privatization with the aim of transitioning from state-controlled sector to market-oriented and competitive sector. The private sector, NGOs, famers cooperatives and community-based organizations (CBOs) have begun extending to complement government effort on extension service. This approach was adopted with the aim of pooling the resources and reducing the burden of government in service delivery but the implementation silo is losing the synergy somewhere.

### 4.4 Gender-Responsive and Inclusive Extension

Nepalese agriculture is increasingly feminized due to multiple reason; the major one is male out-migration. There is both boon and burden perspective of it, but the worth of women's role in farming and managing household food cannot be neglected. That's why extension system increasingly emphasize gender responsiveness. Both the NAP and ADS highlights the gender responsive and inclusion principle (safety net provisions) with the target of raising women's participation in wide range of agriculture program. Similar case for youth to absorb the demographic dividends.

### 4.5 Climate-Smart and Sustainable Agriculture Approach

The adoption of climate responsive budget code, internalization of both Millenium and Sustainable Development Goals (MDGs & SDGs) and other international commitments (eg. Net zero by 2045) cultivates the idea of climate-smart and sustainable approach in agriculture extension system. Nowadays, extension services are increasingly focusing climate adaption and mitigation, climate smart village, digital village initiatives, improving crop varieties according to changing conditions, integrated pest management (IPM) and so on.

### 4.6 Artificial Intelligence (AI) and Information Communication Technology (ICT) Dynamics: e-Extension/Virtual Extension

The increasing developmental pace of AI and ICT creates significant opportunities for e-extension or virtual world extension. Nepal is adopting mobile-based advisory services, Short Message

Service (SMS), social media platforms, and web-based flatforms to extendweather based agro-advisory, price and commodities information from Market Information System (MIS), crop disease-pest diagnosis and online learning.

AI is emerging as a radical transformative technology and approach globally in agriculture extension service delivery. AI have multifold use and advantages over previous one with few disadvantages. Specifically, AI can be used: (1) to predict weather and early warning system for pest and diseases; (2) to promote precision agriculture via remote sensing data to increase the resource use efficiency of production inputs; (3) to diagnose crop disease and insect using computer vision technology by using smartphone camera images; and (4) to provide advice on farming practices and market information via chatbots and virtual assistants 24/7. Despite the potential, the digital divide remains a critical challenge to adopt ICT and AI in Nepalese agriculture extension service.

5. Key Issues and Challenges

### 5.1 Federalism-Induced Institutional Complexities

Federalization not only created opportunities but also some issues and challenges to streamline the PAES delivery. The major are; (1) the functional overlap and unclear demarcation on rights (concurrent right “Agriculture”) between tiers of government, which iscreating confusion; (2) weak inter-tier coordination mechanism (no mandatory committees, nascent and ineffectively operationalized); (3) imbalance in functions and financial resource allocation (province and local level are equipped with crucial agriculture function with limited financial resource and capabilities).

### 5.2 Human Resource Deficits and Capacity Gaps

The head heavy federal structure has created quantitative shortfalls in extension personnel in the local levels (remote affected the most) creating high extension-to-farmer ratio (1-3 officer for 15,000-100,000 farmers). The effectiveness of PAES is also hampered by the quality-of-service delivery by extension personnel because most of field-level personnels lack minimal training exposure and certification. Meanwhile, motivational deficit (unclear roles, deploying in other duty rather than agriculture, minimal career progression etc.) also hampering the PAES delivery.

### 5.3 Limited Geographic and Socioeconomic Coverage

Although inclusive extension approach implemented, there is a wide geographic (remote area often ignored) and socioeconomic (farmer segmentation bias results in commercially oriented and resource rich farmers rather than ultra poor and subsistence farmers) coverage gap exist.

### 5.4 Uncoordinated Pluralistic Service Provision

The pluralistic approach is not yielding the desirable impact; it has been adopted since more than 3 decades though. Without mandatory and functional coordination mechanisms among different

stakeholder extension program operates in silos. This creates confusion and information consistency among farmers.

## 6. Reform Pathways in Changing Context

### 6.1 Inter-Tier Governance and Coordination

Following measures are crucial under federalization context. (1) Inter-tier coordination mechanism must extend to functional-level coordination enabling consistency among three tiers government and non-state actors. Functionalize the coordination mechanisms adopted by Inter-Governmental Relation Act, 2020 in planning, implementation, monitoring and evaluation (M&E) of agriculture development program; (2) delineation of roles and responsibilities, and align them with adequate resource allocation mechanisms; (3) stablish information-sharing system to foster inter-tier visibility and coherence to prevent duplication.

### 6.2 Capacity Building

Capacity building requires; (1) systematic training such as service orientation, in-service, refresher and seasonal long master training programs to fulfill the existing technical competency gap in province and local levels; (2) make necessary legal reform in Civil Service Act and Regulation (Federal and Provincial) with specifying educational qualifications and enabling career progression to attract and retain extension professionals in province and local levels; (3) build technical and professional networks to enable peer learning, technical backstopping and professional development via formal/informal gathering, online forum and technical libraries.

### 6.3 Farmer Motivation and Youth Attraction

Farmers motivation and youth attraction requires; (1) fostering market-oriented extension system to strengthen commercialization, value-addition and market linkage rather than input supply and production related aspects; (2) adopting labor-saving practices (mechanization) and efficient (technology based for eg. Remote Sensing) production system to attract youth in agri-business; (3) investing and prioritizing farmer organizations (Farmers Field Schools (FFS), Producer Associations etc.) to promote farmer-to-farmer information sharing; (4) materializing the concept of Community Agriculture Extension Service Centre (CAESCs) as specified in ADS to reorient existing extension system.

### 6.4 Smoothen LDC Graduation Plan

Extension must emphasize commodities having high export value and comparative advantage along with productivity enhancement and competitiveness raising efforts on existing production system to smoothen the LDC graduation transition.

### 6.5 Trade Deficit Focused Plan

The rising trade deficit reflects structural challenges in agriculture system that's why extension must support import substitution through domestic production enhancement (specially for basic food items) along with export-oriented extension system (promoting high value crops, value addition, quality enhancement, meeting technical compliance etc.).

### 6.6 Address the "Double Burden" of Women

The double burden (farm and family management) of women needs to be addressed via; (1) empowering women from doing manual jobs to decision-making and ownership roles in farm; (2) implementing socio-economic protection to manage their role in unpaid domestic care and farm business; (3) securing land tenure and resource equity (credit accessibility, women friendly machine and technology, and markets information).

### 6.7 Invest in Digital Infrastructure and Literacy

Extend broadband internet connectivity, invest in digital literacy program (for farmers and technicians) to use ICT and AI-based platform specially in major production pockets at first degree and to all pocket gradually. Partnership with NARC, Universities and technology companies to develop Nepal specific such tools rather than adopting foreign-developed platforms on wholesale, which not only foster Research-Extension-Teaching-Farmer linkage but also strengthen PPP.

## 7. Conclusion

The extension system in Nepal is gradually improving with respect to socio-economic and political transformation. The unitary, supply-driven and technician-led system becomes pluralistic, demand-driven and farmer-led with federalization. The federalization has brought service closer to the people in principle only, creating vacuum of coordination, forcing PAES delivery system at a critical stage. Nepalese agricultural is highly valued from poverty reduction, food and nutritional security and inclusive development but the transformation strongly depends on effective and efficient extension system. A radical shift in existing extension system is required from "subsidy-first" approach to "knowledge-first" approach.

# खण्ड ख

## गण्डकी प्रदेशको संक्षिप्त परिचय

### प्रदेशको नाम र राजधानी

- मितिः- २०७४/११/०४ पहिलो प्रदेश सरकारको गठन।
- मितिः- २०७५/०३/१८ मा प्रदेश सभाको २४ औं बैठकबाट यस प्रदेशको राजधानी **पोखरा** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित।
- मितिः- २०७५/०३/२२ मा प्रदेश सभाको २६ औं बैठकबाट यस प्रदेशको नामाकंन **गण्डकी** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको।
- प्रदेश सिमानाः- पूर्व- वागमती प्रदेश, पश्चिम- लुम्बिनी र कर्णाली प्रदेश, उत्तर- चीन, दक्षिण- लुम्बिनी प्रदेश र भारत।

### प्रदेश अन्तर्गतका जिल्लाहरू -११ वटा

- कास्की,गोरखा,तनहुँ,नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पर्वत,बागलुङ, मनाङ,मुस्ताङ, म्याग्दी लमजुङ, स्याङ्जा।


### भौगोलिक अवस्थिति

- विश्व मानचित्रमा २७°२६'१५" उत्तरी अक्षांशदेखि २९°१९'५०" उत्तरी अक्षांशसम्म।
- ८२°५२'४५" पूर्वी देशान्तरदेखि ८५°१२'०५" पूर्वी देशान्तरसम्म ।
- नेपालको कूल भू-भागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात २१,९७४ वर्ग कि.मी. भूभाग ओगटेको।
- उचाइ समुद्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८,१६७ मिटर (धौलागिरी) सम्म फैलिएको।




- गाण्डव ऋषिको नामबाट गण्डकी नदी / सप्तगण्डकी नामकरण।

- गण्डकीका सातवटा सहायक नदीहरू रहेको (त्रिशुली, बुढीगण्डकी, दरौदी,मर्स्याङ्दी, मादी, सेती, कालीगण्डकी)
- कूल क्षेत्रफलः-२१७३३ वर्ग कि.मि.
    - हिमाली -५८१९ वर्ग कि.मि.,
    - पहाडी -१४६०४ वर्ग कि.मि.,
    - तराई - १३१० वर्ग कि.मि.




**जनसांख्यिक विवरण**

- कूल जनसंख्या २४,६६,४२७ मध्येपुरुषको संख्या ११,७०,८३३ (४७.४७ प्रतिशत) र महिलाको संख्या १२,९५,५९४ (५२.५३ प्रतिशत)।
- लैङ्गिक अनुपात अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९०.३७ रहेको।
- वार्षिक औषत जनसंख्या वृद्बिदर ०.२५ प्रतिशत।
- जनघनत्व ११५ जना प्रतिवर्ग किलोमिटर।
- धेरै जनघनत्व कास्की जिल्ला (२९७ जना प्रति वर्ग किलोमिटर)।
- सबैभन्दा कम मनाङ जिल्लामा (३ जना प्रति वर्ग किलोमिटर) ।
- कुल जनसंख्यामा ६२.८ प्रतिशत (१५ देखि ५९ वर्ष उमेरका )।
- १४ वर्ष वा सो भन्दा कम उमेर समूह २३.९ प्रतिशत।
- ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या १३.३ प्रतिशत ।
- वार्षिक जनसंख्या वृद्धिदर :- ०.२५%।
- औसत परिवार सदस्य संख्या :- ३.७२ जना।
- विदेशमा अक्सर बसोबास गर्ने :- १३.०८% प्रदेशको कुल जनसंख्या।

**सबैभन्दा बढी जनसंख्या**

- जिल्ला :- कास्की (६लाख ५१ जना)
- नगरपालिका :- कावासोती नगरपालिका (८६,८२१ जना), नवलपरासी (ब.सु.पू.) (बर्दघाट सुस्ता पूर्व)
- गाउँपालिका :- विनयी त्रिवेणी गाउंपालिका (३८,३७०जना), नवलपरासी (ब.सु.पू.) (बर्दघाट सुस्ता पूर्व)

**सबैभन्दा कम जनसंख्या**

- जिल्ला :- मनाङ (५,६५८ जना)
- नगरपालिका :- राईनास नगरपालिका, लमजुङ (१७,४८१ जना)
- गाउँपालिका :- नार्पाभूमि गाउँपालिका, मनाङ (३९६ जना), नेपालकै सबैभन्दा कम।

**जनघनत्व**

- बढी जनघनत्व भएको जिल्ला :- कास्की (२९७ जना प्रतिवर्ग कि.मी.)
- कम जनघनत्व भएको जिल्ला :- मनाङ (३ जना प्रति वर्ग कि.मी.)
- बढी जनघनत्व भएको नगरपालिका :- कावासोती (८०१ जना प्रति वर्ग कि.मी.)।
- कम जनघनत्व भएको नगरपालिका :- ढोरपाटन,(१३५ जना)।

## लैंगिक अनुपात

- बढी लैंगिक अनुपात भएको जिल्ला :- मनाङ (१२९.४४ )
- कम लैंगिक अनुपात भएको जिल्ला :- स्याङ्जा (८५.५७)
- बढी लैंगिक अनुपात भएको नगरपालिका :- गैंडाकोट (९१.५७)
- कम लैंगिक अनुपात भएको नगरपालिका : भीरकोट (८२.९५)

## गण्डकी प्रदेशमा मानिने धर्महरू

- हिन्दुः- ८२.२% (२० लाख २७ हजार ९८० जना)
- बौद्धः- ११.५% (२ लाख ८४ हजार ६४२ जना
- क्रिश्चियन :- २.४% (५८ हजार ३१५)
- बोन :- २.२% (५३ हजार ४०५ जना)
- इस्लाम :- ०.९%(२२ हजार ३६१ जना)
- प्रकृतिः- ०.७% (१६ हजार ६३५५ जना)
- किंरातः- ०.१%(२ हजार ९६८ जना)
- शिखः- ४७ जना
- जैनः- ३९ जना
- बहाईः- २५ जना

## मुख्य जातजाति र जनसंख्या

- प्रदेशमा जम्मा १०७ जातजातिको बसोवास।
- गण्डकी प्रदेशमा मिश्रित जातजातिको बसोबास।
- मुख्य जातिहरू ब्राह्मण, मगर,क्षेत्री,गुरुङ, दलित, थारु, नेवार, छन्त्याल, थकाली, मुसलमान आदि।
- धेरै जनसंख्या भएका ५ जातिहरू पहाडी ब्राह्मण :- २०%, मगर १८.८%, क्षेत्री (१३.१%), गुरुङ (११%), दलित (९.३%)।
- कम जनसंख्या भएका ५ जातिहरू हायु (१०जना), नाचिरिङ (११ जना),कुशवाडिया (१२जना), थुलुङ (१६ जना), चाम्लिङ (१६ जना)

## गण्डकी प्रदेशको राजनीतिक तथा प्रशासनिक विभाजन

| | | स्थानिय तह | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **जिल्ला** | **नगरपालिका** | **गाउँपालिका** | **प्रतिनिधी सभा** | **प्रदेश सभा** |
| १ | म्याग्दी | १ | ५ | १ | २ |
| २ | मुस्ताङ | ० | ५ | १ | २ |
| ३ | पर्वत | २ | ५ | १ | २ |
| ४ | बाग्लुङ | ४ | ६ | २ | ४ |
| ५ | मनाङ | ० | ४ | १ | २ |
| ६ | स्याङ्जा | ५ | ६ | २ | ४ |
| ७ | गोरखा | २ | ९ | २ | ४ |
| ८ | लमजुङ | ४ | ४ | १ | २ |
| ९ | तनहुँ | ४ | ६ | २ | ४ |
| १० | कास्की | १ | ४ | ३ | ६ |
| ११ | नवलपरासी (ब.सु.पू.)(ब.सु.पू) | ४ | ४ | २ | ४ |

**संक्षेपः-**

महानगरपालिका :- १(एक)

नगरपालिका :- २६(छब्बिस)

गाउँपालिका :- ५८(अन्ठाउन्न)

स्थानिय तह जम्मा:- ८५(पचासी)

समावेश जिल्ला :- ११

क्षेत्रफल:-२१७३३ वर्ग कि.मि.- हिमाली -५८१९ वर्ग कि.मि.,पहाडी -१४६०४ वर्ग कि.मि.,तराई — १३१० वर्ग कि.मि.

प्रतिनिधि सभा निर्वाचन क्षेत्र :-१८

प्रदेश सभा निर्वाचन क्षेत्र :- ३६

प्रदेश सभा कुल सदस्य संख्या :- ६० जना

प्रत्यक्ष निर्वाचित :- ३६ जना

समानुपातिक निर्वाचित :- २४ जना

## प्रदेश सभा

प्रदेश सभामा कूल सदस्य संख्या- ६० जना।

पहिलो हुने निर्वाचित हुने तर्फ- ३६ जना।

समानुपातिक तर्फ- २४ जना।

प्रदेश सभाको पहिलो बैठक- प्रथम कार्यकालः- वि.सं. २०७४/१०/२२

दोश्रो कार्यकालः- वि.सं. २०७९/०९/१८

**प्रदेश सभाका सभामुख-**

| क्र.सं. | नाम थर | अवधि (देखि — सम्म) | कैफियत |
|---|---|---|---|
| १. | मा. नेत्र नाथ अधिकारी | २०७४।११।३ देखि २०७९।०५।२२ सम्म | प्रथम कार्यकाल |
| २. | मा. कृष्ण प्रसाद धिताल | २०७९।०९।३० देखि हालसम्म | दोश्रो कार्यकाल |

**प्रदेश सभाका उपसभामुख-**

| क्र.सं. | नाम थर | अवधि (देखि — सम्म) | कैफियत |
|---|---|---|---|
| १. | मा. सिर्जना शर्मा | २०७४।११।०६ देखि २०७९।०५।२२ सम्म | प्रथम कार्यकाल |
| २. | मा. विना कुमारी थापा | २०७९।१०।०२ गते देखि हालसम्म | दोश्रो कार्यकाल |

## प्रदेश मन्त्रिपरिषद्

पहिलो मन्त्रिमण्डल गठन मितिः २०७४ फाल्गुण ०४

**मुख्यमन्त्रीहरूः**

| क्र.सं. | नाम, थर | अवधि (देखि-सम्म) | सम्बद्ध दल |
|---|---|---|---|
| १. | श्री पृथ्वीसुब्बा गुरुङ | २०७४।११।०४—२०७८।०२।२८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २. | श्री कृष्णचन्द्र नेपाली पोखरेल | २०७८।०२।२९ — २०७९।०९।२५ | नेपाली कांँग्रेस |
| ३. | श्री खगराज अधिकारी | २०७९।०९।२५ —२०८०।०१।१४ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

| क्र.सं. | नाम, थर | अवधि (देखि-सम्म) | सम्बद्ध दल |
|---|---|---|---|
| ४. | श्री सुरेन्द्रराज पाण्डे | २०८०।०१।१४ —२०८०।१२।२५ | नेपाली काँग्रेस |
| ५. | श्री खगराज अधिकारी | २०८०।१२।२५ —२०८१।०२।१६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६ | श्री सुरेन्द्रराज पाण्डे | २०८१-०२-१६ —हालसम्म | नेपाली काँग्रेस |

# खण्ड ग

## समष्टिगत गतिविधि

### समष्टिगत उपलब्धि

प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य र पछिल्लो प्रगतिको अवस्थालाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | सूचक | एकाइ | आधार अवस्था | | आ.व. अनुसार वार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ (यथार्थ) | २०८१/८२ (अनुमानित) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु.दश लाखमा | ५१८००० | ५४८१६१ | ५५६०७८ | ५७३८५१ | ५९५००४ | ६९३८०३ |
| २. | प्राथमिक क्षेत्रको अनुपात | प्रतिशत | २७ | २६.४१ | २५.७१ | २४.८६ | २४.०३ | २३.२९ |
| ३. | द्वितीय क्षेत्रको अनुपात | प्रतिशत | १६.८ | १६.७६ | १७.१४ | १७.५५ | १७.९५ | १८.३६ |
| ४. | तृतीय क्षेत्रको अनुपात | प्रतिशत | ५६.२ | ५६.८० | ५६.८३ | ५७.१३ | ५७.५९ | ५८.०२ |
| ५. | प्रतिव्यक्ति आय (GNI Per Capitain US $) | डलर | १५७० | १५७७ (यथार्थ) | १८२० | २००० | २३०० | २५०० |
| ६. | जलविद्युत्उत्पादन ((जडित क्षमता | मेगावाट | ८२१ | ९३३ | १२०० | १६०० | १७०० | २५०० |
| ७. | वार्षिकआर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.७८ | ६.५९ | ८.०८ | ८.८५ | ९.५३ | १०.३८ |
| ८. | गरिबीको दर | प्रतिशत | ११ | १० | ९ | ८.६ | ८ | ७ |
| ९. | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५ | ६८ | ७२ | ७५ | ८० | ८५ |
| १०. | जन्मदाको अपेक्षित आयु | वर्ष | ७२ | ७२.३ | ७२.५ | ७३ | ७४ | ७५ |
| ११. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १५० | १३५ | १२५ | १०० | ८५ | ७० |
| १२. | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २० | १९ | १८ | १८ | १६ | १५ |
| १३. | पाँचवर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १६ | १५ | १४ | ११ | ९ | ७ |
| १४. | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ८२ | ८२.५ | ८३ | ८३.५ | ८४.५ | ८५ |
| १५. | आधारभूत तह (१-८) को खुद भर्नादर | प्रतिशत | ९६ | ९६.५ | ९६.८ | ९७ | ९७.५ | ९८ |
| १६. | विद्युत्मापहुँच प्राप्त परिवार | प्रतिशत | ९९.५५ | ९९.८ | ९९.९ | १०० | १०० | १०० |
| १७. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६१८ | ०.६३० | ०.६६० | ०.६७३ | ०.६८८ | ०.७० |
| १८. | सम्पत्तिमाआधारित जिनी गुणक | गुणक | ०.२९ | ०.२९ | ०.२९ | ०.२८ | ०.२८ | ०.२७ |
| १९. | बहुआयामिकगरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | ९.५ | ९ | ८.२ | ७.० | ६.३ | ६.० |
| २०. | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ४१.५ | ४३ | ४५ | ४८ | ५२ | ५६ |
| २१. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध | प्रतिशत | ३९ | ४३ | ४८ | ५२ | ५६ | ६० |

| क्र.सं. | सूचक | एकाइ | आधार अवस्था | | आ.व. अनुसार वार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ (यथार्थ) | २०८१/८२ (अनुमानित) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | जनसङ्ख्या | | | | | | | |
| २२. | रोजगारीमाऔपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४४.१ | ४५ | ४८ | ५० | ५५ | ६० |
| २३. | ३०मिनेटसम्मको दुरीमासडक यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९.३ | ९९.५ | ९९.७ | १०० | १०० | १०० |
| २६. | प्रति व्यक्ति विद्युत् खपत | किवाघ | २७० | २८० | २९० | ३०० | ३५० | ५०० |

**(स्रोतःगण्डकीप्रदेशदोस्रोपञ्चवर्षीययोजना, विषयगतमन्त्रालय र आर्थिकसर्वेक्षण)**

# गण्डकी प्रदेश सभा सचिवालय

## गण्डकी प्रदेश सभाको पहिलो कार्यकाल (२०७४-२०७९)

नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोग बाट नेपालमा प्रदेश सभाको निर्वाचन मिति २०७४ साल मंसिर १० र २१ गते २ चरणमा सम्पन्न भएको थियो। जस अनुसार प्रदेश नं ४ मा प्रदेश सभाको पहिलो कार्यकाल २०७४।१०।२२ गतेबाट प्रारम्भ भएको थियो ।

**प्रदेश सभाको पहिलो कार्यकालमा सभाको अधिवेशन तथा बैठक सभा सञ्चालन सम्बन्धी संक्षिप्त विवरण**

| अधिवेशन | अधिवेशन शुरु भएको मिति | अधिवेशन अन्त्य भएको मिति | सभा सञ्चालन जम्मा दिन | जम्मा बैठक संख्या | बैठक सञ्चालन भएको अवधि |
|---|---|---|---|---|---|
| पहिलो | २०७४ माघ २२ | २०७५ वैशाख २४ | २८ | ३६ | ३० घण्टा ३६ मिनेट |
| दोस्रो | २०७५ जेठ १६ | २०७५ असोज ८ | ३६ | ४२ | ४३ घण्टा ४७ मिनेट |
| तेस्रो | २०७५ पौष २३ | २०७६ वैशाख ८ | १५ | १६ | १७ घण्टा ५६ मिनेट |
| चौंथो | २०७६ जेठ १५ | २०७६ असोज २४ | ३३ | ४० | ५९ घण्टा २३ मिनेट |
| पाचौं | २०७६ पौष २३ | २०७७ वैशाख २३ | १८ | १९ | १६ घण्टा ५४ मिनेट |
| छैटौं | २०७७ जेठ ११ | २०७७ असोज २६ | ४६ | ६२ | ८९ घण्टा ३६ मिनेट |
| बिशेष | २०७७ पौष २१ | २०७७ माघ ६ | ७ | १० | १७ घण्टा २५ मिनेट |
| सातौं | २०७७ चैत्र २५ | २०७८ वैशाख १ | ३ | ३ | ५ घण्टा ५२ मिनेट |
| बिशेष | २०७८ वैशाख १३ | २०७८ वैशाख १५ | ३ | ३ | ४ घण्टा ११ मिनेट |
| आठौं | २०७८ जेष्ठ १६ | २०७८ आश्विन ५ | १६ | २८ | ३० घण्टा १६ मिनेट |
| नवौं | २०७८ फागुन २६ | २०७८ चैत्र २५ | ८ | ८ | १४ घण्टा ५० मिनेट |
| दशौं | २०७९ जेठ ११ | २०७९ भाद्र ८ | २७ | ३४ | ५० घण्टा ४८ मिनेट |
| | | **जम्मा** | **२४०** | **३०१** | **३८१ घण्टा ३४ मिनेट** |

**पहिलो कार्यकाल (२०७४-२०७९) मा प्रदेश सभा र सचिवालयका उपलब्धीहरु:-**

- मिति २०७५/०३/१८ गतेको २४ औं बैठकबाट यस प्रदेशको राजधानी**"पोखरा"**तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको।
- मिति २०७५/०३/२२ गतेको २६ औं बैठकबाट यस प्रदेशको नामाङ्कन **"गण्डकी"** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको।
- ५९ वटा प्रदेश कानूनहरु निर्माण भएका।
- सभा र सचिवालयको लागि आवश्यक भौतिक पूर्वाधारको आधारभूत प्रबन्ध भएको।
- प्रदेश सरकारको पाँच वर्षको नीति तथा कार्यक्रम र बजेट पारित भई कार्यान्वयन भएको।
- प्रदेश सरकारको संवैधानिक अधिकार प्रचलन गर्नको आवश्यक कानून निर्माण भई कार्यान्वयन भइरहेको।
- सचिवालयको कार्यहरु समयसापेक्ष रुपमा अगाडि बढाउन विद्युतीय माध्यमबाट कार्य सम्पादन भइरहेको।
- प्रदेशको नामाकरण तथा राजधानीको विषयमा प्रदेश सभाबाट सर्वसम्मत रुपमा निर्णय भएको।
- संसदीय निगरानी सम्बन्धमा आवश्यक कार्यहरु भएको।
- प्रदेश सभाको काम कारबाहीलाई पारदर्शी बनाउन आफ्नै YouTube Channel को माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको।
- प्रदेश सभाका बैठकको कार्यवाहीको सम्पूर्ण विवरण (Verbatim) लिपिबद्ध गर्ने कार्य गरिएको।

**<u>विभिन्न प्रस्तावहरु माथि छलफल र निर्णय</u>**

**जरुरी सार्वजनिक महत्वको प्रस्ताव:-**

- मिति २०७७।०९।२६ गतेको प्रदेश सभा बैठकमा मुल्य वृद्धि, कालोबजारी नियन्त्रण सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।
- मिति २०७७।०९।२७ गतेको प्रदेश सभा बैठकमा बन्द उद्योग कलकारखाना, पर्यटन व्यवसाय सञ्चालन तथा रोजगारी सिर्जना सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।
- मिति २०७७।०९।२८ गतेको प्रदेश सभा बैठकमा आ.ब. २०७७।७८ को गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयन सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।

**संकल्प प्रस्ताव:-**

- मिति २०७७।०४।२२ गते प्रदेश सभा बैठकमा कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी संकल्प प्रस्ताव पेस भएकोमा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको।
- मिति २०७७।१०।०४ गते प्रदेश सभा बैठकमा कोरोना परिक्षण, उपचार तथा व्यवस्थापन सम्बन्धी संकल्प प्रस्ताव पेस भएकोमा सर्वसम्मतीले स्वीकृत भएको ।

## गण्डकी प्रदेश सभाको दोस्रो कार्यकाल (२०७९ देखि हालसम्म)

नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोगबाट नेपालमा प्रदेश सभाको निर्वाचन मिति २०७९ साल मंसिर ४ गते सम्पन्न भएको थियो। जस अनुसार मिति २०७९।०९।१८ गते गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो बैठक बसेको थियो। उक्त समय देखि हालसम्म प्रदेश सभाका मुख्य गतिविधिहरु र उपलब्धीहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### प्रदेश सभाको अधिवेशन सञ्चालन सम्बन्धी विवरण

| अधिवेशन | अधिवेशन शुरु भएको मिति | अधिवेशन अन्त्य भएको मिति | सभा सञ्चालन जम्मा दिन | जम्मा बैठक संख्या | बैठक सञ्चालन भएको अवधि |
|---|---|---|---|---|---|
| पहिलो | २०७९/०९/१८ | २०७९/११/१७ | १४ | १७ | १८ घण्टा ४५ मिनेट |
| दोस्रो | २०८०/०१/०९ | २०८०/०१/०९ | १ | २ | २ घण्टा ४२ मिनेट |
| तेस्रो | २०८०/०१/२१ | २०८०/०१/२१ | १ | २ | १ घण्टा ५८ मिनेट |
| चौंथो | २०८०/०२/१२ | २०८०/०६/११ | २७ | ४१ | ६९ घण्टा २१ मिनेट |
| पाचौं | २०८०/११/१६ | २०८०/११/२५ | ३ | ३ | ७ घण्टा १४ मिनेट |
| छैटौं | २०८१/०१/०७ | २०८१/०६/०७ | २१ | २६ | ४७ घण्टा ४२ मिनेट |
| सातौं | २०८१/१०/२१ | २०८१/१२/२६ | १६ | १६ | २७ घण्टा ५३ मिनेट |
| आठौं | २०८२/०२/११ | २०८२/०७/२८ | २६ | २९ | ५४ घण्टा ४४ मिनेट |
| जम्मा | | | १०९ | १३६ | २३० घण्टा १९ मिनेट |

### गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालमा प्रदेश सभा र सचिवालयका उपलब्धीहरुः-

- ३ वटा अध्यादेश स्वीकृत भएको ।
- २९ वटा विधेयक पारित तथा प्रमाणीकरण भई कार्यान्वयनको क्रममा रहेको।
- सभाको कामकारबाहीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न "गण्डकी प्रदेश सभा नियमावली, २०८०" पारित भई सोही नियमावलीको आधारमा सभा तथा समितिको काम कारबाही सञ्चालन भईरहेको।

- प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित भई कार्यान्वयनको क्रममा रहेको।
- प्रदेश सभाको काम कारबाहीलाई पारदर्शी बनाउन आफ्नै YouTube Channel को माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको।
- प्रदेश सभाका बैठकको कार्यवाहीको सम्पूर्ण विवरण (Verbatim) लिपिबद्ध गर्ने कार्य गरिएको।

## विभिन्न प्रस्तावहरु माथि छलफल र निर्णय

**जरुरी सार्वजनिक महत्वको प्रस्तावः-**

- आँखा पाक्ने रोग (भाइरल कन्जन्टिभाईटिस)को महामारी सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।
- बाढी पहिरोले पुर्याएको क्षति सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।
- पशु चौपायामा देखिएको लम्पी स्कीन भाईरसको प्रकोप सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस भई छलफल भएको।

**अन्तरव्यवस्थापिका सम्मेलनः-**

- अन्तर व्यवस्थापिका मञ्च नेपालको आयोजना र गण्डकी प्रदेश सभा सचिवालयको व्यवस्थापनमा प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय उपसभामुख, राष्ट्रिय सभाका माननीय उपाध्यक्ष, सबै प्रदेश सभाका माननीय सभामुख तथा उपसभामुखहरु, संघीय संसदका महासचिव, राष्ट्रिय सभा सचिव, संघीय संसद सचिवालयका सचिवहरु र सबै प्रदेश सभाका सचिवहरुको सहभागितामा मिति २०८१ पौष १ देखि ३ गतेसम्म अन्तर व्यवस्थापिका सम्मेलन सम्पन्न गरिएको । उक्त सम्मेलनबाट ७ बुँदे पोखरा घोषणापत्र जारी भएको ।

**दोस्रो कार्यकालमा विषयगत समिति सम्बन्धी संक्षिप्त विवरणः-**

| **क्र.सं.** | **समिति** | **हालसम्म जम्मा बैठक संख्या** |
|---|---|---|
| १ | अर्थ तथा विकास समिति | ६२ |
| २ | सार्वजनिक लेखा समिति | ५३ |
| ३ | प्रदेश मामिला तथा कानूनसमिति | २७ |
| ४ | सामाजिक विकास तथा कृषि समिति | ७२ |

## गण्डकी प्रदेश सभाको दोस्रो कार्यकालमा पारित विधेयक तथा स्वीकृत अध्यादेश सम्बन्धी विवरणः-

### स्वीकृत अध्यादेशः-

| क्र.सं. | दर्ता मिति | अध्यादेशको नाम | स्विकृत मिति |
|---|---|---|---|
| १ | २०७९।०९।१७ | "स्थानीय सेवाको गठन ,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश" | २०७९।१०।१९ |
| २ | २०७९।०९।१७ | "गण्डकी प्रदेशको निजामती सेवाको गठन ,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश" | २०७९।१०।१९ |
| ३ | २०८१।१०।१८ | "गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश" | २०८१।११।०२ |

### पारित विधेयकहरुः-

| प्रथम अधिवेशनबाट पारित विधेयकहरु ४ वटा : | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | दर्ता मिति | विधेयकको नाम | पारित मिति | प्रमाणित मिति | प्रमाणिकरण मिति |
| १ | २०७९।१०।१५ | विनियोजन ऐन२०७९ लाई संशोधन गर्न , बनेको विधेयक | २०७९।१०।२७ | २०७९।११।०२ | २०७९।११।०५ |
| २ | २०७९।१०।२४ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक | २०७९।११।०३ | २०७९।११।११ | २०७९।११।१६ |
| ३ | २०७९।११।०५ | गण्डकी प्रदेशको निजामति सेवाको गठन , सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९।११।१४ | २०७९।११।१७ | २०७९।११।१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २०७९।११।०५ | स्थानीय सेवाको गठन ,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९।११।१४ | २०७९।११।१७ | २०७९।११।१८ |
| **चौंथो अधिवेशनबाट पारित विधेयकहरु३ : वटा** | | | | | |
| ५ | २०८०/०३/०१ | आर्थिक वर्ष २०८०८१ को सेवा र कार्यको / लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न ,बनेको विधेयक२०८० | २०८०/०३/२२ | २०८०/०३/२७ | २०८०/०३/३१ |
| ६ | २०८०/०३/०१ | गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक , २०८० | २०८०/०३/२२ | २०८०/०३/२७ | २०८०/०३/३१ |
| ७ | २०८०।०४।२४ | गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०८०।०६।०४ | २०८०।०६।१६ | २०८०।०६।२९ |
| **पाचौं अधिवेशनबाट पारित विधेयकहरु २ वटा** | | | | | |
| ८ | २०८०।०५।१५ | गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | २०८०।११।२१ | २०८०।१२।०१ | २०८०।१२।०९ |
| ९ | २०८०।०५।२१ | गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०।११।२१ | २०८०।१२।०१ | २०८०।१२।०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| **छैटौं अधिवेशनबाट पारित विधेयकहरु४ वटाः** | | | | | |
| १० | २०८१/०३/०१ | आ.व.२०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक। | २०८१/०३/१७ | २०८१/०३/२४ | २०८१/०३/२५ |
| ११ | २०८१/०३/०१ | गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८१/०३/१७ | २०८१/०३/२४ | २०८१/०३/२५ |
| १२ | २०८०/११/१० | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/०३/१८ | २०८१/०३/१९ | २०८१/०३/२३ |
| १३ | २०८१/०५/२१ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक | २०८१/०६/०७ | २०८१/०६/१३ | २०८१/०६/२० |
| **सातौं अधिवेशनबाट पारित विधेयकहरु ६ वटा** | | | | | |
| १४ | २०८१/०४/०९ | गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०८१/११/२३ | २०८१/१२/३१ | २०८२/०१/०८ |
| १५ | २०८१/१०/२९ | सामयिक कर असूल गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/११/२८ | २०८१/१२/१३ | २०८१/१२/१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | २०८१/११/१५ | गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१२/१० | २०८१/१२/१३ | २०८१/१२/१७ |
| १७ | २०८०/११/२२ | जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०८१/१२/१० | २०८२/०१/१० | २०८२/०१/१५ |
| १८ | २०८०/११/०५ | गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१२ | २०८२/०१/१० | २०८२/०१/१५ |
| १९ | २०८१/१२/११ | केही गण्डकी प्रदेश ऐन खारेज गर्न बनेको विधेयक | २०८१/१२/२२ | २०८१/१२/३१ | २०८२/०१/०८ |
| **आठौं अधिवेशनबाट पारित विधेयकहरु १० वटा** | | | | | |
| २० | २०८२/०३/०१ | आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/१३ | २०८२/०३/२६ | २०८२/०३/३० |
| २१ | २०८१/०३/०१ | गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वन गर्न बनेको विधेयक | २०८२/०३/१३ | २०८२/०३/२६ | २०८२/०३/३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २०८१/११/२१ | गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/२४ | २०८२/०४/११ | २०८२/०४/१९ |
| २३ | २०८१/१०/१४ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८२/०३/२३ | २०८२/०४/११ | २०८२/०४/१९ |
| २४ | २०८१/१२/१४ | गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०८२/०५/०३ | २०८२/०६/०७ | २०८२/०६/२१ |
| २५ | २०८१/१२/०३ | गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०५/०३ | २०८२/०६/०७ | २०८२/०६/२१ |
| २६ | २०८१/११/१९ | गण्डकी प्रदेशमा विद्युत विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०५/१५ | २०८२/०७/११ | २०८२/०७/२१ |
| २७ | २०८१/११/२१ | गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०५/१६ | २०८२/०७/११ | २०८२/०७/२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | २०८१/११/२६ | गण्डकी प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न बनेको विधेयक | २०८२/०७/२४ | २०८२/०८/०८ | २०८२/०८/११ |
| २९ | २०८२/०५/१६ | गण्डकी विश्वविद्यालय ,विधेयक (पहिलो संशोधन) २०८२ | २०८२/०७/२८ | २०८२/०८/०८ | २०८२/०८/११ |

| पारित नियमावली | | |
|---|---|---|
| नियमावलीको नाम | पारित मिति | प्रमाणीकरण मिति |
| गण्डकी प्रदेश सभा नियमावली, २०८० | २०८०/०३/२२ | २०८०/०४/११ (पहिलो संशोधन मिति २०८२/०१/०८) |

## हाल विषयगत समितिमा दफावार छलफलको क्रममा रहेका विधेयकहरुः-

| क्र.स. | विधेयकको नाम | विधेयक दर्ता मिति | दफावार छलफलमा रहेको समिति | कैफियत |
|---|---|---|---|---|
| १. | गण्डकी प्रदेशमा भवन निर्माण तथा बस्ती विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/११/२६ | अर्थ तथा विकास समिति | |
| २. | गण्डकी प्रदेशमा प्रदेश खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१२ | सामाजिक विकास तथा कृषि समिति | |
| ३. | गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१४ | सामाजिक विकास तथा कृषि समिति | |
| ४. | औषधीजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०६/०५ | अर्थ तथा विकास समिति | |

## सचिवालयमा दर्ता भएका विधेयकहरुः-

| क्र.सं. | दर्ता मिति | विधेयकको नाम | कैफियत |
|---|---|---|---|
| १ | २०८२।०९।२३ | "गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक" | |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**समन्वय,सहकार्य र साझेदारी**

- गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको, चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेटमा समावेश भएको, सरकारको मौजुदा सङ्गठन संरचनालाई मितव्ययी, चुस्त, छरितो र नतिजामूलक बनाउन प्रदेश सरकार मातहतका कार्यालय एवं निकायहरूको आवश्यक अध्ययन गरी पुनरावलोकन समेत आवश्यक देखिएकोले प्रदेश सरकारका निकायहरूको सेवा र कार्यबोझ बीच तादात्म्यता मिलाई सङ्गठन संरचनालाई चुस्त, दुरुस्त बनाउन मौजुदा सङ्गठन/प्रशासनिक संरचनाको पुनरावलोकन गर्न गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/१२/१२ को निर्णयबाट गण्डकी प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, प्राधिकरण, समिति, बोर्ड लगायतका सबै प्रशासनिक निकायको अध्ययन गरी सुझाव पेश गर्न प्रदेश प्रशासनिक संरचना पूनरावलोकन अध्ययन तथा सुझाव समिति गठन भएकोमा उक्त समितिले मिति २०८२/०२/२३ गते सुझाव सहितको प्रतिवेदन सरकार समक्ष पेश गरेको छ।समितिबाट प्राप्त प्रतिवेदन ग्रहण गरी प्राप्त सुझावको औचित्य र आवश्यकताको आधारमा क्रमशः कार्यान्वयनमा लैजान गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०२/३१ को बैठकबाट निर्णय भएको छ।प्रदेश मन्त्रिपरिषद्को निर्णयबाट सो प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा २८५ (±२०) दरबन्दी पुनरावलोकन हुनुका साथै नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन लागू गरिएको छ। सोको विस्तृत विवरण र प्रक्रिया **अनुसूची** ४ मा राखिएको छ ।
- राष्ट्रिय समन्वय परिषद र अन्तरप्रदेश मुख्यमन्त्रीको पहिलो बैठक मिति २०८० असार १५ र १६ गते पोखरामा सम्पन्न भई प्रहरी समायोजन, जग्गा प्राप्ति,तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि लगायतका विषयहरूमा साझा धारणा प्रस्तुत गरिएको छ।
- मिति २०८२ भाद्र १६ गते स्याङ्गजा जिल्लाको गल्याङमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षता र लुम्विनी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा गण्डकी र लुम्बिनी प्रदेश सरकारबिच समन्वयात्मक बैठक सम्पन्न भएको छ । सो बैठकका निर्णयहरु **अनुसूची** ६ मा राखिएको छ ।
- मिति २०८२ भाद्र १८ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वय र पोखरा विश्वविद्यालयको आयोजनामा “१० वर्षको संघीय यात्राःअभ्यास र उपलब्धि, प्रादेशिक सरकारकोदृष्टिकोणमा संघीयताको कार्यान्वयन” सम्बन्धी प्रदेश स्तरीय सम्मेलन आयोजना गरिएको छ ।

- मिति २०८० मंसिर ६को प्रदेश समन्वय परिषद्को बैठकको निर्णय नं. ३ अनुसार गण्डकी प्रदेश सरकारका प्रमुख सचिवको अध्यक्षतामा मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वत जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत सम्मिलित पहिलो प्रदेश प्रशासनिक समन्वय परिषद्को बैठक मिति २०८२ पौष २५ गते पर्वत जिल्लामा सम्पन्न भएको छ । बैठकका निर्णयहरु अनुसूची ५ मा राखिएको छ।
- चालु आ.व. सम्म नवप्रवर्तन साझेदारी कार्यक्रमबाट १० जिल्लाका ५३ वटा स्थानीय तहसँग ७९ वटा परियोजनामा साझेदारी गरिएको छ। नवप्रवर्तन क्षेत्रमा सञ्चालित परियोजना कार्यान्वयन गर्न स्थानीय तहसँग अन्तरक्रिया र स्थलगत अनुगमन गरी पृष्ठपोषणको साझा अभ्यास सुरु गरिएको छ। कार्यक्रमले सेवाप्रवाह, सुशासन र स्थानीय आर्थिक विकाससंग सम्बन्धित क्षेत्रका नवप्रवर्तनात्मक (innovative) गतिविधि मार्फत स्थानीय तह र प्रदेशबिच सम्बन्ध स्थापित गरेको छ।
- मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग/सबलीकरण कार्यक्रम (**PLGSP**) अन्तर्गत हालसम्म सञ्चालन भएका नवप्रवर्तन साझेदारी कार्यक्रमहरुको विवरण **अनुसूची ७** मा राखिएको छ ।
- संघीयता कार्यान्वयनका सन्दर्भमा प्रदेश समन्वय परिषद्को **नवौं बैठकले** प्रदेश र स्थानीय तहका साझा समस्या र चुनौतीहरू पहिचान गर्दै संघीय सरकारको ध्यानाकर्षण गरेको छ।

**प्रदेश समन्वय परिषद्को हालसम्मको बैठकको संक्षिप्त विवरण**

| क्र.सं. | मिति | निर्णय संख्या |
|---|---|---|
| १ | २०७५ जेठ १४ | ६ |
| २ | २०७५ मंसिर ११ र १२ | २७ |
| ३ | २०७६ पौष ३ र ४ | १७ |
| ४ | २०७९ वैशाख ६ | ८ |
| ५ | २०७९ फागुन १९ | १० |
| ६ | २०८० मंसिर ६ | १३ |
| ७ | २०८१ जेठ ७ | ११ |
| ८ | २०८१ माघ १८ | १० |
| ९ | २०८२ मंसिर ११ | ९ |
| जम्मा बैठक संख्या- ९ | | जम्मा निर्णय संख्या- १११ |

**शासकीय सुधार र सुशासन**

- संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको गण्डकी प्रदेशमा भ्रमण भई जलवायु परिवर्तनमा नेपालले भोग्नुपरेको समस्याका बारेमा विश्व मञ्चको ध्यानाकर्षण गरेको छ र उक्त भ्रमणका लागि गण्डकी प्रदेशद्वारा सहजीकरण र समन्वय गरिएको छ।
- माननीय मुख्यमन्त्री र चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी) तिब्बत स्वायत्त क्षेत्रका सेक्रेटरी वाङ छुङछेङबिच द्विपक्षीय हित र चासो सम्बन्धमा छलफल सम्पन्न भएको छ।
- माननीय मुख्यमन्त्रीसँग विभिन्न देशका महामहिमराजदूत,विदेशी नियोगका निर्देशक,प्रतिनिधिको शिष्टाचार भेटघाटमा यसप्रदेशका सम्भावना एवम् आपसी सहयोगका विषयमाछलफल भएको छ।
- गण्डकी प्रदेशका मन्त्रालयहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्वमूल्याङ्कन अनुसार सबै मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) सम्पन्न गरिएको छ। GESI निर्देशक समितिको बैठक नियमित रूपमा हुने गरेको छ। प्रदेश अन्तर्गतका १०वटा निकायका GESI अडिट गरिएको छ।
- गण्डकी प्रदेश सरकारले नागरिकको अभिमत बुझ्न, देख्न र सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तता दिइँदै आइएको छ।
- नेपाल सरकार समेतको समन्वयमा शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिकाका सवालहरूलाई सम्बोधन गर्न बालअधिकारका न्यूनतम सूचक हासिल गरेका देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पू.), भिरकोट नगरपालिका, स्याङ्जा,गल्कोट र बाग्लुङ नगरपालिका, बाग्लुङलाई बालमैत्री स्थानीय तह घोषणाका लागि स्वीकृति प्रदान गरी बालमैत्री स्थानीय तह घोषणाभएको छ।

**नीति तथा कानुन निर्माण**

- प्रदेश निजामती सेवा ऐन, २०७९, प्रदेश निजामती सेवा नियमाली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र गण्डकी प्रदेश स्थानीय सेवा नियमावली, २०७९ बमोजिम प्रदेश एवम् स्थानीय तहका कर्मचारीको पदपूर्ति, वृत्तिविकास, स्तरवृद्धि, सरुवा, बढुवा जस्ता गतिविधि सञ्चालन गरी निजामती कर्मचारीको उत्प्रेरणा र मनोबललाई उच्च तुल्याई नागरिकको सेवा प्राप्त गर्ने अधिकारलाई समेत कर्मचारी व्यवस्थापन मार्फत सुदृढ तुल्याइएको छ।
- प्रदेशसरकार (कार्यविभाजन) नियमावली(संशोधन सहित), २०७४ को अनुसूची -२ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था बमोजिम हालसम्मकामन्त्रिपरिषद् वैठकको विवरण निम्नानुसार रहेको छः-

| वर्ष | बैठक सञ्चालन पटक | निर्णय संख्या |
|---|---|---|
| २०७५ | ४७ | ३२८ |
| २०७६ | ३९ | २४८ |
| २०७७ | ३४ | १७६ |
| २०७८ | ३८ | १७४ |
| २०७९ | ५२ | १५८ |
| २०८० | ३४ | १०० |
| २०८१ | ३६ | १४७ |
| २०८२ (पुष मसान्तसम्म) | २२ | ९५ |

- गण्डकी प्रदेश सरकारले विभिन्न ८८ वटा ऐन र २९ वटा नियमावली तर्जुमा गरी कानूनमा सर्वसाधारणको पहुँचवृद्धिका लागि प्रदेश राजपत्र (https://rajpatra.gandaki.gov.np/rajpatra)मा प्रकाशन गरिएको छ। नेपालको संविधानको एकल अधिकार अनुसूची बमोजिम गण्डकी प्रदेशमा निर्माण गर्नुपर्ने ऐन र सो अनुसारका नियमावलीहरू पहिचान तथा अध्ययन गरिएको छ। सोको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।
- डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी एवम् पारदर्शी बनाउनगण्डकी प्रदेश अनुगमन प्रणाली (https://monitoring.gandaki.gov.np)को निर्माण एवम् कार्यान्वयनबाटहालसम्म प्रदेश सरकारका ८,१६६ वटा योजना/कार्यक्रम प्रविष्टी भईसोको भौतिक एवम् वित्तिय प्रगति तत्काल हेर्न सकिने व्यवस्था रहेको छ।
- प्रदेश समन्वय समितिको बैठकले **पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना**मा उल्लिखित सूचकहरूको अध्ययन विश्लेषण गरी कार्य प्रगतिको समीक्षा गरेको र **छैठौं कार्ययोजना**को मस्यौदाको छलफल एवम् सुझाव संकलनमा समन्वय गरिएको छ।
- स्थानीय तहमा न्यायिक समितिको काम कारवाहीमा सहजीकरण गर्न तथा स्थानीय तहको दैनिक प्रशासनिक कार्यमा कानूनी दृष्टिकोणबाट सहयोग पुऱ्याउने उद्देश्यले गण्डकी प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा **६५ स्थानीय तहसँग करार**मा न्यायिक सहजकर्ताको व्यवस्था गरिएको छ।
- वैयक्तिक सूचना प्रणालीमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका ६०३ जना प्रदेश निजामती सेवाका कर्मचारीलाई कर्मचारी संकेत नं. (सिटरोल नं.) प्रदान गरिएको छ।

- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा ५ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ९ को उपनियम (१), (२), (३), (४) को व्यवस्था अनुसार अनुसूची ३, ४ र ७ मा रहेका प्रदेश निजामती सेवामा रहने समूह तथा उपसमूहहरू, पदहरू, प्रदेश सचिवको पद, अधिकृत एघारौं तहमा रहने पदहरू वैयक्तिक सूचना प्रणालीमा आवद्ध गरी**प्रदेश किताबखाना**मा दर्ता गरिएको छ।
- प्रदेश कितावखानाको कार्य प्रारम्भ पश्चात प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि एवम् प्रदेश तथा स्थानीय सेवाका स्थायी र करारका कर्मचारीको आ.व. ०८०/०८१को जम्मा २३,२१५ र ०८१/०८२को २१,१६५ सम्पत्ति विवरण दर्ता गरिएको र सोको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको छ ।
- प्रदेश तथा स्थानीय तह (अन्य सेवा समेत) वैयक्तिक सूचना प्रणालीमा पहुँच प्राप्त भइ स्थानीय तहमा स्थानीय सेवाको संगठन तथा पद दर्ता एवम् प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारी (अन्य सेवा समेत)को वैयक्तिक विवरण फाराम (सिटरोल) दर्ता गर्न सूचना प्रकाशन गरी विवरण संकलन भइरहेको छ।
- नेपाल सरकारबाट कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश सरकारलाई प्राप्त हुन आएका दरबन्दीहरू एकीन गरी प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत समेत भइ सोको निम्नानुसार अभिलेखीकरण गरिएको छ:-

| सि नं | तह | दरबन्दी संख्या |
|---|---|---|
| १ | प्रमुख सचिव | १ |
| २ | एघारौं | २५ |
| ३ | नवौं/ दशौं ( प्राविधिक/अप्राविधिक) | १८४ |
| ४ | सातौं/आठौं ( प्राविधिक/अप्राविधिक) | ५५९ |
| ५ | पाँचौं/छैटौं (प्राविधिक/अप्राविधिक) | ८०९ |
| ६ | चौथौ/पाँचौं(प्राविधिक/अप्राविधिक) | २५१ |
| ७ | तहविहीन | ८०५ |
| **कूल** | | **२६७९ (६२ पुल दरबन्दी)** |

## शान्ति सुरक्षा

- गण्डकी प्रदेशमा शान्ति सुरक्षा कायम राख्न नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसँग नियमित समन्वय कायम गरिएको छ। साथै **प्रदेश सुरक्षा समन्वय** समितिको बैठक समय

समयमा बसी शान्ति सुरक्षाको अवस्थाको बारेमा समीक्षा,समन्वय र सहजीकरण गरिएको छ ।

- प्रहरी चौकी, प्रहरी तालिम केन्द्र, प्रहरी अस्पताल निर्माण लगायत कारागार कार्यालयको भौतिक संरचना मर्मत सम्भारको लागि सहयोग गरिएको छ।

**विपद् व्यवस्थापन**

- प्रदेश स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र (PHEOC), प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)रप्रदेश गोदामघरको स्थापना गरी संचालनमा रहेको छ ।
- प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको बैठक नियमित रूपमा बसी विपद् व्यवस्थापनका सम्बन्धमा छलफल र समन्वय गरिएको छ ।
- प्रदेश विपद् व्यवस्थापन नियमावली(पहिलो संशोधन), २०७७ को नियम १२ (३) बमोजिमप्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम **रु. १० करोड** रहने एवम् राहत वितरणको लागि ११ वटै जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम् रु.१० लाख रहने प्रबन्ध मिलाइएको छ।
- सुरक्षा निकायहरूलाई कम्युनिटी सर्च एण्ड रेस्क्यू तालिम र विपद् अभ्यास सिमुलेसन कार्यक्रममा सहयोग तथाविपद् उद्धार सामग्रीहरू उपलब्ध गराइएको छ ।
- **जाजरकोट भुकम्प**का पीडितलाई राहत स्वरूप कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा रु १ करोड र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५० लाख सहायता प्रदान गरिएको छ।
- सम्वत् २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनका क्रममा मन्त्रालयनिकाय र मातहत / कार्यालयहरूमा भएको आगजनी, लुटपाट र तोडफोडबाट कार्यालय भवन तथा आवास लगायतका पूर्वाधार तथा कार्यालय सामाग्रीमा क्षति भएको निकायको विवरणः
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री र ७ वटा मन्त्री र सभामुख/उपसभामुख निवास, आर्थिक मामिला मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोक सेवा आयोग, प्रदेश प्रमुखको कार्यालय र आवास, प्रदेश सभा भवन तथा सचिवालय, पर्यटन तथा उद्योग कार्यालय, कास्की, साविका पूर्वाधार विकास निर्देशनालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय, यातायात व्यवस्था कार्यालय, सवारी र सवारी चालक अनुमतिपत्र, कास्की, महान्यायाधिवक्ताको कार्यालय लगायतमा रु. ५ करोड भन्दा बढीको क्षति भएको। तत्कालको पुननिर्माणको लागि करिव १७ करोड आवश्यक भएको लागत अनुमान तयार भएको।

- प्रदेश सरकार र मातहतका निकायमा भएको भवन वाहेकको क्षति रु. एकसठ्ठी करोड भन्दा बढीको सवारी साधन र कार्यालय सामाग्री, कम्प्युटर, ल्यापटप, क्यामेरा लगायत भवन समेत करिव पचासी करोड क्षती भएको।
- क्षति भएका सवारी साधनः चारपाङ्ग्रेः ४७ वटा र दुईपाङ्ग्रेः १२७
- **निकायगत क्षतिको अन्य विवरणः**

| क्र.सं. | कार्यालयको नाम | क्षतिकोअनुमानित लागत |
|---|---|---|
| १ | मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय | २,९८,९९,७००।- |
| २ | आर्थिक मामिला मन्त्रालय | १,९०,००,०००।- |
| ३ | उद्योग तथा पर्यटन मन्त्रालय | ४,२६,०८,२२२।- |
| ४ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ८,०८,९४,६६९।- |
| ५ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ५५,१६,१०६।- |
| ६ | वन तथा वातावरण मन्त्रालय | ३,०३,४२,८६०।- |
| ७ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | ८,५३,०३,४६६।- |
| ८ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | १०,१३,३६,४५०।- |
| ९ | स्वास्थ्य मन्त्रालय | ८,००,०००।- |
| १० | गण्डकीप्रदेश सभा सचिवालय | ७,८०,७५,०००।- |
| ११ | गण्डकीप्रदेश प्रशिक्षण प्रतिष्ठान | ३,३३,४३,०००।- |
| १२ | गण्डकीप्रदेश नीति तथा योजना आयोग | २,५९,१६,८४०।- |
| १३ | मुख्यन्यायाधिवक्ताको कार्यालय | ७५,१३,८८७।- |
| १४ | प्रदेशप्रमुखको कार्यालय | ४,६१,७६,३१७।- |
| १५ | प्रदेश लोकसेवा आयोग | २,३६,७२,०००।- |
| | **जम्मा** | **६१,०३,९८,५१७।-** |

**क्षतिको असर न्यूनीकरणका लागि गरिएका महत्वपूर्ण पहलहरुः**

| विषयक्षेत्र | कार्यान्वयनकोअवस्था |
|---|---|
| सेवा प्रवाह : | जेन्जी आन्दोलनबाट अवरुद्ध सम्पूर्ण सरकारी सेवा तत्काल सुरुवात गरिएको। |
| | सवारी चालक अनुमतिपत्रको सर्भर रिकभरी भएपछिको अवस्थामा पूर्ववत सेवा प्रवाहसूचारु हुने गरी तयारी भएको र सवारी दर्ता तथा नविकरणको कार्य सुरु / गरिएको। |
| | Green Sticker प्राप्त र मर्मत गरेर सेवा सञ्चालन गर्न सकिने कार्यालयको मर्मत सम्भार गरी सेवा सूचारु भएको। |
| | प्रदेश सभाको भवन नष्ट भएको अवस्थामा वैकल्पिक स्थानको व्यवस्था गरिएको। |
| | राष्ट्रिय किताब खाना सँग MOU गरी प्रदेश र स्थानीय सेवाका कर्मचारीहरुको विवरण प्रविष्टि र अद्यावधिकरण कार्य सुरुवात भएको |
| | आन्दोलनको प्रभाववाट सवारी करशुल्क तिर्न नपाएका कारण जरिवाना लाग्ने ,दस्तुर , भएमा २०८२ कार्तिक मसान्तभित्र तिर्न आएमा कुनैपनि जरिवाना वा अतिरिक्त शुल्क नलाग्ने व्यवस्था गरिएको |
| प्रशासनिक पुर्नसंरचना र दरबन्दी पुनरावलोकन | प्रदेश सरकारमा तहतका मन्त्रालय/निकाय र कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी हाल रिक्त १८५ समेत विभिन्न सेवा/समूह र तहका करिव 285 भन्दा बढी कर्मचारी कटौती गरिएको ,नयाँ O&M लागू गरिएको , कार्यालय/निकायको संख्या३२बाट 19 कायम गरिएको।) मर्ज तथा खारेजी मार्फत(। |
| | नयाँ O&M अनुसार प्रदेश निजामती सेवा नियमावली र सोको अनुसूची संशोधन , कार्यालय नाम तथा पदनाम मिलान गरिएको। |
| क्षतिको लगत | क्षति भएका ,ध्वस्त संरचनाको क्षतिको मूल्याङ्कन ,मूचुल्का तयारी ,लगत तयारी गरिएको। |

| | |
|---|---|
| तयारी तथा मूल्याङ्कन: | आगजनी तथा तोडफोडबाट क्षती भएका भवनहरुको Rapid Assessment गरी भविष्यमा सञ्चालन गर्न उपयुक्त भएनभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन र मर्मतको लागि अनुमानित लागत सहितको विवरण तयारी भएको। ) तत्कालीन र दीर्घकालीन( |
| मर्मत सम्भार: | क्षति ग्रस्त संरचनाको सरसफाई गरिएको। |
| | क्षतिग्रस्त भवनको मर्मतसम्भारको ला , कार्यालयमा विनियोजित /गि सम्बन्धित निकाय बजेटबाटै सोही कार्यालय सम्भार गरी सेवा ,का कर्मचारीहरुबाटै सामान्य मर्मत तत्काल प्रारम्भ गरिएको। |
| सवारी साधन व्यवस्थापन: | सवारीसाधनकोबिमादावी ,मूल्याङ्कन। |
| | सवारी साधन क्षति भएका मन्त्रालय एवम् निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरूका लागिउपलब्ध सवारी साधनबाट व्यवस्थापन गरिएको। |
| अन्य / विविध: | कवाडी सामाग्रीको व्यवस्थापन र लिलामी प्रक्रियाको सुरुवात तत्काल गरी मिनाहा र लगत कट्टाको प्रक्रिया सुरु गरिएको। |
| | कार्यरत कर्मचारीबाटै जलेकाक्षति भएको संरचनाको रंगरोगन कार्य गरिएको।/ |
| | प्रदर्शनका क्रममा विभिन्न मन्त्रालयकार्यालय तथा व्यावसायिक प्रतिष्ठानबाट /निकाय/ चोरिएका, लुटिएका सामग्रीहरु सम्बन्धित निकाय वा नजिकको प्रहरी चौकीमा फिर्ता बुझाउन सार्वजनिक आह्वान गरिएको। |

# आर्थिक मामिला मन्त्रालय

## नेपाल सरकारबाट प्राप्त अनुदान

समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान बापत आर्थिक वर्ष २०७५/०७६ मा जम्मा रू.११ अर्ब ९३ करोड ७८ लाख ४९ हजार, आर्थिक वर्ष २०७६/०७७ मा जम्मा रू.१५ अर्ब १० करोड ७८ लाख ३३ हजार, आर्थिक वर्ष २०७७/०७८ मा जम्मा रू. १३ अर्ब ९६ करोड ८४ लाख ६० हजार, आर्थिक वर्ष २०७८/०७९मा १३ अर्व ८७ करोड ४४ लाख ८० हजार र आर्थिक वर्ष २०७९/०८०मा रु. १३ अर्ब ४० करोड ६० लाख ३८ हजार र आर्थिक वर्ष २०८०/०८१ मा रु.१० अर्ब ०५ करोड ७१ लाख ६८ हजार, आर्थिक बर्ष २०८१/०८२ मा रु. ११ अर्ब ११ करोड ३८ लाख २० हजार र २०८२/०८३ को पुष मसान्तसम्म ४ अर्व ९१ करोड ६१ लाख ८६ हजार गरी हालसम्म जम्मा रु.९४ अर्ब ३८ करोड १८ लाख ३४ हजार अनुदान प्राप्त भएको छ।

## नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट

बाँडफाँट भइ प्राप्त हुने मुल्य अभिबृद्धि कर र अन्तःशुल्क बापत आर्थिक वर्ष २०७५/०७६ मा रु. ६ अर्ब ९ करोड ९३ लाख ८६ हजार, आर्थिक वर्ष २०७६/०७७मा रु. ४ अर्ब ८१ करोड ७० लाख ६३ हजार,आर्थिक वर्ष २०७७/०७८ मारु. ६ अर्ब ४९ करोड ११ लाख २६ हजार, आर्थिक वर्ष २०७८/०७९ मा रु.७ अर्ब ५० करोड २६ लाख ६ हजार र आर्थिक वर्ष २०७९/०८० मा रु. ७ अर्ब ३४ करोड २३ लाख ३२ हजार आर्थिक वर्ष २०८०/०८१ मा रु. ७ अर्ब ६७ करोड ६३ लाख ५४ हजार चालु आर्थिक बर्ष २०८१/०८२ मा रु. ८ अर्ब ५७ करोड ८६ लाख ३३ हजार र २०८२/०८३ को पुष मसान्तसम्म ४ अर्ब १६ करोड ९४ लाख ९५ हजार गरी शुरुदेखि हालसम्म रु.५२ अर्ब ६७ करोड ७० लाख १५ हजार प्राप्त भएको छ।

## आन्तरिक राजस्व सङ्कलन विवरण

प्रदेश सरकारको आन्तरिक राजस्व आर्थिक वर्ष २०७५/०७६ मा रु.२ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. २ अर्ब ६० करोड ९९ लाख ३३ हजार सङ्कलन भएको, आर्थिक वर्ष २०७६/०७७ मा रु.३ अर्ब २७ करोड ७५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु.२ अर्ब ४१ करोड ४ लाख ७६ हजार सङ्कलन भएको, आर्थिक वर्ष २०७७/०७८ मा रु. ५ अर्ब ८५ लाख ६० हजार सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. ३अर्ब २१ करोड २३ लाख ३३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको, आर्थिक वर्ष २०७८/०७९ मा रु. ५ अर्ब ६० करोड सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु ३ अर्ब ८० करोड ८५ लाख १८ हजार सङ्कलन भएको, आर्थिक वर्ष २०७९/०८०मा

रु. ५ अर्ब ८१ करोड १६ लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. ३ अर्ब ८९ करोड ३० लाख २२ हजार, आर्थिक वर्ष २०८०/८१ मा रु. ५ अर्ब ९६ करोड ९१ लाख ८४ हजार सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु.३ अर्ब ४८ करोड २७ लाख ९ हजार, आर्थिक बर्ष २०८१/०८२ मा लक्ष्य रु ५ अर्ब १७ करोड रहेकोमा रु. ३ अर्ब ५० करोड ६८ लाख ७७ हजार र चालु आर्थिक वर्ष २०८२/०८३ मा मा रु. ५ अर्ब ७३ करोड ४३ लाख ८८ हजार लक्ष्य रहेकोमा पुष मसान्तसम्म रु. १ अर्ब ३३ करोड ४४ लाख २ हजार गरी प्रदेश स्थापनाको शुरुदेखि हालसम्म रु.२१ अर्ब ९० करोड ९३ लाख ३० हजार राजस्व सङ्कलन भएको छ।

**बजेट विनियोजन र खर्च विवरण**

आर्थिक वर्ष २०७४/७५ मा रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमा २४ करोड २० लाख ९० हजार खर्च भएको,आर्थिक वर्ष २०७५/०७६ मा रु.२४ अर्ब २ करोड ३३ लाख ४८ हजार विनियोजन भएकोमा रु. १३ अर्ब ९२ करोड ८० लाख ६४ हजार खर्च भएको,आर्थिक बर्ष २०७६/०७७ मा रु.३२ अर्ब १३ करोड ४७ लाख ९२ हजार विनियोजन भएकोमा रु.२० अर्व ४१ करोड ३६ लाख १७ हजार खर्च भएको, आर्थिक वर्ष २०७७/०७८ मा रु.३४ अर्व ८४ करोड २१ लाख ६० हजार विनियोजन भएकोमा रु. २५अर्व ६५ करोड ३८ लाख २१ हजार खर्च भएको , आर्थिक वर्ष २०७८/०७९ मा रु.३० अर्ब ५ करोड ६७ लाख विनियोजन भएकोमा रु.२२ अर्ब ८ करोड २५ लाख ४४ हजार खर्च भएको, आर्थिक वर्ष २०७९/०८० मा रु.३५ अर्ब ९० करोड ९० लाख विनियोजन भएकोमा २३ अर्ब ६१ करोड ४८ लाख ८३ हजार खर्च भएको, आर्थिक वर्ष २०८०/८१ मा रु.३३ अर्ब ४२ करोड ७२ लाख विनियोजन भएकोमा रु २२ अर्ब २० करोड ६१ लाख १५ हजार खर्च भएको, आर्थिक वर्ष २०८१/८२ मा रु ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार विनियोजन भएको मा रु. २२ अर्ब ९२ करोड ०७ लाख ७८ हजारखर्च भएको र चालु आर्थिक वर्ष २०८२/८३ मा रु. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार विनियोजन भएकोमा पुष मसान्तसम्म रु. ५ अर्ब ३३ करोड ५६ लाख २४ हजार खर्च भएको छ ।

**स्थानीय तहलाई वित्तीय हस्तान्तरण**

वित्तीय समानीकरण, समपुरक, सशर्त र विशेष अनुदान तर्फआर्थिक वर्ष २०७५/०७६ मा रु.१ अर्ब १५ करोड ११ लाख विनियोजन भएकोमा रु. १ अर्ब ११ करोड ४३ लाख ७१ हजार निकासा गरिएको,आर्थिक बर्ष २०७६/०७७ मा रु.१ अर्ब ८२ करोड ७८ लाख २ हजार विनियोजन भएकोमा रु.१ अर्व ५४ करोड ८२ लाख ९ हजार निकासा गरिएको, आर्थिक वर्ष २०७७/०७८ मा रु.२ अर्व १८ करोड ९१ लाख ५१ हजार विनियोजन भएकोमा रु. १ अर्व ७५ करोड ९६ लाख १८ हजार निकासा गरिएको , आर्थिक वर्ष २०७८/०७९ मा रु.१ अर्ब ९७ करोड ५८ लाख २३ हजार विनियोजन भएकोमा रु.१ अर्ब ६४ करोड ९५ लाख ९४ हजार निकासा गरिएको, आर्थिक वर्ष

२०७९/०८० मा रु.२ अर्ब २६ करोड १० लाख विनियोजन भएकोमा १ अर्ब ८९ करोड १५ लाख१८ हजार निकासा गरिएको , आर्थिक वर्ष २०८०/८१ मा रु.२ अर्ब १० करोड ५५ लाख विनियोजन भएकोमा रु.१ अर्ब ५२ करोड ४४ लाख २७ हजार निकासा गरिएको, आर्थिक वर्ष २०८१/८२ मा रु २ अर्ब १० करोड विनियोजन भएको मा रु. १ अर्ब ५४ करोड ४ लाख ५८ हजारनिकासा गरिएको र चालु आर्थिक वर्ष २०८२/८३ मा रु. २ अर्ब १० लाख ५९ हजार विनियोजन भएकोमा पुष मसान्तसम्म रु. १ अर्ब ७४ करोड ७२लाख १९ हजार निकासा भएको छ ।

सवारी साधन कर बाँडफाँटतर्फ आर्थिक वर्ष २०७५/७६ मा रु. ३९ करोड ४८ लाख ७१ हजार, आर्थिक वर्ष २०७६/७७ मा रु. ४० करोड ६४ लाख ६ हजार,आर्थिक वर्ष २०७७/७८ मा रु. ५५ करोड १४ लाख ७६ हजार,आर्थिक वर्ष २०७८/७९ मा रु. ५९ करोड २८ लाख ६७ हजार,आर्थिक वर्ष २०७९/८० मा रु. ७२ करोड ८ लाख ८४ हजार,आर्थिक वर्ष २०८०/८१ मा रु. ७५ करोड ३१ लाख ७ हजार,आर्थिक वर्ष २०८१/८२ मा रु. ७८ करोड ८० लाख र २०८२/८३ को पुष मसान्तसम्ममा रु. ३६ करोड ५३ लाख ६५ हजार स्थानीय तहमा हस्तान्तरण भएको छ ।

**आर्थिक वर्ष २०७५ /०७६ देखि २०८२ पुषससम्म स्थानीय तहमा भएका वित्तीय हस्तान्तरण**

**रकम रु. हजारमा**

| आर्थिक वर्ष | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७५/७६ | १०००००० | ० | ६,०९,७४ | ५,३३,९७ | **१,११,४३,७१** |
| २०७६/७७ | १०५०००० | ३३७८०४ | ६१७९४ | ३५६८१२ | **१,८०,६४,१०** |
| २०७७/७८ | १०५०००० | २०१०,५४ | १२६८८८ | ४४७४४५ | **१,८२,५३,८७** |
| २०७८/७९ | ११००००० | १९१२०५ | ७०२६६ | ११६१३७ | **१७६५७३१** |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९/८० | १०१३६०८ | २९०२०० | १७२४०० | ४९०३१५ | **१९६६५२३** |
| २०८०/८१ | ८७०००० | १९३८६७ | १३१८१४ | ३३६७४६ | **१५३२४२७** |
| २०८१/८२ | ८७०००० | १२००० | ९३९० | ८१५३ | **८९९५४३** |
| २०८२/८३ को पुषसम्म | ५८०००० | 9750 | 163344 | 247435 | **१०००५२९** |

## आर्थिक बर्ष २०७४/०७५देखि २०८२/०८३ को पुष मसान्तसम्म गण्डकीप्रदेशको विनियोजन र खर्च विवरण

**रकम रु. हजारमा**

| आर्थिक बर्ष | विनियोजित बजेट | | | | खर्च | | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | जम्मा |
| २०७४/०७५ | ४८०३७५ | ५४०१२५ | ० | १०२०५०० | ९५२५९ | १४६८३१ | ० | २४२०९० | १९.८३ | २७.१८ | २३.७२ |
| २०७५/०७६ | ८११५५१५ | १५९०७८३३ | ० | २४०२३३४८ | ५२११०५२ | ८७१७०१२ | | १३९२८०६४ | ६४.२१ | ५४.८ | ५७.९८ |
| २०७६/०७७ | १२२८५७७२ | १९८४९०२० | ० | ३२१३४७९२ | ६४२६९२१ | १३९८६६९६ | | २०४१३६१७ | ५२.३१ | ७०.४७ | ६३.५२ |
| २०७७/०७८ | १४३४२६८४ | १९९९९४७६ | ५००००० | ३४८४२१६० | ८०४९०३३ | १७६०४७८९ | ० | २५६५३८२१ | ५६.१२ | ८८.०३ | ७३.६३ |
| २०७८/०७९ | १३०८२०६७ | १६७३४६३३ | २४०००० | ३००५६७०० | ७६१८००३ | १४४६४५४१ | ० | २२०८२५४४ | ५८.२३ | ८६.४३ | ७३.४७ |
| २०७९/८० | १३२६८८५४ | २२१४०१४६ | ५००००० | ३५९०९००० | ८३५३५२२ | १५२६१३६१ | ० | २३६१४८८३ | ६२.९६ | ६८.९३ | ६५.७६ |
| २०८०/८१ | १२७३६७३८ | २०१९०४६२ | ५००००० | ३३४२७२०० | ७५७६६९९ | १४६२९४१६ | ० | २२२०६११५ | ५९.६१ | **७२.३६** | **६६.४३** |
| २०८१/८२ | १३१३५४८२ | १९५४३०९२ | ३००००० | ३२९७८५७५ | ७९२७४६१ | १४९९३३१६ | ० | २२९२०७७८ | ६०.३५ | ७६.७१ | ६९.५ |
| २०८२/८३पुष मसान्तसमम | १२६३६६७५ | १९०९३३२४ | २५०००० | ३१९७९९९९ | २६३७१३३ | २६९८४९१ | ० | ५३३५६२४ | २० | १४ | १७ |

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

## सडक, सडक पुल तथा झोलुङ्गे पुल

- प्रदेशभित्र हालसम्म पक्की (कालोपत्रे/ढलान) ११६८ कि.मि. र ग्राभेल ७७६ कि.मि. सडकनिर्माण कार्य सम्पन्न भइसकेको छ।
- **एक निर्वाचन क्षेत्रएक सडक** कार्यक्रमअन्तर्गत ३६ सडक आयोजनाको कुल लम्बाई ६७१ कि.मि. रहेकोमा २२९ कि.मि. सम्पन्न र२३० कि.मि. सडक स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।
- सबै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुर्याउन हालसम्म पालिकाकोकेन्द्रसम्म सडक नजोडिएको गोरखाको **चुमनुब्री र मनाङको नार्पाभूमि**का केन्द्रमा सडक सञ्जालपुर्याउने लक्ष्य अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार भइ वातावारणीय प्रभावमूल्याङ्कन सम्बन्धी कार्य भइरहेको छ।
- सडक पुल कार्यक्रम अन्तर्गत११८वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएका छन् । हाल ६३वटा सडक पुल निर्माणाधीन अवस्थामा छन् भने२५वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेका छन् ।
- झोलुङ्गे पुल अन्तर्गत ८८ पुलको निर्माण सम्पन्न भएका छन् ।१२ वटा झोलुङ्गेपुलको निर्माणका लागि तयारी भइरहेको छ।
- **प्रादेशिक सडक यातायात गुरुयोजना**को मस्यौदा तयार भइ स्वीकृतिको चरणमा रहेको छ।
- गण्डकी प्रदेशको सडक निर्माण, विस्तार, स्तरोन्नति तथा मर्मत–सम्भार गर्दै सर्बसाधारणनागरिकलाई सुलभ, सुरक्षित, आरामदायी र मितव्ययी आवगमनको प्रत्याभूति गराउन,सडकको बर्गीकरण गर्न, नागरिकको हित र आर्थिक गतिबिधिको अभिवृद्धि एबम दिगोवातावरणीय व्यवस्थापन सहित समग्र सडक सम्पतिको सुरक्षा र संरक्षण गर्न "गण्डकी प्रदेश सडक ऐन,२०८१" कार्यान्वयनमा आएको छ।
- कोराला- त्रिवेणी सडक, शालिग्राम करिडोर सडक, लगायत कार्यक्रम तथा आयोजना कार्यान्वयनमा रहेका छन्।

**शहरी विकास**

## स्याटेलाइट सिटी कार्यक्रमतर्फको प्रगति विवरण

| क.सं | स्याटेलाइट सिटी कार्यक्रम लागु भएका नगरपालिका | यस अन्तर्गत सम्पन्न भएका योजना/ कार्यक्रम |
|---|---|---|
| १ | भिमाद नगरपालिका, तनहूँ | सडक ढलान र नाली निर्माण कार्य २०० मि. सम्पन्न |
| २ | शुक्लागण्डकी नगरपालिका, तनहूँ | वडा नं ८ मा नगरस्तरीय रंगशाला निर्माणको लागि ठेक्का सम्झौता |
| ३ | मध्यनेपाल नगरपालिका, लमजुङ | १७५ मि. ढलान र नाली निर्माण कार्य सम्पन्न |
| ४ | कुश्मा नगरपालिका, पर्वत | वडा नं ९ र १३ को वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न |
| ५ | फलेवास नगरपालिका, पर्वत | वडा नं २ र ११ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न |
| ६ | पुतलीबजार नगरपालिका, स्याङ्जा | वडा नं ९ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न |

- महेन्द्र गुफा वृहत् आयोजना निर्माण कार्यक्रम सम्पन्न भई व्यवस्थित पर्यटकीय गन्तव्यको रूपमा विकास भएको छ ।

**जनता आवास कार्यक्रम**

- दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत पहिचान भएका २,९०१ लाभग्राही मध्ये २,००० लाभग्राहीको घर निर्माण सम्पन्न भएका छन् ।

**भवन निर्माण**

- कास्कीस्थित बयाली मनकामना बहुउद्देश्यीय सामुदायिक भवन, पर्वतस्थित जयमा आमा समूह, तनहुँस्थित छिम्केश्वरी सामुदायिक भवन लगायत विभिन्न जिल्लाका संघ-संस्थाको भवननिर्माण र मर्मतसम्भार कार्य सम्पन्न गरिएको छ ।
- प्रदेश र स्थानीय तहको सहलगानीमा कास्कीको माछापुच्छ्रे, स्याङ्जाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङ्गको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङ्गको घरपझोङ्ग गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ।

- विभिन्न जिल्लामा प्रादेशिक सरकारी भवन निर्माण तथा मर्मत सम्भारको कार्य सम्पन्न गरिएको छ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- गण्डकी प्रदेश सभाकोलागि भवन निर्माण कार्य भइरहेको छ।
- गण्डकी प्रदेशको भवन निर्माण तथा बस्ती विकास विधेयक प्रदेश सभामा पेश गरिएको छ।

**यातायात व्यवस्थापन**

- यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) कास्कीको आफ्नै जग्गामा भवन बनाइ सेवा प्रवाह भइरहेको छ । पोखराको पृथ्वीचोकमा ड्राइभिङ्ग परीक्षण केन्द्र निर्माण सम्पन्न भएको छ
- सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ सवारी दर्ता सेवा प्रदान गर्न कावासोती, नवलपरासी (ब.सु.पू.) (ब.सु.पू.) र तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय स्थापना गरी सवारी दर्ता प्रशासन र सवारी चालक अनुमतीपत्र प्रशासन सम्बन्धी सेवा प्रवाह भइरहेको छ ।
- यातायात व्यवस्था कार्यालय सवारी, कास्की र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, कास्कीका अभिलेख डिजिटाइजेसन गरी यातायात व्यवस्था सेवालाई Online प्रणालीमा लैजान तयारी गरिएको छ ।
- यातायात कार्यालयहरूको भौतिक पूर्वाधार विकास र परिसर सुधार गर्ने कार्य निरन्तरभइरहेको छ।
- जेनजी प्रदर्शनको क्रममा भएको आगजनी र तोडफोडबाट यातायात कार्यालयमा भएको क्षतिको कारण अवरुद्ध सेवा सुचारु गर्न आवश्यक पूर्वाधारको तत्काल व्यवस्थापन गरिएको छ ।
- तनहुँको डुम्रे, नवलपरासी (ब.सु.पू.) र बागलुङमा रहेका यातायात व्यवस्था कार्यालयबाट नयाँ सवारी साधनको दर्ता Online EDLVRS(Electronic Driving License and Vehicle Registration System)मा गरिएको र पुरानो सवारी साधनको दर्तालाई समेत Paper Card Entry गरी EDLVRS मा ल्याइएको छ ।
- सवारी चालक अनुमति पत्रको लागि सेवाग्राही Trial Pass भएपछि अधिकतम् १० दिनभित्रसवारी चालक अनुमतिपत्र उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।
- Ride Sharing र Self Driveकार्यलाई व्यवस्थित तथा नियमन गर्न गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ कार्यान्वयनमा रहेको छ ।
- यातायात क्षेत्रबाट चालु आ.व. को मंसिर मसान्तसम्म रु. ७६ करोड ६७ लाख ९ हजार ४ सय ७४ रुपैयाँ राजस्व संकलन भएको छ ।

# स्वास्थ्य मन्त्रालय

गण्डकी प्रदेश अन्तर्गतका ९ अस्पताल र २ आयुर्वेद अस्पताल गरी जम्मा ११ अस्पतालहरूको स्तरोन्नति सहित कुल १६ वटा अस्पतालहरूको स्वीकृत शैय्या संख्या ३०० बाट ८०० र स्वीकृत दरबन्दी ३९८ बाट १०२५पुगेको छ।

**<u>अस्पताल, शैय्या एवम् दरबन्दी विवरण:</u>**

| क्र.सं | निकाय | अस्पतालशैय्या | | दरवन्दी | |
|---|---|---|---|---|---|
| | | साविक | स्वीकृत | साविक | स्वीकृत |
| १ | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ | ५० | १०० | ७८ | ९९ |
| २ | मध्य विन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) | १५ | १०० | ३२ | ९९ |
| ३ | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, कास्की | ० | ५० | ० | ६९ |
| ४ | प्रदेश अस्पताल, गोरखा | ५० | ५० | ५९ | ५९ |
| ५ | प्रदेश अस्पताल, म्याग्दी | ५० | ५० | ५९ | ५९ |
| ६ | प्रदेश अस्पताल, लमजुङ | १५ | ५० | ० | ६९ |
| ७ | मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की | २५ | ५० | ३८ | ८० |
| ८ | प्रदेश अस्पताल, तनहुँ | १५ | ५० | ३२ | ६९ |
| ९ | प्रदेश अस्पताल, पर्वत | १५ | ५० | २४ | ६९ |
| १० | प्रदेश अस्पताल, स्याङ्जा | १५ | ५० | २४ | ६९ |
| ११ | आप पिपल अस्पताल, गोरखा | १५ | ५० | ० | ६९ |
| १२ | बुर्तिवाङ अस्पताल, बागलुङ | ५ | ५० | ० | ६९ |
| १३ | प्रदेश अस्पताल, मनाङ | १५ | २५ | २० | ३९ |
| १४ | प्रदेशअ स्पताल, मुस्ताङ | १५ | २५ | २० | ३९ |
| १५ | गण्डकी आयुर्वेद अस्पताल, कास्की | ० | २५ | ६ | २९ |
| १६ | धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ | ० | २५ | ६ | २९ |
| जम्मा | | ३०० | ८०० | ३९८ | १०२५ |

- जस अनुसार, धौलागिरी प्रादेशिक अस्पताल र मध्यविन्दु प्रादेशिक अस्पताललाई १०० शैय्यामा स्तरोन्नती गरी प्रति अस्पताल १६ विशेषज्ञ चिकित्सक सहित ९९ दरवन्दी

कायम गरिएको छ। यसैगरी, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, मातृशिशु मितेरी प्रादेशिक अस्पताल,प्रदेश अस्पतालहरू, तनहुँ, पर्वत, स्याङ्जा, स्थानीय तहबाट प्रदेश सरकार मातहत ल्याई बुर्तिवाङ र आँपपिपल अस्पताललाई ५० शैय्यामा स्तरोन्नति गरी प्रति अस्पताल १३ विशेषज्ञ चिकित्सक सहित ६९ दरवन्दी कायम गरिएको छ। साथै,प्रदेश अस्पताल मनाङ र मुस्ताङलाई २५ शैय्यामा स्तरोन्नती गरीप्रति अस्पताल ३ विशेषज्ञ चिकित्सक सहित ३९ दरवन्दी कायम गरिएको छ। गण्डकी आयुर्वेद अस्पताल कास्की र धौलागिरी आयुर्वेद अस्पताल बागलुङमा अन्तरंग सेवा संचालनका लागि ४ जना विषेशज्ञ चिकित्सक सहित प्रति अस्पताल २९ जना दरबन्दी स्वीकृत गरिएको छ।


- स्वास्थ्य मन्त्रालय मातहतका निकायहरूको नाम कार्य प्रकृतिको आधारमा संशोधन गरी एकरूपता कायम गरिएको छ।
- प्रदेश मातहतका अस्पतालहरूको स्तरोन्नतिसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) र यस मन्त्रालयको सहकार्यमा धौलागिरी प्रादेशिक अस्पताल बागलुङ र आँपपिपल अस्पताल गोरखामा प्रविणता प्रमाणपत्र तहको स्वास्थ्य प्राविधिक शिक्षा संचालन गर्नको लागि प्रकृयागत कामहरू पूरा गरिएको छ।
- बुर्तिवाङ अस्पताल, आँपपिपल अस्पताल, गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पतालका लागि चार पाङ्ग्रे सवारी साधन खरिद भई हस्तान्तरण गरिएको छ।
- गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ गण्डकी प्रदेश सभामा पेश भई सामाजिक विकास तथा कृषि समितिमा छलफलका क्रममा रहेको छ।
- गण्डकी प्रदेशस्थित अस्पतालहरुबाट हाल ८२६ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन्। डायलाइसिस सेवाका लागि प्रतिक्षारत विरामीहरुको संख्या १ वर्षमा ३०६ बाट ९३ मा झरेको छ। यसैगरी प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार, फिस्टुला समेत तयार गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र संचालन कार्यलाई थप व्यवस्थित गरिएको छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि सम्बन्धित जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत यातायात तथा संचार खर्च उपलब्ध गराइएको छ।
- चालु आ.व. मा मध्यविन्दु प्रादेशिक अस्पतालबाट उक्त सेवा संचालन गर्ने गरी बजेट तथा कार्यक्रम तय भई खरिद प्रक्रिया अगाडि बढेको छ।

- प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराबाट समुदायस्तरमा विभिन्न नसर्ने रोग सम्बन्धी खोज पड्ताल तथा स्क्रिनिङ कार्यक्रम संचालनमा ल्याइएको छ। मन्त्रालय मातहतका सबै प्रदेश अस्पताल, आयुर्वेद अस्पताल, चिकित्सालय र जनस्वास्थ्य कार्यालयहरुको समन्वयमा नसर्ने तथा मानसिक रोगको स्क्रिनिङ, निगरानी तथा उपचार कार्यक्रमको व्यवस्था गरिएको छ। क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका २३,३४६ जनाको स्क्रिनिङ गरी ३४६जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ।
- प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराबाट समुदायस्तरमा विभिन्न नसर्ने रोग सम्बन्धी खोज पड्ताल तथा स्क्रिनिङ कार्यक्रम संचालनमा ल्याइएको छ। मन्त्रालय मातहतका सबै प्रदेश अस्पताल, आयुर्वेद अस्पताल, चिकित्सालय र जनस्वास्थ्य कार्यालयहरुको समन्वयमा नसर्ने तथा मानसिक रोगको स्क्रिनिङ, निगरानी तथा उपचार कार्यक्रमको व्यवस्था गरिएको छ। क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका २३,३४६ जनाको स्क्रिनिङ गरी ३४६जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ।
- प्रकोप तथा महामारी पूर्व आवश्यक तयारी तथा रेफरल प्रणाली सुदृढीकरणका लागि हब तथा स्याटेलाइट अस्पतालकोनेटवर्क स्थापना गरिएको ।
- प्रदेशस्तरका सबै अस्पतालहरुलाई न्यूनतम सेवा मापदण्डको अधिकतम पालना र गुणस्तर सुधारको लागि  अस्पताल सुदृढीकरण कार्यक्रम निरन्तर रहेको छ।
-
- प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको भवन निर्माण कार्य सम्पन्न भई नयाँ भवनबाट कार्य सम्पादन शुरुवात गरिएको छ । त्यस्तै,प्रदेश अस्पतालमनाङ, मुस्ताङ र मध्यविन्दु प्रादेशिक अस्पताल नवलपरासीको अस्पताल भवन निर्माण सम्पन्नहुनुका साथै मध्यविन्दु प्रादेशिक अस्पताल, प्रदेश अस्पताल म्याग्दी, पर्वत र मनाङको नयाँ भवनबाट सेवा प्रवाह भएको छ। उक्त भवनबाट थप सेवा प्रवाह गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी पठाइनुका साथै प्रदेश अस्पताल लमजुङको भवन निर्माण सम्बन्धी कार्य पूर्वाधार विकास कार्यालय लमजुङ मार्फत एवं गण्डकी आयुर्वेद अस्पताल पोखराको अस्पताल भवन निर्माण सम्बन्धी कार्य भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मार्फत कार्यान्वयनको चरणमा गैसकेको छ। बहुवर्षीय योजनामा रहेको प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल कास्कीको भवन निर्माण कार्य सहरी विकास तथा भवन कार्यालय कास्की मार्फत भइरहेको छ। साथै, धौलागिरी प्रादेशिक

अस्पताल बागलुङ, मातृशिशु मितेरी अस्पताल कास्की, प्रदेश अस्पताल तनहुँ, पर्वत, स्याङ्जामा संरचना सुधारका कार्यहरू भएका छन्। साविकको जिल्ला तथ्यांक कार्यालय, स्याङ्जाको भवन प्रदेश अस्पताल, स्याङ्जाले प्रयोग गर्ने गरी नेपाल सरकारबाट हस्तान्तरण भएको छ ।


- स्थानीय तह मातहत संचालित वालिङ नगर अस्पताल स्याङ्जा, सुन्दर बजार अस्पताल लमजुङ, बागलुङ नगर अस्पताल बागलुङ, बडिगाड आधारभूत अस्पताल बागलुङ, कालिमाटी नगर अस्पताल, तनहुँ स्तरोन्नती सम्बन्धमा अध्ययन प्रतिवेदन तयार भएको छ।
- प्रदेश आयुर्वेद चिकित्सालय, पर्वतको लागि ५ रोपनी जग्गा प्राप्ति भएको छ भने प्रदेश अस्पताल, तनहुँको लागि ८ रोपनी ८ आनाजग्गा प्राप्त भएको छ।
- मन्त्रालयबाट समग्र स्वास्थ्य क्षेत्रको सुधारका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना कार्यान्वयन गरिएको छ।
- गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ स्वीकृत भइ लागू भएको छ। साथै, मन्त्रालयबाट आ.व. २०८२/०८३ मा विशेष महत्वका निम्न कानूनी दस्तावेजहरू मन्त्रिपरिषदबाट स्वीकृत भएका छन् ।
- क्यान्सर रोग उपचार आर्थिक सहायता कार्यविधि, २०८२
- अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२
- गण्डकी प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२
- आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति (गठन) आदेश, २०८२
- नेपाल सरकारबाट छात्रवृत्ती प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पदस्थापन र सरुवा सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयन गरिएको छ।
- मिति २०७५ साल भाद्र १३ गते पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको र प्रदेश खोप कोष स्थापना भइ सो कोषमा २ करोड ६५ लाख रकममौज्दात रहेको छ।
- संघीय सरकारबाट प्राप्त हुने उपचार सहायताका साथै गण्डकी प्रदेश स्थायी ठेगाना भएका क्यान्सर बिरामीहरुका लागि गण्डकी प्रदेश सरकारको तर्फबाट थप रू. एक लाख बराबरको उपचार सहायता रकम उपलब्ध गराउने गरी वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, वीर अस्पताल, काठमाण्डौ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, निजामती कर्मचारी अस्पताल, काठमाण्डौ, भक्तपुर क्यान्सर, अस्पताल, भक्तपुर र कान्ति बाल अस्पताल, काठमाण्डौ गरी ६ वटा अस्पतालहरुमा क्यान्सर उपचार सहायता कार्यक्रमको सम्झौता भइ कार्यान्वयन गरिएको छ।


- मनाङ बाहेक प्रदेश मातहतका अस्पतालहरुमा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।
- गण्डकी प्रदेशमा गत वर्षको माघ २२ गते देखि फाल्गुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर विरुद्धको एच पि भी खोप अभियान सफलतापूर्वक सम्पन्न गरिएको छ। गण्डकी प्रदेशको लक्षित १,०४,८१० किशोरीहरुमध्ये १,०१,६६५ (९७ प्रतिशत) ले खोप लिएका छन्।
- स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन मापदण्ड, २०७८ लाई योजनाबद्ध रुपमा कार्यान्वयनमा ल्याईएको छ ।जसबाट गण्डकी प्रदेशका सबै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा अटुट रुपमा संचालनका लागि आपूर्ति व्यवस्थापन भइरहेको छ।
- प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवं बाल रोगको ११ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधीहरू खरिद सम्पन्न भई वितरण भइरहेको छ।
- धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र, मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ।
- गण्डकी प्रदेशका विभिन्न ७७ स्थानीय तहका ८३२ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको छ। हाल स्थानीय तहका ३८७१ स्वास्थ्यकर्मीहरूले प्रयोग गरिरहेको यस प्रणाली मार्फत दैनिक औषतमा ८००० जना बिरामीको विवरण प्राप्त हुने गरेको छ।
- स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरिएको छ। हालसम्म ३,२२,७७४ परिवारका १२,२१,५७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य संकेत नम्बर प्रदान गरिएको छ।
- प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शिघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।
- प्रदेश भित्रका गर्भवती महिला र नवशिशुहरुको ज्यान जोखिममा रहँदा तत्काल निःशुल्क हवाई उद्धार (Air Lifting) गर्ने प्रयोजनार्थ स्वीकृत "जोखिम मा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्य विधि, २०८०" बमोजिम हाल सम्म कुल ७१जनाको हेली उद्धार गरी ज्यान जोगाइएको छ।




o

- स्वीकृत कार्यविधि बमोजिम रेडक्रससँगको समन्वयमा प्रदेशभर करिव ३५ हजार पिन्ट रगत तथा रगतजन्य सेवा बिरामीहरूलाई निःशुल्क उपलब्ध गराइएको छ ।
- प्रदेशस्थित अस्पतालहरुबाट ८२६ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन्। डायलायसिस सेवाका लागि प्रतिक्षारत विरामीहरुको संख्या १ वर्षमा ३०६ बाट ९३ मा झरेको छ। प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा २५ शैय्या क्षमताको डायलायसिस केन्द्र सञ्चालनमा रहेको छ।
- प्रदेशका सबै अस्पतालमा विस्तारित बहिरंग(OPD)सेवाको सुरुवात गरिनुका साथै धौलागिरी प्रादेशिक अस्पताल, वागलुङ र प्रदेश अस्पताल, गोरखामा विस्तारित चिकित्सा सेवा (EHS) सञ्चालनमा ल्याइएको छ। अस्पतालहरूको स्तरोन्नति एवम् विशेषज्ञ चिकित्सकीय सेवा पश्चात सेवा ग्राहीको संख्यामा उल्लेख्य वृद्धि भएको छ।विगत ३ वर्षको तुलनामा अस्पतालहरुमा हाल सेवा ग्राहीको संख्या उल्लेख्य वृद्धि भएको छ भने रिफर (Refer)हुने विरामीको संख्या गुणात्मक रुपमा घटेको छ।




- अन्तरतह साझेदारी तथा समन्वयमा जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फतस्थानीय तहका स्वास्थ्य संस्थाहरूलाई अत्यावश्यक मेडिकल औजार-उपकरण प्रदान गरि आधारभुत स्वास्थ्य सेवालाई स्तरोन्नती गरिएको छ।
- अस्पतालबाट ज्येष्ठ नागरिक, १० वर्ष मुनिका बालबालिका,अति गरिब, विपन्नरबेवारिसे व्यक्तिहरुको नि:शुल्क स्वास्थ्य परीक्षण सहित बहिरंग सेवा (OPD)लाई निरन्तरता दिइ लक्षित वर्ग समुदायको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिएको छ।
- जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरु मार्फत १८ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रमको प्रभावकारिता महशुस गरिएकोले कार्यक्रमलाई निरन्तरसंचालनमा ल्याइएको छ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार गर्न धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र,

विद्धकर्म,मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ। प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा चिकित्सालयको आन्तरिक स्रोत र क्षमता मार्फत क्षारसूत्र तयार गरी सेवा प्रदान गरिएको छ।

- चालु आ.व. देखि मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी(व.सु.पू.)मा कृत्रिम हातखुट्टा निर्माण परियोजना संचालनमा ल्याइएको छ।
- मनाङ र मुस्ताङ जिल्लाको उच्च पहाडी भेगमा थप जनशक्ति सहित प्रदेश अस्पताल र जनस्वास्थ्य कार्यालयको समन्वयमा उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याइएको छ।
- प्रदेशको आकस्मिक प्रसुति तथा नवजात शिशु सेवाहरूको हालको अवस्थाको विश्लेषण गरी भौगोलिक दुरी र पहुँचको आधारमा रणनैतिक स्थानहरूमा सो सेवालाई सुदृढ गर्ने कार्य अघि बढाइएको छ।
- प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराबाट Non-communicable Disease, Infectious Disease, Viral Load (HIV, HCV), Blood Culture, Immunological, Hormonal, Histopathological आदिपरीक्षण लगायत ५०० भन्दा बढी प्रकारकापरीक्षण हुने गरेको छ ।
- धौलागिरी प्रादेशिक अस्पताल, बागलुङको सेवा प्रवाह थप गुणस्तरीय बनाउनCT Scanसेवा प्रारम्भ गरिएको छ।
- प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखराबाट समुदायस्तरमा विभिन्न नसर्ने रोग सम्बन्धी खोज पड्ताल तथा स्क्रिनिङ कार्यक्रम संचालनमा ल्याइएको छ। क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligenceजडित एक्सरे मेशिन प्रयोग गरी जोखिम समूहमा रहेका २३,३४६ जनाको स्क्रिनिङ गरी ३४६जना नयाँ क्षयरोगका बिरामी पहिचान गरी उपचार शुरु गरिएको छ।
- सम्बन्धित अस्पतालहरुबाटै विशेषज्ञ चिकित्सकहरुले प्रोत्साहन सुविधा प्राप्त गर्ने गरी मनाङ, मुस्ताङ, बुर्तिवाङ र आँपपिपल अस्पतालहरुमा विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू गरिएको छ।
- चालु आ.व.देखि प्रदेशका विभिन्न ९ वटा अस्पतालमा प्रयोगशाला सूचना प्रणाली (LIS)स्थापना तथा संचालन गरी विद्युतीय चिकित्सा अभिलेख (Electronic Medical Record)प्रणालीमा एकीकरण गर्ने कार्यशुरु भएको छ।
- इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली (Electronic Medical Record System) लाई निरन्तरता दिँदै एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीकोप्रमुख अंगको रुपमा मोनिटरिङ

पोर्टल (Monitoring Portal) र निगरानी (Surveillance)प्रणाली स्थापना गरी सोको अभ्यास गरिएको छ ।

- प्रदेश भित्रका शहिद परिवार लगायत विभिन्न लक्षित समूहका बढिमा ५जना सम्म परिवारका सदस्यहरुको निःशुल्क स्वास्थ्य बीमा-नवीकरण गर्ने एवं सञ्चारकर्मीहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम कार्यान्वयन गरिएकोछ ।
- मातृशिशु मितेरी अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा र ल्याप्रोस्कोपिक सर्जरी सेवा सुरुवात गरिएको छ।
- मनाङ बाहेक प्रदेश मातहतका अस्पतालहरुमा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।
- धौलागिरी प्रादेशिक अस्पताल बागलुङ र प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा, वाल सघन उपचार कक्ष (NICU) सेवा,इन्डोस्कोपी सेवा,ल्याप्रोस्कोपिक सर्जरी र कोलोनोस्कोपी सेवा सञ्चालन गरिएको छ। तनहुँ, पर्वत, गोरखा जिल्लास्थित प्रदेश अस्पताल र मातृशिशु प्रादेशिक मितेरी अस्पतालबाट ल्याप्रोस्कोपिक सर्जरी सेवा संचालनमा ल्याइएको छ। मध्यविन्दु प्रादेशिक अस्पतालबाट मृगौला, हाडजोर्नी र मेरुदण्डको विशिष्टीकृत सेवा संचालनमा ल्याइएको छ। स्याङ्जा, तनहुँ, बुर्तिवाङ, धौलागिरी प्रादेशिक अस्पताल र मध्यविन्दु प्रादेशिक अस्पतालमा त्रमा युनिट संचालनमा ल्याइनुका साथै धौलागिरी प्रादेशिक अस्पतालमा जलन उपचार कक्ष स्थापना गरी सेवा शुचारु गरिएको छ।
- धौलागिरी आयुर्वेद अस्पताल बागलुङ, गण्डकी आयुर्वेद अस्पताल कास्की, प्रदेश आयुर्वेद चिकित्सालय तनहुँ र नवलपरासीमा ५ वर्षसम्मका बालबालिकाहरूका लागि निःशुल्क स्वर्णप्राशन कार्यक्रम संचालनमा ल्याइएको छ।
- प्रदेश अस्पताल मनाङ, धौलागिरी आयुर्वेद अस्पताल र गण्डकी आयुर्वेद अस्पतालमा सशुल्क फार्मेसी सेवा सञ्चालनमा ल्याइएको छ।
- लमजुङ, तनहुँ, बागलुङ र नवलपरासी (ब.सु.पू.) जिल्ला स्थित प्रदेश अस्पतालमा आङ खसेका महिलाहरूको निःशुल्क शल्यक्रिया गरिएको छ। साथै, प्रदेश अस्पताल मुस्ताङ, म्याग्दी, पर्वतर बागलुङमा आँखा शिविर सञ्चालन गरी मोतियाविन्दु (Cataract) को निःशुल्क शल्यक्रिया गरिएको छ।
- सम्पूर्ण गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइलमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत हालसम्म ११,५४१ गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा ल्याइएको छ।

- गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पताल, बागलुङ र आँबुखैरेनी आधारभूत अस्पताल तनहुँमा आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC) को सुरुवात गरिएको छ।

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

## शैक्षिक योजना तथा विज्ञान प्रविधितर्फ

- मिति २०७८ असोज २४ मा **साक्षर गण्डकी प्रदेश घोषणा** भएको छ।
- गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी भइ सोको कार्यान्वयन गर्न शिक्षा क्षेत्रको रणनीतिक योजना (२०७९/८०-२०८३/८४) लागु गरिएकोछ।
- आ.व. २०७६/०७७ देखि हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूको शिक्षामा पहुँच र गुणस्तर विस्तार गर्न गोरखा, म्याग्दी र मुस्ताङ जिल्लाका ४ वटा नमूना विद्यालयमा आवासीय भवन निर्माण र २८० जना विद्यार्थीलाई आवासीय छात्रवृत्ति प्रदान गरिएको छ।
- शिक्षा तालिम केन्द्र मार्फत माध्यमिक तथा आधारभूत तहका शिक्षकहरुका लागि ३० दिने सेवाकालिन तालिम १०९८१ र विभिन्न किसिमका Customized तालिम १०६३७ जनाका लागि, सञ्चालन तालिम सञ्चालन भएको ।
- प्रदेशका १२ वटा स्थानिय तहहरुका ५४ विद्यालयहरुलाई ९० वटा समुहमार्फत ३,३४३ जना विद्यार्थीहरुलाई वृत्ति मार्ग निर्देशन कक्षा सञ्चालन गरिएको छ।
- औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) अन्तर्गत गण्डकी प्रदेशका ६ वटा विद्यालयहरुमा अटो मोबाईल, सिभिल ईन्जिनियरिङ तर्फ विल्डिङ कन्ट्रक्सन, ईलेक्ट्रिकल ईन्जिनियरीङ र होटल मेनेजमेन्ट गरी ४ विषयमा ३११ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन्।
- युवाहरुकालागि गुणस्तरीय र प्राविधिक शिक्षा परियोजना अन्तर्गत प्रदेश भित्रका २३ वटा प्राविधिक शिक्षालयहरुमा TVET शिक्षणसँस्था विकासका लागि शिक्षालय सुधार योजना निर्माण तथा कार्यान्वयनगर्न, आईसिटी ल्याब व्यवस्थापन र नमूना शिक्षालय विकासका लागि विद्यालय/शिक्षालयलाई अनुदान उपलब्ध गराईएकोछ।
- पूर्व सिकाई मान्यता विधि (RPL) का आधारमा सिप परीक्षणका लागि प्रदेशका १६ वटा स्थानिय तहहरुसंग लागत साझेदारीमा सिप परिक्षण उत्तिर्ण गरि हालसम्म ६७६ जनाले सीप परिक्षणको प्रमाणपत्र प्राप्त गरेका छन।
- प्राविधिक धार र टेक्स्ट विद्यालय गरी १३ विद्यालयहरू, गण्डकी डिजिटल शिक्षा कार्यक्रमका लागि ११ वटा माध्यमिक विद्यालयहरू र हरित विद्यालय वातावरण प्रवर्धनका लागि ६ वटा आधारभूत विद्यालयहरुमा कार्यान्वयनभएको छ ।
- प्रदेश सरकारर मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबिच भगिनी सम्बन्ध स्थापना भए पश्चात हेनान नर्मल विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न २० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्।

## उच्च शिक्षा तथा संस्कृति

- शिक्षामा मूलप्रवाहीकरणका लागि मदरसा/गुम्बा/गुरुकुल/आश्रम र वैकल्पिक विद्यालय गरी ५१ विद्यालयलाई सञ्चालन एवम् व्यवस्थापनका लागि प्रदान गरिएको अनुदानबाट६६६ जना बालबालिका एवम् प्रौढ लाभान्वित भएका छन् ।

- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान (GTEVTA) वि.सं. २०७७असार १ गते स्थापना गरिएको र कोरियन अन्तर्राष्ट्रिय सहयोग नियोग (Korea International Cooperation Agency) र गण्डकी प्रदेश सरकारबिच मिति२०८२ भाद्र ४ गते सम्झौता भई KOICA बाट ९० मिलियन अमेरिकन डलर र प्रदेश सरकारको १३ करोड ६७ लाख उनान्नब्बे हजार लागानीमा **गण्डकी प्राविधिक शिक्षालय** (GIT) को भौतिक पूर्वाधार निर्माणको कार्य भइरहेको छ।
- बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालय निर्माणमा सहयोग गरिएको छ। साथै उच्च शिक्षा अध्ययन गर्ने २०८ जना अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको छ।
- ठुला विद्यालय विकास कार्यक्रम अन्तर्गतनवलपरासी (ब.सु.पू.)को देवचुली मा. वि. र नेपाल लोकसेवा मा.वि. तथा कास्कीको जनप्रकाश मा.वि.मापूर्वाधार विकासको कार्य भईरहेको छ।
- प्रदेश सरकारको सहयोगमा रक एण्ड टनेल इन्जिनियरिङमा स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण भइ पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस,लामाचौरमा पठनपाठन भईरहेको छ।
- जीवनोपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्न २०७६।११।०९ गते **गण्डकी विश्वविद्यालय** स्थापना गरी सूचना प्रविधि, खेलकुद लगायतका नविनतम विषयमा पाठ्यक्रम तयार गरी स्नातक र स्नातकोत्तर तहको पठन पाठन सञ्चालन गरिएको छ।हाल निम्न अनुसारका विद्यार्थिहरुले अध्ययनरत रहेका छन्

| क्र.सं. | विधा/तह | अध्ययनरत विद्यार्थी संख्या |
|---|---|---|
| १ | BIT | २१६ |
| २ | BALLB | १७० |
| ३ | BBA | ११३ |
| ४ | BSM | ५० |
| ५ | BPharmacy | २२१ |
| ६ | MIT(AI) | ३२ |
| | **कुल जम्मा** | ६९६ |

- कोभिड-१९ का कारण अभिभावक गुमाएका १५३ जना वालवालिकाको पालनपोषण एवम् सिकाइ सहायताका लागि मासिक रु ५,०००।- का दरले कुल १ करोड ८१ लाख ८० हजार राहत रकम उपलव्ध गराइएको छ।
- प्रदेशका १३१ माध्यमिक विद्यालयहरूमा **STEM** (Science, Technology, Engineering and Mathematics) Lab स्थापनाका लागि६ करोड ५५ लाख रकम अनुदान सहयोग गरिएको छ ।
- गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यशाला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवम् सम्बर्द्धन गर्न मिति २०७८ बैशाख १४ गते स्थापना भई आर्ट ग्यालरी निर्माण, २४ प्रकारका लोक वाजाहरु, भाषा संस्कृतिको संरक्षण र सम्वर्द्धन गरी प्रदेशका विभिन्न जातजातीको सामाजिक तथा सांस्कृतिक पक्षको अनुसन्धान गरी विभिन्न पुस्तक, भिडियो प्रकासन तथा प्रशारण गरिएको छ।
- प्रदेश सरकारको सहयोगमा विभिन्न ३४ वटा संग्रहालयको संरक्षण तथा व्यवस्थापन गरिएको छ। प्रदेश संग्रहालय, पोखराको परिसर भित्र सांस्कृतिक पहिचान झल्किने **कोशेली घर**को निर्माण कार्य भैरहेको छ।
- देश र समाजको लागि जीवन बलिदान गरेका एवम् राज्यद्वारा शहिद घोषणा भएका शहिदहरुको नाममा स्थापित ४ वटा शहिद पार्क र ११ वटा स्मृति पार्कहरुको स्थापना र विकासमा सहयोग पुऱ्याईएको छ ।
- त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति, नवलपरासी (ब.सु.पू.) र मनकामना क्षेत्र विकास समितिको गठन भई संरक्षण, प्रवर्धन र विकासका कार्यहरु संचालन गरिएको छ ।
- शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण गर्ने संस्थाहरुको नियमन सम्बन्धी निर्देशिका, २०८२ निर्माण भई गण्डकी प्रदेशमा रहेका संस्थाहरुको अनुगमन गरी दर्ता प्रमाणपत्र दिने कार्यको प्रारम्भ गरिएको छ।

**सामाजिक विकास**

- लैङ्गिक हिंसा एवम् मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूका लागि मिति २०८२।०२।१६ गते गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापाना भई मिति २०८२।०५।१५ गते देखि सञ्चालनमा आएको छ साथै लैङ्गिक हिंसा पीडितहरूको उद्धार तथा संरक्षणको लागि मन्त्रालयमा निःशुल्क हटलाइन सेवा (टोल फ्री नं. १६६०६१५२०१५) सञ्चालनमा रहेको छ ।
- पोखरा महानगरपालिका वडा नं ८ स्थित श्रीराम आधारभूत विद्यालय, सिमलचौर पोखरामा २० जना क्षमताको प्रदेशस्तरीय दिवा शिशु स्याहार केन्द्र मिति २०८१।१०।२१ गते स्थापना भई हाल १७ जना शिशुहरुको स्याहार सुसार भैरहेको छ।

- ७२५ जना महिला उद्यमीहरूलाई सीप मूलक तालिम तथा प्रविधि सहयोग अनुदान उपलब्ध गराइएको छ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि तत्काल उद्धार, संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बाग्लुङ, गोरखा, लमजुङ, स्याङ्जा, नवलपरासी(ब.सु.पू.), पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालनमा रहेका छन्।
- गण्डकी नेत्रहीन संघ पोखरा-२६,लेखनाथ मार्फत २०७५ सालमा दृष्टिविहीन लक्षित अडियो लाइब्रेरी स्थापना ४०० वटा श्रव्य पुस्तक उत्पादन गरिएको छ ।
- अटिजम, बौद्धिक अपाङ्गता, मष्तिस्क पक्षघात भएका ३०० बालबालिकाहरूलाई लक्षित गरी दिवा स्याहार केन्द्रहरु सञ्चालन गर्ने ४ वटा संस्थाहरुलाई सहयोग प्रदान गरिएको छ।
- प्रदेशभित्र १५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र १६ वटा ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरूको पूर्वाधार निर्माण तथा सञ्चालनमा सहयोग गरिएको छ ।
- गण्डकी प्रदेशलाई मिति २०७८।०८।०९ गते सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश घोषणा गरी मानव सेवा आश्रमसँग सम्झौता भई तत्काल उद्धार र संरक्षणका कार्यहरू भइरहेका छन्।

**श्रम तथा रोजगार**

- दलित समुदायको परम्परागत पेशा, कला र सिपको संरक्षण, संवर्द्धन रव्यवसायीकरणको लागिभगत सर्वजित सिपविकासकार्यक्रमबाट दलित समुदायका ३५ वटा समूहलाई परम्परागत पेशा तथा सिप प्रवर्द्धनका लागि अनुदान उपलब्ध गराइएको छ ।
- व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू तथा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान मार्फत् बेरोजगार युवा, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गका महिला (विपन्न/एकल/हिंसा पीडित/सिमान्तकृत आदि) समेत गरी९,२५५ जनालाई स्वरोजगारका लागि छोटो र लामो अवधिका सिपमूलक तालिमहरू प्रदान गरिएको छ।
- रोजगार सूचना केन्द्र मार्फत रोजगार विनिमय सेवा सम्बन्धी पोर्टल निर्माण गरी ८१ वटा स्थानीय तहका रोजगार संयोजकहरुलाई पोर्टल सञ्चालन सम्बन्धी तालिम दिईएको ।
- बैदेशिक रोजगारिलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यकासाथ मनाङ र मुस्ताङ बाहेक अन्य ९ वटा जिल्लाका जिल्ला प्रशासन कार्यालय र ४ वटा इलाका प्रशासन कार्यालयमा रहेका आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रहरुमा सुचना तथा परामर्श प्रदान गर्न १३ जना र मन्त्रालयमा १ जना गरी जम्मा १४ जना सुचना तथा परामर्शकर्ताहरु नियुक्ति गरी सेवा प्रदान गरिएको छ ।
- गण्डकी प्रदेश र स्थानीय तहका सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक रोजगारी तथा आप्रवासन सम्वन्धी क्षमता विकास गर्ने उद्धेश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा

मन्त्रालय, गण्डकी प्रदेशको सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र सुरक्षित आप्रवासन/हेल्भेटास विच त्रिपक्षिय सम्झौता भएको छ।

**युवा तथा खेलकुद**

- मिति २०७७ चैत्र १ गते प्रदेश खेलकुद परिषद् स्थापना भई पोखरा रङ्गशाला परिसरमा परिषद्को प्रशासनिक भवन स्थापना गरिएको छ। नवलपरासी (ब.सु.पू.) र लमजुङमा जिल्ला खेलकुद विकास समितिको भवन निर्माण भैरहेको छ।
- परिषद् र जिल्ला खेलकुद विकास समिति मार्फत नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजाका साथै प्रादेशिक, जिल्ला र स्थानीय स्तरका बिभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन तथा व्यवस्थापन गरिएको ।
- "एक स्थानीय तह-एक खेलमैदान" कार्यक्रम कार्यान्वयनमा ल्याइएको तथा विभिन्न सामुदायिक विद्यालय र युवा क्लवहरुका खेलमैदान निर्माण तथा स्तरोन्नती गरिएको छ।
- प्रदेश स्तरीय क्रिकेट खेलमैदान तयारीको लागि गाँउ फर्कोदय मा.वि., शुक्लागण्डकी, तनहूँ र नवदुर्गा खेलमैदान कावासोती, नवलपरासी (ब.सु.पू.)मा पुर्वाधार निर्माण कार्य अगाडि बढाईएको छ।
- मुस्ताङको वारागुङ मुक्तिक्षेत्रमा उच्चउचाइ खेलमैदानका लागि Geological Meteorological पूर्वसंभाव्यता अध्ययन गरिएको छ।
- गण्डकी प्रदेशबाट ओलम्पिक खेलमासहभागीखेलाडीहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सरकारबाट ९ जना खेलाडीलाई एकमुष्ठ वार्षिक ६० हजारका दरले प्रोत्साहन रकम उपलव्ध गराउने गरिएको छ।

# उद्योग तथा पर्यटन मन्त्रालय

## पर्यटन

- प्रदेश सरकार **स्थापनाकाल देखि** हालसम्म ४९ करोड ७२ लाख लगानी गरी **३३४ वटा होमस्टेको** प्रवर्द्धनमासहयोग पुऱ्याएको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न पूर्वाधार (सामुदायिक भवन, स्वागतद्वार, सांस्कृतिक संग्रहालय, पदमार्ग, पार्क आदि) निर्माण कार्य सम्पन्न भएको छ।
- ८ वर्षे समिक्षा अवधिमा प्रदेशभर ३३१.४७ कि.मि. पर्यटकीय पदमार्ग/पैदलमार्गको निर्माण, मर्मतसम्भारतथा सौन्दर्यीकरण गरिएको छ।
- **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट** अन्तराष्ट्रिय हवाई सेवा सञ्चालनका लागिनेपाल सरकार समक्ष ध्यानाकर्षण पत्र बुझाईएको साथै विभिन्न अन्तराष्ट्रिय हवाई कम्पनीका प्रतिनिधीहरुसँग आवश्यक समन्वय र सहजीकरण भैरहेको छ । पोखराबाट अन्य प्रदेश राजधानी र प्रमुख शहरमानियमित हवाई सेवा सञ्चालनका लागि आवश्यक पहल भैरहेको छ।
- प्रदेशको पर्यटन प्रवर्द्धन गर्न **"Glorious Gandaki"**, ११ वटै जिल्लाका मुख्य पर्यटकीय गन्तव्यको भिडियो डकुमेन्ट्री निर्माण,११० प्रमुख पर्यटकीय गन्तव्यहरू समेटी पुस्तिका प्रकाशन, मुख्य-मुख्य हिमश्रृङ्खलाहरूको प्रोफाइल निर्माणलगायतका सामाग्री मार्फत प्रचारप्रसार गरिएको छ।
- पर्यटन व्यवसायीहरुसँगको सहकार्य र सहलगानीमा गण्डकी प्रदेशको पर्यटनलाई विश्वसामु प्रचार प्रसार गर्न विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यहरु गरिएकोछ । थप नयाँ गन्तव्यको पहिचान, प्रवर्द्धन र विकास गर्ने काम भइरहेको छ।
- भारतीय राजदुतावासको समन्वयमा स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधीहरु, पर्यटन सम्वद्ध प्रतिनिधीहरु, स्वदेशी तथा विदेशी कलाकार तथा पत्रकार समेतको सहभागितामा दोश्रो नेपाल-भारत पर्यटन मिट पोखरामा सम्पन्न भइ गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउने कार्य गरिएको छ ।
- पर्यटन प्रवर्द्धनका लागि प्रत्येक जिल्लामा १/१ वटा मुख्य पर्यटकीय स्थलको DPR तयार गर्नुका साथै पर्यटकीय राजधानी पोखरा आसपासका १० वटा पर्यटकीय स्थललाई **सेटलाईट गन्तव्य**को रुपमा विकास गर्ने कार्य भैरहेको छ ।
- चालु आ.व.मा गण्डकी प्रदेशमा भित्रिने पर्यटकहरुको अभिलेख व्यवस्थापन गर्नका लागि नवलपरासी (ब.सु.पु.) को त्रिवेणी, स्याङ्जा जिल्लाको राम्दी, तनहुँ जिल्लाको आँबुखैरेनी तथा पोखरा विमानस्थलबाट तथ्याङ्क संकलन गर्ने कार्यको तयारी भैरहेको छ ।

**उद्योग, वाणिज्य तथा आपूर्ति**

- यस अवधिमा२७,५५२ वटा उद्योग दर्ता, ३७,२४५वटा वाणिज्यफर्म दर्ता भएका छन ।१४,२७९ जनालाई उद्यमशिलता विकास तालिम,१५,३९३ जनालाई सिपमुलक तालिम प्रदान गर्नुका साथै१,७१३ उद्यमीहरुलाईविभिन्न मेशिन औजार (प्रविधि हस्तान्तरण) सहयोग उपलब्ध गराईएको छ ।
- उद्योग प्रवर्द्धन गरी थप रोजगारीका अवसरहरु सिर्जना गर्ने उद्देश्यले आ.व. २०८१/०८२ मा नमुना कार्यक्रमका रुपमा ५ वटा पालिका छनौट गरी बृद्दीमुखी उद्दमशिलता तथा रोजगारी सिर्जना कार्यक्रम (GEEP) कार्यान्वयन भइरहेको छ ।
- पोखरा महानगरपालिका वडा नं. ३३ को **पुँडीटार** र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को **लोकाहा खोलामा** प्रदेशस्तरीय औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन (EIA) स्वीकृत भइ जग्गाको भोगाधिकार प्रयोजनार्थ प्रस्तावित औद्योगिक क्षेत्रमा रुख गणनाको काम भैरहेको छ। लोकाहाखोला औद्योगिक क्षेत्रको रुख गणनाको प्रतिवेदन नेपाल सरकारमा पठाईसकिएको छ।
- **डिजिटल गण्डकीको** नीति अनुरुप ६९,४५८ उद्योग तथा ६९,५४१ वाणिज्य फर्महरु समेत जम्मा १,३८,९९९ फर्महरुको विद्युतीय अभिलेखन कार्य सम्पन्न गरी पर्यटन, उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धी सेवा प्रवाह विद्युतीय माध्यमबाट भैरहेको छ।
- प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउनुका साथै उपभोक्ता सचेतनाका लागि नियमित बजार अनुगमन गरी गुणस्तर र मूल्यमा नियमन गरिएको छ।
- "एक स्थानीय तह, एक उद्योगग्राम" अन्तर्गत घोषणा भएका २९ स्थानीय तह मध्ये २५ वटा उद्योग ग्राममा समिक्षा अवधिमा ९ करोड ७० लाख रुपैयाँ विनियोजन भइ पूर्वाधार निर्माणका कार्यहरु भएका छन् ।
- गण्डकी प्रदेशमा निर्यातयोग्य बस्तुहरुको सम्भाव्यता अध्ययन तथा गण्डकी प्रदेशको आयात निर्यातको अवस्थाको अध्ययन गरिएको छ ।

# ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

**ऊर्जा क्षेत्र :-**

- प्रदेश सरकार गठन हुँदा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जा मार्फत् विद्युतमा पहुँच पुगेका परिवार **८७.९०**प्रतिशत रहेकोमा हालसम्म पहुँच बृद्धि भई **९९.८०** प्रतिशत पुगेको छ।
- हालसम्म ९४ वटा लघु जलविद्युत् आयोजनाको मर्मतसम्भार गरी जम्मा ३,५०६ किलोवाट विद्युत् नियमित गरिएको छ, जसबाट १६ हजार ४५१ घरधुरी लाभान्वित भएका छन्।
- स्याङ्जा जिल्लामा रहेको ९८किलोवाट क्षमताको **पुतपुते खोला** दोस्रो र मनाङ्ग जिल्लामा रहेको ६०किलोवाट क्षमताको **युम्ले खोला** लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनसँग जोड्ने कार्य सम्पन्न भएको छ।
- राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका गोरखा, म्याग्दी, मनाङ, मुस्ताङ र बागलुङ जिल्लाका १,६०४ घरधुरीमा प्रदेश सरकारको ७५ देखि ९० प्रतिशतसम्मको सहुलियतमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलार बत्ती बालिएको छ।
- यस अवधिमा गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालयहरू, कार्यालयहरू, स्वास्थ्य चौकी, क्याम्पस तथा सामुदायिक विद्यालय गरी कूल २४१ किलोवाट पिक क्षमताको संस्थागत सौर्य ऊर्जा प्रविधि जडान सम्पन्न भएको छ।
- आ.व. २०७७/७८ सम्ममा स्थानीय तहको साझेदारीमा ३०,४८१ वटा विद्युत् वितरण लाईनमा रहेका जीर्ण काठेपोल प्रतिस्थापन गरिएको छ। यसबाट १ लाख ४९ हजार ४ सय ६७ जना लाभग्राही लाभान्वित भएका छन्।
- गण्डकी गा.पा.-८, पोखरा म.न.पा.-२७ र वालिङ न.पा.-८ मा गरी २६ थान सौर्य सडक बत्ती जडान गर्नुको साथै पालुङटार न.पा.-५, गोरखा न.पा.-१० र देवचुली न.पा.-१ र १४ मा गरी जम्मा २६९थान **स्मार्ट सडक बत्ती** जडान कार्य सम्पन्न गरिएको छ।

**सिंचाइ तथा नदी नियन्त्रणः**

- सिंचाइ क्षेत्रमा सतह, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्युववेल सिंचाइ आयोजनाहरूका कार्यान्वयनबाट जम्मा ७,६७९ हेक्टर जमिनमा नयाँ सिंचित कमाण्ड क्षेत्र विस्तार भइ आधुनिक पूर्वाधार विकास भएको कूल क्षेत्रफल ७०,०८० हेक्टर पुगेको छ।
- खेती योग्य जमिनमा बाहैं महिना सिंचाइ सुविधा पुऱ्याउन गत ८ वर्षको समिक्षा अवधिमा **एशियाली विकास बैंक** समेतको आर्थिक तथा प्राविधिक सहयोगमास्याङ्जा जिल्लाको चापाकोटटार, तनहुँ जिल्लाको अत्रौलीपुट्टार, पर्वत जिल्लाको फलेवास, लमजुङ जिल्लाको रम्घाटार, नवलपरासी(ब.सु.पू.)

जिल्लाको उल्टी खोला, डेडगाउँटार लगायतका ठूला र महत्वपूर्ण सिंचाइ प्रणालीको नवीकरण कार्य सम्पन्न गरिएको छ। परम्परागत कृषक कुलोकोसुधार तथा स्तरोन्नतिबाट ११,५३७हेक्टर जमिनमाबाह्रै महिना सिंचाइ सुविधा विस्तार भएको छ। त्यसैगरी, जीर्ण सिंचाइ आयोजनाको पुनर्स्थापना तथा नियमित मर्मत सम्भार कार्य सम्पन्न भइ १८,५७० हेक्टर जमिनमा सिंचाइ सुविधा नियमित गरिएको छ।

- **नमुना सिंचाइ आयोजना**को रूपमा स्याङ्जा जिल्लाको गल्यांग न.पा.को लबरकोटमा हाइड्रोलिक पम्प जडान गरी बाह्य ऊर्जा बिना बगिरहेको नहरको पानीमध्ये ६ लिटर प्रति सेकेण्ड पानी ७० मीटर माथिको डाडामा तानेर करिव ८ हेक्टर जमिनमा सिंचाइ गर्ने कार्य सम्पन्न भएको छ।तनहुँ जिल्लाको व्यास न.पा. १० स्थित दुम्सीचौरमा १० मिटर उचाइको बहुउद्देश्यीय जलाशयको निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको छ।
- मुस्ताङ्ग जिल्लाको कालीगण्डकी, कास्की जिल्लाको अर्मला क्षेत्र संरक्षण र कालीखोला, तनहुँ जिल्लाको मादी नदी, गोरखा जिल्लाको दरौदी नदी,नवलपरासी (ब.सु.पू.) जिल्लाको गिरूवारी खोला र स्याङ्गजा जिल्लाको आँधिखोलामा व्यवस्थित तटबन्ध निर्माण भएका छन्।
- खर्चिला ग्याबियन जालीको विकल्पमा ठुला ढुङ्गा प्रयोग गरी तटबन्ध गर्न सम्भाव्यता भएका स्थानमासोको निर्माण कार्यलाई इन्जिनियरिङ्ग अभ्यास भित्र ल्याई परीक्षणको रुपमास्याङ्गजा जिल्लाको आँधिखोलामा एकै स्थानमा धेरै लामो खण्डमा तटबन्ध निर्माण कार्यको सफल अभ्यास गरिएको छ।
- नदी नियन्त्रण/तटबन्ध सम्बन्धी योजनाहरू सम्पन्न गरी हालसम्म १४०.४५ किलोमिटर तटबन्ध निर्माण भई बस्ती, बजार, जग्गा, भौतिक र सांस्कृतिक सम्पदाको संरक्षण भएको र ३,४१६ हेक्टर जग्गा उकास भएको छ।

**खानेपानी तथा सरसफाइः**

- प्रदेश सरकारले घोषणा गरेको **'एक घर-एक धारा'** कार्यक्रम अन्तर्गत हालसम्म १,६६,२९८निजी धारा जडानबाट ७,२६,७२२ जना नागरिक लाभान्वित भएका छन्।यसरी तीनै तहका सरकारको संयुक्त प्रयासबाटयसप्रदेशका ६५.८७% घरधुरीमा निजी धारा जडान भएका छन्।
- राष्ट्रिय जनगणना, २०७८ को तथ्यांक अनुसार यस प्रदेशमा आधारभूत स्तरको खानेपानी सुबिधा पुगेको जनसंख्या ९७.८२ % पुगेको छ।
- यस प्रदेश अन्तर्गतका स्थानीय तहहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतायोजना (NWASH) तयार गर्न गण्डकी प्रदेश सरकारको तर्फबाटऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय तहबिचत्रिपक्षीय समझदारी (MoU) भए अनुसार यस प्रदेशमा Water, Sanitation, and Hygiene (WASH) कार्यक्रम सञ्चालन भईरहेको छ।प्रदेशका स्थानीय तहहरू मध्ये

२० वटा स्थानीय तहमा खानेपानीको तथ्याङ्क संकलन कार्य सम्पन्न भएको, ४५ वटा स्थानीय तहमा सामाजिक तथ्याङ्क (घरधुरी सर्वेक्षण, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय) संकलन कार्य सम्पन्न भएको एवम्बाँकी स्थानीय तहमा तथ्याङ्क संकलनको कार्य सञ्चालन भइरहेको छ।

- यसरी हालसम्मको समिक्षा अवधिमा यस प्रदेशमा तीन वटै तहका कार्यालय एवम् आयोजनाहरुको कार्यान्वयनबाटयस प्रदेशको कुल जनसंख्या २४,६६,४२७ मध्ये हालसम्म १३,५१,८१४ (५४.८०%)नागरिकतथा ६,६१,६३२ घरधुरी मध्ये हालसम्म २,६७,८३२ (४०.४८%) घरधुरीलाई NWASH-MISप्रणालीमा आवद्द गरिएको छ। अर्को तर्फ उक्त प्रणालीबाट हालसम्म प्राप्त तथ्यांक अनुसार गण्डकी प्रदेशमा पर्याप्त रूपमा धारामा पानी पुगेको जनसख्याः ४१.७०% तथा पिउन/खाना बनाउन/सरसफाईको लागि पर्याप्त रूपमा पानी पुगेको जनसंख्या३६.७०% रहेको छ ।त्यसै गरी पछिल्लो तथ्यांक अनुसार यस प्रदेशमा पिउनको लागि मात्र पानी पुगेको जनसंख्या १४.४०% रहेको छ भने पिउने प्रयोजनको लागि पानी पर्याप्त नरहेको जनसंख्या ४.७०% र पानी नै नपुगेको जनसंख्या २.३०% देखिएको छ।
- आ.व. २०८१/८२ रू. ५० लाख सम्ममा सम्पन्न हुने आयोजनालाई प्राथमिकता दिएका र सो भन्दा अगाडी देखि बहुवर्षिय/स्रोत सहमति लिएका गरि जम्मा ३९६ वटा खानेपानी र सिंचाइ आयोजना कार्यान्वन भईरहेका छन्।
- आ.व. २०७९/८० देखि सामुदायिक लिफ्ट खानेपानी आयोजनामा तथा आ.व. २०८०/८१ देखि सामुदायिक लिफ्ट सिंचाइ योजनामा खपत हुने बिद्युत महशुलमा मापदण्ड बनाई शतप्रतिशतसम्म विद्युत महसुल अनुदानको व्यवस्था मिलाईएको छ। जसबाट हालसम्म खानेपानी तर्फ ४०७ र सिंचाइ तर्फ ४७ वटा गरि जम्मा **४५४ वटा सामुदायिक उपभोक्ता समुहले विद्युत महशुल अनुदानको लाभ लिईरहेका छन्।**

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**संस्थागत सुदृढीकरण तथा सेवा विस्तार**

प्रदेश स्थापनाको सुरुवातमा ६ वटा जिल्लामा कृषि ज्ञान केन्द्र र ७ वटा जिल्लामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रहेकोमा प्राविधिक सेवा विस्तार गर्ने उद्देश्यले मनाङ र मुस्ताङमा कृषि तथा पशु सेवा कार्यालय तथा बाँकी ९ वटा जिल्लामा कृषि विकास कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयको स्थापना गरिएको छ। प्रदेशमा हुने कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको आयात निर्यातको नियमन गर्न तनहुँको आवुखैरेनी र स्याङ्जाको मालुङ्गामा कृषि तथा पशुपन्छी नियमन एकाइको स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ।

कृषकलाई उन्नत बीउ बिजन, गुणस्तरिय बेर्नातथा आधुनिक प्राविधिक सेवा उपलब्ध गराउन स्रोत केन्द्रहरु, बीउ बिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला (हाल प्रदेश कृषि प्रयोगशाला) र भेटेरिनरी प्रयोगशालाहरुको सुदृढीकरण तथा सेवा विस्तार गर्दै लगिएको छ।माटो तथा मल परीक्षण शाखामार्फत Heavy metal को परीक्षण र बाली संरक्षण शाखामार्फत सिट्रस ग्रिनिङको PCR Test सुरुवातगरिएको छ।

कास्की जिल्लामा आधुनिक भेटेरिनरी मोडेल अस्पताल निर्माण सम्पन्न भई विशिष्टिकृत सेवा प्रवाह सुरुवात गरिएको तथा १२ जना पशु चिकित्सकहरु मासु निरिक्षकको रुपमा दिक्षित भएको ।

**सहकारी क्षेत्रका उपलब्धि**

| क्र.सं. | कार्यक्रम | उपलब्धि सूचक | परिमाण | इकाई | विवरण |
|---|---|---|---|---|---|
| १ | सहकारी दर्ता | कुल सहकारी | ८९० | संस्था | प्रदेश क्षेत्राधिकार |
| २ | सक्रिय सहकारी | सक्रिय संख्या | ५८६ | संस्था | सञ्चालनमा |
| ३ | निष्क्रिय सहकारी | निष्क्रिय संख्या | ३०४ | संस्था | खारेजी प्रक्रिया |
| ४ | सहकारी अनुगमन २०८१ .व.आ)/८२) | अनुगमन संख्या | १०४ | संस्था | नियमन सुदृढ |
| ५ | जरिवाना असुली .व.आ) २०८१/८२) | असुली रकम | ३३.५२ | लाख रुपैयाँ | प्रदेश राजस्व |
| ६ | निष्क्रिय सहकारी खारेज | खारेज संख्या | २६ | संस्था | प्रणाली सुधार |
| ७ | स्थानीय तहमा हस्तान्तरण | संख्या | ९ | संस्था | स्थानीय क्षेत्राधिकार |

- स्थापनाकाल देखिविभिन्न सहकारी संघ/संस्थाहरूको अनुगमन र वित्तीय छानबिन कार्य सम्पन्न गरिएको छ। अनियमितता भेटिएका सहकारीहरूलाई जरिवाना, निर्देशन तथा स्पष्टीकरण माग

गरिएको छ। केही सहकारीका विनियम संशोधन स्वीकृत गरिएका छन् भने सम्पर्कविहीन सहकारीहरूको पहिचान र खोजी कार्य जारी रहेको छ।

- १५ वटा सहकारी संस्था अनुसन्धान तथा आवश्यक कारवाहीका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा लेखि पठाईएको छ ।
- सहकारी संस्था अनुगमनका क्रममा देखिएका कमजोरी र अनियमितताका सम्बन्धमा ४५ वटा संस्थासँग स्पष्टीकरण तथा जवाफ मागभएको। जरिवाना गरिएका संस्थामध्ये २४ वटाबाट जरिवाना रकम दाखिला भइसकेको छ, जसअन्तर्गत प्रदेश सरकारको राजश्व खातामा रु. ३३,५२,०००/- रकम दाखिला भएकोछ। साथै, ५१ वटा सहकारी संघ/संस्थाका विनियम संशोधन तथा पुनर्लेखन स्वीकृत गरिएको छ।
- सहकारी सञ्चालनमा पारदर्शिता, लेखा अभिलेखमा एकरूपता, क्षमताअभिवृद्धिर सूचना व्यवस्थापनमा सुधार गर्ने उद्देश्यले सहकारी लेखा व्यवस्थापन तालिम, सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) तालिमसहकारीता, सहकारी ऐन, नियम अभिमुखीकरण गोष्ठीर सहकारी व्यवस्थापनसम्बन्धी अन्य तालिमहरू सञ्चालन गरिएको छ।

**भूमि व्यवस्थापन तथा नापी कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | उपलब्धि सूचक | परिमाण | इकाई | विवरण |
|---|---|---|---|---|---|
| १ | जग्गा चक्लाबन्दी कार्यक्रम | चक्लाबन्दी क्षेत्रफल | ५,४०० | रोपनी | ९जिल्ला, २८स्थान |
| २ | बस्ती विकास कार्यक्रम | एकीकृत भूमि | ८१ | रोपनी | दुधपोखरी, लमजुङ |
| ३ | सार्वजनिक बाटो नक्साङ्कन | फिल्ड सर्भे | २०० | कि.मि. | नक्सा अद्यावधिक |
| ४ | कित्तानापी नक्सा | नक्साङ्कन | ४८३ | कि.मि. | १७स्थानीय तह |

- खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाउन कार्यान्वयनमा ल्याईएको जग्गा चक्लाबन्दी कार्यक्रममा आवद्ध ७ वटा कृषक समूह/कृषि सहकारीहरुलाई यन्त्र उपकरण खरिदमा सहयोग गरिएको छ।
- जिल्लास्थितमालपोत कार्यालय, नापी कार्यालय र स्थानीय तहको समन्वयमा कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्नेकार्यक्रम सञ्चालन गरी १००वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको छ। साथै, जग्गा चक्लाबन्दी भएका स्थानहरुमा २४०० रोपनी जग्गाको नापी नक्सांकन गरिएको छ।

**कृषि उत्पादन तथा पूर्वाधार विकास**

| क्र.सं. | कार्यक्रम | उपलब्धि सूचक | परिमाण | इकाई | विवरण |
|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री नमुना जलवायुमैत्री कृषि गाउँ | कार्यक्रम स्थल | ८७ | स्थान | १६,०१९घरधुरी लाभ |
| २ | व्यवसायिक कृषिपशुपन्छी फार्म/ | फार्म स्थापना | ३,३२० | फार्म | ३,९१४रोजगारी |
| ३ | कोल्ड स्टोर निर्माण | भण्डारण क्षमता | ६,१२२ | मेटन. | ७कोल्ड स्टोर |
| ४ | साना सिँचाइ आयोजना | सिँचित क्षेत्र | १,६१८ | हेक्टर | १५,६०५घरधुरी |
| ५ | आलु प्रवर्द्धन कार्यक्रम | उत्पादन | ३०,०८३ | मेटन. | रु९२करोड . कारोबार |
| ६ | चैते धान प्रवर्द्धन | उत्पादन | ८,३५८ | मेटन. | रु३०करोड . कारोबार |

- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै स्थानीय स्रोत-साधनको दिगो व्यवस्थापन र जलवायुमैत्री प्रविधि प्रयोगमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले गण्डकी प्रदेशका सबै स्थानीय तह समेटी ८७ स्थानमा मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रमसञ्चालन गरिएको। हालसम्म १०७ हे. बेमौसमी तरकारी, २८०.३ हे. सुन्तलाजात फलफूल, १८.७५ हे. चिया/कफी, २६ हे. अलैंची र २ हे. अदुवा/वेसार खेती विस्तार भएको। पशुपालनतर्फ ७९६ आधुनिक खोर निर्माण, घाँस खेती तथा पशु स्वास्थ्य सेवामार्फत करिब१६,०१९ घरधुरी प्रत्यक्ष लाभान्वितभएका छन्।
- आ.व. २०८०/८१ देखिजलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम१० जिल्लाका १९ स्थानमा सञ्चालन भई उच्च जोखिम क्षेत्रका ४४८ कृषक लाभान्वित भएका। भकारो सुधार, थोपा सिंचाइ, मल्चिङ, प्लास्टिक पोखरी/घर, उन्नत बीउविजनमार्फत जलवायु जोखिम न्यूनीकरण र उत्पादन विविधिकरण प्रवर्द्धन गरिएको छ।
- व्यवसायिक कृषि प्रणाली प्रवर्द्धनका लागि३,३२० व्यवसायिक कृषि तथा पशुपन्छी फार्मस्थापना/विस्तारमा सहयोग भई३,९१४ जनालाई प्रत्यक्ष रोजगारीसिर्जना भएको छ।
- गण्डकी प्रदेशको रासायनिक मल वितरण कोटा ३.०२% बाट४.९% मा वृद्धिभई आ.व. २०८०/८१ देखि अनुदानको मल आपूर्तिमा सहजता भएको छ।
- स्याउ विशेष कार्यक्रमअन्तर्गत १,६१३ रोपनीमा उच्च घनत्व स्याउ बगैंचा, साथै ८३४ रोपनी ओखर र १६७ रोपनी खुर्पानी बगैंचा विस्तार गरिएको छ।

- फलफूलबाली विकास आयोजनामार्फत११८ हे. नयाँ बगैंचा स्थापनातथा१४१ हे. पुराना बगैंचा सुदृढीकरणगरी किवी, स्याउ, ड्रागन फ्रुट, एभोकाडो, केरा, लिची लगायत बाली प्रवर्द्धन गरिएको छ।
- कृषि तथा पशुपन्छी उपजको उत्पादनपश्चात क्षति न्यूनीकरणका लागि६,१२२ मे.टन क्षमताका ७ कोल्ड स्टोर र ७८ कोल्ड रुमनिर्माणमा सहयोग गरिएको छ।
- गोरखा, स्याङ्जा र कास्कीमा४ प्राङ्गारिक मल र १ बायोचार उत्पादन कारखानासंरचना निर्माणमा सहयोग गरिएको छ।
- साना सिंचाइ पूर्वाधार विकास आयोजनामार्फत१,२२४ आयोजनाकार्यान्वयन भई करिब१,७३६ हे. क्षेत्रफलमा सिंचाइ सुविधाविस्तार र१५,९९० घरधुरी लाभान्वित भएका छन्।
- प्रदेशलाई आलु र चैते धानमा आत्मनिर्भर बनाउने उद्देश्यले आ.व. २०८०/८१ देखि सञ्चालन समुदाय स्तरमा खायन/ प्रशोधन योग्य आलु उत्पादन र चैते धान प्रवर्धन आयोजना अन्तर्गत १,५७२ हे. मा आलु खेतीबाट ३०,०८३ मे.टन उत्पादन (९२ करोड कारोबार) र करिब २,००० हे. मा चैते धान खेतीबाट ८,३५८ मे.टन उत्पादन (३० करोड कारोबार) भएको छ।
- आ.व. २०७९/८० देखि प्रदेशस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मार्फत हालसम्म ३ सर्वोत्कृष्ट र १० उत्कृष्ट कृषक सम्मानित भएका छन्।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (हाल राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम) अन्तर्गत प्रदेशमा ४५९ पकेट र ३०९ ब्लक स्थापना भई कृषि पूर्वाधार, क्षमता अभिवृद्धि र कृषक आम्दानीमा योगदान पुगेको छ।
- जलवायुजन्य जोखिम न्यूनीकरणका लागि २०७९ असोज ७ गते देखि नियमित रुपमा साप्ताहिक गण्डकी कृषि मौसम सल्लाह बुलेटिन प्रकाशन तथा प्रचार प्रसार हुँदै आएको छ।
- १२२४वटासाना सिँचाई पूर्वाधार विकास आयोजना मार्फत नयाँ सिँचाई संरचना निर्माण तथा पुराना संरचना मर्मत गरीकरिब१७३६हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुर्याइएको छ, जसबाट करिब १५,९९०घरधुरी लाभान्वित भएका छन्।
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना/NAFHA (२०२२—२०२९) अन्तर्गत १० जिल्लाका ३४ स्थानीय तहमा २,५०० हे. फलफूल बगैंचा विस्तार लक्ष्यसहित हालसम्म ९० हे. क्षेत्रमा रोपण सम्पन्न भएको छ।
- ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रममार्फत१३ वटा कृषि प्रशोधन उद्योग (खाद्यान्न, मह, तरकारी, अचार/मसला, फलफूल, च्याउ) सञ्चालनमा सहयोग गरिएको छ।
- आ.व. २०७७/०७८ देखिकृषि ऋण ब्याज अनुदान, निशुल्क कृषि बीमा, विपन्न समुदाय लक्षित जीविकोपार्जन सुधार, ग्रामीण पोषण सुरक्षा तथारैथाने बाली प्रवर्द्धन कार्यक्रमनिरन्तर कार्यान्वयनमा रहेको छ।

**पशुपन्छी तथा मत्स्य विकास**

| क्र.सं. | कार्यक्रम | उपलब्धि सूचक | परिमाण | इकाई | विवरण |
|---|---|---|---|---|---|
| १ | पशुमा पूर्ण खोप कार्यक्रम | खोप लगाइएका पशु | ७२,९६,९६४ | पशु | ६प्रमुख रोग |
| २ | दूध उत्पादन प्रोत्साहन | अनुदानत दूध | ११.१३ | करोड लिटर | उत्पादन वृद्धि |
| ३ | पाडीबाच्छी हुर्काउन प्रोत्साहन | प्रोत्साहित संख्या | ७,७८२ | संख्या (पाडीबाच्छी) | उन्नत नश्ल |
| ४ | मत्स्य पोखरी विकास | पोखरी क्षेत्र | ४० | हेक्टर | माछा उत्पादन |
| ५ | दुग्ध चिस्यान केन्द्र | स्थापना | ४६ | केन्द्र | गुणस्तर सुधार |

- जातीय/नश्ल सुधारका लागि उच्च नश्लका १९ वटा याकहरू याक आनुवांशिक स्रोत केन्द्र, स्याङ्बोचेबाट खरिद गरी आ.व. २०८०/८१ मा मुस्ताङमा १० वटा र मनाङमा ९ वटा वितरण गरिएको छ। साथै, याक प्रजनन र उत्पादन वृद्धि गर्दै पशुपालन क्षेत्र सुदृढ बनाउन फलोअप कार्यक्रम अन्तर्गत याकहरूको स्वास्थ्य परीक्षण गरिएको छ, जसअन्तर्गत ५ वटा याक प्रजनन योग्य भई हाल सेवा प्रदान गरिरहेको छ।
- पशुपालन क्षेत्रमा चुनौतीको रुपमा रहेका प्रमुख संक्रामक रोगहरुको नियन्त्रण गर्ने उद्देश्यले आ.व. २०७७/७८ बाट "**पशुमा पूर्ण खोप कार्यक्रम**" मार्फत अभियानको रुपमापशुमा लाग्ने६वटा संक्रामक रोगहरु (खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. स्वाईन फिभर तथा रेबिज) विरुद्धवृहत खोप कार्यक्रम सुरुवात गरिएको हो। आ.व. २०८०/८१ बाटगण्डकी प्रदेशका ११ वटा जिल्लाका ८५ वटा स्थानीय तहमा विस्तार गरिएको। जसबाट पशुपन्छीमा देखिने महामारी रोगहरुको प्रकोपमा न्यूनीकरण भइ कृषकको उत्पादन र उत्पादकत्व वृद्धि भएको, कृषकहरुको पशुहरुको स्वास्थ्य उपचारमा खर्च कटौती भइ आम्दानी बढेको छ।
- आ.व २०७७ देखिनिरन्तर कार्यान्वयनमा रहेकोकृत्रिम गर्भाधानबाट जन्मेका उन्नत नश्लका पाडीबाच्छी हुर्काउन प्रोत्साहनकार्यक्रममार्फत स्थानीय स्तरमा नै उत्पादन भएका पाडीबाच्छीहरुको संख्या बढाउनमा सहयोग भइ भावी माउहरु सुरक्षित भएको छ।
- आ.व. २०८१/८२ मा ३४ रोपनी क्षेत्रफलमा १४ वटा नयाँ माछा पोखरी निर्माण गरि आधुनिक माछा पालनलाई प्रोत्साहन गरिएको छ।
- गत आ.व. मा मत्स्य विकास केन्द्र, मिर्मीद्वारा सञ्चालितमत्स्य विकास आयोजनाअन्तर्गत २९ रोपनी नयाँ मत्स्य पोखरी निर्माण तथा २९ वटा Paddle Wheel Aerator र Submersible Motor स्थापना गरी अक्सिजन अभावबाट हुने माछा मृत्यु न्यूनीकरण भई उत्पादन करिबदोब्बरवृद्धि भएको छ। ४

वटा दाना मेसिन स्थापनाबाट दानाको लागत प्रति के.जि.रु. ५ ले कमीआई गुणस्तरमा सुधार भएको छ। साथै, १० टन क्षमताको कोल्ड रुमनिर्माणमार्फत post-harvest loss २०—३०% बाट ५% मा घट्दै value addition बाट१५—२०% मूल्यवृद्धिर बजार पहुँच विस्तार भएको छ। आयोजना सञ्चालन, व्यवस्थापन, ढुवानी तथा प्याकेजिङमार्फत५ जनाको रोजगारी सिर्जनाभएको छ।

- छाडा पशुवस्तु तथा वन्यजन्तु नियन्त्रणगर्नपशु कल्याण सहयोगकार्यक्रममार्फतकास्की, नवलपरासी(ब.सु.पू.), स्याङजा, तनहुँ र पर्वत जिल्लामा गरी ९ वटा संरचना निर्माणमा सहयोग गरिएको छ।
- पशुपन्छी र मत्स्य क्षेत्रको विकासमा नवीनतम अनुसन्धान र प्रविधिकोउपयोग गरि पशुपालन क्षेत्रमा टेवा पुर्याउने उद्देश्य सहितआ.व. २०८१/८२ मापशुपन्छी तथा मत्स्य विकाससम्बन्धी कार्यात्मक अनुसान्धान सहयोग कार्यक्रममार्फत जम्मा १२ जना अनुसन्धानकर्तावाट विभिन्न बिधामा अनुसन्धान (पशु पोषण, पशु स्वास्थ,जलवायू परिवर्तन, एक स्वास्थ्य, सामाजिक तथा आर्थिक विधा) सञ्चालन गर्न सहयोग प्रदानगरि भावी कार्यक्रम र नीति बनाउन टेवा पुऱ्याइको छ।
- जुनोटिक रोगरेविजको नियन्त्रणका लागिपूर्ण खोप तथारेबिजरोग नियन्त्रण विशेष कार्यक्रम (बन्ध्याकरण/खोप) साथै जुनोटिक रोगबारे स्कुल शिक्षा कार्यक्रम सञ्चान गरिरहेको छ।
- पशुपालन व्यवसायलाई व्यावसायिक, आत्मनिर्भर र बजारमुखी बनाउने उद्देश्यले आ.व. २०८१/८२ देखिबृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रम८ जिल्लाका १९ समूह र १ सहकारीमार्फत सञ्चालन गरिएको छ। कार्यक्रमअन्तर्गत गोठ/खोर निर्माण तथा मर्मत, बोका तथा वंगुरका पाठापाठी वितरण, च्यापकटर, दाना मेसिन, तौल मेसिन, जैविक सुरक्षा सामग्री, साइलो पिट, डिपिङ ट्याङ्क, काउ म्याट, इलेक्ट्रिक मदानी, हाते ट्र्याक्टर, पोखरी मर्मत तथा १८,००० भूरा वितरणमार्फत पशुपालन पूर्वाधार सुदृढीकरण, उत्पादन वृद्धि र कृषकको आयआर्जनमा योगदान पुगेको छ।
- लोकमार्ग कोरिडोर लक्षितमासु उत्पादनका लागि बाख्रा विकास कार्यक्रम अन्तर्गत ८ वटा बाख्रा स्रोत केन्द्र स्थापना, १८१ वटा खोर निर्माण र २८७ वटा खोर मर्मत सुधार, ७ वटा घाँस स्रोत केन्द्र स्थापना तथा ६६ वटा प्रजनन बोका वितरण गरी स्थानीयस्तरमा मासु उत्पादन, रोजगारी सिर्जना र बजार आपूर्ति सुदृढ गरिएको छ।

# वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदाको दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको प्रदेश हो। प्रदेशको कुल क्षेत्रफल मध्ये करिव **३७.८** प्रतिशत वनले ढाकेको छ। यस प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको आंशिक भाग र अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको पुरै भाग गरी कुल १०,०३,९५१ हेक्टर क्षेत्रफल (४५.६८ प्रतिशत) संरक्षित क्षेत्र पर्दछ त्यस्तै पन्चासे वन संरक्षण क्षेत्र ५,७७५.७३ हेक्टरमा फैलिएको छ। राष्ट्रिय वन क्षेत्रको व्यवस्थापन प्रदेश सरकारद्वारा व्यवस्थित वनका साथै विभिन्न समुदायमा आधारित वन व्वस्थापन पद्धति अन्तर्गत हुदै आईरहेको छ।

| सिनं. | वन व्यवस्थापन पद्धति | संख्या | क्षेत्रफल (हे) |
|---|---|---|---|
| १ | सामुदायिक वन | ३९७२ | २०७३,८३, |
| २ | साझेदारी वन | १ | ६७२८६. |
| ३ | कवुलियती वन | ११४७ | ५६८.७७३, |
| ४ | धार्मिक वन | ४१ | ३९८५. |
| ५ | निजी वन | ४३२ | २२१३१. |

प्रदेश स्थापना देखि हालसम्म यस मन्त्रालयले गरेका मुख्य मुख्य उपलब्धिहरु निम्नानुसार छन्।

**नीति नियमः**

- गण्डकी प्रदेश वन तथा जलाधार व्यवस्थापन नीति, २०७५
- गण्डकी प्रदेश वर, पिपल, समी तथाचौतारो संरक्षण ऐन, २०७५
- गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६
- गण्डकी प्रदेश वन ऐन, २०८०
- गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली,२०७९
- गण्डकी प्रदेश वन नियमावली, २०८१
- गण्डकी प्रदेश वन्यजन्तु उद्दार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- गण्डकी प्रदेश वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२
- गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना२०८२-२१०१

**मस्यौदा तर्फः**

- गण्डकी प्रदेश प्रादेशिक जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना

**समुदायको आर्थिक समृद्धि तथा सामाजिक समावेशिकरणः**

- ३० हजार भन्दा बढी महिला, दलित र जनजाति सहित करिब ५५ हजार व्यक्तिहरु वन व्यवस्थापनमा समुह मार्फत संलग्न भईलाभन्वित भएका। वन व्यवस्थापन समूहहरुबाट करिब २३ लाख क्यू.फिट काठ र २५,००० चट्टा दाउरा उत्पादन भई आन्तरिक प्रयोगमा ल्याईएको छ भने ४ अर्ब४० करोड भन्दा बढी रकम समूहको कोषमा कारोबार भएको।

**राष्ट्रिय अर्थतन्त्र र प्राकृतिक श्रोत संरक्षण**

- वन पैदावार विक्रि (काठ, दाउरा, जडीबुटी) र अन्य कार्यहरुबाट रु.१,४२,३४,२०,१२५ राजश्व तथा मुल्य अभिबृद्धि कर संकलन भएको। राष्ट्रिय वन तथा निजी वनबाट करिव ९५,००,००० क्यु.फिट काठ,१३,५००चट्टा दाउरा उत्पादन भएको छ भने ८,१७,९०२ किलोग्राम जडीबुटी उत्पादन तथा कारोबार भएको। यी क्रियाकलाप संचालनका क्रममा करीब २१ लाख भन्दा बढी श्रमदिनको रोजगारी सिर्जना भएको।
- डिभिजनवनकार्यालयहरुमाउच्चप्रविधियुक्तनर्सरीस्थापना भईविभिन्न प्रजातिका एकबर्षीय र बहुबर्षीय गरी कुल ९४,१२,१४३ विरुवा उत्पादन गरी सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपणका लागि निःशुल्क रुपमा वितरण गरिएको। प्रकृतिमा आधारित समाधान (Nature based solution)लाई जोड दिँदै प्रदेशका सबै पालिकालाई समेट्ने गरी २४३ वटा हरित उद्यान तथा वाटिका र ७० वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्यहरु सञ्चालन भइरहेको। प्रदेशभर ११३ वटा वर, पीपल, समी र चौतारोको निर्माण, मर्मत सम्भार र सौन्दर्यिकरण गरिएको।
- विभिन्न प्रजातिका १० वटा बन बीउ बगैंचा ( Breeding seed orchard)को व्यवस्थापन गरिएको।
- विभिन्न प्राथमिकता प्राप्त ५५ वटा आयोजनालाई ५२६ हेक्टर वन क्षेत्रउपलब्ध गराउन र भोगाधिकारका लागि सिफारिस गरिएको।
- १२.२१ हेक्टर वन अतिक्रमण नियन्त्रण गरिएको।
- हरियाली प्रवर्द्धन, दैनिक जिवनयापन तथा क्षेतीग्रस्त भुमि संरक्षण कार्यका लागि करिव २०५० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको।
- १० वटा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र ६ वटाप्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको।

**मानव वन्यजन्तु सह-अस्तित्वः**

- समस्याग्रस्त घाइते र टुहुरा वन्यजन्तुको उद्धार र व्यवस्थापन गर्न पोखरा महानगरपालिकाको पचभैयामा प्रदेशस्तरीय प्राणी उद्यान तथा उद्धार केन्द्र निर्माणको काम भइरहेको ।

- वन्यजन्तुबाट भएको क्षतिको राहत सोरुप पीडितलाई **रु ९,७३,२८,३५१राहत** वितरण गरिएको।

**सिमसार तथा जलाधार संरक्षण तर्फः**

- फेवाताल किनारमा १४०० मिटर फुटट्र्याक सहित हरित पार्क निर्माण गरिएको। फेवातालको संरक्षणका लागि प्रदेश सरकार तथा पोखरा महानगरपालिकाको ५०/५० प्रतिशत लगानीमा ४ वटा सिल्टेसन ड्याम निर्माण सम्पन्न भएको। रामसारमा सूचीकृत पोखरा उपत्यका तालक्लष्टरका नौ ताल समेत ६२ वटा तालमा संरक्षण र पूर्वाधार निर्माणका कार्य भएको।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत ६०३ भन्दा बढी गल्छी पहिरो नियन्त्रण, ४३२ स्थानमा ८८ किलोमिटर खोला किनारा संरक्षण, २३२ जलाधार संरक्षण पोखरी,१३५ पानी मुहान संरक्षण, ४६ वटा सिँचाइ कुलो निर्माण तथा मर्मत, ५५ कि.मि. सडक पाखा सरक्षण, ४० वटा संवेदनशिल जलाधार क्षेत्रको संरक्षण लगायतका कार्यहरु सम्पन्न भई करिव १६० हेक्टर खेती योग्य जमिन संरक्षण, ११६ हेक्टर क्षतिग्रस्त भुमि पुनर्स्थापना तथा हरियाली प्रवर्द्धन भई सोबाट तीन लाख भन्दा बढी घरधुरीहरु लाभान्वित भएका छन् ।

# प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

## १. पाठ्यक्रम तथा परीक्षण प्रविधि:

आयोगले आर्थिकवर्ष२०७८/०७९ देखि २०८२ पुस मसान्त सम्म **तेस्रो तह देखि एघारौं** तहसम्मका ११४ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरेको छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका नं. १ : पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण*

| सेवा | आ.व. ०८१/०८२ सम्म पाठ्यक्रम निर्माण | २०८२ पुस मसान्त सम्म | | २०८२ पुस मसान्त सम्म पाठ्यक्रम निर्माण |
|---|---|---|---|---|
| | | परिमार्जन | निर्माण | |
| इन्जिनियरिङ्ग | १७ | ४ | - | १७ |
| कृषि | ११ | ४ | - | ११ |
| प्रशासन | १३ | - | - | १३ |
| वन | ७ | - | - | ७ |
| शिक्षा | ७ | १ | - | ७ |
| स्वास्थ्य | ४९ | ७ | - | ४९ |
| सङ्गठित संस्था | १० | - | - | १० |
| **कुलजम्मा** | **११४** | **१६** | **-** | **११४** |

## १. विज्ञापन प्रकाशन:

आर्थिक वर्ष२०७८/०७९ देखि २०८२ पुस मसान्तसम्म प्रदेश सरकार र स्थानीय तहहरु र प्रदेश सङ्गठित संस्थाबाट माग भएका तेस्रो तह देखि एघारौं तहसम्मका विभिन्न पदहरुको लागि **४५५८** विज्ञापन प्रकाशन गरिएको छ।

*तालिका नं. २ : विज्ञापित पदसंख्याको विवरण तह र आर्थिक वर्ष अनुसार*

| तह | आर्थिक वर्ष | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | |
| तेस्रो | - | १०० | - | ८६ | - | १८६ |
| चौथो | ९८३ | - | ६२५ | २५० | २७० | २१२८ |
| पाँचौं | ३६६ | - | ८७५ | २४४ | १८६ | १६७१ |
| सातौं | १९ | - | ३७८ | १३८ | ६३ | ५९८ |
| आठौं | १३ | - | २२ | ११ | ४ | ५० |
| नवौं | २५ | ४९ | ८६ | ४३ | ९ | २१२ |
| एघारौं | - | ७ | - | ६ | - | १३ |
| **कुल जम्मा** | **१४०६** | **१५६** | **१९८६** | **७७८** | **५३२** | **४८५८** |

## २. दरखास्त तथा राजश्व संकलनः

आर्थिक वर्ष २०७८-७९ देखि २०८२ पुस मसान्तसम्ममा कुल ४६५१५८ दरखास्त प्राप्त भएकोछ। उम्मेदवारको दरखास्तबाट प्रदेश सरकारको राजश्व खातामा **करिब २४ करोड** राजश्व संकलन भएको छ।

*तालिका नं. ३: तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण*

| तह | आ.व. २०८१/०८२सम्म | | | आ.व. २०८२/०८३मा | | | आ.व. २०८२/०८३सम्म |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| एघारौं | १७ | ४५ | ६२ | - | - | - | ६२ |
| नवौं | १८७ | ८२० | १००७ | - | - | - | १००७ |
| आठौं | ४५५ | १४६० | १९१५ | १७१ | ५० | २२१ | २१३६ |
| सातौं | ५५२३ | १२८७६ | १८३९९ | १९२० | १०२० | २९४० | २१३३९ |
| पाँचौं | ५४३३४ | ८३५९२ | १३७९२६ | १५०७५ | ११९३५ | २७०१० | १६४९३६ |
| चौथो | १०४५२९ | ११२०७८ | २१६६०७ | १७६०९ | १६४४४ | ३४०५३ | २५०६६० |
| तेस्रो | ५४१५ | १९६०३ | २५०१८ | - | - | - | २५०१८ |
| जम्मा | १७०४६० | २३०४७४ | ४००९३४ | ३४७७५ | २९४४९ | ६४२२४ | ४६५१५८ |

## ३. सिफारिसः

आयोगलेविज्ञापन प्रकाशन गरेका ४५५८ माग पदसंख्यामध्ये बढुवा बाहेक प्रतिष्पर्धात्मकपरीक्षामार्फत आ.व. २०७८/०७९ देखि २०८२ पुस मसान्तसम्ममा १३३२ महिला र २१९९ पुरुष गरी कुल **३५३१** जना उम्मेदवारहरु प्रदेश सरकार र स्थानीय तहहरुमा सिफारिस गरिएको छ। सिफारिसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६:हालसम्म सिफारिसको विवरण**

| आर्थिकवर्ष | महिला | पुरुष | जम्मा |
|---|---:|---:|---:|
| ०७८-०७९ | ५९३ | ७८३ | १३७६ |
| ०७९-०८० | २६ | १०० | १२६ |
| ०८०-८१ | ५१० | ९२१ | १४३१ |
| ०८१-८२ | २०३ | ३९५ | ५९८ |
| कुल जम्मा | **१३३२** | **२१९९** | **३५३१** |

## ४. साङ्गठानिक सुधार र नव प्रवर्तन

### क) पञ्चबर्षीय रणनीतिक योजना निर्माण

योग्य र उपयुक्त मान वसं साधनको छनोट र व्यवस्थापन मार्फत गण्डकी प्रदेशको समृद्धि गर्ने दुर दृष्टि, योग्यता प्रणालीको प्रवर्धन र स्वच्छ तथा निष्पक्ष विधिको अवलम्बन गर्दै उपयुक्त उम्मेदवार छनोट तथा आपूर्ति गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सहयोग पुऱ्याउने ध्येय र योग्यता, निष्पक्षता, स्वच्छता, समावेशिता जस्ता मुलभूत मान्यता सहितको आयोगको प्रथम पञ्चवर्षिक (रणनीतिक योजना२०८०/०८१-२०८५/०८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएकोछ।

### ख) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण

लोक सेवा आयोगको अभ्यास, विधि, मापदण्ड र सिद्धान्तलाई आत्मसात् गर्दैसबै लोक सेवा आयोगहरूको कार्यसम्पादनमा एकरूपता ल्याउन लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलनबाट जारी भएको घोषणालाई समेत दृष्टिगत गरेर आयोगले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी तयार गरेको नयाँ सङ्गठन संरचना प्रदेश सरकारबाट स्वीकृत भएको छ। स्वीकृत सङ्गठन संरचनामा तीनवटा महाशाखा र दशवटा शाखा कायम भएका छन् र सोही अनुसारमहाशाखारशाखा क्रियाशिल भई कार्य सम्पादन भइरहेको छ।

### ग) प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन आयोजना

प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्ने छनोट पद्धति तथा कार्य विधिको प्रक्रियालाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउन एव कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एक आपसमा आदान प्रदान गर्नको लागि सबै आयोगहरूको साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलन पोखरामा २०८१मंसीर१८र१९गते आयोजना गरी विभिन्न निर्णय तथा घोषणा पत्र जारी गर्दै सम्पन्न गरिएको छ।

## ५. अनुगमन तथा निरीक्षणः

आयोगमा प्राप्त उजुरी उपर कास्की, स्याङ्जा, बागलुङ र तनहुँ जिल्लाका पालिकाहरुको अनुगमन तथा निरीक्षण गरिएको छ। गोरखा, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ, स्याङ्जा र नवलपरासी(ब.सु.पू.) जिल्लाका स्थानीय तहहरुमा दरवन्दी, विद्यमान जनशक्ति र पदपूर्तिको अवस्थाको विषयमा अनुगमन तथा निरीक्षण गरिएको छ।

## अभिमुखीकरण तथा अन्तरक्रियाः

- सिफारिस भएका उम्मेदवारलाई प्रदेश लोकसेवा आयोगको भूमिका, निजामती सेवाको परिचय, नियुक्ति लिने प्रक्रिया र कर्मचारीहरूले पालनागर्नुपर्ने आचारसंहिता लगायतका विविध पक्षहरूमा अनुशिक्षण गरिँदै आएको छ। हालसम्म ३५३१जना उम्मेदवारहरूलाई अनुशिक्षण गरिएकोछ।
- परीक्षा केन्द्र रहेका विद्यालय र क्याम्पसका शिक्षक कर्मचारीहरुलाई परीक्षा सञ्चालनसँग सम्बन्धित नीति, नियम र आचार संहिताबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाका दुरदराजमा रहेका प्रतिभावान विद्यार्थीहरुलाई सार्वजनिक सेवामा आकर्षण बढाउन आयोगको उद्देश्य, भूमिका, परीक्षा प्रणालीर कार्यसम्पादन प्रक्रियाका विषयमा गोरखा, तनहुँ, स्याङ्जा, नवलपरासी (ब.सु.पू.) र म्याग्दी जिल्लाका सरकारी तथा सामुदायिक क्याम्पसहरुमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- आयोगको पदपूर्ति र स्थानीय तहका समस्या, चुनौति र आयोगले गर्नुपर्ने पहलका विषयमा गण्डकी प्रदेशका तनहुँ, स्याङ्जा, गोरखा, म्याग्दी, मनाङ, नवलपरासी(ब.सु.पू.), बागलुङ र पर्वत जिल्लाका सम्पूर्ण स्थानीय तहका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- आयोगलेतनहुँ, म्याग्दी, स्याङ्जा, नवलपरासी (ब.सु.पू.) (ब.सू.पू.),मुस्ताङ, बागलुङ, पर्वतरकास्की जिल्लाका विभिन्न **१७** वटा पालिकामा कर्मचारी तथा पदाधिकारीहरूसँग पदपूर्ति सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

# प्रदेश नीति तथा योजना आयोग

**योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनः**

- गण्डकी प्रदेशको पहिलो र दोश्रो पञ्चवर्षीय योजना (हालसम्म २ वटा)निर्माण भएको, हाल **दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२- ०८५/८६)** कार्यान्वयनमा रहेको।
- दोस्रो पञ्चवर्षीय योजना(२०८१/८२- ०८५/८६) को अध्ययन र बुझाईमा सरलीकरणका लागि संक्षेपिकरणसहितको चित्रात्मक जानकारी पुस्तिका (Infographics) र पँहुच विस्तार गर्न अंग्रेजी अनुवाद तयार गरी प्रकाशन गरिएको।
- दोस्रो पञ्चवर्षीय योजना (आ.व २०८१/०८२-२०८५/०८६) कार्यान्वयन योजना आयोगबाट स्वीकृत भएको।
- गण्डकी प्रदेश विकास मार्गचित्रको अनुगमन तथा मूल्याङ्कन योजना (Monitoring and Evaluation Plan for Gandaki Province Development Roadmap, Long-term Plan-Vision 2100, SDG Roadmap and Second Five Year Plan) स्वीकृत भएको।
- **गण्डकी प्रदेशआयोजना बैंक कार्यविधि- २०८१** बमोजिम प्रदेश आयोजना बैंक प्रणाली विकास भई कार्यान्वयनमा रहेको।
- **प्रदेश विकास समस्या समाधान समितिको तेह्रवटा बैठक**मार्फत प्रदेश विकास समस्या समाधानको प्रयत्न गरिएको।
- प्रदेशको एकीकृत तथ्याङ्क प्रणालीका लागि सफ्टवेयर निर्माण भई उपलब्ध क्षेत्रगत तथ्याङ्क प्रविष्टि गरिएको।
- विभिन्न क्षेत्रका अनुसन्धानमूलक प्रतिवेदनको निर्माण गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।

**आयोगबाट हालसम्म भएका अध्ययन/अनुसन्धान**

- गण्डकी प्रदेशमा वातावरणमैत्री नमुना कृषि कार्यक्रम सम्बन्धमा अध्ययन, २०७६/०७७
- गण्डकी प्रदेशमा सञ्चालित नमुना कृषि तथा पशु फार्मको सम्बन्धमा अध्ययन,२०७६/०७७
- Preparation of GIS Base High Resolution Maps of Gandaki Province, २०७६/०७७
- गण्डकी प्रदेशको तथ्याङ्क बैंक बनाउने सम्बन्धमा अध्ययन, २०७६/०७७
- सामाजिक विकास मन्त्रालय र आर्थिक मन्त्रालय तथा योजना मन्त्रालयको लैंङ्गिक उत्तरदायी बजेट परीक्षण, २०७६/०७७
- आयोजना अध्ययन निर्देशिका निर्माण,२०७६/०७७
- गण्डकी प्रदेशका समुदायिक विद्यालयमा विज्ञान शिक्षा विस्तार सम्बन्धी सम्भाव्यता अध्ययन, २०७६/०७७

- गण्डकी प्रदेशमा वायोचार उत्पादन गर्नको लागि प्राविधिक आवश्यकताको सम्भाव्यता अध्ययन, २०७६/०७७
- गण्डकी प्रदेशको ऊर्जा क्षेत्रको सूचिपत्र (Energy Sector Inventory of Gandaki Province), २०७६/०७७
- कोरोना भाइरसको प्रभाव अध्ययन, २०७६/०७७
- दिगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी मार्गचित्र, २०७८/०७९
- गण्डकी प्रदेशको राजस्वको दायरा विस्तार सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७८/०७९
- श्रीकृष्ण गण्डकी नदी क्षेत्र विकासको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन, २०७८/०७९
- गण्डकी प्रदेशको स्रोत नक्शाङ्कन प्रतिवेदन, २०७९/०८०
- गण्डकी प्रदेशको मानव विकास प्रतिवेदन, २०७९/०८०
- सङ्घीयता कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको उपलब्धिको समिक्षात्मक अध्ययन प्रतिवेदन, २०७९/०८०
- गण्डकी प्रदेशका निर्यातयोग्य वस्तुको पहिचान गरी प्रकाशन,२०७९/०८०
- गण्डकी प्रदेशको लगानी प्रवर्धन गर्ने सम्बन्धी वृत्तचित्र निर्माण गर्ने,२०७९/०८०
- सूचना व्यवस्थापन सम्बन्धी सफ्टवेयर (Web-Based Information Management and Visualization System), २०८०/०८१
- गण्डकी प्रदेशको जलस्रोतको वर्तमान अवस्था र भावि रणनीति, २०८०/०८१
- गण्डकी प्रदेशमा फोहोर मैला व्यवस्थापन सम्बन्धी अध्ययन, २०८०/०८१
- योजना कार्यान्वयनमा देखिएको समस्याको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८०/०८१
- गण्डकी प्रदेशको बहुप्रकोप जोखिम पहिचान तथा विश्लेषण, २०८१/८२
- गण्डकी प्रदेशको जलवायु मानचित्र, २०८१/०८२

**विकास व्यवस्थापनका लागि गरिएका प्रयासः**

- दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य तथा दीर्घकालीन सोंचसँग सामञ्जस्यता हुने गरी **दोस्रो पञ्चवर्षीय योजनातर्जुमा** भईकार्यान्वयन भइरहेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको आधार तयार भएको।
- **स्थानीय योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना)** मार्फत स्थानीय तहमा प्रभावकारी आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि मार्गदर्शन प्रदान गरिएको।

- चालू आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपणसहित **मध्यमकालीन खर्च** संरचनालेआगामीदुई वर्षमा बजेट विनियोजन र स्रोत सुनिश्चित गर्नुपर्ने क्षेत्रपहिचान हुने पद्धति विकास भएको।
- विभिन्न मन्त्रालयमा निश्चित आधार र मापदण्डका आधारमा बहु-वर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाका सम्बन्धमा सहमति प्रदान गरी स्रोत सुनिश्चितता मार्फत प्रभावकारी आयोजना कार्यान्वयन हुने व्यवस्था गरिएको।

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## पृष्ठभूमि

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५** अन्तर्गत गण्डकी प्रदेश सरकारको एउटा स्वायत्त संस्थाको रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

## दुर दृष्टि

सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान

## ध्येय

गुणस्तरीय प्रशिक्षणको माध्ययमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि

## संस्थागत मान्यता

प्रतिवद्धता, इमानदारिता र नवप्रवर्तन

## उद्धेश्य

(क) प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्न कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूका लागि आवश्यक प्रशिक्षण संचालन गर्ने,

(ख)प्रदेश सरकार र स्थनीय तहका नीति, योजना, प्राथमिकता र कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ग)प्रदेश सरकार तथा स्थानीय तहका सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिबृद्धिमा सहयोग गर्ने,

(घ)प्रदेश सरकार तथा स्थानीय तहका नीति, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक अध्ययन, अनुसन्धान, बहस आदिको माध्यमबाट नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञानका क्षेत्रमा योगदान गर्ने।

## हाम्रा सेवा

- कार्यसम्पादनमा आधारित प्रशिक्षण
- समस्या केन्द्रित अनुसन्धान
- सवाल केन्द्रित वहस
- आवश्यकतामा आधारित परामर्श सेवा

➢ ज्ञानमा आधारित प्रकाशन

शासकीय संरचना

**प्रशिक्षण परिषद**

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय वमोजिमको प्रशिक्षण परिषद् रहनेछः

(क) मुख्यमन्त्री — अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग — सदस्य

(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग — सदस्य

(घ) मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उप-कूलपति —सदस्य

(ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(च) प्रदेश सरकारका सचिवहरू — सदस्य

(छ) प्रदेश सरकारले मनोनित गरेको दुई जना महिला सहित तीन जना — सदस्य

(ज) प्रतिष्ठानका कार्यकारी निर्देशक — सदस्य—सचिव

**कार्यकारी समिति**

प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय वमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछः

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — अध्यक्ष

(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(ङ) सचिव, प्रदेश लोक सेवा आयोग — सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग — सदस्य

(छ) कार्यकारी निर्देशकले -सदस्य—सचिव

**प्रतिष्ठानद्वारा संचालित कार्यक्रम र प्रशिक्षित संख्या**

**१. प्रतिष्ठानबाट हालसम्म सम्पादन भएका प्रशिक्षण कार्यक्रमको विवरण**

| विषयक्षेत्र | हालसम्मकोसंख्या |
|---|---|
| सेवाकालीनतालिम | २७ |
| सेवाप्रवेशतालिम | ९ |
| सवाल केन्द्रितसंवाद | १३ |

| | |
|---|---|
| समस्याकेन्द्रित अनुसन्धान | ४ |
| प्रशिक्षकप्रशिक्षण | १ |
| स्थानीय तहकोआवधिक योजना निर्माण | ४६ |
| स्थानीय तहकोक्षमता विकास योजना | ४९ |
| स्थानीय तहकोराजस्व सुधार योजना | ६२ |
| स्थानीय तहकोलैससास रणनीति | ६८ |
| कार्यसञ्चालनकार्यविधि (SOP) | ४ |
| अन्यतालिम | ४९० |
| **हालसम्म जम्मा प्रशिक्षार्थी** | **२०१००** |

२. प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई प्रतिष्ठानमा २ निर्देशक, ३ अधिकृतस्तर र १ सहायकस्तरका गरि जम्मा ६ जना कर्मचारी नियुक्ति भएका छन् ।

३. प्रतिष्ठानको ५ वटा हलसहितको निर्माणाधीन भवन अन्तिम चरणमा पुगेकोछ।

# प्रेस रजिष्ट्रारको कार्यालय

## गण्डकी प्रदेशमा आमसञ्चार क्षेत्रको संस्थागत विकास
## प्रेस रजिष्ट्रारको कार्यालयको भूमिका र उपलब्धिहरू

**पृष्ठभूमिः** सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको हकलाई प्रदेश स्तरमा संस्थागत गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहँदै आएको छ। विगतमा केन्द्रिकृत रूपमा रहेका सञ्चार सम्बन्धी अधिकार र प्रशासनिक कार्यहरूलाई सङ्घीयताको मर्म अनुरूप प्रदेश तहबाटै सम्पादन गर्न र प्रदेशभित्रको आमसञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक कानुनी र संरचनागत आधार तयार पारिएको छ। यसै सन्दर्भमा गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० जारी भई सोही ऐनको व्यवस्था बमोजिम २०८१ सालमा प्रेस रजिष्ट्रारको कार्यालय स्थापना भएको हो।

**परिचयः** प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी स्थापना भएको एक स्वायत्त र विशिष्टीकृत निकाय हो। गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को दफा ३ बमोजिम स्थापित यस कार्यालयले प्रदेशभित्रका सञ्चार माध्यमहरूको अभिलेखीकरण, नियमन, अनुगमन र सञ्चारकर्मीहरूको क्षमता विकास तथा वृत्ति विकासका क्षेत्रमा कार्य गर्दै आएको छ। यो कार्यालयले सञ्चार माध्यमलाई लोकतान्त्रिक मूल्य मान्यता, व्यावसायिक आचारसंहिता र नागरिक दायित्वप्रति सजग गराउँदै स्वतन्त्र पत्रकारिताको प्रवर्द्धन गर्ने कार्य गर्दछ।

**लक्ष्यः** व्यावसायिक, मर्यादित, उत्तरदायी र प्रविधिमैत्री आमसञ्चार क्षेत्रको माध्यमबाट सुसूचित र समृद्ध गण्डकी प्रदेश निर्माणमा टेवा पुऱ्याउनु।

**ध्येयः** प्रदेशभित्रका सञ्चार माध्यमहरूको दर्ता, नवीकरण र नियमनलाई व्यवस्थित गर्दै श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण र सञ्चार क्षेत्रको सबलीकरण गर्नु।

**उद्देश्यहरूः** गण्डकी प्रदेश आमसञ्चार ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गर्नु।

- ✓ प्रदेशभित्र सञ्चालित एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमको व्यवस्थित अभिलेखीकरण र नियमन गर्नु ।
- ✓ लोककल्याणकारी विज्ञापनको न्यायोचित र पारदर्शी वितरण प्रणाली स्थापित गर्नु।
- ✓ पत्रकारहरूको क्षमता अभिवृद्धि र वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्नु।
- ✓ भ्रमपूर्ण र मिथ्यापूर्ण सूचना न्यूनीकरण गर्दै मिडिया साक्षरता अभिवृद्धि गर्नु।

**सङ्गठन संरचना:** गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को व्यवस्था बमोजिम माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा एक उच्चस्तरीय सञ्चार समन्वय समिति गठन गरिएको छ। प्रशासनिक र कार्यकारी भूमिकाका लागि प्रेस रजिष्ट्रारको नेतृत्वमा कार्यालय सञ्चालनमा रहेको छ। कार्यालयमा प्रशासन, कानुन र सञ्चार क्षेत्र हेर्ने कर्मचारीहरूको व्यवस्थापन गरी नियमित कार्य सम्पादन भइरहेको छ।

**सम्पादित कार्यहरूको विवेचनात्मक तथा विश्लेषणात्मक समीक्षा:** प्रेस रजिष्ट्रारको कार्यालयले स्थापनाको छोटो अवधिमै नीतिगत, संरचनागत र कार्यान्वयनको तहमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। कार्यालयबाट सम्पादित प्रमुख कार्यहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ :

**नीतिगत तथा कानुनी आधार निर्माण:** कार्यालयले गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ र गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसले प्रदेशमा सञ्चार क्षेत्रको नियमन र प्रवर्द्धनका लागि स्पष्ट मार्गचित्र कोरेको छ। साथै, खोजमूलक पत्रकारितालाई प्रोत्साहन गर्न पत्रकार लेखनवृत्ति, फेलोसिप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने क्रममा रहेको छ, जुन श्रमजीवी पत्रकारको वृत्ति विकासमा कोसेढुङ्गा साबित हुने देखिन्छ।

**प्रशासनिक सङ्घीयताको कार्यान्वयन:** सङ्घीयताको मर्म अनुरुप नेपाल सरकार, सूचना तथा प्रसारण विभागको क्षेत्राधिकार भित्र रहेका गण्डकी प्रदेशभित्रका प्रसारण संस्थाहरूको फाइलहरू यस कार्यालयमा हस्तान्तरण भएका छन्। हालसम्म ४७ वटा एफ.एम. रेडियो र १७ वटा टेलिभिजन गरी कुल ६४ वटा प्रसारण संस्थाका फाइलहरू प्राप्त भई दर्ता, नवीकरण र अद्यावधिक गर्ने कार्य यहीँबाट सुरु भएको छ। यसले सेवाग्राहीलाई काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य गरेको छ। साथै, प्रसारण तथा वितरण शुल्क (रोयल्टी) सङ्कलन कार्य समेत प्रारम्भ भई राजस्व परिचालनमा योगदान पुगेको छ।

**प्रविधिको प्रयोग र आधुनिक व्यवस्थापन:** सञ्चार माध्यमहरूको अभिलेखलाई चुस्त र वैज्ञानिक बनाउन गण्डकी प्रदेश मिडिया रजिष्ट्रेशन डाटाबेस र कार्ड जेनेरेटर सफ्टवेयर, प्रक्रिया अन्तिम चरणमा पुगेको छ। यसले सेवा प्रवाहलाई डिजिटल गण्डकीको अवधारणा अनुरूप कागजविहीन  र स्मार्ट बनाउन मद्दत गर्नेछ।

**जनसम्पर्क र पारदर्शिता:** सरकार र नागरिकबिचको संवादलाई प्रभावकारी बनाउन जनतासँग मुख्यमन्त्री तथा हेलो मुख्यमन्त्री कार्यक्रम सञ्चालनका लागि प्रस्ताव छनौट गरी सम्झौता प्रक्रिया अगाडि बढाइएको छ। यसले सुशासन र पारदर्शिता प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्लेषण गरिएको छ। साथै, ८ औं प्रदेश स्थापना दिवसको अवसरमा प्रदेशका उपलब्धिहरू झल्कने वृत्तचित्र निर्माण कार्य सम्पन्न गरी नागरिकलाई सुसूचित गराउने कार्य भएको छ।

**क्षमता विकास र सहकार्य:** कार्यालयले एकल प्रयासमा मात्र नभई सरोकारवालाहरूसँगको सहकार्यमा जोड दिएको छ। नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समिति र यस अन्तर्गतका बागलुङ, नवलपुर, पर्वत, म्याग्दी, तनहुँ, कास्की लगायतका ११ वटै जिल्ला शाखाहरूलाइ सहयोग गरेको छ । जसमध्ये बागलुङ, नवलपुर र म्याग्दीमा कार्यक्रमहरू सम्पन्न भइसकेका छन्। यसैगरी, वर्तमान समयको गम्भीर चुनौतीका रूपमा रहेको भ्रमपूर्ण तथा मिथ्यापूर्ण सूचना (Misinformation & Disinformation) सम्बन्धी सरोकारवालाबिचको अन्तरक्रिया कार्यक्रमले मिडिया साक्षरता र डिजिटल सुरक्षामा नयाँ बहस सिर्जना गरेको छ।

**नियमन र अनुगमन:** नीतिगत व्यवस्था मात्र नभई कार्यान्वयनको अवस्था बुझ्न कार्यालयले जिल्लास्थित अखबार, पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमहरूको स्थलगत अनुगमन कार्य सम्पन्न गरेको छ। यसले मिडिया हाउसहरूको सबलीकरण र आचारसंहिता पालनामा नैतिक दबाब सिर्जना गरेको छ।

**निष्कर्ष:** गण्डकी प्रदेश सरकारको ८ वर्षे यात्रामा प्रेस रजिष्ट्रारको कार्यालयको स्थापना र सञ्चालन एक ऐतिहासिक उपलब्धि हो। छोटो समयमै यस कार्यालयले कानुनी पूर्वाधार तयार गर्ने, अधिकारको सफल हस्तान्तरण गरी सेवा प्रवाहलाई विकेन्द्रीकृत गर्ने र सञ्चार क्षेत्रको नियमनलाई व्यवस्थित गर्ने कार्यमा सक्षमता प्रदर्शन गरेको छ।

आगामी दिनमा सञ्चार माध्यमहरूको दर्ता तथा नवीकरण प्रक्रियालाई पूर्णतः डिजिटल बनाउने, लोककल्याणकारी विज्ञापनको वितरणलाई थप व्यवस्थित गर्ने र श्रमजीवी पत्रकारहरूको क्षमता विकासमा केन्द्रित हुँदै प्रदेश मर्मको आकाङ्क्षा पूरा गर्न सञ्चार क्षेत्रलाई परिचालन गर्नु कार्यालयको भावी कार्यदिशा हुनेछ। प्रेस रजिष्ट्रारको कार्यालयले थालनी गरेका यी प्रयासहरूले गण्डकी प्रदेशको आमसञ्चार क्षेत्रलाई थप व्यावसायिक, मर्यादित र जनउत्तरदायी बनाउने कुरामा विश्वास लिन सकिन्छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

| मुख्य न्यायाधिवक्ताको कार्यालयगण्डकी प्रदेश पोखराबाट प्रदेश स्थापना देखि हालसम्म भएका महत्वपूर्ण , उपलव्धीहरू | | |
|---|---|---|
| **आर्थिक वर्ष** | **क्रम** | **मुख्य उपलव्धीहरू** |
| २०७६/७७ | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा ३८ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | गण्डकी प्रदेशका ८५ वटै स्थानिय तहको प्रतिनिधित्व हुने गरि स्थानिय तहमा कानून तर्जुमा कार्यमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिएको । |
| | ३ | मेलमिलाप सम्वन्धी आठ दिवसीय आधारभुत तालिम मिति २०७६।११।७ देखि २०७६।११।१४ गतेसम्म सञ्चालन गरिएको । |
| | ४ | कार्यालयमा संवैधानिक कानून ,देवानी कानून ,फौजदारी कानून , मानव अधिकार र न्याय प्रशासन सँग सम्बन्धित ,प्रशासनिक कानून करिव ७०० पुस्तकहरुको पुस्तकालय स्थापना गरिएको । |
| | ५ | बाल सुधार गृहसराङकोटको अनुगमन पश्चात आवश्यकता पहिचान , गरि मिति २०७६।१२।०४ मा डाइनिङ टेवल समेतका सामानहरु प्रदान गरिएको । |
| | ६ | कानून व्यवसायी दक्षता अभिमुखीकरण तालिम मिति २०७६।०९।१७ र १८ गते सञ्चालन गरिएको । |
| | ७ | मिति २०७६।०९।२६ गते कानूनी पत्रकारिता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको । |
| | ८ | प्रदेश प्रहरी विधेयक सम्वन्धी छलफल गरिएको । |

| | | |
|---|---|---|
| | ९ | प्रदेश वातावरण संरक्षण सम्बन्धी ऐन२०७६ को मस्यौदा उपर राय , प्रदान गरिएको । |
| | १० | संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा मातहतका निकायवाट राय माग भएकोमा मौखिक तथा लिखित रुपमा राय परामर्श प्रदान गरिएको । |
| २०७७।७८ | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा ७१ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा मातहतका निकायवाट राय माग भएकोमा मौखिक तथा लिखित रुपमा राय परामर्श प्रदान गरिएको । |
| | ३ | कानून व्यवसायी दक्षता अभिमुखीकरण तालिम प्रदेशको ११ वटै जिल्ला सञ्चालन गरिएको । |
| | ४ | बाल सुधार गृहसराङकोटको अनुगमन पश्चात आवश्यकता पहिचान गरि , अनुगमन ,मिति २०७७।१२।०८ मा फ्रिज प्रदान गरिएको २०७८ तयार गरिएको । ,प्रतिवेदन |
| | ५ | मुद्दाहरुको अभिलेखिकरण डिजिटलाइजेसन गरिएको । |
| | ६ | गण्डकी प्रदेशका सवै स्थानिय तहका लागि क्षमता अभिवृद्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको । |
| | ७ | स्थानिय तहमा कानून निर्माणको अवस्थासमस्या तथा समाधानमा , सहयोग गर्ने उद्देश्यले केही स्थानिय तहको स्थलगत भ्रमण गरिएको । |
| | ८ | गण्डकी इन्टरनेशनल क्यान्सर हस्पिटल तथा रिसर्च सेन्टर स्थापना गर्ने सम्वन्धमा परियोजना प्रस्ताव अध्ययन गरि सुझाव पेश गरिएको । |
| | ९ | संविधान दिवस२०७७ को अवसरमा नेपालमा संघियता अभ्यासका पाँच , वर्ष अनुभव र भाविदिशा विषयमा भर्चुअल अन्तरक्रिया कार्यक्रम |

| | | |
|---|---|---|
| | | सञ्चालन गरिएको । |
| | १० | पुस्तकालयका पुस्तकहरु र दर्ता चलानीलाई डिजिटलाइजेसन गरिएको । |
| २०७८।७९ | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा १०६ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा मातहतका निकायवाट राय माग भएकोमा मौखिक तथा लिखित रुपमा राय परामर्श प्रदान गरिएको । |
| | ३ | गण्डकी प्रदेश पर्यटन विधेयक२०७८ लगायत १२ वटा , /ऐननीति कार्यविधीहरुमा राय सुझाव पठाइएको ।/नियम/ |
| | ४ | कानून व्यवसायी दक्षता अभिमुखीकरण तालिम मिति २०७८।१२।११ मा सञ्चालन गरिएको । |
| | ५ | न्यायीक समितिले निरुपण गर्ने मुद्दाहरुको कारवाही सम्बन्धी हाते पुस्तिका प्रकाशन गरिएको । |
| | ६ | गण्डकी प्रदेशकातनहुँ र लमजुङ स्थित ,वाग्लुङ गोरखा ,कास्की , कारागारहरुको निरिक्षण गरि प्रतिवेदन गरिएको । |
| | ७ | स्थानिय तहमा कानून निर्माण तथा न्याय सम्पादनकानून कार्यान्वयन , आएका समस्याहरु र समाधानका उपायहरुको वारेमा मिति अन्तरक्रिया .पा.२०७८।७।२३ मा गोर्खा जिल्लाको पालुङटार न कार्यक्रम सञ्चालन गरिएको |
| | ८ | मिति २०७८।९।२१ गते प्रदेश सरकार मार्फत निर्मित कानूनहरुको वारेमा जानकारी सम्वन्धी एक दिवसिय गोष्ठी सञ्चालन गरिएको । |
| | ९ | मिति २०७८।९।२३ र २४ गते विकास र कानून विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको । |
| | १० | संविधान दिवस २०७८ को अवसरमा नेपालको संविधान कार्यान्वयनको |

| | | |
|---|---|---|
| | | अवस्था विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको |
| २०७९।८० | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा १८१ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा मातहतका निकायवाट राय माग भएकोमा मौखिक तथा लिखित रुपमा राय परामर्श प्रदान गरिएको । |
| | ३ | कानूनी राय सम्वन्धी निर्देशिका २०७९ /लगायत ५ वटा ऐन , नीतिकार्यविधिहरुमा राय सुझाव पठाइएको ।/नियम/ |
| | ४ | गण्डकी प्रदेश मनाङ र मुस्ताङ वाहेकका जिल्लाहरुमा न्यायीक समितिको क्षमता अभिवृद्धी सम्वन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको । |
| | ५ | गण्डकी प्रदेशका म्याग्दीपर्वत र स्याङजा जिल्लाका ,मुस्ताङ , प्रहरी हिरासतको निरिक्षण गरी प्रतिवेदन प्रकाशन ,कारागार कार्यालय गरिएको । |
| | ६ | मिति २०७९।४।२० गते बाल सुधार गृहसराङकोटको अनुगमन , गरि प्रतिवेदन प्रकाशन गरिएको । |
| | ७ | मिति २०७९।१२।१० गते लिखित जवाफ कानूनी राय लेखन / सम्वन्धी एक दिवसीय क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिएको |
| | ८ | २०८०।३।९ गते मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश पोखराका पाँच वर्षः उपलव्धी चुनौती अवसर र भविष्य विषयमा एक दिवसिय अन्तरक्रिया कार्यक्रम सञ्चान गरिएको । |
| | ९ | मिति २०७९।०९।०२ गते रिट निवेदन यसको अभ्यास र अदालतको भुमिका विषयमा एक दिवसिय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको । |

| | | |
|---|---|---|
| | १० | मिति २०७९।१२।२९ गते गण्डकी प्रदेशका मौजुदा कानून, संसोधन र आवश्यकता गका सम्वन्धमा वरिष्ठ अधिवक्ताहरुसँग छलफल एवं अन्तरक्रिया कार्यक्रम । |
| २०८०/०८१ | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा ९४ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा मातहतका निकायवाट राय माग भएकोमा मौखिक तथा लिखित रुपमा राय परामर्श प्रदान गरिएको । |
| | ३ | मिति २०८०।१२।३ गते रुपा गावडा नं ०६ मा कर्मचारी .पा. क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिएको । |
| | ४ | पर्वत ,(पु.स.व) नवलपरासी ,गोर्खा,वाग्लुङ जिल्लामा अदालतसरकारी , प्रहरी र कारागारसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन ,बार ,वकिल गरिएको |
| | ५ | स्याङजा लमजुङ जिल्लामा प्रहरी हिरासत कक्ष तथा ,म्याग्दी ,तनहुँ , कारागार कार्यालयको निरिक्षण गरी प्रतिवेदन प्रकाशन गरिएको । |
| | ६ | मिति २०८०।१०।१६ देखि २०८०।१०।१९ सम्म मुख्य न्यायाधिवक्ताहरु सम्मेलित कार्यविस्तृतीकरणको विषयमा सुझाव पेश गर्ने उद्देश्यले कार्यदलको वैठक सम्पन्न गरिएको । |
| | ७ | मुद्दाहरुको अभिलेखिकरण, पुस्तकालयका पुस्तक एवं दर्ता चलानी डिजिटलाइजेसन गरिएको । |
| | ८ | गण्डकी प्रदेशका कानून अधिकृतहरुको लागि एक दिवसिय क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरेको । |
| | ९ | मिति २०८१।१२।२० गते "कानूनका कुरा" विषयमा मुख्य न्यायाधिवक्तासँग कार्यक्रम पि.एन. क्यापसमा सञ्चालन गरिएको। |

| | | |
|---|---|---|
| | १० | प्रदेश स्तरिय प्रोवेशन तथा प्यारोल वोर्ड गठन सम्वन्धमा कार्यक्रम सञ्चालन गरिएको । |
| २०८१०८२/ | १ | प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायलाई विपक्षी वनाइएका जम्मा १३९ थान रिट निवेदनहरुमा प्रतिरक्षा गरिएको । |
| | २ | कारागार, हिरासत तथा बाल सुधार गृह अनुगमन र समुदाय र विद्यालयसँग मुख्य न्यायाधिवक्ता कार्यक्रम प्रदेशका विभिन्न १४ स्थानमा सञ्चालन गरिएको । |
| | ३ | अदालतकारागार तथा /बार एसोशिएसन/सरकारी वकील/ सरोकारवाला समेतसँगको अन्तरक्रिया कार्यक्रम प्रदेशका विभिन्न १३ स्थानमा सञ्चालन गरिएको । |
| | ४ | स्थानीय तहपालिकाका न्यायिक समितीका संयोजक/, सदस्य र कर्मचारीका लागि न्यायिक कार्य सम्पादन र तालिम कार्यक्रम प्रदेशका विभिन्न ६ स्थानमा सञ्चालन गरिएको । |
| | ५ | लिखित जवाफ कानुनी राय तथा रिट निवेदन सम्वन्धी कार्यक्रम होटल लिगेसी मुस्ताङचोकमा सञ्चलान गरिएको । |
| | ६ | कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम प्रदेशका विभिन्न २ स्थानमा सञ्चालन गरिएको । |
| | ७ | अन्तरप्रदेश अनुभव आदन प्रदान कार्यक्रम अन्तर्गत मुख्य न्यायाधिवक्ताको कार्यालयमा भएका असल अभ्यासहरुकार्य र , अनुभवको बारेमा जानकारी आदन प्रदान गरिएको । |
| | ८ | बिगो कार्यान्वयन सम्बन्धमाजिल्ला स्तर ,ीय खेलकुद समितिको कार्यकाल सम्बन्धमामुद्दा /अनुसन्धान अधिकारी/कानूनी क्षेत्राधिकार , दर्ता (मठ मन्दिर) धार्मिक आश्रम ,दायर गर्ने निकाय सम्बन्धमा सम्बन्धमा प्रदेश सरकारका विभिन्न मन्त्रालयलाई कानूनी राय प्रदान गरिएको। |

| मुद्दाको प्रकृति | आ.व.०७५/७६ देखि आ.व.०७९/८० | | आ.व.०८०/८१ | | | | आ.व.०८१/८२ को असार मसान्तसम्म | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ दर्ता | फैसला | जिम्मेवारी सरेको | नयाँ दर्ता | कायम मुद्दा | फैसला | जिम्मेवारी सरेको | नयाँ दर्ता | कायम मुद्दा | फैसला | जिम्मेवारी सरेको |
| रिट निवेदन (उत्प्रेषण, परमादेश, प्रतिशेध, अधिकारपृच्छा) | ९१ | ४४ | ४७ | ४१ | ८८ | २७ | ६१ | ७८ | १३९ | ५९ | ८० |
| पुनरावेदन | १ | १ | ० | २ | २ | २ | ० | ४ | ४ | १ | ३ |
| अदालतको अवहेलना | ३ | १ | ० | ० | ० | ० | ० | २ | २ | ० | २ |
| अन्य | १ | ३ | ० | ० | ० | ० | ० | २ | २ | ० | २ |
| जम्मा | ९६ | ४९ | ४७ | ४३ | ९० | २९ | ६१ | ८६ | १४७ | ६० | ८७ |

| आ.व. | | २०८२-२०८३ को पुषसम्म | | | |
|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | जिम्मेवारी सरेका | नयाँ दर्ता | कायम मुद्दा | फैसला | जिम्मेवारी सरेका |
| रिट निवेदन (उत्प्रेषण, परमादेश, प्रतिशेध, अधिकारपृच्छा) | ८० | १५ | ९५ | ५ | ९० |
| पुनरावेदन | ३ | ६ | ९ | ३ | ६ |
| अदालतको अवहेलना | २ | | २ | | २ |
| अन्य | २ | ३ | ५ | १ | ४ |
| जम्मा | ८७ | २४ | १११ | ९ | १०२ |

**खण्ड घ**

## अनुसूची - १

**गण्डकी प्रदेश सभाबाट जारी भएका ऐन तथा प्रदेश सरकारबाट स्वीकृत भई लागू भएका ऐन तथा नियमावलीको विवरण**

**क. ऐनहरूको सूची**

| क.सं | ऐनहरुको नाम |
|---|---|
| १ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ |
| २ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७४ (खारेज) |
| ३ | प्रदेश नं.४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४(खारेज) |
| ४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धीऐन, २०७४ |
| ५ | मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ |
| ६ | प्रदेश विनियोजन ऐनहरु - सालबसाली |
| ७ | स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ |
| ८ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन)ऐन, २०७५ (संशोधन ऐन) |
| ९ | कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ |
| १० | प्रदेशवित्त व्यवस्थापन ऐन, २०७५ |
| ११ | आर्थिक ऐनहरु - सालबसाली |
| १२ | प्रदेशआकस्मिक कोष ऐन, २०७५ |
| १३ | स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ |
| १४ | खोप सेवा (सञ्चालन तथा व्यवस्थापन)ऐन, २०७५ |
| १५ | प्रदेशदुग्ध विकास वोर्ड ऐन, २०७५ |
| १६ | मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ |
| १७ | केही प्रदेश कानून संशोधन गर्ने ऐन, २०७५ (संशोधन ऐन) |
| १८ | प्रशासकीयकार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| १९ | वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ |
| २० | सहकारी ऐन, २०७५ |
| २१ | तालसंरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ |
| २२ | प्रदेशऔद्योगिक व्यवसाय ऐन, २०७५ |
| २३ | गण्डकीप्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ |
| २४ | सुर्तीजन्य पदार्थ(नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०७६ |
| २५ | प्रदेश लोकसेवा आयोग ऐन, २०७६ |
| २६ | पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्नेऐन, २०७६ |
| २७ | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ |

| | |
|---|---|
| २८ | गण्डकी विश्वविद्यालय ऐन, २०७६ |
| २९ | प्रदेश सुशासन ऐन, २०७६ |
| ३० | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ |
| ३१ | प्रदेश वातावरण संरक्षण ऐन,२०७६ |
| ३२ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ |
| ३३ | गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३४ | प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ |
| ३५ | प्रदेश विकास समिति ऐन, २०७७ |
| ३६ | प्रदेश सभा सचिवालय ऐन, २०७७ |
| ३७ | गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ |
| ३८ | गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ |
| ३९ | प्रदेश खेलकुद विकास ऐन, २०७७ |
| ४० | प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ |
| ४१ | गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७ |
| ४२ | गण्डकी प्रदेशप्राइभेट फर्म दर्ता ऐन, २०७८ |
| ४३ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८ |
| ४४ | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ |
| ४५ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ |
| ४६ | गण्डकी प्रदेश सिंचाइऐन, २०७८ |
| ४७ | गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन,२०७८ |
| ४८ | गण्डकी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०७९ |
| ४९ | गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ |
| ५० | गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९ |
| ५१ | विनियोजन (पहिलो संशोधन) ऐन, २०७९ |
| ५२ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ |
| ५३ | गण्डकी प्रदेश निजामती सेवा ऐन , २०७९ |
| ५४ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ |
| ५५ | गण्डकी प्रदेश वन ऐन, २०८० |
| ५६ | गण्डकी प्रदेश विउ विजन ऐन, २०८० |
| ५७ | गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० |
| ५८ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ |

| | |
|---|---|
| ५९ | गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ |
| ६० | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता(पहिलो संशोधन) ऐन, २०८१ |
| ६१ | केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ |
| ६२ | गण्डकी प्रदेश सामयिक कर असुल ऐन, २०८१ |
| ६३ | गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१ |
| ६४ | गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ |
| ६५ | गण्डकी प्रदेश सडक ऐन, २०८१ |
| ६६ | केही गण्डकी प्रदेश ऐन खारेज गर्ने ऐन, २०८१ |
| ६७ | गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१ |
| ६८ | गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२ |
| ६९ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०८२ |
| ७० | गण्डकी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन, २०८२ |
| ७१ | गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२ |
| ७२ | गण्डकी प्रदेश विद्युत विकास ऐन, २०८२ |
| ७३ | गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२ |
| ७४ | गण्डकी प्रदेश खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२ |
| ७५ | गण्डकी विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०८२ |

## ख. नियमावलीहरुको सूची

| क्रसं | नियमावलीको नाम |
|---|---|
| १ | गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ |
| २ | गण्डकी प्रदेश सरकार (कार्य सम्पादन) नियमावली,२०७४ |
| ३ | सहकारी नियमावली, २०७६ |
| ४ | गण्डकी प्रदेश बजार अनुगमन नियमावली,२०७६ |
| ५ | सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ |
| ६ | ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ |
| ७ | प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ |
| ८ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७ |
| ९ | गण्डकी प्रदेश खेलकुद विकास निमयावली, २०७८ |
| १० | गण्डकी प्रदेश लोक सेवा आयोग निमयावली, २०७८(खारेज भएको) |
| ११ | प्रदेशस्तरका केही लिखत प्रमाणीकरण सम्बन्धी नियमावली, २०७४ (खारेज भएको) |
| १२ | गण्डकीप्रदेश लोक सेवा आयोग निमयावली, २०८० |
| १३ | प्रदेश सुशासन नियमावली, २०७७ |
| १४ | गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ |
| १५ | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० |
| १६ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ |
| १७ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९ |
| १८ | गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९ |
| १९ | गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९ |
| २० | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९ |
| २१ | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९ |

| | |
|---|---|
| २२ | प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ |
| २३ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९ |
| २४ | गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ |
| २५ | गण्डकी प्रदेश वन नियमावली,२०८१ |
| २६ | गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० |
| २७ | गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० |
| २८ | गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ |
| २९ | गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ |

# अनुसूची-२

## गण्डकी प्रदेश सरकार अन्तर्गत कायम रहेका मन्त्रालयको विवरण

| क्र.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०६१-४६७६४८, ६६४, ६६५, ८५१ | ocmcm.gandaki.gov.np | ocmcm@gandaki.gov.np,ocmcm.gandaki@gmail.com |
| २ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ०६१-४६७८८५ | molmac.gandaki.gov.np | molmacprovince4@gmail.com |
| ३ | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | ०६१-५३५०९५ | mosd.gandaki.gov.np | ministrysocialdevpkr@gmail.com |
| ४ | आर्थिक मामिला मन्त्रालय | ०६१-४५७६९७ | mof.gandaki.gov.np | mof@gandaki.gov.np |
| ५ | स्वास्थ्य मन्त्रालय | ०६१-५३५०९५ | mohp.gandaki.gov.np | mohp.gandaki@gmail.com |
| ६ | उद्योग तथा पर्यटन मन्त्रालय | ०६१-४६७६५४, ४६७६६९, ४६७६७० | motics.gandaki.gov.np | moitfe4@gmail.com |
| ७ | भौतिक पूर्वाधारविकास तथा यातायात व्यवस्था मन्त्रालय | ०६१-४६५५३६ | mopid.gandaki.gov.np | mopid@gandaki.gov.np |
| ८ | वन तथा वातावरण मन्त्रालय | ०६१-४५८०५८ | mofesc.gandaki.gov.np | moitfe4@gmail.com |
| ९ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ०६१-४५०७७१, ०६१-४५०८३२, ०६१-४५०८३३ | moewrws.gandaki.gov.np | moewrws.gandaki@gmail.com |

# अनुसूची-३

## गण्डकी प्रदेश अन्तर्गतका निकाय/आयोग/प्रतिष्ठान/निर्देशनालयहरूको विवरण

| क्र.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | प्रदेश नीति तथा योजना आयोग | ०६१-४६४८४१ | ppc.gandaki.gov.np | pppcgandaki@gmail.com |
| २ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ०६१-४६७७५३, ७५४ | oca.gandaki.gov.np | info@oca.gandaki.gov.np, chiefattorney4@gmail.com |
| ३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ०६१-४६७८०८, ८०९, ७४९ | pfco.gandaki.gov.np | pfcogandaki@gmail.com |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ०६१-५२५४४८ | abpstc.gandaki.gov.np/ | info@abpstc.gandaki.gov.np |
| ९ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ०६१-५३६२५४, २५५ | phsmc.gandaki.gov.np | phlmcgandaki2076@gmail.com |
| १० | स्वास्थ्य तालिम केन्द्र | ०६१-५२३१०९, ५२०३९६ | htc.gandaki.gov.np | gandakihtc2075@gmail.com |

| क.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १४ | गण्डकी विश्वविद्यालय | ०६१-४६०२४९ | gandakiuniversity.edu.np | info@gandakiuniversity.edu.np |
| १५ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | ०६१-५२१०८० | gpta.gandaki.gov.np | academy.gandaki@gmail.com |
| १६ | प्रदेश लोक सेवा आयोग | ०६१-४६७८७३ | ppscgandaki.gov.np | gandakipsc2076@gmail.com |
| १७ | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान | ९८५६०६७३७७ | gtevta.org.np | gandakitevta@gmail.com |
| १९ | गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान | ९८५६०२५११७,९८४६०२०७८९ ९८४६११९९५५ | gandakiacademy.gov.np | gandakiacademy2@gmail.com info@gandakiacademy.gov.np |

# अनुसूची — ४

## प्रदेश प्रशासनिक संरचना पुनरावलोकन

### (क)देहायका निकायहरु खारेजी गरिएको, गाभिएको, कार्य क्षेत्र हेरफेर र एकीकृत गरिएको:

| क्र. स. | सम्वन्धित मन्त्रालय | पुर्नसंरचनागरिने निकाय र विधि | |
|---|---|---|---|
| | | निकायको नाम | पुर्नसंरचना विधि |
| १ | उद्योगतथा पर्यटन मन्त्रालयर सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | खारेजीगर्ने |
| | | पर्यटन तथा उद्योग कार्यालय, म्याग्दी | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, म्याग्दी | |
| | | पर्यटन तथा उद्योगकार्यालय, मुस्ताङ | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, मुस्ताङ | |
| | | पर्यटन तथा उद्योग कार्यालय, बागलुङ | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, बागलुङ | |
| | | पर्यटन तथा उद्योगकार्यालय, पर्वत | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, पर्वत | |
| | | पर्यटन तथा उद्योग कार्यालय, स्याङजा | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, स्याङ्जा | |
| | | पर्यटन तथा उद्योगकार्यालय, कास्की | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, कास्की | |
| | | पर्यटन तथा उद्योग कार्यालय, तनहुँ | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, तनहुँ | |
| | | पर्यटन तथा उद्योगकार्यालय, गोरखा | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, गोरखा | |
| | | पर्यटन तथा उद्योग कार्यालय, मनाङ | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत |

| | | | |
|---|---|---|---|
| | | सामाजिक विकास कार्यालय, मनाङ | कार्यालयमा रुपान्तरण गर्ने। |
| | | पर्यटन तथा उद्योगकार्यालय, लमजुङ | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, लमजुङ | |
| | | पर्यटन तथा उद्योगकार्यालय, नवलपरासी (ब.सु.पू.) | एकीकृत सेवा सञ्चालन गर्ने गरी एकीकृत कार्यालयमा रुपान्तरण गर्ने। |
| | | सामाजिक विकास कार्यालय, नवलपरासी (ब.सु.पू) | |
| २ | कृषि,भूमिव्यवस्था तथा सहकारी मन्त्रालय | कृषि विकासनिर्देशनालय | खारेजी गर्ने |
| | | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | |
| | | बाली संरक्षण प्रयोगशाला | एक आपसमा गाभी एकीकृत प्रयोगशालाको रूपमा परिणत गर्ने । |
| | | माटो तथा मल परिक्षण प्रयोगशाला | |
| | | प्रदेश वीउविजन गुणस्तर नियन्त्रण केन्द्र | |
| | | कृषि ज्ञान केन्द्र, मनाङ | एक आपसमा गाभी एकीकृत कार्यालयको रूपमा परिणत गर्ने |
| | | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मनाङ | |
| | | कृषि ज्ञान केन्द्र, मुस्ताङ | एक आपसमा गाभी एकीकृत कार्यालयको रूपमा परिणत गर्ने |
| | | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङ | |
| | | बागवानी विकास स्रोत केन्द्र, पोखरा | कृषिव्यवसाय प्रवर्द्धन सहयोग तथा तालीम केन्द्र, पोखरामा गाभ्ने |
| ३ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | पूर्वाधार विकास निर्देशनालय | खारेजीगर्ने |
| ४ | वनतथा वातावरण मन्त्रालय | वननिर्देशनालय | खारेजीगर्ने |
| ५ | सामजिक विकास, | शिक्षा विकास निर्देशनालय | खारेजीगर्ने |

| | | | |
|---|---|---|---|
| | युवा तथा खेलकुद मन्त्रालय | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पर्वत | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, पोखरामा गाभ्ने |
| | | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, कास्की | |
| ६ | स्वास्थ्यमन्त्रालय | प्रादेशिकस्वास्थ्य निर्देशनालय | खारेजी गर्ने |
| | | प्रादेशिक स्वास्थ्य तालिम केन्द्र | |
| | | प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | |
| | | प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र, पोखरा | प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पोखरामा गाभी प्रादेशिकजनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग नियन्त्रण केन्द्र, पोखरामा परिणतगर्ने |
| ७ | उर्जा,जलस्रोततथा खानेपानी मन्त्रालय | भूमिगतजलश्रोत तथा सिंचाई कार्यालय, नवलपरासी (व.सू.पू.) | जलस्रोततथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (व.सु.पू) मा गाभ्ने |

**(ख)देहायकापदहरुखारेजगर्ने:**

| **क्र.सं.** | **पद** | **सेवा/समूह/ उपसमूह** | **तह** | **खारेज हुने** | **कैफियत** |
|---|---|---|---|---|---|
| **(क)** | **गण्डकी प्रदेश सभा सचिवालय** | | | | |
| १. | कम्प्यूटर अधिकृत/ इन्जिनियर | विविध | सातौं/आठौं | १ | |
| | **जम्मा** | | | **१** | |
| **(ख)** | **गण्डकी प्रदेश नीति तथा योजना आयोग** | | | | |
| २. | अर्थशास्त्री | विविध | सातौं/आठौं | १ | |
| ३. | समाजशास्त्री | विविध | सातौं/आठौं | १ | |
| ४. | प्रशासन सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौ | १ | |
| | **जम्मा** | | | **३** | |
| **(ग)** | **उद्योग तथा पर्यटन मन्त्रालय** | | | | |
| १. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौ/छैटौं | ४ | |
| ३. | सहायक/अधिकृत | तथ्याङ्क | पाँचौ/छैटौं | १ | |
| ४. | ह.स.चा. | इन्जि/ज.मे. | श्रेणीविहिन | १ | |
| ५. | का.स. | प्रशासन/प्रशासन | श्रेणीविहिन | २ | |
| | **जम्मा** | | | **९** | |
| **(घ)** | **ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** | | | | |
| १. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| २. | कानून अधिकृत | न्याय/कानून | सातौं/आठौं | १ | |
| ३. | इन्जिनियर | इन्जि/सिभिल/इरिगेशन | सातौं/आठौं | १ | |
| ४. | इन्जिनियर | इन्जि/सिभिल/स्यानिटरी | सातौं/आठौं | १ | |
| ५. | इन्जिनियर | इन्जि/सिभिल/ इलेक्ट्रिकल | सातौं/आठौं | १ | |
| ६. | सहायक/अधिकृत | प्रशासन/लेखा | पाँचौ/छैटौं | १ | |
| ७. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौ/छैटौं | १ | |
| ८. | सब-इन्जिनियर | इन्जि/सिभिल/इरिगेशन | पाँचौ/छैटौं | २ | |
| ९. | सब-इन्जिनियर | इन्जि/सिभिल/स्यानिटरी | पाँचौ/छैटौं | २ | |
| १०. | असिस्टेन्ट ग्राउण्ड वाटर हाइड्रोजियोलोजिष्ट | इन्जि/जियोलोजी/हाइड्रोजियोलोजिष्ट | पाँचौ/छैटौं | १ | |
| ११. | सब-इन्जिनियर | इन्जि/सिभिल/ इलेक्ट्रिकल | पाँचौ/छैटौं | १ | |
| १२. | अमिन | इन्जि/सर्भे | चौथो/पाँचौ | १ | |
| | **जम्मा** | | | **१४** | |

| | | | | | |
|---|---|---|---|---|---|
| (ङ) | **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय** | | | | |
| १. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| २. | वातावरण निरिक्षक | विविध | सातौं/आठौं | १ | |
| ३. | लेखा सहायक/अधिकृत | प्रशासन/लेखा | पाँचौ/छैटौं | १ | |
| ४. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौ/छैटौं | १ | |
| ५. | प्रशासन सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौ | १ | |
| ६. | लेखा सहायक | प्रशासन/लेखा | चौथो/पाँचौ | २ | |
| | | | **जम्मा** | ७ | |
| (च) | **वन तथा वातावरण मन्त्रालय** | | | | |
| १. | लेखा अधिकृत | प्रशासन/लेखा | सातौं/आठौं | १ | |
| २. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| ३. | वाली विकास अधिकृत | कृषि/एग्रोनोमी | सातौं/आठौं | ३ | |
| ४. | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | पाँचौ/छैटौं | २ | |
| ५. | लेखा सहायक/अधिकृत | प्रशासन/लेखा | पाँचौ/छैटौं | १ | |
| ६. | अपरेटर | इन्जि/मे.का. | पाँचौ/छैटौं | १ | |
| ७. | वन रक्षक | वन/ज.फ. | श्रेणी विहिन | २१ | |
| ८. | फरेष्टर गार्ड | - | श्रेणी विहिन | १ | |
| ९. | हेल्पर | इन्जि/मे.का. | श्रेणी विहिन | १ | |
| | | | **जम्मा** | ३२ | |
| (छ) | **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय** | | | | |
| १. | उपसचिव | शिक्षा /शि.प्र. | नवौ/दशौ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| ३. | अधिकृत | शिक्षा/शि.प्र. | सातौं/आठौं | २ | |
| ४. | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | पाँचौ/छैटौ | १ | |
| ५. | सहायक/अधिकृत | शिक्षा/शि.प्र. | पाँचौ/छैटौ | २ | |
| ६. | कम्प्युटर अपरेटर/ अधिकृत | विविध | पाँचौं/छैटौं | १ | |
| ७. | सहायक/अधिकृत | विविध | पाँचौं/छैटौं | ९ | |
| ८. | सहायक | आ.यो.त/तथ्याङ्क | चौथो/पाँचौ | १ | |
| ९. | सहायक | शिक्षा/शि.प्र. | चौथो/पाँचौ | १ | |
| १०. | का.स. | प्रशासन/सा.प्र. | श्रेणी विहिन | २ | |
| ११. | ह.स.चा. | इन्जि/मेका | श्रेणी विहिन | ३ | |
| १२. | **जम्मा** | | | २४ | |
| **(ज)** | **स्वास्थ्य मन्त्रालय** | | | | |
| १. | उपसचिव | प्रशासन/प्रशासन | नवौं/दशौं | १ | |
| २. | शाखा अधिकृत | प्रशासन/प्रशासन | सातौं/आठौं | ३ | |
| ३. | लेखा अधिकृत | प्रशासन/लेखा | सातौं/आठौं | ३ | |
| ४. | तथ्याङ्क अधिकृत | आ.यो.त./तथ्याङ्क | सातौं/आठौं | ७ | |
| ५. | कम्प्युटर अपरेटर | विविध | पाँचौ/छैटौं | २ | |
| ६. | लेखा सहायक | प्रशासन/लेखा | पाँचौ/छैटौं | ८ | |
| ७. | प्रशासन सहायक | प्रशासन/प्रशासन | पाँचौ/छैटौं | ४ | |
| ८. | मेडिकल रेकडर सुपरभाइजर | स्वास्थ्य/मे.रे. | पाँचौ/छैटौं | २ | |
| ९. | हाउस किपिङ सुपरभाइजर | स्वास्थ्य/विविध | पाँचौ/छैटौं | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | तथ्याङ्क सहायक | आ.यो.त./तथ्याङ्क | पाँचौ/छैटौं | ३ | |
| ११. | डार्क रुम सहायक | स्वास्थ्य/रेडियोग्राफी | चौथो/पाँचौ | ३ | |
| १२. | प्रशासन सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौ | ४ | |
| १३. | लेखा सहायक | प्रशासन/लेखा | चौथो/पाँचौ | ४ | |
| १४. | का.स. | प्रशासन/प्रशासन | श्रेणीविहिन | ११ | |
| | **जम्मा** | | | **५७** | |
| **(झ)** | **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | | | | |
| १. | कम्प्युटर इन्जिनियर | विविध | सातौं/आठौं | १ | |
| २. | प्रशासकीय अधिकृत | प्रशासन/प्रशासन | सातौं/आठौं | २ | |
| ३. | सव-इन्जिनियर | कृषि/इन्जिनियरिङ | पाँचौ/छैटौं | १ | |
| ४. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौ/छैटौं | २ | |
| ५. | कम्प्युटर सहायक/अधिकृत | विविध | पाँचौ/छैटौं | २ | |
| ६. | सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौ | ६ | |
| ७. | लेखा सहायक | प्रशासन/लेखा | चौथो/पाँचौ | ९ | |
| ८. | ह.स.चा. | इन्जि/मेका/ज.मे. | चौथो/पाँचौ | २ | |
| | **जम्मा** | | | २५ | |
| **(ञ)** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | | | |
| १. | सचिव | प्रशासन | राप.प्रथम | १ | |
| २. | उपसचिव | प्रदेश प्रशासन/प्रशासन | नवौं/दशौं | १ | |
| ३. | प्रशासकीय अधिकृत | प्रदेश प्रशासन/प्रशासन | सातौं/आठौं | २ | |
| ४. | सहायक/अधिकृत | प्रदेश प्रशासन/प्रशासन | पाँचौं/छैटौं | ३ | |
| ५. | ह.स.चा | इन्जि/मेका | श्रेणीविहिन | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | कार्यालय सहयोगी | प्रशासन/प्रशासन | श्रेणीविहिन | ३ | |
| | जम्मा | | | **१३** | |
| | कुल जम्मा | | | **१८५** | |

**(ग) माथि प्रकरण (क) मा उल्लेख भए बमोजिम खारेजी, गाभ्ने वा गाभिने, एकिकृत गर्ने, कार्यक्षेत्र हेरफेर गर्ने निकायको सम्वन्धमा देहायको प्रक्रिया अवलम्वन गर्नेः**

१. खारेजी भएका निकायलाई तोकिएको कार्य जिम्मेवारीको कार्य सम्पादन, सम्पत्ति, दायित्व तथा श्रेस्ता एवं अभिलेख व्यवस्थापनको कार्य सम्वन्धित मन्त्रालयले मन्त्रालय वा अन्तरगतका निकायवाट कार्य सम्पादन हुने व्यवस्था गर्ने, गराउने। यस्ता निकायमा करार सेवामा कार्यरत कर्मचारीको म्याद आवश्यकता र औचित्यतताको आधारमा २०८२ असोज मसान्तसम्म मात्र थप गर्ने।

२. एकीकृत कार्यालयमा रुपान्तरण भएका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न समितिमा सम्बन्धित दुवै मन्त्रालयको प्रतिनिधित्व हुने गरी गर्ने। एकीकृत कार्यालयमा रुपान्तरण भएका कार्यालयहरुको हकमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सम्बन्धित दुवै मन्त्रालयले आपसी समन्वय कायम गरी गर्ने।

३. खारेजी भएका निकायको काम कारवाही सम्वन्धमा प्रचलित ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा योजना संशोधन वापरि मार्जन गर्नुपर्ने भएमा सम्वन्धित मन्त्रालयले नियमानुसार यथासिघ्र कार्य प्रक्रिया अगाडि वढाउने।

४. मन्त्रालय र अन्तरगत निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गण्डकी प्रदेश सरकार, म.प.को निर्णय भएको मितिले तीस दिन भित्र सम्पन्न गर्ने। दरवन्दी मिलान गर्दा नेपाल सरकारवाट साविक मा हस्तान्तरण भई आएको दरवन्दीमा सामान्यतया नवढ्ने गरी व्यवस्थापन गर्ने।

५. स्थायी पदमा कार्यरत प्रदेश निजामती सेवाको कर्मचारीको पद सम्वन्धित मन्त्रालय वा मातहतका निकायमा मिलान हुन नसकी फाजिल पर्न गएको अवस्थामा सम्वन्धित मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले उपयुक्त व्यवस्थापन गर्ने। पुर्नसंरचना हुने निकायको सहायक र श्रेणीविहिन कर्मचारीको दरवन्दी सम्वन्धमा साविकमा एक कार्यालयमा रहने दरवन्दी संख्यामा नवढ्ने गरी वाँकी पदहरू खारेजी गर्ने।

६. प्रशासनिक पूर्नसंरचनाको क्रममा खारेजी भई वाँकी कायमहुने पदमा प्रदेश निजामती सेवाका कर्मचारीबाट पदपुर्ति गर्ने। यसो गर्दा फाजिलमा पर्ने र आवश्यकता नपर्ने देखिएका अन्य सेवा वा तहवाट गण्डकी प्रदेशमा काम काजमा खटिई आएका कर्मचारीलाई पदाधिका र रहेकै निकायमा क्रमश :फिर्ता पठाउने।

# अनुसूची - ५

मिति २०८२।०९।२५ गते पर्वतको कुश्मामा प्रदेश प्रशासनिक समन्वय परिषद्को पहिलो वैठकको निर्णय:

१. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सरुवा गर्दा सरुवा भई जान दिने र सरुवा भई आउने जाने दुवै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको संयुक्त सहमतिको आधारमा गर्ने व्यवस्था मिलाउने ।

२. स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको योगदानमा आधारित निवृत्तिभरण कोषको व्यवस्था मिलाउन गण्डकी प्रदेश सरकारले विधायकको मस्यौदा गरी परामर्शको लागि स्थानीय तहलाई पठाउने ।

३. स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०७९ तथा नियमावली, २०८० मा संशोधन गर्न आवश्यक विषय तथा अन्य प्रासांगिक विषयहरु समावेश गरी सोको राय सहित सुझाव १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

४. सबै स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुरा गरी संगठन तथा पद दर्ताका लागि प्रदेश किताबखानामा पठाउने व्यवस्था मिलाउने

५. स्थानीय सेवा (अन्य सेवा समेत) को कर्मचारी वैयक्तिकविवरण फारम दर्ता गर्न पठाउन प्रदेश किताबखानाबाट सूचना प्रकाशित भइसकेकोले सबै स्थानीय तहले प्रक्रिया पूरा गरेपछि फारम दर्ता गर्न प्रदेश किताबखानामा पठाउने।

६. गण्डकी प्रदेश सरकारबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको गुणस्तरीयता कायम गरी समयमै सम्पन्न गर्ने ।

७. नेपालको संविधान र कानुन बमोजिम व्यवस्था भए अनुसार प्रदेश र स्थानीय तहबीच बाँडफाँड गर्नुपर्ने राजस्व आम्दानी समयमै बाँडफाँड गरी प्रदेश सरकारको हिस्साको रकम समयमै पठाउने व्यवस्था मिलाउने ।

८. यस वैठकमा प्रमुख प्रशासकिय अधिकृतहरुले उठाउनु भएका नदिजन्य पदार्थको व्यवस्थापन लगायत विविध थप सवालहरु तथा लिखित रुपमा प्राप्त हुने अन्य मुद्दाहरुलाई संकलन र एकीकृत गरी विषयवस्तुहरुको गम्भिरता र कार्यक्षेत्र अनुसार प्रदेश सरकार र संघीय सरकारमा सुझाव सहित लेखी पठाउने कार्य सम्बन्धित महाशाखाले गर्ने ।

# अनुसूची-६

## मिति २०८२ भाद्र १६ गते बसेको गण्डकी र लुम्बिनी प्रदेश सरकारबिच समन्वयात्मक वैठकको निर्णय:-

प्रदेशको विकासका लागि गण्डकी र लुम्बिनी प्रदेशको सह-कार्यका सम्बन्धमा भएको

दोस्रो मुख्यमन्त्रीस्तरीय बैठकका निर्णय एवम् प्रतिबद्धता

नेपालको संविधानको धारा २३२ अनुसार तीन तहका सरकारबीचको समन्वय, सहकार्य र सह-अस्तित्वको मर्मलाई ध्यानमा राख्दै संविधानको अनुसूची-६, ७ र ९ बमोजिम प्रदेशको जिम्मेवारी तथा अधिकार बमोजिम संघीय प्रणालीको सबलीकरणका लागि अन्तर प्रदेश समन्वय एवम् सहकार्यलाई प्रभावकारी बनाउन संविधानको धारा २३३ को मर्म र भावना अनुरूप सीमाना जोडिएका गण्डकी र लुम्बिनी प्रदेशको समग्र विकासका लागि साझा प्रयत्न गर्नुपर्ने विषयको पहिचान एवम् कार्यान्वयन संयुक्त रूपमा गर्ने उद्देश्यले उत्तरवाहिनी क्षेत्र (स्याङ्जा जिल्लाको गल्याङ न.पा. वडा नं. १ मालुङ्गा र पाल्पा जिल्लाको रम्भा गा.पा. वडा नं. १ हुँगी) स्थित गल्याङ न.पा १ मालुङ्गा, खाँडामा गण्डकी प्रदेश सरकारको आयोजनामा मिति २०८२।०५।१६ मा सम्पन्न मुख्यमन्त्रीस्तरीय दोस्रो संयुक्त बैठकले देहाय बमोजिम निर्णय गरेको छ:-

१. मिति २०८१/१०/२० गते बुधबार, रानीमहल पाल्पामा सम्पन्न लुम्बिनी र गण्डकी प्रदेश मुख्यमन्त्रीस्तरीय पहिलो संयुक्त बैठकमा गरिएका २१ बुँदाका प्रतिबद्धताको कार्यान्वयनको समीक्षा गरियो। यसलाई थप प्रभावकारी बनाउन दुवै प्रदेशका योजना आयोगले संयुक्त रूपमा सरोकारवाला सबै पक्षको सहभागितामा तीन महिना भित्र कार्ययोजना बनाई पेश गर्न निर्देशन दिने।

२. सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा सम्बोधन भएका साझा निर्णय एवम् प्रतिबद्धताको विवरण तयार गर्ने र बाँकी विषयलाई प्राथमिकता दिई कार्यान्वयनको व्यवस्था मिलाउन प्रदेश मातहतका निकायलाई निर्देशन दिने तथा नेपाल सरकारसँग नियमित समन्वय गर्ने कार्य प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

३. दुवै प्रदेशको धार्मिक पर्यटन विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने "दामोदरकुण्ड कृष्णागण्डकी "उत्तरवाहिनी–लुम्बिनी मुक्तिमार्ग" विकासका लागि अवधारणा पत्र तयार गर्न दुवै प्रदेशको पर्यटन हेर्ने मन्त्रालयको समन्वयमा प्रक्रिया अघि बढाउने।

४. दुवै प्रदेशका आवधिक योजनामा प्रदेश समुन्नतिका लागि प्रस्तावित रुपान्तरणकारी कार्यक्रम तथा आयोजना (अन्तर प्रदेश साझेदारीमा सञ्चालन हुने भनी पहिचान गरिएका कार्यक्रम) कार्यान्वयन गर्न दुवै प्रदेशका सरकारको समन्वयमा कार्यान्वयन खाका तयार गर्न विषयगत मन्त्रालयलाई निर्देशन दिने।

५. कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिका लागि दुवै प्रदेशका योजना आयोगको समन्वयमा संयुक्त रुपमा कार्यान्वयन गर्न सकिने कार्यक्रम पहिचान गरी आगामी पुस मसान्त भित्र दुवै प्रदेश सरकारमा पेश गर्ने।

६. यही आश्विन २१ देखि कार्तिक १९ गते सम्म उत्तरवाहिनी क्षेत्रमा सञ्चालन हुने कार्तिक महास्नान तथा दामोदर धर्मोत्सव भव्य रूपमा सफल बनाउन प्रदेश सरकारबाट सहजीकरण गर्ने। स्थानीय स्तरमा

सहजीकरणका लागि आ-आफ्नो प्रदेशका स्थानीय तहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुरोध गर्ने।

७. विकास व्यवस्थापन तथा सेवा प्रवाहमा एक अर्काका सिकाइ तथा असल अभ्यासहरुको अनुभव आदान प्रदान गर्न प्रमुख सचिव स्तरीय संयन्त्र गठन गर्ने।

८. प्रादेशिक विकासका लागि प्रदेशको जिम्मेवारी, भूमिका तथा अधिकारलाई ध्यानमा राखी यथासम्भव कानूनी तथा नीतिगत एकरुपता कायम गर्दै जाने।

९. दुवै प्रदेशका प्रमुख तीर्थस्थल वा पर्यटकीय स्थल जोड्ने पदमार्गको पहिचान तथा निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन संयुक्त रुपमा तयार पार्न प्रदेशका सम्बन्धित निकायलाई निर्देशन दिने।

| | |
|---|---|
| मा. चेतनारायण आचार्य | मा. सुरेन्द्रराज पाण्डे |
| मुख्यमन्त्री | मुख्यमन्त्री |
| लुम्बिनी प्रदेश | गण्डकी प्रदेश |

२०८२ भाद्र १६ गते सोमबार
गल्याङ न.पा १ मालुङ्गा,

# अनुसूची –७

## नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश भएका स्थानीय तह एवम् परियोजनाको विवरण

| क्र.सं. | आ.व. | स्थानीय तह | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | ०७८/०७९ | व्यासनगरपालिका, तनहुँ | एकीकृत डिजिटल व्यास नगरपालिका |
| २ | ०७८/०७९ | अन्नपूर्णगाउँपालिका, कास्की | पर्यटनमैत्री तथा प्रविधिमैत्री नमुना अन्नपूर्ण गाउँपालिका |
| ३ | ०७८/०७९ | गण्डकीगाउँपालिका, गोरखा | प्रविधिमैत्री राजश्व सुधार कार्यक्रम |
| ४ | ०७८/०७९ | हुप्सेकोट, नवलपरासी (ब.सु.पू.) | दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम |
| ५ | ०७८/०७९ | फेदीखोलागाउँपालिका, स्याङ्गजा | प्रविधिमैत्री सुशासन र डिजिटलाइज्ड फेदीखोला |
| ६ | ०७८/०७९ | पुतलीबजारनगरपालिका, स्याङग्जा | सुचना प्रविधियुक्त सेवा प्रवाह र कृषि उत्पादन तथा व्यवस्थापनप्रणाली विकास |
| ७ | ०७८/०७९ | भीरकोटनगरपालिका, स्याङ्गजा | विपन्न जनतालाई व्यवसायिक कृषि तथा पशुपालन मार्फत जीवनस्तर सुधारकार्यक्रम |
| ८ | ०७८/०७९ | वालिङनगरपालिका, स्याङ्गजा | EBIC परियोजना |
| ९ | ०७८/०७९ | घरपझोङगाउँपालिका, मुस्ताङ | स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरण तथा जलवायू परिवर्तनअनुकूलनका लागि नवप्रवर्तन |
| १० | ०७८/०७९ | थासाङ गाउँपालिका, मुस्ताङ | फलफूल प्रसोधन, निगालो सम्बन्धी परम्परागत प्रविधिमा सुधार, उत्पादन तथा बिक्री |
| ११ | ०७९/०८० | कालीगण्डकी गाउँपालिका, स्याङ्गजा | स्थानीय कच्चा स्रोतको व्यापारिक उपयोग सम्बन्धी परियोजना |
| १२ | ०७९/०८० | गल्कोटनगरपालिका, बागलुङ | आर्थिक विकासका लागि व्यावसायिक ओखरखेती परियोजना |
| १३ | ०७९/०८० | आँबुखैरेनी गाउँपालिका, तनहुँ | परम्परागत घरेलु प्रविधिमा सुधार सम्बन्धी एकीकृत परियोजना |

| | | | |
|---|---|---|---|
| १४ | ०७९/०८० | बारपाक सुलीकोट गा.पा., गोरखा | बालमैत्री शिक्षा कार्यक्रम |
| १५ | ०७९/०८० | फलेबास नगरपालिका, पर्वत | सूचना प्रविधिमा आधारित विद्युतीय सुशासन परियोजना |
| १६ | ०७९/०८० | देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पू.) | साईलेज उत्पादन परियोजना |
| १७ | ०७९/०८० | काठे खोला गाउँपालिका, बागलुङ | चटयाङ्ग प्रतिरोधी प्रणाली जडान परियोजना |
| १८ | ०७९/०८० | मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू.) (बसपु) | वायू प्रदुषण न्यूनीकरण, फोहोरमैला व्यवस्थापन तथा प्रांगारिक मलउत्पादन परियोजना |
| १९ | ०८०/०८१ | आँधिखोला गाउँपालिका, स्याङ्जा | सेवा प्रवाह, कृषि तथा पर्यटन प्रवर्द्धनमा प्रविधि मैत्री आँधिखोला |
| २० | ०८०/०८१ | सहिद लखन गाउँपालिका, गोरखा | गाउँपालिकामा जैविक विषादी, बायो बिर्केट तथा प्रांगारिक मल उत्पादन परियोजना |
| २१ | ०८०/०८१ | बारपाक-सुलिकोट गाउँपालिका, गोरखा | स्थानीय कच्चा पदार्थ (अल्लो, उन, लोक्ता) प्रशोधन तथा सामाग्री उत्पादन |
| २२ | ०८०/०८१ | मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू.) (ब.सु.पू.) | हाम्रो खुशी शैक्षिक सुधार परियोजना |
| २३ | ०८०/०८१ | थासाङ्ग गाउँपालिका, मुस्ताङ | स्थानीय आर्थिक विकासको क्षेत्रमा प्रत्यक्ष योगदान दिने नविनतमप्रविधि उपयोग गरि जीविकोपार्जन सुधार एवम जलवायुमैत्री कृषि प्रविधिमा सुधारकार्यक्रम |
| २४ | ०८०/०८१ | बन्दिपुर गाउँपालिका, तनहूँ | जनपर्यावरण मैत्री पर्यटन तथा सिद्दगुफा विकास कार्यक्रम |
| २५ | ०८०/०८१ | अजिरकोट गाउँपालिका, गोरखा | पर्यटन मैत्री नमुना गाउँ प्रवर्धन तथा जीविको पार्जन सुधार कार्यक्रम |
| २६ | ०८०/०८१ | अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | गडयौली खोलामा वोटानिकल पार्क सहित माछा पालन |
| २७ | ०८०/०८१ | बौदीकाली नगरपालिका, नवलपरासी (ब.सु.पू.) (ब.सु.पू.) | कृषि तथा पशुपालन सिकाइ र उत्पादन केन्द्र |
| २८ | ०८०/०८१ | सुन्दरबजार नगरपालिका, लमजुङ | सुन्दर बजार डिजीटल गभर्नेन्स कार्यक्रम |

| | | | |
|---|---|---|---|
| २९ | ०८०/०८१ | भिरकोट नगरपालिका, स्याङजा | प्लास्टिक झोलामुक्त नगरपालिका र सूचना प्रविधिमैत्री सामुदायिक विद्यालय |
| ३० | ०८०/०८१ | बाग्लुङ नगरपालिका, बाग्लुङ | कुकुर सेल्टर हाउस निर्माण परियोजना |
| ३१ | ०८०/०८१ | काली गण्डकी गाउँपालिका, स्याङ्जा | बाँझो जमिन उपयोग, खाद्य सुरक्षा र जीवनस्तरमा सुधार ल्याउने सम्बन्धी परियोजना |
| ३२ | ०८०/०८१ | भिमाद नगरपालिका, तनहूँ | कृषि उपजको उत्पादन संकलन तथा बजारीकरण |
| ३३ | ०८०/०८१ | सिरानचोक नगरपालिका, गोरखा | जीविकोपार्जन सुधार तथा आर्थिक विकास कार्यक्रम |
| ३४ | ०८०/०८१ | महाशिला गाउँपालिका, पर्वत | बाँझो जमिनको सदुपयोग परियोजना |
| ३५ | ०८०/०८१ | व्यास नगरपालिका, तनहूँ | पर्यटन प्रवर्धन परियोजना |
| ३६ | ०८१/०८२ | रघुगंगागाउँपालिका, म्याग्दी | रैथानेबाली (जौ तथा उवा) उत्पादन तथा ब्रान्डिङ्ग परियोजना |
| ३७ | ०८१/०८२ | भिमसेन थापा गाउँपालिका, गोरखा | बाँझोजमीनमा फूल खेती कार्यक्रम |
| ३८ | ०८१/०८२ | भिमाद नगरपालिका, तनहुँ | डेरीफर्म सहितको साइलेज उद्योग |
| ३९ | ०८१/०८२ | धार्चे गाउँपालिका, गोरखा | नौलीखोलाझरना क्यानोनिङ्ग तथा भिरफटरा पूर्वाधार निर्माण |
| ४० | ०८१/०८२ | बारपाक सुलीकोट गाउँपालिका, गोरखा | कागतेखर्क ओखर प्रवर्द्धन कार्यक्रम |
| ४१ | ०८१/०८२ | स्याग्दे गाउँपालिका, तनहुँ | जैविककृषि विकासका लागि मल उत्पादन र बजारीकरण परियोजना |
| ४२ | ०८१/०८२ | फेदीखोला गाउँपालिका, स्याङ्गजा | व्यावसायिक मौरीपालन कार्यक्रम |
| ४३ | ०८१/०८२ | आँधीखोला गाउँपालिका, स्याङ्गजा | कृषिर पशु उत्पादनमा आधारित आय आर्जन कार्यक्रम |
| ४४ | ०८१/०८२ | अजीरकोट गाउँपालिका, गोरखा | रैथानेबालीउत्पादन, प्रशोधन तथा बजारीकरण |
| ४५ | ०८१/०८२ | मध्यविन्दू नगरपालिका, नवलपरासी (ब.सु.पू.)(ब.सु.पू.) | कृषि उद्यमशीलता तथा जैविक खेती परियोजना |

| | | | |
|---|---|---|---|
| ४६ | ०८१/०८२ | बरेङ गाउँपालिका, बागलुङ | स्थानीयडल्ले खुर्सानी र बेसार उत्पादन, प्रशोधन तथा बजारीकरण परियोजना |
| ४७ | ०८१/०८२ | जैमिनी नगरपालिका, बागलुङ्ग | बाँस जन्य सामग्रीहरूको उत्पादन र बजारीकरण परियोजना |
| ४८ | ०८१/०८२ | क्वहोलासोथा रगाउँपालिका, लमजुङ | रैथानेबाली उत्पादन तथा बजारीकरण |
| ४९ | ०८१/०८२ | राइनास नगरपालिका, लमजुङ | रैथानेबाली उत्पादन र ब्रान्डिङ (कोदो) |
| ५० | ०८१/०८२ | बिरूवा गाउँपालिका, स्याङ्जा | विद्युतीय सुशासन प्रणाली विकास कार्यक्रम |
| ५१ | ०८१/०८२ | बेशीसहर नगरपालिका, लमजुङ | स्मार्टशैक्षिक व्यवस्थापन र डिजिटल सेवा प्रवाह |
| ५२ | ०८१/०८२ | अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | Arjun Chaupari Mathematical and Science Outdoor Learning Center |
| ५३ | ०८२/०८३ | विनयी त्रिवेणी गाउँपालिका | प्रविधिमैत्री सिकाइ परियोजना |
| ५४ | ०८२/०८३ | मध्यनेपाल नगरपालिका | बृहत व्यवसायिक आधुनिक मौरीपालन प्रवर्द्धन परियोजना |
| ५५ | ०८२/०८३ | गल्याङ नगरपालिका | गल्याङ ई-लर्निङ कार्यक्रम |
| ५६ | ०८२/०८३ | भानु नगरपालिका | कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रबिधिको प्रयोग परियोजना |
| ५७ | ०८२/०८३ | हुप्सेकोट गाउँपालिका, | विपन्न लक्षित पशुपालन तथा नगदेबाली कार्यक्रम |
| ५८ | ०८२/०८३ | कावासोती नगरपालिका | आविष्कार र उत्पादनको जग मेरो विद्यालय कार्यक्रम |
| ५९ | ०८२/०८३ | विहादी गाउँपालिका | स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु उद्योग प्रवर्तन कार्यक्रम |
| ६० | ०८२/०८३ | आरूघाट गाउँपालिका | आमा बालबालिका तथा किशोर किशोरीको पोषण सुधार आयोजना |
| ६१ | ०८२/०८३ | शुक्लागण्डकी नगरपालिका | कृषि उत्पादन प्रोत्सहान तथा बजारीकरण परियोजना |
| ६२ | ०८२/०८३ | रूपा गाउँपालिका | गरिवी निवारणको लागि दुध उत्पादन परियोजना |
| ६३ | ०८२/०८३ | विनयी त्रिवेणी गाउँपालिका | नगदे बाली खेती प्रविधि-अनुकुल तथा व्यावसायीकीकरण |

| | | | |
|---|---|---|---|
| | | | कार्यक्रम |
| ६४ | ०८२/०८३ | पैयूँ गाउँपालिका | पैयूँ गाउँपालिकमा महिलाको नेतृत्वमा हाई-टेक टनेल परियोजना। |
| ६५ | ०८२/०८३ | सिरानचोक गाउँपालिका | स्थानिय जातका माछा तथा बंगुर उतपादन एवम् बजार प्रवर्धन परियोजना |
| ६६ | ०८२/०८३ | अजिरकोट गाउँपालिका | पर्यटनमैत्री हरित सडक परियोजना |
| ६७ | ०८२/०८३ | काठेखोला गाउँपालिका | कार्यालय डिजिटाईजेशन |
| ६८ | ०८२/०८३ | बिरुवा गाउँपालिका | बिरुवा गाउँपालिकामा कृषि उपज मूल्य श्रृङ्खला विकास परियोजना |
| ६९ | ०८२/०८३ | मोदी गाउँपालिका | डिजीटल स्मार्ट कृषि प्रणाली बिकास परियोजना |
| ७० | ०८२/०८३ | गण्डकी गाउँपालिका | पशुपालन प्रवर्द्धन कार्यक्रम |
| ७१ | ०८२/०८३ | जलजला गाउँपालिका | बासँखर्क सुन्तला खेतीका लागि पम्पीङ प्राणाली मार्फत सिंचाइ परियोजना |
| ७२ | ०८२/०८३ | देवचुली नगरपालिका | कृषि पर्यटन प्रवर्द्धनका लागी कृषक पाठशाला परियोजना |
| ७३ | ०८२/०८३ | पुतलीबजार नगरपालिका | मुस्लिम समुदाय लक्षित चुरा पोते निर्माण, उद्यम विकास तथा व्यवसाय प्रवर्धन परियोजना |
| ७४ | ०८२/०८३ | शहिद लखन गाउँपालिका | मनकामना फोहोरमैला ब्यबस्थापन परियोजना |
| ७५ | ०८२/०८३ | म्याग्दे गाउँपालिका | Digital Early Childhood Education Development Project |
| ७६ | ०८२/०८३ | घरपझोङ गाउँपालिका | फोहर संकलन तथा व्यवस्थापन केन्द्र स्थापना |
| ७७ | ०८२/०८३ | बेसीशहर नगरपालिका | मौरीजन्य उत्पादनमा नवप्रवर्तन तथा उद्यमशिलता प्रवर्द्दन परियोजना |
| ७८ | ०८२/०८३ | ऋषिङ्ग गाउँपालिका | MAURI परियोजना (Maha Udyog Rishing) |
| ७९ | ०८२/०८३ | गोरखा नगरपालिका | मटका होमस्टे |

# अनुसूची-८

## प्रदेश सरकारको बजेटतथा कार्यक्रमबाट निर्माणसम्पन्न भएका तथा निर्माणाधिन सुरक्षा निकायका संरचना

| सि.नं. | जिल्ला | प्रहरी इकाईकोनाम | निर्माण सम्झौता भएको संस्था | सम्झौता रकम (भ्याट सहित) | भवनको अवस्था |
|---|---|---|---|---|---|
| १ | कास्की | प्रदेश प्रहरी तालिम केन्द्र पोखरा (कार्यालय,प्रशिक्षार्थीव्यारेक, प्रशिक्षक व्यारेक, कक्षा कोठा, मेश, पुरुष शौचालय, सेफ्टी ट्याङ्क रसोकपिट) | Uma & Company Pvt.Ltd. New Baneshwor 34 Kathmandu | ३,०२,७६,५०३।२६ | निर्माणसम्पन्न । |
| २ | नवलपरासी (पुर्व) | ई..प्र.का.त्रिवेणीनवलपरासी (पुर्व) (कार्यालय, व्यारेक, मेश, शौचालय, सेफ्टी ट्याङ्क र सोकपिट) | Royal Construction Pvt.Ltd. Dhangadhi Kailali. | ३,२५,३४,६३२।९६ | निर्माणसम्पन्न । |
| ३ | तनहुँ | ई.प्र.का.बन्दीपुर तनहुँ (Office/Barrack, Mess, Toilet Block, Septic Tank, Soak Pit and Retaining Wall) | Bright Multi Construction Pvt.Ltd. Chauri Deurali 5 Kavre | ३,३२,८२,०४३।९७ | निर्माणसम्पन्न । |
| ४ | लमजुङ | ई.प्र.का.भोटेवडारलमजुङ (Office/Barrack, Mess, Toilet Block, Septic Tank, Soak Pit and Retaining Wall) | Bright Multi Construction Pvt.Ltd. Chauri Deurali 5 Kavre | ३,५३,८६,७०९।७६ | निर्माणसम्पन्न । |
| ५ | मुस्ताङ | सि.प्र.चौ.लोमान्थाङमुस्ताङ (Office/Barrack, Mess, Toilet Block, Septic Tank, Soak Pit) | Sant Nirman Sewa Marpha 8 Mustang | ३,०७,१४,२७९।०३ | निर्माणसम्पन्न । |
| ६ | गोरखा | सि.प्र.चौ.लार्केगोरखा (Office, Barrack, Mess Building using Pre-fab including Septic Tank and Soak Pit) | Devendra Nirman Sewa Uhiya 7 Gorkha | १,५१,२२,१५५।८३ | निर्माणसम्पन्न । |
| ७ | तनहुँ | प्र.चौ.घिरिङतनहुँ (office, Barrack, Mess and Toilet Block, Septic Tank and Soak pit) | Bright Multi Construction Pvt.Ltd. Chauri DeuraliKavre | १,९३,३२,५२३।१८ | निर्माणसम्पन्न । |
| ८ | तनहुँ | दं.नि.प्र.गणतनहुँ (Barrack, Office, Quarter Guard, Mess Block using Puff panel and Toilet Block) | Bright Multi Construction Pvt.Ltd. Chauri DeuraliKavre | ३,४९,८४,८३०।४५ | निर्माणसम्पन्न । |
| ९ | बागलुङ | प्रहरीचौकी धम्जा बिहुँ बाग्लुङ (Office/Barack, Mess, Toilet Block, Septic Tank, Soak Pit and Retaining Wall) | Santi Devi/Sunami J.V. Bidur 7 Nuwakot | १,६९,३६,०३०।८२ | निर्माणसम्पन्न । |
| १० | म्याग्दी | प्र.चौ.मौवाफाँटम्याग्दी (Office/Barack, Mess, Toilet Block, Septic Tank, Soak Pit and Retaining Wall) | Shivako/Jayalaxmi/J.V. Baglung 3, Baglung | १,८७,६२,८४६।०६ | निर्माणसम्पन्न । |
| ११ | तनहुँ | प्रहरीचेक पोष्ट मुग्लिन तनहुँ | | | निर्माणसम्पन्न । |
| १२ | स्याङजा | अ.प्र.पोष्टराम्दी स्याङजा (व्यारेक, मेश, शौचालय र सेफ्टी ट्याङ्क) | Seven Constructions Walling 1 Syangja | ३२,३२,३७७।३१ | निर्माणसम्पन्न । |
| १३ | कास्की | प्र.ता.के.पोखरा (2 no's C-Type Barrack Building (G+2), 2 no's Mess Block, Quarter Guard block, Battle Assault Course obstacles, Main Gate, Track opening & | Kirateshwor/ Sakura J.V.Maharajgunj Kathmandu | ६,५०,२२,६०२।१५ | निर्माणाधिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Septic Tank/Soak Pit) | | | |
| १४ | कास्की | प्र.ता.के.पोखरा (Office, Incharge Quarter, Senior Officer Quarter, Trade Shop & Toilet/Bath Block) | Kirateshwor/ Sakura J.V.Maharajgunj Kathmandu | ६,५०,१५,६२०।४३ | निर्माणाधिन |
| १५ | नवलपरासी (पुर्व) | प्र.चौ.जुगेपानीनवलपरासी पुर्व (कार्यालय/व्यारेक, मेस र शौचालय) | Kamakhya- Sanatan J.V.Shantinagar Kathmandu | १,८०,६२,५७६।१७ | निर्माण सम्पन्न । |
| १६ | बागलुङ | ई.प्र.का.बलेवाबागलुङ (कार्यालय/ व्यारेक, मेस र शौचालय) | Shree Geeta Construction Sekham 2 Syangja | ३,४५,५७,११९।५४ | निर्माण सम्पन्न । |
| १७ | मुस्ताङ | ई.प्र.का.मुक्तिनाथमुस्ताङ (कार्यालय/व्यारेक, मेस र शौचालय) | Amit Builders Lete 6 Mustang | ३,६०,५२,०८८।७५ | निर्माण सम्पन्न । |
| १८ | तनहुँ | ई.प्र.का.साराङघाटतनहुँ (कार्यालय/व्यारेक, मेस र शौचालय) | ANS/B.M./I.S.J.V. Bidur 5 Nuwakot | ३,४७,९३,३९३।९० | निर्माण सम्पन्न । |
| १९ | कास्की | प्र.चौ.घाचोककास्की (कार्यालय/व्यारेक, मेस र शौचालय) | Shivalaya-SiddhagadhiJ.V.Koteshwor 35 Kathmandu | १,८९,२४,७९४।४६ | निर्माण सम्पन्न । |
| २० | कास्की | प्र.चौ.घान्द्रुककास्की (कार्यालय/व्यारेक, मेस र शौचालय) | Royal Construction Dhangadhi 2 Kailali. | २,२३,३९,०२४।२३ | निर्माणसम्पन्न । |
| २१ | लमजुङ | प्र.चौ.श्रीभन्ज्याङलमजुङ (कार्यालय/व्यारेक, मेस र शौचालय) | ANS/B.M./I.S.J.V. Bidur 5 Nuwakot | २,११,२४,६६०।०८ | निर्माणसम्पन्न । |
| २२ | लमजुङ | अ.प्र.चौ.मालिङलमजुङ (कार्यालय/व्यारेक, मेस र शौचालय) | Khani/ChanyasworiJ.V.Baneshwor 10 Kathmandu | २,३२,२२,८१९।६८ | निर्माणसम्पन्न । |
| २३ | मनाङ | सि.प्र.चौ.हुम्देमनाङ (कार्यालय, व्यारेक, मेस, शौचालय, सेफ्टी ट्याङ्क र सोकपिट) | Manakamana/Santa J.V.Mustang | २,६३,७३,१५२।०५ | निर्माणसम्पन्न । |
| २४ | स्याङजा | प्र.चौ.चिलाउनेबासस्याङजा (कार्यालय/ व्यारेक, मेस र शौचालय) | Shree Siddhababa Nirman Sewa Waling 9 Syangja | २,०४,०९,४५२।०५ | निर्माण सम्पन्न । |
| २५ | पर्वत | प्र.चौ.ठुलीपोखरीपर्वत (कार्यालय/ व्यारेक, मेस र शौचालय) | Prithivi/JaylaxmiJ.V.Baglung 3 Baglung | २,४८,०९,९६८।३४ | निर्माण सम्पन्न । |
| २६ | कास्की | गण्डकीप्रदेश प्रहरी अस्पताल पोखरा (Partial Construction of Gandaki State Police Hospital Main Block (upto Plinth Tie) & Compound Wall) | Malati Construction Company Pvt.Ltd. Kathmandu | १,१३,७३,३८५।५१ | निर्माण सम्पन्न । |
| २७ | कास्की | गण्डकीप्रदेश प्रहरी अस्पताल पोखरा (Construction of Police Hospital Main Block) | NC Nirman Sewa Chaurudeurali 5 Kavre | ४,८६,८१,६५४।५२ | निर्माण सम्पन्न । |
| २८ | न.प.पूर्व | जिल्लाट्राफिक प्रहरी कार्यालय नवलपरासी पूर्व (Office, barrack Mess and Allied Works) | Sapanasundari Construction and Engineering Pvt.Ltd.Tilottama 14 Rppandehi | ३,०२,२४,६८२।०९ | निर्माणाधिन। |
| २९ | म्याग्दी | प्र.चौ.सिंगातातोपानीम्याग्दी (Office cum Barrack, Mess, Toilet and Allied Works) | DJNS/CPCS/NGNS J.V.Nabdurga 4 Dadeldhura | ३,५१,७३,१५९।५८ | निर्माण सम्पन्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | कास्की | प्र.चौ.सराङकोटकास्की (Office cum Barrack, Mess, and Toilet) | Guru/Top Nepal J.V.Kageshwori 6 Kathmandu | २,४१,२७,७६०।८० | निर्माणाधिन। |
| ३१ | तनहुँ | प्र.चौ.किहुँतनहुँ (Office cum Barrack, Hawa Ghar, Water Tank, Compound Wall with Main gate, Retaining Wall) | Sapanasundari Construction and Engineering Pvt.Ltd.Tilottama 14 Rppandehi | २,०५,७४,४६१।३० | निर्माण सम्पन्न । |

**आर्थिक बर्ष २०८२।०८३ को लागि भवन निर्माण तर्फ बिनियोजित रकमकोबिबरणः**

| सि.नं. | जिल्ला | निर्माणहुने प्रहरी ईकाईको नाम | कार्यबिबरण | बिनियोजित रकम | कै |
|---|---|---|---|---|---|
| १ | म्यागदी | ई.प्र.का.दानाम्याग्दीको कार्यालय भवन | टेण्डर प्रकृयाको लागि कार्य भई रहेको | ५५०००००।- | |
| २ | लमजुङ | ई.प्र.का.सुन्दरबजार लमजुङ भवन निर्माण | „ | ५००००००।- | |
| ३ | नवलपरासी (पुर्व) | ई.प्र.का.कोलुवान.प.पूर्व | „ | ५००००००।- | |
| ४ | पर्वत | प्रहरीचौकी बाच्छा पर्वत भवन निर्माण | „ | ६००००००।- | |
| ५ | तनहुँ | ई.प्र.का.भिमादतनहुँको भवन निर्माण तथा संरक्षण कार्य | „ | ५०००००।- | |
| ६ | गोरखा | ई.प्र.का.जौवारीगोरखा,जिप्रका.गोरखाको पर्खाल निर्माण | | १५०००००।- | |
| ७ | गोरखा | जि.प्र.का.गोरखाकोअधुरो कम्पाउण्ड वाल निर्माण | „ | २००००००।- | |
| ८ | पर्वत | जि.प्र.का.पर्वतकोकम्पाउण्ड वाल निर्माण | | २००००००।- | |
| | | | **जम्मा** | २७५०००००।- | |

# अनुसूची-९

## तयारी तथा प्रकाशन सहजीकरण समिति

श्री कृष्णप्रसाद लम्साल, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — संयोजक

श्री श्रीप्रसाद तिवारी, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री सुरणप्रसाद शर्मा पौडेल, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री पार्वती लामिछाने, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री हिमा पोखेल, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री नवराज पोखेल, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री डिल्लिराम रिज्याल, उपसचिव, आर्थिक मामिला मन्त्रालय — सदस्य

श्री सुरेश सुवेदी, प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

श्री भरत भुजेल, वरिष्ठ लेखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

श्री सागर खनाल, वरिष्ठ प्रशासकिय अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय —सदस्य

श्री जानकी देवी शर्मा, शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय —सदस्य-सचिव